# श्रीस्वस्थानी व्रतकथा

(स्वस्थानी पूजाविधिसमेत)

नइ एकेडेमी

२०५२

# श्रीस्वस्थानी व्रतकथा

सम्पादक

डा. कञ्चनजङ्घा प्रसाई

प्रकाशक : नइ एकेडेमी
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
मोबाइल : ९८५१०१६८९९, ९८४१२२४५९३
Email : nai.com.np@gmail.com
website : nai.com.np
सल्लाहकार : प्रा.केशव सुवेदी
शुद्धाशुद्धि : उपेन्द्र सुवेदी र लवप्रसाद भण्डारी
आवरण सज्जा : भानु भट्टराई
वितरक : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी र कमलपोखरी, काठमाडौँ, टेलिफोन : ५३२७२४६
मुद्रक : सहारा प्रिन्ट कनेक्सन, डिल्लीबजार, काठमाडौँ, टेलिफोन : ९८५१०७४१३३
संस्करण : पहिलो २०७५, दोस्रो २०७६, तेस्रो २०७६, चौथो २०७७,
पाँचौँ २०७८, छैटौँ २०७९, सातौँ २०८०, आठौँ २०८१, नवौं २०८२
नइ कृतिमाला– १३९
मोल : छ सय रुपियाँ
© सुरक्षित, २०७५ साल (2018)
ISBN: 978-9937-509-73-2
Shree Swasthani Brata Katha
Edited by Dr. Kanchanjunga Prasai

इस्वीको सोह्रौँ शताब्दीको अन्त्यतिर इ.१५७३ देखि संस्कृत भाषामा स्वस्थानी व्रतकथाको थालनी भएको हो । सुरुमा स्वस्थानी व्रतकथा ब्राह्मण पण्डितहरूबाट मात्र वाचन गराउने परम्परा थियो । सत्रौँ शताब्दीको सुरु इ.१६०३ मा नेवारी भाषामा अनुवाद भएर स्वस्थानी बनेपछि यो कथावाचन पण्डितस्तरबाट जनस्तरमा ओर्लियो । नेपाली भाषामा स्वस्थानी व्रतकथा आएपछि यसले झनै लोकप्रियता हासिल गर्दै जान थाल्यो र साथसाथै स्वस्थानीका किताबहरूमा पनि कथाहरू थपिँदै आएका देखिन्छन् । त्यसैले पनि स्वस्थानी व्रतकथामा त्रुटिहरूको समेत हार लाग्दै जान थाल्यो । डा.कञ्चनजङ्घा प्रसाईबाट 'श्रीस्वस्थानी व्रतकथा'जस्तो मूल्यवान् कृति सम्पादन भएकामा सम्पादकलाई श्रीस्वस्थानी माताको कृपा रहिरहोस् ।

**• काशीनाथ तमोट**

संस्कृत भाषापछाडि नेवारी भाषामा 'श्रीस्वस्थानी व्रतकथा' आएको देख्दा यो कथाको परम्परा काठमाडौँ उपत्यकाको मल्ल संस्कृतिको देन हो भन्ने तथ्य बुझ्न सकिन्छ । नेवारी भाषामा प्रकाशित स्वस्थानी व्रतकथालाई नेपाली भाषीले उदार हृदयबाट अङ्गीकार गरेको परम्परा उल्लेखनीय लाग्दछ । नेपाली भाषामा श्रीस्वस्थानी व्रतकथा छापिन थालेपछि यसभित्रका कथालाई आआफ्नै पारा र ढङ्गबाट धेरैले प्रकाशित गर्दै आएको देखियो । नइ एकेडेमीमार्फत डा.कञ्चनजङ्घा प्रसाईले शक्तिमाता 'श्रीस्वस्थानी व्रतकथा'मा प्रविष्ट अप्ठेरा प्रसङ्गलाई समेत सहज रूपमा गोडमेल गरेर त्यसभित्रका पाठभेदलाई मर्यादित ढङ्गले सम्पादन गरेको हुँदा यो कृति अझै पठनीय र सङ्ग्रहणीय भएको मैले महसुस गरेको छु ।

**• प्रा.डा.जगदीशचन्द्र रेग्मी**

'श्रीस्वस्थानी व्रतकथा' नेपाली भाषामा झन्नै एक सय प्रकारभन्दा धेरै सङ्ख्यामा प्रकाशनमा आएको हुनुपर्छ र ती सबै आआफ्नै तरिकाले बनेका देखिए । यति हुँदाहुँदै पनि स्तरीय 'श्रीस्वस्थानी व्रतकथा' नेपाली भाषामा उपलब्ध हुन सकेको थिएन । डा.कञ्चनजङ्घा प्रसाईको सम्पादनमा 'श्रीस्वस्थानी व्रतकथा'नामक पवित्र धार्मिक ग्रन्थ धेरै वर्षको प्रतीक्षापछि प्रकाशनमा आएको छ र यस ग्रन्थलाई नै मैले मानक ठहऱ्याएको छु ।

**• ज्यो.पं.डा.देवीप्रसाद खनाल**

(राजदरबारका पूर्व नम्बरी पण्डित)

नेपाली भाषामा प्रकाशित 'श्रीस्वस्थानी व्रतकथा'को महिमा र सन्देश देश र विदेशमा रहने सारा नेपालीका लागि शिरोधार्य छ । विज्ञान क्षेत्रका अध्येता भएर पनि डा.कञ्चनजङ्घा प्रसाईले आफ्नो धर्म र संस्कृतिप्रति बफादारी देखाई 'श्रीस्वस्थानी व्रतकथा' सम्पादन गरेर मूल्यवान् कृत्य गरेका छन् । सनातन हिन्दूधर्म र संस्कृतिमाथि चारैतिरबाट प्रहार भइरहेको अहिलेको कालखण्डमा डा.प्रसाईको ज्ञानचक्षु, निष्ठा र भक्तिभावना अत्यन्तै प्रेरक छ ।

**• प्रा.डा.माधव भट्टराई**

(राजप्रासाद सेवाका नायब बडागुरुज्यू)

नेपाल हिमवत्खण्ड, मानसखण्ड र केदारखण्डको एकीकृत संस्कृति र सभ्यताको सङ्गमभूमि हो । यसै देशमा यजुर्वेद र धनुर्वेद साक्षात्कार भएको हो । त्यसै गरी श्रीस्वस्थानी नेपालको आफ्नै मौलिक धर्मग्रन्थ हो । डा.कञ्चनजङ्घा प्रसाईबाट प्रस्तुत युगयुगसम्म रहने माघमाहात्म्य 'श्रीस्वस्थानी व्रतकथा' हामी नेपालीका लागि ठूलो प्राप्ति हो ।

**• डा.वासुदेवकृष्ण शास्त्री**

ने.सं.६९३ मा संस्कृत भाषामा लेखिएको हस्तलिखित स्वस्थानी ने.सं.७२३ मा नेवारी भाषामा अनुवाद भयो । त्यसपछि उपत्यकाका घरघरमा परिवारका सबै सदस्य एकै ठाउँ बसेर एक महिनासम्म पूजापाठ गर्ने अति लोकप्रिय पारिवारिक ग्रन्थका रूपमा 'श्रीस्वस्थानी व्रतकथा' देखा पऱ्यो । सोह्रौँ शताब्दीदेखि नेपाली जनमानसमा यस ग्रन्थको ठूलो प्रभाव परेको पाइन्छ । प्राचीन जनविश्वास तथा विभिन्न संस्कार र कुसंस्कारबारेको जानकारी लिन यस पुस्तकले मद्दत गरेको छ । डा.कञ्चनजङ्घा प्रसाईले यसरी अघि सरेर आँटिलो र पुण्य काम गरेकोमा म बधाई ज्ञापन गर्दछु ।

**• प्रा.डा.वीणा पौडेल**

नेपालेश्वरी स्वस्थानी परमेश्वरीका हृदयरसायन दिव्यकथाले ओतप्रोत 'श्रीस्वस्थानी व्रतकथा' नेपाल आमाका सन्तान डा.कञ्चनजङ्घा प्रसाईद्वारा सरल, सरस, सुमधुर भाषाशैलीमा सम्पादित भएकोमा मेरो मानसहंस हर्षविभोर भएको छ । यस्तो लोकपावन कर्मद्वारा राष्ट्रकल्याण गर्ने प्रस्तुतकर्तामाथि स्वस्थानी परमेश्वरीको करुणा वर्षा होस् भनी बिन्तीका साथ राष्ट्र, राष्ट्रधर्म र राष्ट्रिय संस्कृतिको गौरव वृद्धिका लागि परमेश्वरीका चरणारविन्दमा ढोग गर्दछु ।

**• प्रा.डा.वेणीमाधव ढकाल**

(संस्कृत विद्याशिरोमणि)

साढे चार सय वर्षअघि नेपाली भाषामा आएपछि 'स्वस्थानी' लोकप्रिय हुन थाल्यो र हस्तलिखित प्रतिहरू सार्दै, दान गर्दै जान थालेपछि यसमा भाषाप्रयोगको विविधताको मात्रा बढ्दै गयो । डा.कञ्चनजङ्घा प्रसाईको सम्पादनमा 'श्रीस्वस्थानी व्रतकथा' आउनुअघि श्रद्धालुले प्रायः अनेक पाठभेद भएका र भाषिक एकरूपता पनि नभएका स्वस्थानी नै पढ्दै आएको देखिन्छ ।

**• शताब्दी पुरुष डा.सत्यमोहन जोशी**

संस्कृत भाषामा मात्र पुराण लेख्ने पुरानो परम्परालाई छाडेर कुनै व्युत्पन्न नेपाली पौराणिकले आफ्नै मातृभाषामा पनि पुराणको प्रादुर्भाव गराए । स्वस्थानी व्रतकथालाई यसको उदाहरणका रूपमा हामी प्रस्तुत गर्न सक्छौँ । संस्कृतका पुराणका आधारमा मल्ल शासनको समयमा स्वस्थानी व्रतकथाको प्रादुर्भाव भएको थियो । त्यसैले सुरुमा यसको कथा नेवारी भाषामा नै आयो । पछि नेपाली भाषामा यसको प्रतिसंस्करण भयो र यो झनै लोकप्रिय पनि भयो । राष्ट्रियताको भावनाले ओतप्रोत 'श्रीस्वस्थानी व्रतकथा' सम्पादनका साथ प्रस्तुत भएको देख्ता मलाई ज्यादै खुसी लागेको छ र प्रस्तुतकर्ता डा.कञ्चनजङ्घा प्रसाईलाई स्वस्थानी माताको आशीर्वाद प्राप्त होस् भनी शुभकामना प्रकट गर्दछु ।

**• ज्ञानमणि नेपाल**

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशन अर्थात् नइ एकेडेमीको स्थापना भएको हो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर 'नइ एकेडेमी'नामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो। यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी पनि हो । 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध नइ एकेडेमी नाफाविहीन गैरराजनीतिक सामाजिक संस्था हो ।

नइ एकेडेमीले सांस्कृतिक मूल्य, मान्यता र धारणालाई शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको खोजी गर्नु, अभिलेख राख्नु र सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नइ एकेडेमीबाट प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरू हुँदै आएका छन् । नेपाली भाषासाहित्य, कला, संस्कृति, ज्ञानविज्ञान, समाजसेवा, खेलकुदलगायत विविध क्षेत्रका प्रतिभाको मूल्याङ्कन गरी उनीहरूको अर्चना गर्न यो संस्था सदैव अग्रसर छ ।

नइ एकेडेमीको योगदानलाई मूल्याङ्कन गरेर नेपाल सरकारले नइ प्रकाशनको लोगो अङ्कित दस रुपियाँको हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले एक सय रुपियाँको सिक्का प्रकाशनमा ल्याएर नइको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ । नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ ।

नइ एकेडेमीका विविध योजनामुताबिक **'श्रीस्वस्थानी व्रतकथा'** नामक प्रस्तुत कृति प्रकाशनमा आएको हो ।

'श्रीस्वस्थानी व्रतकथा' नेपाली वाङ्मयको लोकप्रिय ग्रन्थ हो । 'सचित्र श्रीस्वस्थानी व्रतकथा' २०५५ सालमा राजदरबारबाट प्रकाशनमा आएको थियो । त्यसै ग्रन्थलाई आदर्श मानेर नइ एकेडेमीले यो 'श्रीस्वस्थानी व्रतकथा' प्रकाशनमा ल्याएको हो ।

'श्रीस्वस्थानी व्रतकथा' डा.कञ्चनजङ्घा प्रसाईको कुशल सम्पादनमा प्रस्तुत भएको हो । स्वस्थानीको कथामा देखिएका त्रुटि, अस्पष्टता र भाषिक विविधतामा समेत ध्यान दिई सम्पादकबाट परिष्कार र परिमार्जन गरिएको छ ।

'श्रीस्वस्थानी व्रतकथा'नामक कृति प्रकाशित गर्न पाउनु नइ एकेडेमीका लागि एउटा विशेष गौरवको अवसर हो ।

• *नइ एकेडेमी*

# नेपाली माटोको प्रतिबिम्ब : श्रीस्वस्थानी व्रतकथा

नेपाली समाजमा भिजेका अनेकौँ धार्मिक पुस्तकमध्ये 'श्रीस्वस्थानी व्रतकथा' पनि अग्रपङ्क्तिमा पर्दछ । यस कृतिले धार्मिक भावना मात्र नबोकी सांस्कृतिक, सामाजिक र राष्ट्रिय महत्त्वलाई पनि बोकेको छ । पौराणिक परिवेशमा उभिएर नेपाली जीवन र जगत्को बखान गर्दै सिङ्गो नेपाली समाजलाई यसले जुरुक्कै उठाएको छ । त्यसैले अनेक दृष्टिबाट यो कृति धर्मपरायण राष्ट्रभक्त नेपालीका निम्ति आस्थाको केन्द्र बनेको छ ।

नेपाल सदासर्वदा सनातन हिन्दूधर्मको जगमा स्वतन्त्र, सार्वभौम, स्वावलम्बी र धर्मसहिष्णु अधिराज्यका हैसियतमा रह्यो । विदेशी र विधर्मीका चङ्गुलमा पर्दा पनि नेपाल स्वतन्त्र रहिरह्यो । 'वसुधैव कुटुम्बकम्' र 'सर्वे भवन्तु सुखिनः'को सन्देश दिने सनातन धर्मको उद्‌गम स्थल भएकाले नेपालको गरिमा विश्वभर फैलिइरह्यो ।

नेपालले विश्वलाई शान्ति, ज्ञान र परिश्रमको शिक्षा दियो । यसै पृष्ठभूमिमा 'श्रीस्वस्थानी व्रतकथा'बाट नेपाली माटो र मुटुको घनीभूत गाथा जनसमक्ष प्रस्तुत भएको छ । श्रीस्वस्थानीको विषय

मार्मिक र सान्दर्भिक देखियो । त्यसैले पनि नेपाली मनमस्तिष्कलाई यसले सहज प्रभावित गऱ्यो । आध्यात्मिक ज्ञान, धार्मिक उपदेश, व्यावहारिक शिक्षा र नेपाली भाषामा राष्ट्रिय सन्देश दिन यो कथा सफल भइरह्‍यो ।

'श्रीस्वस्थानी व्रतकथा'मा ब्रह्माण्ड सृष्टिको इतिहासदेखि पौरस्त्य धार्मिक गाथाको सबल चित्रण गरिएको छ । आफ्नो असल कामनाको पूर्ति गर्न आफ्नै परिवेशका देवदेवीको साधना र आराधना गर्ने शिक्षा यस कथाले दिएको छ । मानवजीवन ईश्वरको परीक्षण गर्ने थलो हो । दुःख, धैर्य र सङ्घर्ष नगरी ऐश्वर्य प्राप्त हुँदैन । 'श्रीस्वस्थानी व्रतकथा'का पात्रहरूका चरित्रले हामीलाई यही कुरा सिकाएका छन् ।

श्रीस्वस्थानी नामले नेपाली समाजकी अधिष्ठात्री देवीलाई द्योतन गर्दछ । भक्त श्रद्धालुको इष्टसिद्धि उनैबाट हुन्छ भन्ने तथ्य अनेक उदाहरण र प्रसङ्ग उठाएर 'श्रीस्वस्थानी व्रतकथा'मा छर्लङ्ग पारिएको छ । देवाधिदेव महादेवकी अभिन्न शक्तिको रूपमा श्रीस्वस्थानी परमेश्वरीको महिमा औँल्याइएको छ । यसबाट हाम्रो परम्परागत शास्त्रीय मर्यादाका साथै आफ्नै जन्मभूमिको गौरव अभिव्यक्त भएको छ । आद्यशक्ति जगज्जननी गौरी, पार्वती, दुर्गा जे जे नाम दिए पनि यसै भूखण्डकी शक्तिरूपा माता हुन् भने भगवान् भोलेनाथ महादेवको प्राकट्यस्थल र

क्रीडाभूमि पनि यही हिमवत्खण्ड हो । यिनको आराधना नै सर्वकामना प्रदायक हो । यस विषयवस्तुलाई अत्यन्त रोचक पाराले 'श्रीस्वस्थानी व्रतकथा'मा उपस्थापित गराइएको छ ।

सात वर्षकी गोमा र सत्तरी वर्षका शिव शर्माको आध्यात्मिक सम्बन्धबारे 'श्रीस्वस्थानी व्रतकथा'मा हृदयस्पर्शी घटना उभ्याइएको छ । सुविचारयुक्त तर्क गर्नेलाई यही सन्देशबाट यसको निवारण हुन्छ । भगवान् शङ्करले स्वरूपान्तर गरी शिव शर्माको भूमिका निर्वाह गरेका हुन् । अभिमान र अहङ्कारको शमन गर्ने शिक्षा यस प्रसङ्गले दिन्छ भने गरिब, पीडित, सर्वसाधारण नवराजजस्ता व्यक्ति प्रयत्न र साधनाले राज्यको प्रमुख पदमा पुग्न सक्छन् भन्ने पाठ अर्को प्रसङ्गले सिकाएको छ ।

'श्रीस्वस्थानी व्रतकथा' अनेक कोणबाट नेपाली समाजका लागि ग्राह्य, उपयोगी र प्रेरक छ । खास गरेर धार्मिक जागरणका लागि यो अति नै उपयोगी कृति मानिन्छ । नेपाली भाषामा प्रकाशित 'श्रीस्वस्थानी व्रतकथा'को महिमा र सन्देश देश र विदेशमा रहने सारा नेपालीका लागि शिरोधार्य छ ।

२०५५ सालमा राजदरबारबाट 'सचित्र श्रीस्वस्थानी व्रतकथा' प्रकाशित भएको थियो । यसै पुस्तकलाई आदर्श मानी आवश्यक परिमार्जन र सम्पादनसमेत गरेर डा.कञ्चनजङ्घा प्रसाईले नयाँ साजसज्जामा पुनः प्रकाशित गरी सनातन हिन्दु समाजलाई ठूलो

गुन लगाएकोमा श्रीस्वस्थानी जगन्माताको कृपा र दृष्टि उनलाई सधैँ प्राप्त भइरहोस् भन्ने शुभकामनाका साथै उनीप्रति म साधुवाद ज्ञापन गर्दछु ।

विज्ञानक्षेत्रका अध्येता भएर पनि डा.कञ्चनजङ्घा प्रसाईले आफ्नो धर्म र संस्कृतिप्रति बफादारी देखाई 'श्रीस्वस्थानी व्रतकथा' सम्पादन गरेर मूल्यवान् कृत्य गरेका छन् । सनातन हिन्दूधर्म र संस्कृतिमाथि चारैतिरबाट प्रहार भइरहेको अहिलेको कालखण्डमा डा.प्रसाईको ज्ञानचक्षु, निष्ठा र भक्तिभावना अत्यन्तै प्रेरक छ ।

डा.कञ्चनजङ्घा प्रसाईबाट सम्पादित 'श्रीस्वस्थानी व्रतकथा'को प्रस्तुतिको ढाँचा र स्वरूप विशिष्ट कोटिको छ । यस ग्रन्थको सूक्ष्म अध्ययनले यसको निर्माणमा स्तरीय सीप र अधिकतम श्रम प्रयोग भएको देखाउँछ । तसर्थ भाषिक एकरूपतासहित स्तरीय रूपमा प्रस्तुत गरिएको यो 'श्रीस्वस्थानी व्रतकथा' नै मानक स्वस्थानी पौराणिक कथासमेत हुने कुरामा म विश्वस्त छु ।

'श्रीस्वस्थानी व्रतकथा' जस्तो जीवनोपयोगी कृति प्रकाशन गर्ने नइ प्रकाशनप्रति पनि म धन्यवादका पुष्पहार टक्र्याउन चाहन्छु ।

काले वर्षतु पर्जन्य: पृथिवी शस्यशालिनी ।
देशोऽयं क्षोभरहितो मानवा: सन्तु निर्भया: ॥

**• प्रा.डा. माधव भट्टराई**
(राजप्रासाद सेवाका नायब बडागुरुज्यू)

# सम्पादकीय

हाम्रा धार्मिक कथाले मानवजीवनलाई अध्यात्मवादतिर लम्कन पृष्ठपोषण गर्दै आएका छन् । वैदिक दर्शनको पथप्रदर्शनका कारण विज्ञानले सफलता पाएको हो । स्वस्थानी व्रतकथा पनि यसैमध्येको एउटा मुख्य कथा हो । यो नेपालकै मौलिक धार्मिक कथा हो र यसले नेपाली मनमा जरा गाडिसकेको छ ।

बाल्यावस्थादेखि नै म 'श्रीस्वस्थानी व्रतकथा' सुन्न हतारिन्थेँ । यो क्रम मेरो जीवनमा निरन्तर रहिरह्यो । खास गरेर २०६८ सालदेखि हरसाल पौषशुक्ल पूर्णिमाका दिनदेखि माघशुक्ल पूर्णिमाका दिनसम्म मैले श्रीस्वस्थानी पाठ गरिरहेको छु । निरन्तर पाठ गर्दै जाँदा यस कथाका पुस्तकमा छापिएका असजिला शब्द र प्रसङ्गहरू स्तरीय रूपमा छापिए हुन्थ्यो भन्ने सोच मभित्र विकसित हुँदै गयो । उक्त सोचको परिणामस्वरूप नै मैले 'श्रीस्वस्थानी व्रतकथा'को सम्पादन गरेको हुँ ।

'श्रीस्वस्थानी व्रतकथा'को मेरो यस सम्पादनकार्यलाई पूर्ण रूप दिने सन्दर्भमा परामर्श, भूमिका र भाषिक एकरूपता कायम गर्न हृदयदेखि नै सघाउने सबै आदरणीय व्यक्तित्वहरूमा म हार्दिक कृतज्ञता चढाउँछु ।

**• कञ्चनजङ्घा प्रसाई**

विद्यावारिधि (मानव शरीर विज्ञान), संयुक्त राज्य अमेरिका

# श्रीस्वस्थानी व्रतकथा

# श्रीस्वस्थानीको पूजासामग्री र व्रत बस्ने दिन

स्वस्थानीको व्रत बस्ने महिलाले पौषशुक्ल चतुर्दशीका दिन आफ्ना हातगोडाका नङ काटी, स्नान गरी, शुद्ध भई, एकछाक फलाहार गर्नू। राति भुइँमा राडी, पाखी आदि बिच्छ्याई एक्लै सुत्नू। भोलिपल्ट पौषशुक्ल पूर्णिमाका दिनदेखि प्रात:कालमा उठी आफ्नो नित्यकर्म सकेर स्नान गरी शुद्ध भई 'म आजका दिनदेखि श्रीस्वस्थानीदेवीको व्रतको कथा माघ महिनाभरि सुनी माघशुक्ल पूर्णिमाका दिन विधिपूर्वक श्रीस्वस्थानी देवीको समाप्तिको पूजा गर्नेछु' भनी सङ्कल्प गर्नू र मध्याह्नकालमा श्रीस्वस्थानीको पूजा गरी हविष्यान्न फलाहार खानू। पहिलो दिन र महिना पुगेका दिनमा यथाविधि पूजा गर्नू। राति कथा सुन्नू अथवा भन्नू। स्वस्थानी देवीलाई पूजा गरी चढाएका नैवेद्यहरू कथा सुनिसकी इष्टमित्र र छिमेकीहरू सबै जनाले बाँडी खानू।

पूजाका सामग्री– जौ, तिल, कुश, पुरी, मिठाई आदि नैवेद्य, अम्बा, केरा, अनार आदि फलफूल, धूप, बत्ती, दियो, घिउ, अक्षता, चन्दन, भेटी, सुपारी, अत्तरको फाहा, माला, कलश थाप्ने तामाको

लोहोटा, कर्मपात्र, शङ्ख, घण्ट, पञ्चपात्र, आचमनी, आसनी, गङ्गाजल, बालुवा, केशर, कुङ्कुम, सिन्दूर, बेलपत्र, तामाको थाली, श्रीखण्ड तथा स्वस्थानी व्रतकथाको पुस्तक ।

केशरको मसीले तामाको थालीमा अष्टदलयन्त्र लेख्नू । आर्सी अर्थात् थालीमुनि बालुवाको शिवलिङ्ग स्थापना गर्नू र त्यही शिवलिङ्गमा जोरेर चामलको टपरी भुइँमा राखी त्यसमाथि अष्टदल लेखिएको तामाको थाली राख्नू । महिना पुगेका दिन पूजा गर्दा पूजाको सामग्री अरू दिनको भन्दा विशेष चाहिन्छ; जस्तै धूप, बत्ती, वस्त्र, फूलपाती, फल, नैवेद्य, चन्दन, अक्षता, भेटी रोजिन्दाकै बमोजिम तर खास त्यस दिनका लागि श्रीस्वस्थानी जगदीश्वरीलाई चढाउन एक सय आठ अक्षता, एक सय आठ बेलीपुष्प, एक सय आठ अनेक जातका फूल, एक सय आठ पाँचसुते बत्ती, एक सय आठ कुड्का सुपारी, एक सय आठ ल्वाङ, एक सय आठ मिठाई, एक सय आठ रोटी, एक सय आठ मालपुआ, एक सय आठ फल तथा चढाउने जति चीज एक सय आठ गनेर तयार पार्नू । जौ, पञ्चामृत, दुबो, गङ्गाजल, बेलपत्र, धतुरो, कपूर, नीराजन बत्ती, अर्घ्य राख्ने त्रिखुटी, कर्मपात्र, कलश, वस्त्र, धूप, बत्ती, माला, फूल, भेटी सकेसम्म राम्रो नभए भक्तिले आफ्नो शक्तिअनुसार जति गरे पनि हुन्छ ।

# श्रीस्वस्थानीको पूर्वाङ्ग पूजाविधि– १

व्रत गर्ने मानिसले नुहाई, हात गोडाका नङ काटी, शुद्ध भई, दिनको १२ बजे अथवा आधा दिनतिर श्रीस्वस्थानी देवीको पूजा गर्नलाई चोखो धोती पैह्री, हातपाउ धोई, पूजा गर्ने ठाउँमा गाईको गोबरले भूमि लिपी, शुद्ध गरेको ठाउँमा गई आसनमा पूर्वतिर फर्केर बस्नू र आचमन गरी पहिले दियो बाल्नू । अनि कर्मपात्र स्थापना गरी त्यसमा मन्त्रपूर्वक जल, तिल, जौ, कुशका टुक्रा, फूल, चन्दन चढाउनू अनि त्यही कर्मपात्रमा राखिएका तीन टुक्रा कुश हातमा लिई यो मन्त्र पढी त्यही जल वरिपरि चारैतिर छर्कनू– 'ॐ पुण्डरीकाक्षः पुनातु ।'

अब हातमा जौ, तिल, कुश लिएर सङ्कल्प गर्नू– 'हरिः ॐ तत्सत्, हरिः ॐ तत्सत्, हरिः ॐ तत्सत्; ॐ विष्णुः, ॐ विष्णुः, ॐ विष्णुः श्रीमद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगत् सृष्टिकारिणो ब्रह्मणोऽन्हि द्वितीयपरार्धे श्रीश्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे अष्टाविंशतितमे कलियुगे कलि प्रथम चरणे जम्बुद्वीपे भारतवर्षे भरतखण्डे आर्यावर्तैक देशान्तर्गते नेपाल पुण्य देशे अमुक

पुण्य क्षेत्रे अमुक मण्डलान्तर्गते अमुक ग्रामे, नगरे बौद्धावतारे पष्ठिसंवत्सराणां मध्ये अमुक संवत्सरे, अमुकायने, अमुक ऋतौ, अमुकमासे, अमुकपक्षे, अमुकतिथौ, अमुकवासरे, अमुकनक्षत्रे, अमुक्योगे, अमुककरणे, अमुकराशिस्थिते चन्द्रमसि, अमुकराशिस्थिते श्रीसूर्ये, अमुकराशिस्थिते देवुगुरौ, अन्येषु ग्रहेषु यथायथा राशिस्थितेषु सत्सु एवं ग्रहगुण गण विशेषण विशिष्टायां अमुक गोत्र (आफ्नो गोत्र भन्नू) अमुक नाम्यहं (आफ्नो नाम भन्नू) मम कायिक-वाचिक-मानसिक-पातक-दूरीकरण-शत्रुसिंहसर्पाद्यनेक-भयनिवारण-ब्रह्म-राक्षस-वेताल-कूष्माण्ड-भूत-प्रेत-क्षेत्रपाल-शाकिन्यादि-कीलन-मृत्युदुर्ग्रह-दुःस्वप्नादि-पीडा-निवृत्तिपूर्वक-पुत्र-पौत्र-धन-धान्यादि-अनेक-सम्पद्-भोगानन्तर-गन्धर्वाप्सरोगण-सङ्गीत-पारिजात-कुसुमादि-शोभित-विमानारोहणपूर्वक सदाशिवस्य परमसायुज्यमुक्ति प्राप्तये श्रीस्वस्थानीदेवता प्रीतये एभिर्यथामिलितोपचारैर्दीप-कलश-गणेशपूजनं तद्व्रताङ्ग भूत-देवतानां च पूजनमहं करिष्ये' यति सङ्कल्प पढेर भूमिमा छोडिदिनू ।

अब अर्घमा जल, चन्दन, अक्षता, फूल, भेटी, फल चढाई श्रीसूर्यलाई अर्घ्य दिनू ।

अर्घ्य दिने मन्त्र– 'ॐ एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते । अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ॥ ॐ अद्य श्रीस्वस्थानीव्रताङ्गत्वेन जगत्साक्षिणे श्रीसूर्याय अर्घ्यं समर्पयामि ।'

श्रीस्वस्थानीलाई मनले सम्झी ध्यान गर्नू, अनि तल लेखिएको षडङ्ग न्यास गर्नू अर्थात् दाहिने हातका औँलाले निर्देशित अङ्गमा छुनू ।

'देवीवरकामिन्यै नमः' भनेर छातीमा छुनू ।

'मित्र-बन्धन-मदनायै नमः' भनेर शिरमा छुनू ।

'ॐ त्रैलोक्य-चिन्तामण्यै नमः वषट्' भनेर शिखामा छुनू ।

'दिगम्बर-धरणि-धारिण्यै नमः कवचाय हुम्' भनेर दुवै हात तलमाथि गराई आफ्ना काँधमा छुनू ।

'चण्ड-मुण्ड-प्रमथिन्यै नमः नेत्रत्रयाय वौषट्' भनी आँखामा छुनू ।

'स्वस्थानीदेव्यै नमः अस्त्राय फट्' भनी ताली बजाउनू ।

यसपछि शङ्ख थाप्नू, अर्घ स्थापना गर्नू, धेनुमुद्रा (गाईको थुन जस्तो) देखाउनू र चन्दन, अक्षता, फूल, शङ्ख र अर्घ्यमा चढाई 'आत्मने नमः' भनेर आत्मपूजा गर्नू ।

अब अर्घ्य र दियो अर्थात् बत्तीको पूजा गर्नुपर्छ । तलको यस मन्त्रले बत्तीको पूजा गर्नू–

'ॐ नमोस्त्वनन्ताय सहस्रमूर्त्तये । सहस्रपादाक्षिशिरोरुबाहवे ॥
सहस्रनाम्ने पुरुषाय शाश्वते । सहस्रकोटि युगधारिणे नमः ॥

ॐ नमो दीपनारायणाय नमः' भनेर जल, चन्दन, अक्षता, फूल, भेटी, नैवेद्य चढाई भक्तिले पूजा गर्नू ।

दियोको दाहिनेतिर चामलको टपरीमा अथवा गाईको गोबरमा एउटा सिङ्गो सुपारी राखी गणेशको आह्वान गर्नू अर्थात् हातमा चन्दन, अक्षता, फूल लिएर सिङ्गो सुपारीलाई छोएर भन्नू–

'भो गणपते ! ऋद्धिसिद्धिसहित सवाहन इहागच्छ इहतिष्ठ यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव'– यति भनेर हातको चन्दन, फूल चढाइदिनू ।

हात जोडी तलको मन्त्र पढी गणेशको प्रार्थना गर्नू–

'वक्रतुण्ड महाकाय सूर्यकोटिसमप्रभ ।
अविघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ॥'

प्रार्थना गरिसकेर गणेशलाई पञ्चोपचार (पाद्य, अर्घ्य, शुद्ध जल, चन्दन, अक्षता, फूल) ले पूजा गरी भेटी चढाई धूप, बत्ती बालिदिनू ।

अब कलश थाप्नू । अग्निस्थापना आदि पुस्तकमा लेखिएअनुसार नै कलशस्थापना गर्नू ।

'ॐ कलशाय नमः, ॐ कलशाधिष्ठानदेवतायै नमः, ॐ वरुणाय नमः' भनेर पञ्चोपचारले कलशको पूजा गर्नू । त्यही कलशमा अरू तीर्थहरूको नाम लिँदै पूजा गर्नू–

'नर्मदायै नमः, सिन्धवे नमः, काबेर्यै नमः, गोब्राह्मणेभ्यो नमः, विष्णवे नमः, रुद्राय नमः, सदाशिवाय नमः, ईशानाय नमः, विनायकादिवनस्पतिदेवताभ्यो नमः ।'

अब रातो सूत्र, रातो वस्त्र, रातो चन्दन, र रातो फूलमाला गणेशलाई चढाई भेटी र नैवेद्य टक्र्याई धूपबत्तीले पूजा गर्नू–

'गणपतये नमः, विघ्नराजाय नमः, हेरम्बाय नमः, सिद्धिविनायकाय नमः, एकदन्ताय नमः, मूषकवाहनाय नमः, गजवक्त्राय नमः, परशुहस्ताय नमः, पार्वतीनन्दनाय नमः ।'

अब थालीमा लेखेको अष्टदलमा द्वारपूजा गर्न चन्दन, अक्षता, फूल लिएर चढाउँदै जानू–

'गुरुभ्यो नमः, क्षेत्रपालाय नमः, नन्दिने नमः, महाकालाय नमः, भृङ्गिणे नमः, महेश्वराय नमः, वशिष्ठादिसप्तऋषिभ्यो नमः, आदित्यादि-नवग्रहेभ्यो नमः, मार्कण्डेयाद्यष्टचिरञ्जीविभ्यो नमः, विष्कुम्भादिसप्तविंशतियोगेभ्यो नमः, मेषादिद्वादशराशिभ्यो नमः, मृत्युञ्जयाय नमः, ईश्वरीसहिताय नमः ।'

अब सेतो अथवा छिरबिरे फूल र वस्त्र चढाई गोग्रास पूजा गर्नू–

'नन्दायै नमः, सुभद्रायै नमः, सुशीलायै नमः, सुमनसे नमः, पञ्चगोमातृभ्यो नमः ।'

अब रातो फूल, रातो वस्त्र, रातो बत्ती इत्यादिले ब्रह्माणी आदिको पूजा गर्नू–

'ब्रह्माण्यै नमः, माहेश्वर्यै नमः, कौमार्यै नमः, महालक्ष्म्यै नमः, शक्तिहस्तायै नमः, मयूरासनायै नमः, रक्तलोचनायै नमः, पराशक्त्यै नमः ।'

अब पहेँलो वस्त्र, पहेँलो फूल, पहेँलो बत्ती, केशरी मिठाई र फलफूलहरू नैवेद्यलगायत पहेँलो सामग्रीले मोहिनीको पूजा गर्नू–

'सर्वजनमोहिन्यै नमः, जगन्मोहिन्यै नमः, विश्वमोहिन्यै नमः, सर्वमोहिन्यै नमः ।'

अब सेतो वस्त्र, सेतो फूल, नैवेद्य, धूप, बत्ती, कपूर बाल्नू र सेतो चाँदीको भेटी चढाई अष्टचिरञ्जीवीको पूजा गर्नू । हातमा सेतो फूल लिएर थालीमा राखी तलका मन्त्र भन्दै पूजा गर्नू–

'अश्वत्थाम्ने नमः, बलये नमः, व्यासाय नमः, हनुमते नमः, विभीषणाय नमः, कृपाचार्याय नमः, परशुरामाय नमः, मार्कण्डेयाय नमः, श्रीमदुमापतये नमः ।'

अब कालो फूल, कालो वस्त्र, कालो बत्तीलगायत सबै कालै रङको पूजाको सामग्री चढाई पञ्चबलिको पूजा गर्नू–

'गणपतये नमः, बटुकाय नमः, योगिनीभ्यो नमः, क्षेत्रपालाय नमः, स्थूलजिह्व-क्षेत्रपालाय नमः, एकपाद-क्षेत्रपालाय नमः, सर्व-क्षेत्रपालाय नमः, सर्वपिशाचेभ्यो नमः ।'

अब पञ्चमेल (पाँच थरी मिसाएका) मिठाई, नैवेद्य र पञ्चमेल वस्त्र (पाँच थरी वस्त्र) चढाई सूर्यादि देवताको पूजा गर्नू–

'सूर्याय नमः, नारायणाय नमः, सदाशिवाय नमः, गृहलक्ष्म्यै नमः, इष्टदेवतायै नमः, सर्वनागेभ्यो नमः ।'

अब श्रीस्वस्थानीका अघिल्तिर सेतै पूजाको सामग्रीले भक्तियुक्त भई सनकादिऋषिको पूजा गर्नू–

'सनकादिऋषिभ्यो नमः, ऋषिपुत्रेभ्यो नमः, दिव्याश्रमेभ्यो नमः ।'

अब श्रीस्वस्थानीको अगिल्तिर नै सेतो सामग्री चढाई पूजा गर्नू–

'गोमा-देव्यै नमः, वृद्धब्राह्मणाय नमः, दिव्यरूपायै नमः, दिव्याम्बरायै नमः, सुभूषायै नमः, जटिलाय नमः, बधिराय नमः, अतिवृद्धाय नमः, अतिदीर्घाय नमः ।'

सेतो फूल, सेतो वस्त्र, सेतो सामग्री चढाई त्यहीँ नवराजको पूजा गर्नू–

'नवराजाय नमः, मातृवत्सलाय नमः, सुचरित्राय नमः, सुगमते नमः, प्रियंवदाय नमः ।'

अब कालो फूल, कालो वस्त्र इत्यादि कालो रङका पूजासामग्री चढाई पापिनीको पूजा गर्नू–

'नवराजप्रियायै नमः, पापमूर्त्यै नमः, कुशीलायै नमः, कुभाषिण्यै नमः ।'

अब त्यहीँ नगिचमा सबै पहेँलो रङका पूजासामग्री तयार पारी अप्सराहरूको पूजा गर्नू–

'उर्वश्यै नमः, मेनकायै नमः, रम्भायै नमः, चन्द्ररेखायै नमः, तिलोत्तमायै नमः, लीलायै नमः, उत्पलाक्ष्यै नमः, चन्द्रवदनायै नमः ।'

त्यहीँनेर सेतो सामग्रीले भारवाहकलाई पूजा गर्नू–

'धर्मशीलाय नमः, धर्मकर्मणे नमः, धर्मपतये नमः, धर्मरताय नमः ।'

त्यहीँनेर हरियो सामग्रीले पापकुण्डको पूजा गर्नू–

'सप्तसमुद्रेभ्यो नमः ।'

अब अष्टचिरञ्जीवीको ध्यान गर्नू र भन्नू–

'भो मार्कण्डेयाद्यष्टचिरञ्जीविनः सुप्रतिष्ठिता वरदा भवन्तु ।' अनि धान भुटेको लावा छरिदिनू ।

अब मूलदेवता अर्थात् श्रीस्वस्थानीको पूजा भक्तिपूर्वक गर्नू ।

# श्रीस्वस्थानीको पूजाविधि– २

हातमा चन्दन, अक्षता र फूल लिएर हात जोडी तलको मन्त्र पढी ध्यान गर्नू–

सुवर्णवर्णदीप्ताभां त्रिनेत्रां कमलाननाम्
सिंहासनसमासीनां सर्वालङ्कारभूषिताम् ॥१॥

नीलोत्पलाभ्यां वामे च दक्षिणे वरदाभयाम् ।
खड्गचर्मधरां चोर्ध्वे वाम दक्षिणयोः क्रमात् ॥२॥

चतुर्भुजां च मां तत्र पूजयेत् वृषकेतुना
एवं ध्यायेत् महादेवीं श्रीस्वस्थानीं जगदीश्वरीम् ॥३॥

हातमा लिएको फूल र अक्षता, थालीको अष्टदलका माझमा चढाउनू । अब फेरि हातमा चन्दन, अक्षता, फूल लिएर अष्टदलका माझमा छोई आह्वान गर्नू–

'भो श्रीस्वस्थानी इहागच्छ इहतिष्ठ यावत् पूजां करोमि तावत् त्वं सुस्थिरा भव ।'

यति भनेर हातको फूल त्यहीँ चढाइदिनू । स्नान गराउँदा गङ्गाजल अथवा तीर्थजल चढाउनू र भन्नू–

हिमदिक्षुसरोजातं निर्मलं च हिमोपमम् ।
स्नानं समर्पितं पूर्वं लक्ष्मी तुभ्यं नमोऽस्तुते ॥

अब घिउ, चिनी, मह, दूध, दही मिलाई बनाएको पञ्चामृतले श्रीस्वस्थानीलाई स्नान गराउनू–

त्रिपादूर्ध्वऽउदैत्पुरुषः पादोस्येहाभवत्पुनः ।
ततोविष्ष्वङ्व्यक्रामत्साशनानशनेऽअभि ॥
एतावानस्यमहिमातोज्यायांश्चपुरुषः ।
पादोऽस्यविश्श्वाभूतानि त्रिपादस्यामृतन्दिवि ॥
'पञ्चामृतं गृहाण प्रसन्ना भव, वरदा भव ।'

अब फेरि गङ्गाजल चढाउनू र वस्त्र अर्पण गर्नू–

दुकूलपट्टं देवाङ्गे नानावस्त्रसुशोभितम् ।
यावत्तन्तुषु संस्थानं स्वर्गलोकं स गच्छति ॥

अब यज्ञोपवीत (जनै) चढाउनू–

अष्टचत्वार-संस्कार-सूत्राणामुत्तमं खलु ।
नवसूत्रयुतं पूर्णं ब्रह्मसूत्रं प्रगृह्यताम् ॥

चन्दन चढाउनू–

श्रीखण्डं चन्दनं दिव्यं गन्धाढ्यं गन्धमुत्तमम् ।
प्रियं हि सर्वदेवानां चन्दनं प्रतिगृह्यताम् ॥

सिन्दूर चढाउनू–

'सिन्दूरं समर्पयामि ॐ श्रीस्वस्थान्यै नमः ।'

अब फूल चढाउनू–

कालोचितं यथा पुष्पं पञ्चवर्णैः सुगन्धिभिः ।
विचित्रग्रथितां मालां गृह्यतां परमेश्वरी ॥

अब फूलमाला चढाउनू–

उद्यानोद्भवपुष्पाणि सुगन्धीनि तथैव च ।
ग्रथितानि प्रतिच्छ त्वं स्वस्थानी परमेश्वरी ॥

अब बेलपत्र चढाउनू–

पद्मानां च सहस्रस्य सम्यग्दत्तस्य यत्फलम् ।
तत्फलं लभते पत्रं दत्वा बिल्वस्य शोभनम् ।

अब धतुराको फूल चढाउनू–

एक धत्तूरपुष्पेण योऽर्चयेत्स सदाशिवम् ।
सर्वपापविनिर्मुक्तः शिवलोके महीयते ॥

अक्षता र दूबो चढाउनू–

दूर्वाक्षतसमायुक्तमष्टाष्टं च प्रयोजनम् ।
गृह्यतां परमेशानि भुक्तिमुक्तिफलप्रदे ॥

कमलको फूल चढाउनू–

पद्मं च सरसीजातां लक्ष्मीवासगृहं शुभम् ।
गृह्यतां ते जगन्नाथे श्रीस्वस्थानी त्वं प्रसीद मे ॥

अब नीलो कमल चढाउनू–

नीलोत्पलदलं दिव्यं शिवं सर्वादिसंयुतम् ।
श्रीस्वस्थानी परमेशानि गृह्यतां हि नीलोत्पलम् ।

अब दमनको फूल चढाउनू–

कृतोदयं भस्मसंज्ञं सर्वदेवप्रियङ्करम् ।
गृह्यतान्ते महादेवी रमय त्वं च वल्लभम् ।

अब सूत्र अर्थात् धागो चढाउनू–

नवतन्तुं समादाय कार्पासं सुमनोहरम् ।
सर्वपापविनाशाय स्वस्थान्यै तन्निवेदयेत् ॥

अब फल चढाउनू–

फलान्नं विविधाकारं कदलीपनसादिकम् ।
इक्ष्वादियुक्तं सरसं गृह्यतां परमेश्वरी ॥

धूप बाल्नू–

वनस्पतिरसो दिव्यो नानागन्धेन संयुतः ।
आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम् ॥

बत्ती सल्काउनू–

सुप्रकाशो महादीपः सर्वत्र तिमिरापहः ।
सबाह्याभ्यन्तरं ज्योतिर्दीपोऽयं प्रतिगृह्यताम् ॥

अब नैवेद्य चढाउनू–

नैवेद्यं गिरिजेऽपूपो गृह्यतां परमेश्वरी ।
घृतशर्करया युक्तं प्रदत्तमिदमिश्वरी ॥

अब आचमनीले जल चढाउनू–

'ॐ नमः शम्भवाय च मयोभवाय च नमः शङ्कराय च मयस्कराय च नमः शिवाय च शिवतराय च ।'

अब गनेका १०८ अक्षता चढाउनू–

अक्षन्नमीमदन्तह्यवप्रियाऽधूषत अस्तोषत ।
स्वभानवोविप्रान विष्ठयामतीयोजान्विन्द्रते हरि ॥

गनेका १०८ यज्ञसूत्र जनै चढाउनू–

नाभ्या आसीदन्तरिक्षगुँ शीर्ष्णोद्यौः समवर्त्तत ।
पद्भ्याम्भूमिर्द्दिशः श्रोत्रांस्त्तथालोकान् अकल्पयन् ॥

अब 'श्रीस्वस्थान्यै नमः' भनेर १०८ कुन्दपुष्प, १०८ कुड्का सुपारी सबै गन्ती गरेका सामग्री जति छन् सबै १०८ चढाउनू । १०८ पल्ट परिक्रमा गर्नू, १०८ नीराजन बत्ती बाल्नू । १०८ जप गर्नू, १०८ पुष्पाञ्जलि चढाउनू । चन्दन, अक्षता र फूल लिएर मन्त्र पढी नमस्कार गरेर श्रीस्वस्थानीलाई चढाउनू–

नमोस्तु ते महादेवी श्रीस्वस्थानी परमेश्वरी ।
त्रिलोकजननि नित्यं भक्तानां पापहारिणी ॥१॥

त्रिपुरघ्न महादेव भक्तवत्सल विश्वकृत् ।
नमस्करोमि देवेश ब्रह्ममाधववन्दित ॥२॥

अन्यत्र शरणं नास्ति युवां वै शरणं मम
तस्मात्कारुण्यभावेन रक्षतां परमेश्वरौ ॥३॥

अब थापेको अर्घ उठाई श्रीस्वस्थानीलाई अर्घको जल चढाउनू–

श्रीस्वस्थानी देवदेवेशी पूर्णार्थं मम तारकम् ।
गृहाणार्घ्यं मया दत्तं प्रसीद परमेश्वरी ॥

शङ्खबाट जल चढाउनू–

शङ्खतोयं समादाय सपुष्पफलचन्दनम् ।
जानुभ्यां धरणीतोयमर्घोयं प्रतिगृह्यताम् ॥

अब श्रीस्वस्थानी देवीलाई चन्दन, अक्षाता र फूलले छोई विसर्जन गर्नू–

यान्तु देवगणाः सर्वे पूजामादाय मामकीम्
इष्टकामप्रसिद्ध्यर्थं पुनरागमनाय च ॥

अब दक्षिणा सङ्कल्प गर्नलाई बोहोतामा रुपियाँ, पैसा हालेर जल, चन्दन, फूलपाती चढाउनू–

देयद्रव्याय नमः ।
हिरण्यगर्भगर्भस्थं हेमबीजं विभावसोः ।
अनन्तपुण्यफलदमतः शान्तिं प्रयच्छ मे ॥

अब हातमा कर्मपात्रको जल, कुश, तिल, जौ लिएर त्यो दक्षिणा हालेको बोहोता उठाएर सङ्कल्प गर्नू–

'अद्य कृतैतत्सांवत्सरिक स्वस्थानीव्रतपूजाकथा साङ्गतासिद्ध्यर्थं यद्दैवतं नानानामगोत्रेभ्यो ब्राह्मणेभ्य: कन्याकुमारीभ्यश्च दातुमहम् उपस्थापयामि' भनेर भूमिमा राखिदिनू ।

ब्राह्मणहरूलाई टीका लगाई दक्षिणा दिनू, भोजनको बन्दोबस्त गराउनू । आएकाहरूलाई नैवेद्य बाँडी पान, फूल, सुपारी दिनू र सबै जना ब्राह्मणहरू खुसीराजी बिदा भई गएपछि गन्ती गरेका एक सय आठ नैवेद्य, फूल, फल, सुपारी, मालपुवाहरूमा एकएक सय सबै थोक व्रत बस्नेले खानू, अरू आठआठ सबै चीज झिकेर टपरीमा हाली आफ्ना पतिलाई टक्र्याउनू, सो प्रसाद पतिले खानुपर्छ । पति नभए छोरालाई दिनू (छोरा भन्नाले आफूसँगै बस्ने आफ्नो उत्तराधिकारीलाई सम्झनू) । छोरा पनि नभए मितछोरालाई दिनू, मितछोरा पनि नभए मेरो फलानो कामना सिद्ध होओस् भनी कुनै नदीमा गएर बग्दो जलमा बगाइदिनू । राति सबै श्रोताहरू आएपछि आफूले बसेर कथा सुन्नुपर्छ ।

पहिले बताएको रीतिले पुस्तकलाई पूजा गरी कथा सुन्नू । कथा समाप्त भएपछि पानीले हात धोएर या पुछेर सबै जनाले चन्दन, अक्षता, फूल हातमा लिएर 'उपनयतु मङ्गलं व:' देखि लिएर 'कायेन वाचा'सम्मका मन्त्र पढी, पुस्तकलाई पुष्पाञ्जलि चढाई दण्डवत् प्रणाम गर्नू ।

श्रीपद्मपुराणोक्त श्रीस्वस्थानीव्रतपूजाविधि: समाप्त ।

श्रीगणेशाय नमः

# श्रीस्वस्थानी व्रतकथा

कैलाशशिखरे रम्ये नानाधातुप्रशोभिते ।
कल्पवृक्षोद्यानयुक्ते कामधेनुविराजिते ॥१॥

चिन्तामण्यादिसंयुक्ते चाष्टसिद्धिसमन्विते ।
सुखासीनं जगन्नाथं ज्ञानमुद्रायुतं शिवम् ॥२॥

ब्रह्मेन्द्रविष्णुभिर्वन्द्यं सौम्यरूपधरं पतिम् ।
प्रणम्य शिरसाऽ पृच्छत् पार्वती परमेश्वरी ॥३॥

**श्रीपार्वत्युवाच**

भक्तवत्सल ! सर्वज्ञ ! देवदेव ! जगत्पते ।
ब्रूहि मे परमेशान व्रतं त्रैलोक्यदुर्लभम् ॥४॥

को धर्मः सर्वधर्माणां भवतः परमो मतः
सुरासुरास्तथा नागा महाचार्यास्तथासुराः ॥५॥

भ्रातरो विविधाः सन्ति तथान्ये विविधा नराः ।
यद्वैधव्यहरं पुण्यं स्वस्थानस्थितिहेतुकम् ॥६॥

**श्रीसदाशिव उवाच**

साधु पृष्टं महादेवि यत्त्वयाहं प्रबोधितः ।
सङ्क्षेपेण प्रवक्ष्यामि बह्वर्थं व्रतमुत्तमम् ॥७॥

माघस्य पूर्णिमायां तु स्वस्थानीव्रतमाचरेत् ।
आवयोः पूजयेत् तत्र प्रतिमां मण्डले शुभे ॥८॥

चन्दनाक्षतपुष्पादि गृहीत्वा ध्यानमाचरेत् ।
सुवर्णवर्णदीप्ताभां त्रिनेत्रां कमलाननाम् ॥९॥

सिंहासनसमासीनां सर्वालङ्कारभूषिताम् ।
चर्मखड्गधरां चाथ वामदक्षिणयोः क्रमात् ॥१०॥

चतुर्भुजं तु तत्रैव पूजयेद् वृषकेतुकम् ।
नीलोत्पलाभये वामे वरशूले च दक्षिणे ॥११॥

एवं ध्यात्वा महादेवमर्घ्यं चाथ प्रदापयेत् ।
अष्टोत्तरशतैः पुष्पैः फलधूपान्नचन्दनैः ॥१२॥

पूजयेद्वै महादेवौ जगतः परमेश्वरौ ।
ततो गोधूमचूर्णेन सतिलेन गुडेन च ॥१३॥

गर्भं कृत्वा तु पक्तव्यं सर्पिषाऽष्टोत्तरं शतम् ।
पूपकं परमेशानि तद्वै भक्त्या निवेदयेत् ॥१४॥

ततोष्टपूपं संगृह्य शुक्लवस्त्रेण वेष्टयेत् ।
पीतसूत्रेण संबद्ध्य पूजयेत् पतिबुद्धिना ॥१५॥

पत्ये दद्याद् भक्षणार्थं तद् यद् वा मित्रपुत्रयोः ।
एतान्न लभते या तु सा नद्यां वाहयेद् ध्रुवम् ॥१६॥

प्रदक्षिणीकृत्य ततः आवां वै श्रद्धयान्विता ।
ब्राह्मणान्भोजयित्वा तु दक्षिणां च प्रदापयेत् ॥१७॥

स्वयं शतं तु भोक्तव्यं रात्रौ जागरणं चरेत् ।
ततो विसर्जनं कृत्वा जले तन्मण्डलं क्षिपेत् ॥१८॥

वर्षे वर्षे व्रतं कुर्यात् स्वस्थानीनामकं शुभम् ।
एतद्व्रतफलं देवि ! सङ्ख्यातुं नैव शक्यते ॥१९॥

गोशतं च सहस्रं च परिष्कारविभूषितम् ।
कन्यादानान्नदानानां वाजिवारणकोटिशः ॥२०॥

वस्त्ररत्नमहादानं तिलकाञ्चनमेव च ।
राजसूयाश्वमेधाभ्यां यत्फलं समवाप्यते ॥२१॥

तत्सर्वं समवाप्नोति व्रतेनानेन सुन्दरि ।
व्रतानां च शिरोरत्नं स्त्रीणां चैव विशेषतः ॥२२॥

त्रिवर्गं तु समालभ्य प्राप्यते परमा गतिः ।
इत्येतत्कथितं देवि ! किमन्यच्छ्रोतुमिच्छसि ॥२३॥

**श्रीपार्वत्युवाच**

तत्कथां श्रोतुमिच्छामि सर्वचेतोरमां शुभाम् ।
कथयस्व महादेव ! यदि योग्यास्मि मे प्रभो ! ॥२४॥

**श्रीसदाशिव उवाच**

साधु कृतं त्वया देवि ! तत्कथाश्रवणे मनः ।
तव प्रीत्यै प्रवक्ष्यामि सावधाना शृणु प्रिये ! ॥२५॥

पुरासीद् ब्रह्मपुर्यां वै शिवधर्मा महातपाः ।
षट्कर्मनिरतो विप्रः सर्वशास्त्रार्थपारगः ॥२६॥

पूर्वजन्मविपाकेन नालभेत्सन्ततिं द्विजः ।
तस्य पत्नी सती-नाम्नी नित्यं या पतिदेवता ॥२७॥

विषण्णा ह्यति दुःखेन पृच्छति ब्राह्मणी पतिम् ।
हा ! जन्मपापिनी काहं नजाने किं मया कृतम् ॥२८॥

पुत्रः पुत्री न मे किंचिद् वृथा जन्म गतं मम ।
भार्यावचनमाकर्ण्य पतिः स्वास्थ्यं जगाद ह ॥२९॥

एतस्मिन्नन्तरे काले जायापत्योः समग्रतः ।
तयोः पुण्यप्रभावेण तत्रैका गौः समागता ॥३०॥

गवा तयोरग्रतस्तु गोमयं वै समुज्झितम् ।
समुत्पन्ना ततो दृष्टा कन्या रूपवती शुभा ॥३१॥

सर्वलक्षणसम्पूर्णाऽपत्यत्वेऽङ्गीकृता च सा ।
धनधान्यादिसम्पूर्णा लक्ष्मीवत्प्राप्य तां द्विजः ॥३२॥

चकार शङ्खवाद्यादि मृदङ्गाह्लादमुत्सवम् ।
ददौ नाम यथान्यायं गोमया भट्टिनीति सः ॥३३॥

अनेकपुण्यकर्माणि तदादि स चकार ह ।
प्रत्यहं वर्द्धते कन्या शुक्लपक्षे शशी यथा ॥३४॥

तत्पुण्यदर्शिताः सर्वे त्रस्ताः शक्रादयः सुराः ।
कैलाशं तु समागम्य मां सर्वं ज्ञाप्य तत्त्वतः ॥३५॥

अभयं च मया दत्तं गच्छ शक्र ! यथासुखम्
शक्रः स्वस्थानमायातो मयाऽऽज्ञप्तो विचक्षणः ॥३६॥

तत्कालेऽहं महादेवी ! बभ्राम भूमिमण्डले ।
कपालिवेशो भिक्षार्थं तद्द्विजद्वारमागतः ॥३७॥

डमरुं वादयित्वा तु ययाचे विप्रमन्दिरे ।
एतस्मिन्नन्तरे काले सा कन्या गर्वगौरवात् ॥३८॥

तस्य वाद्यं न सुश्राव कुसुमैः क्रीडति स्थिता ।
श्रुत्वा माता तु तच्छब्दं शीघ्रं कन्यां जगाद ह ॥३९॥

दीयतां तत्करे पुत्रि ! राशिरन्नस्य विद्यते ।
मातुर्वचनमाकर्ण्य भिक्षां धृत्वाऽग्रतो गता ॥४०॥

भिक्षुरूपः क्रोधयुक्तः शापं तस्यै ददौ तदा ।

**भिक्षुरुवाच**

तद्भिक्षां नैव गृह्णामि शृणु ब्राह्मणकन्यके ।
अशीति वयसा वृद्धः पतिस्तव भविष्यति ॥४१॥

इति शापं ततः श्रुत्वा रुरोदाऽतीव विह्वला ।
धीमती जननी कन्यां सान्त्वयामास यत्नतः ॥४२॥

कालेनाल्पेन सा देवी गोमयोद्भवसुन्दरी ।
गोमयेति च विख्याताऽभवत्सा सप्तवार्षिकी ॥४३॥

पतिं योग्यतरं तस्या गतो मार्गयितुं पिता ।
द्विजो जामातृयोग्यो हि न प्राप्तः शिवशर्मणा ॥४४॥

विश्रान्तः स्वगृहं प्राप्य शिवशर्मा सुदुःखितः ।
भिक्षुकस्य तु शापाय दैवेन प्रतिपादितः ॥४५॥

ब्राह्मणोऽतीव वृद्धश्च कन्यां याचितुमागतः ।
जटालम्बित-दीर्घाङ्ग-कम्पितश्चातिदुर्बलः ॥४६॥

कुब्जः कुवेशो वधिरः पश्चिमे वयसि स्थितः ।
अन्यद्विजस्यालाभेन तस्य शापभयेन च ॥४७॥

पूर्वशापं चानुस्मृत्य तस्मै दुहितरं ददौ ।
कन्यादानं चकारासौ शुभलग्ने शुभे दिने ॥४८॥

ततस्तु शिवभट्टेन पालितो दुहितुः पतिः ।
कालेन ज्वरपीडार्तः शिवशर्मा दिवं ययौ ॥४९॥

तत् पत्नी पतिना सार्द्धं सतीत्वं च समागता ।
गोमया चातिदुःखार्त्ता पतिना सह तिष्ठति ॥५०॥

क्लेशैर्युतातिमलिना भोक्तुं पातुं न विन्दति ।
तस्या तु गर्भः सञ्जातो हर्षशोकविवर्द्धनः ॥५१॥

सीमन्तोनयनं कृत्वा विप्रः पुंसवनादिकम् ।
एकमासावधिं कृत्वा भिक्षार्थं वृद्धब्राह्मणः ॥५२॥

पत्नीं प्रबोधयित्वा च ततो देशान्तरं गतः ।
स शीतज्वरपीडार्तो ममारारण्यके द्विज ॥५३॥

गोमया ब्राह्मणी सा च निर्जने निजमन्दिरे ।
स्थिता ग्राम्यजनेनैव पालिता पतिदेवता ॥५४॥

गोमया दशमे मासि सुषुवे तनयं शुभम् ।
द्विजश्रेष्ठैस्तस्य नाम नवराजेति कीर्तितम् ॥५५॥

याचितान्नेन सा माता कारयामास सत्तमैः ।
चूडाव्रतविवाहादि सर्वकर्माणि तस्य वै ॥५६॥

यौवनोद्भेदवयसि नवराजो द्विजोत्तमः ।
वसन् गृहेऽतिदुःखेन संयुतो मातृवत्सलः ॥५७॥

मातरं परिपप्रच्छ षोडशाब्दोऽतिसाहसी ।
भोऽम्ब तातोस्ति क्व गतः सत्यं कथय मा मृषा ॥५८॥

इति पुत्रवचो श्रुत्वा सा माता रुदती सती ।
जगाद वचनं पुत्रं भर्तुश्चरितसंयुतम् ॥५९॥

त्वयि गर्भस्थिते पुत्र तातस्ते भिक्षितुं गतः ।
क्व तिष्ठति न जानामि जीवितो वा मृतोऽथवा ॥६०॥

इति मातृवचः श्रुत्वा नवराजोऽतिधार्मिकः ।
अम्बामाश्वासयामास हेतुभिः शास्त्रबोधितैः ॥६१॥

**नवराज उवाच**

पित्रुद्देशे गमिष्यामि तवानुज्ञां विधाय च ।
पुत्रस्य परमो धर्मः पितृसेवाऽपरो नहि ॥६२॥

जीविते वाक्यकरणात् क्षयाहे भूरिभोजनात् ।
गयायां पिण्डदानाच्च त्रिभिः पुत्रस्य पुत्रता ॥६३॥

एवं प्रबोध्य जननीमनुज्ञां प्राप्य स द्विजः ।
प्रबोध्य युवतीं भार्यां पाथेयं परिगृह्य च ॥६४॥

यात्रां स विधिना कृत्वा ततो देशान्तरं गतः ।
ग्रामाद् ग्रामान्तरं गच्छंस्तातमन्वेषयन्द्विजः ॥६५॥

शुश्राव स ग्राम्यमुखान्निश्चितं पितरं मृतम् ।
रुरोदातीव दुःखार्तो हा ! तात जनकेति वै ॥६६॥

गङ्गातीरं ततो गत्वा चक्रे श्राद्धं विधानतः ।
अथ स्नुषा गोमयायाः दुःखात् पितृगृहं गता ॥६७॥

तदा सा गोमयोद्भूता ग्रामं तत्याज लज्जया ।
वस्त्रहीनाऽतिमलिना नदी-निकटवासिनी ॥६८॥

एरण्डपादपाकीर्णे तृणकुड्यान्तरे स्थिता ।
कोद्रवान्नं सदा भुक्तं सूत्रकर्त्तनकर्मतः ॥६९॥

कर्मणा सातिदुःखेन साध्वी कालं न्यवर्त्तयत् ।
तदा कैलाशशिखरे लक्ष्मीर्देवी सरस्वती ॥७०॥

सर्वदेवगणैर्युक्ता चकार व्रतमुत्तमम् ।
तत्र मर्त्योपदेशार्थं स्वाश्रमान्नारदो मुनिः ॥७१॥

आगतश्च मयाऽऽज्ञप्तो 'गच्छ लोकहिताय वै ।
एतद्यथा मर्त्यलोके सञ्चरिष्यत्तथा कुरु' ॥७२॥

इत्याज्ञां स मुनिः प्राप्य गतवान्मर्त्यविष्टपम् ।
पृथ्वीमण्डलमध्येऽथ दरिद्रः को भवेदिति ॥७३॥

चिन्तयामास तत्त्वज्ञः परोपकरणप्रियः ।
गोपालं परिपप्रच्छ 'को दरिद्रः क ईश्वरः' ॥७४॥

गोपालस्तु ततो वाक्यमुवाच प्रान्तरे स्थितः ।
'दुःखिनीनां न काऽप्यस्ति गोमयायाः परा भुवि' ॥७५॥

गोपालवचनं श्रुत्वा गतस्तत्सन्निधौ मुनिः ।
ब्राह्मणीमाह्वयामास द्वारे स्थित्वा पुनः पुनः ॥७६॥

धर्मोपदेशं शृण्वन्ती स्वस्थानीव्रतमुत्तमम् ।
यथाविधानं वक्ष्यामि गोमये ! तद्व्रतं कुरु ॥७७॥

इत्युक्त्वा नारदो धीमानुवाच सकलं विधिम् ।
ततः साऽऽनन्दसंयुक्ता प्रणम्य मुनिसत्तमम् ॥७८॥

तस्मै पीठासनं दत्वा संवेश्य च गृहान्तरे ।
आतिथ्यं तस्य वै कर्तुं मनसा परिचिन्त्य सा ॥७९॥

गृहे च नास्ति मे किञ्चित्किं करोमीति दुःखिता ।
कर्त्तितं सूत्रमादाय ताम्बूलार्थं जगाम ह ॥८०॥

ताम्बूलं पूगसहितं गृहीत्वा गृहमागता ।
तावदेव गृहे तस्या निधिं दत्वा गतो मुनिः ॥८१॥

ब्राह्मणी गृहमायाता न ददर्श मुनीश्वरम् ।
गेहसंमार्जनं चक्रे विषदेन युता सती ॥८२॥

भद्रपीठं समुत्थाप्य तत्र दृष्टो निधिस्ततः ।
व्रतोपदेशमात्रं वै नाऽयं दातुं मुनीश्वरः ॥८३॥

धर्मव्याजैर्निधिमपि मह्यं दातुं समागतः ।
इत्यानन्देन मनसा जग्राह निधिमुत्तमम् ॥८४॥

ततः सा तद्व्रतं चक्रे मुनिनाभिहितं यथा ।
पूपाष्टकं तु संस्थाप्य पुत्रागमनकाङ्क्षया ॥८५॥

स्वयं शतं सा बुभुजे सिताक्षीरघृतैर्युतम् ।
तद्व्रतस्य प्रभावेण रात्रौ तत्पुत्र आगतः ॥८६॥

आशीर्भिरर्चयामास सूनुनाऽसौ नमस्कृता ।
पूपाष्टकं च पुत्राय ददौ सा गोमयोद्भवा ॥८७॥

दत्तं पूपं स बुभुजे सिताक्षीरघृतैर्युतम् ।
परस्परकथां कृत्वा ह्युभाभ्यां गमिता निशा ॥८८॥

प्रातस्ततः सा जननी नवराजमुवाच ह ।
"गङ्गातीरं च गत्वा त्वं स्नानं कुरु च पुत्रक ! ॥८९॥

ततो विश्वेश्वरे देवं ध्यानेन परिचिन्तय" ।
इति मातृवचः श्रुत्वा कृतगङ्गाप्लवो द्विजः ॥९०॥

कृत्वा वैश्वेश्वरीं पूजां महास्तोत्रमुवाच ह ।
"यं वै वेदो वेद नो नैव विष्णुर्नोवा वेधानर्षयोनैव वाणी ॥९१॥

तं देवेश मादृशः कोल्पबुद्धिर्याथाथ्र्यार्द्धि वेत्त्यहो विश्वनाथम्" ।
श्रुत्वा स्तोत्रमिदं तुष्टो जगाद परमेश्वरः ॥९२॥

"कालान्तरे च ते राज्यं नवराज ! भविष्यति" ।
इत्युक्त्वा गोमयासूनुमन्तर्ध्यानं गतः शिवः ॥९३॥

ब्रह्मणोऽपि वरं प्राप्य जगाम स्वनिकेतनम् ।
एतस्मिन्नन्तरे काले लावण्याख्यपुरीश्वरः ॥९४॥

मृतः कालवशेनैव राजा पुत्रादिवर्जितः ।
तस्मिन्देशे गजेन्द्रेण कश्चिद्राजा विधीयते ॥९५॥

इति श्रुत्वा देशदेशादागता लोकपङ्क्तयः ।
वस्त्रालङ्कारसम्पूर्णा नानाशोभासमन्विताः ॥९६॥

स्थिता लावण्यपथ्यासु राज्यलोभेन वै नराः ।
गोमया साऽपि लोभेन सपुत्रा स्वगृहाद्ययौ ॥९७॥

सपुत्रा लज्जया सा वै संतस्थौ गृहकोणतः ।
सजलं स्वर्णकुम्भं च गृहीत्वा राजमार्गतः ॥९८॥

तेषु सर्वेषु तिष्ठत्सु गजेन्द्रोऽन्वेषयन्नरान् ।
गृहकोणगतः सो वै नवराजः समातृकः ॥९९॥

स्नापितस्तज्जलेनैव स्वस्कन्धे स्थापितस्तदा ।
राजगृहं स नीतश्च दोलया तत्प्रसूरपि ॥१००॥

पुरोहितादयश्चक्रुः सर्वे तस्याऽभिषेचनम् ।
वीणामृदङ्गपटहशङ्खदुन्दुभि निःस्वनैः ॥१०१॥

लाजापुष्पादिसिन्दूरैर्युक्तं प्राप्य महोत्सवम् ।
नवराजोऽतीव हृष्टः सिंहासनगतः प्रभुः ॥१०२॥

मातरं परिपप्रच्छ "प्रिया मे क्व गतेति वै ।
स्वस्थानीं सा न जानाति सर्वदुःखविनाशिनीम् ॥१०३॥

त्वत्प्रसादेन भूपोऽहं जातो वै त्वत्प्रभावतः ।
महद्दुःखं ततः प्राप्तामि" त्युक्त्वा मातरं प्रति ॥१०४॥

प्रियायै प्रेषयद्दोलां गतास्तस्याज्ञया जनाः ।
ददृशुस्तां स्त्रियं ते वै नदीतीरनिवासिनीम् ॥१०५॥

ततोऽपृच्छन् हि का त्वं भो नवराजप्रिया कुतः ।
तैः पृष्टा सा चारुनेत्रा कथयामास भारिकान् ॥१०६॥

"पत्न्यहं नवराजस्य परमप्रीतिदायिनी ।
गोमया पतिमाता च गच्छामो यत्र मत्प्रभुः" ॥१०७॥

तस्यास्तद्वचनं श्रुत्वा भटास्ते हर्षसंयुताः ।
दोलायां स्थापयित्वा तां प्रेषयामासुरादृताः ॥१०८॥

तैर्भारवाहकैः सर्वैर्दोला नीता नदीतटे ।
अप्सरोभिः कृतं तत्र ददृशुस्ते व्रतोत्तमम् ॥१०९॥

तद्दृष्टा भारिकाः सर्वे तामाश्वास्य गतास्ततः ।
यत्राऽप्सरोगणैः सर्वैः स्वस्थानीव्रतमादृतम् ॥११०॥

**भारिका उचुः**

भो भो देव्य ! किमेदद्वै क्रियते व्रतमुत्तमम् ।

**अप्सरस उचुः**

"स्वस्थानीव्रतमेतद्धि सर्वकामफलप्रदम् ॥१११॥

एतद्व्रतप्रभावेण स्वर्गलोके महीयते ।"
इति श्रुत्वा भारिकास्ते पुष्पादीनि प्रयाच्य वै ॥११२॥

अप्सरोभिः सहैस्तत्र स्वस्थान्याश्चक्रिरे व्रतम् ।
पुनस्तत्र समायाता यत्र सा भोगिनी स्थिता ॥११३॥

ततोऽतीव प्रक्रुद्धाऽऽसीद्विलम्बेन च सा प्रिये ।
सपुष्पतिलकान्दृष्ट्वा भारवाहान्मुदान्वितान् ॥११४॥

सपुष्पफलहस्ताजानाह तान् पापिनी वधूः ।
"भारवाहा विलम्बो हि युष्माभिः क्रियते कुतः" ॥११५॥

इति श्रुत्वा भारवाहा विज्ञप्तिं चक्रिरे मुदा ।
"अप्सरोभिः कृतं चैव नानाकामप्रदं शुभम् ॥११६॥

स्वस्थान्याश्च व्रतं दृष्ट्वा नः श्रद्धा समजायत ।
फलाभिलाषुकैश्चैव ह्यस्माभिरपि तत्कृतम् ॥११७॥

भवदर्थं पुष्पफलं समानीतं गृहाण भोः ।
एतच्छ्रुत्वा वाहवाक्यं क्रुद्धाऽतीवाऽवदत्तदा ॥११८॥

"स्वस्थानी का मयाद्यापि वेदे लोके च न श्रुता ।
इति वज्रसमं वाक्यमुक्त्वा सा पापिनी तदा ॥११९॥

तद्वृत्तपुष्पफलयोश्चक्रे सा क्षेपणं रुषा ।
तस्यास्तत्कर्म दोलायां दृष्ट्वा संस्थाप्य पापिनीम् ॥१२०॥

निन्युर्मार्गेण त्वरया भारवाहा भयान्विताः ।
अथ तत्र समायाताऽल्पजला सुगमा नदी ॥१२१॥

ते तां हि पापिनीं निन्युर्नदीं तर्तुं यथा प्रिये !
तदा प्रलयवन्मेघा गर्जनं चक्रिरेऽप्रदाः ॥१२२॥

पपात वातवेगेन नदीमध्ये च पापिनी ।
सा दुष्टा पापिनी जाता गलत्कुष्ठेन संयुता ॥१२३॥

तद्व्रतस्य प्रभावेण वाहकास्ते दिवं गताः ।
तत्पापिनीस्पर्शभीत्या जलं पातालमाश्रितम् ॥१२४॥

सङ्कटं कर्दमं तत्र दृश्यते पथिकैः सदा ।
तत्र द्वादश वर्षाणि कर्दमे पापिनी स्थिता ॥१२५॥

ततो वंशादिभिस्तस्याः शोधितं कर्दमं जनैः ।
तदा वंशाग्रसंलग्ना प्रोत्प्लुत्य पापिनी गता ॥१२६॥

कुशस्थाने च पतिता सङ्कटे दैवयोगतः ।
सर्वदा सा ज्वलद्वह्निज्वालया परिपीडिता ॥१२७॥

ततः स नवराजो हि मातरम्प्रति चोक्तवान् !
राज्यलक्ष्मीश्च सम्प्राप्तेऽयं ते मातः प्रसादतः ॥१२८॥

सर्वदानं करिष्येऽतो ब्राह्मणेभ्यश्च श्रद्धया ।
इत्युक्त्वा देशदेशेभ्यो ब्राह्मणाः सन्निमन्त्रिताः ॥१२९॥

कपिलः शिष्यसंयुक्तस्तदुद्दिश्य जगाम सः ।
मुनिना कपिलेनाऽधो दृष्टा सा पापिनी तदा ॥१३०॥

मुनिना परिपृष्टा सा दग्धकाष्ठाऽऽकृतिर्वधूः ।
किं कुलं केन पापेन चेदृशी ते दशाधुना ॥१३१॥

मुनेस्तद्वचनं श्रुत्वा पापिनी वाक्यमब्रवीत् ।
जात्याऽहं ब्राह्मणी विप्र ! ह्यवस्था व्रतनिन्दया ॥१३२॥

क्षुधा मां बाधते विद्वन् ! भुक्तशेषमिहानय ।
तेनैव मे क्षुधाशान्तिरित्येवं प्रार्थयाम्यहम् ॥१३३॥

ओमित्युक्त्वा गतो विप्रो नवराज-निवेशनम् ।
तत्र भुक्त्वा महद्भोज्यं दानादि प्राप्य वै ततः ॥१३४॥

सर्वे द्विजा गता गेहान्स्वान्स्वानेव मुदान्विताः ।
मुनिना याचितुं नैव शक्यते लज्जया तदा ॥१३५॥

इतस्ततो भ्रमन् विप्रो नवराजनृपाङ्गणे ।
मात्रा नृपस्य दृष्टः स ततो जिज्ञासितो द्विजः ॥१३६॥

नृपमात्रा मुनिः पृष्टः "किं कार्यं भवतस्त्विह" ।
तेन चोक्तं "परार्थं च याच्यते भोज्यमात्रकम्" ॥१३७॥

भाण्डारिका इति श्रुत्वा दातुं भाण्डगृहं ययुः ।
पक्वान्नादिप्रपूर्णं तद् व्रतनिन्दाप्रभावतः ॥१३८॥

रिक्तं भाण्डगृहं जातं सर्वे दृष्ट्वा हि सत्रपाः ।
नृपमात्रे परावृत्त्य तेऽवदन्सर्वमेव हि ॥१३९॥

सोवाच तद्वचः श्रुत्वा “दीयतां भोज्यमात्रकम्” ।
तस्यास्तद्वचनं श्रुत्वा कृतवन्तस्तथैव ते ॥१४०॥

नूतने मृन्मये भाण्डे कृत्वा भोज्यं त्वरान्वितः ।
मुनिर्गतश्च पापेन युक्ता सा यत्र तिष्ठति ॥१४१॥

**श्री वैष्णव्युवाच**

“स्वस्थानीपरमेश्वर्या विधिवद्व्रतमाचर ।
तेन स्वस्थानलाभस्ते भविष्यति न संशयः” ॥१४२॥

इत्युक्त्वाऽन्तर्हिता देवी वैष्णवी कामरूपिणी ।
तया कृतं व्रतं सर्वं यथा देव्या प्रभाषितम् ॥१४३॥

दधिपूपे तया देव्या ह्यप्राप्ते व्रतकर्मणि ।
शर्करायास्ततोऽपूपं नदीपिङ्कस्य वै दधि ॥१४४॥

कृत्वा समर्पितं बद्ध्वा तद्द्वयं सत्यतां गतम् ।
अष्टपूपं ससूत्रादि नमस्कृत्य पुनः पुनः ॥१४५॥

नद्यां क्षिप्तं तया शीघ्रं तत्स्पर्शं प्राप्य नागिनी ।
अष्टोत्तरशतं वर्षं पुरुषेण विवर्जिता ॥१४६॥

नागेन मिलिता या च तत्पूपस्पर्शनादिभिः ।
सर्वपापैर्विमुक्ता सा बभूवाऽतीव सुन्दरी ॥१४७॥

आशिषं च ददौ तस्यै नागकन्याऽतिविस्मिता ।
ततो बभूव सा प्राह महालक्ष्मीस्वरूपिणी ॥१४८॥

केनाप्यागत्य राज्ञेऽथ कथिता सुन्दरी कथा ।
पथिकस्य वचः श्रुत्वाऽनुचराः प्रेषिताः पुनः ॥१४९॥

नानावाद्यादिघोषेण वेदघोषेण वै ततः ।
स्वीये गृहे समायाता नवराजस्य भोगिनी ॥१५०॥

गोमयायाः पदद्वन्द्वं सुन्दरी प्रणनाम सा ।
मात्रा पत्न्या स संयुक्तो नवराजो नराधिपः ॥१५१॥

प्राप्तं निष्कण्टकं राज्यं बुभुजे सर्वसम्मतम् ।
स्वस्थानीपरमेश्वर्याः कथां श्रुत्वा च श्रद्धया ॥१५२॥

अपुत्रा पुत्रमाप्नोति पत्युः प्रीतिं च विन्दति ।
कथाश्रवणमात्रेण हयमेधफलं लभेत् ॥१५३॥

इति श्रीपद्मपुराणे पार्वतीसदाशिवसंवादे स्वस्थानीव्रतकथा समाप्ता ।

# श्रीस्वस्थानी परमेश्वरीको कथा

**(चन्दन, अक्षता, फूल लिएर हात जोर्ने)**

यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवै-
र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ।
ध्यानाऽवस्थिततद्‌गतेन मनसा पश्यन्ति यं योगिनो
यस्याऽन्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ॥१॥

श्रीमच्चन्दनचर्चितोज्ज्वलवपुः शुक्लाम्बरा मल्लिका ।
मालालङ्कृतकुण्डला प्रविलसन्मुक्तावली शोभिता ।
सर्वज्ञाननिदानपुस्तकधरी रुद्राक्षमालाधरी
वाग्देवी वदनाम्बुजे वसतु मे त्रैलोक्यमाता चिरम् ॥२॥

मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥३॥

नमो भगवते तस्मै व्यासायाऽमिततेजसे ।
यस्य प्रसादाद्वक्ष्यामि नारायणकथामिमाम् ॥४॥

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ॥५॥

पुष्पाञ्जलि पुस्तकमा चढाई ढोगिदिनू । अब सुन्नेहरूले एकचित्त भई कथा सुन्नू, भन्नेले स्पष्ट गरी भन्न थाल्नू ।

श्रीगणेशाय नमः

# प्रथमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! तिमी एकचित्त भई सुन । अघि यो संसारको सृष्टि हुँदा भएको पहिलो शक्तिमान् शिवपद अर्थात् कसैले पनि नभेट्टाउने ठाउँ छ जहाँबाट शक्ति उत्पन्न भयो । फेरि शक्तिमान् अर्थात् शिवदेखि मायाको उत्पत्ति भयो, मायादेखि अव्यक्त अर्थात् प्रकृति उत्पन्न भयो । त्यस अव्यक्तको अधिष्ठाता अथवा मालिक आत्मा हो । प्रथम उत्पन्न भएको शक्तिदेखि पर शान्तिपद छ, त्यसभन्दा पर विद्यापद छ, त्यहाँदेखि पर प्रतिष्ठापद छ, त्यसभन्दा पर निवृत्तिपद छ । यो ईश्वरीय सृष्टिको सङ्क्षिप्त वर्णन हो ।

जुन रीतिले यस संसारको सृष्टि हुन्छ, त्यसको उल्टो रीतिले संहार हुन्छ । माथिका विभिन्न पदको वर्णन सृष्टिदेखि पछिलाई लिएर होइन आदिलाई लिएर गरिएको हो । महापददेखि विशेष पदसम्म उत्पत्ति हुन्छ, किन्तु जुन अव्यक्तले गर्दा जगत्मा पाँच कला व्याप्त छ, त्यसको अधिष्ठाता आत्मा हो । त्यसमा अव्यक्त

प्रकृति र जीव अर्थात् सबैका शरीरमा रहने आत्माको कर्तृत्व छैन अर्थात् यी दुईले तिनलाई बताउँदैनन् । प्रकृति अचेतन हुनाले र जीवात्मा अज्ञानी हुनाले तिनीहरूलाई चलाउने चेतन ज्ञानी ईश्वर चाहिन्छ । बुद्धिमान्हरू कारण नभई कार्य हुँदैन भन्दछन् । हे मुनि ! त्यसैले कार्य भएपछि कारण पनि हुन्छ । जस्तो कि कपडा भएपछि त्यसको कारण धागो अवश्य हुन्छ । त्यसैले यो जगत्को सृष्टिको पनि कारण चाहिन्छ, तिनै कारण हुन् ईश्वर ! ती अनादि अर्थात् कसैबाट नजन्मने सर्वशक्तिमान् पुरुष जे पनि गर्न सक्छन् । सृष्टिको आरम्भदेखि लिएर संहारको बखतसम्म ब्रह्माको सय वर्ष बित्छ, यही नै ब्रह्माका आयुको क्रम हो । ब्रह्माको आयुको आधा भागलाई पूर्वार्द्ध र अर्को आधालाई परार्द्ध भन्दछन् जब दुवै भाग बित्छन् तब ब्रह्माको आयु सकिन्छ । अव्यक्त आत्मा कार्यलाई साथ लिई माकुराले जालो गुटमुटचाएर लिएजस्तो गरी कार्यमा गुटमुटिन्छ अर्थात् विकारले युक्त यो जगत् आत्मामा एक डल्लो भइरहन्छ । यी प्रधान पुरुष पनि आफ्ना धर्मस्वभावले रहन्छन् । सत्त्व, रज, तम यी तीन गुणस्वरूप परिणाममा घटी बढी नभई समान रूपले रहन्छन्, यिनीहरू अलग हुन सक्तैनन् । यिनीहरू वायुले नहल्लाएको शान्त निश्चल जलझैँ छन्; फरक गरी थाहा हुँदैनन् । जगत्को नजानिने बखतमा तिनै माहेश्वरीले रातमा स्थिति गरी रात बितेपछि ती प्रकृति पुरुष दुवैलाई मायाले ढाकेर परमात्माका साथ उनैमा प्रवेश गरी प्राणीको उत्पत्ति गर्ने उद्देश्य

वा इच्छा हुन्छ, अनि उनैको आज्ञाले त्यो अव्यक्तदेखि सबै सृष्टि हुन्छ । तिनै परमात्माका मायाको एक खण्डले यो सम्पूर्ण उत्तरोत्तर सृष्टि, विचित्र स्थिति र भयानक संहार हुन्छ । तिनै विलक्षण तथा अनौठा परमात्मालाई नमस्कार छ ।

हे मुनीश्वर ! उहाँपछि पहिले ईश्वरका आज्ञाले चल्ने अव्यक्तबाट अर्थात् बुद्धिदेखि बुद्धि, अहङ्कार, एघार इन्द्रिय, पाँच तन्मात्रा, पाँच महाभूत विशेषसम्म उत्पन्न भएका हुन् । क्रमैले विशेषसम्मका विकारबाट रुद्र, विष्णु, ब्रह्मा यी तीन देवता उत्पन्न भए । संसारमा कतै पनि नरोकिने शक्ति उत्पन्न भयो, शक्तिबाटै अणिमादि अष्टसिद्धि भए । उत्पत्ति, पालन र नाश यी तीन कर्म ती तीन देवता ब्रह्मा, विष्णु, महेश्वरका भए । कल्पान्तरमा फेरि पनि बुद्धि र मोहका निमित्त परमेश्वरले शक्ति प्रदान गरे । यी परस्पर मिली शक्तिलाई बढाउँछन् । कहीँ ब्रह्मा, कहीँ विष्णु, कहीँ रुद्रको स्तुति हुन्छ । त्यसैले यिनको सामर्थ्य धेरै र थोरै हुँदैन, बराबर रहन्छ । यी तीनमध्ये यो बढ्ता, यो कम भनी अज्ञानीहरूले भन्दछन् । जो तीन गुणदेखि पर छन् ती सर्वात्मक सर्वाधार शक्तिलाई उत्पन्न गर्ने हुन् । तिनै जगत्को सृष्टि गरी ईश्वरमा लीन भइरहेका छन् । जो परमेश्वर सबभन्दा पर छन्, तिनै सम्पूर्णका आधार सर्वात्मा अर्थात् सबमा रहेका छन् । यस कारण प्रकृति र पुरुष ब्रह्मा, विष्णु, शिव अर्थात् कल्याणस्वरूप हुन् ।

पहिले यिनैदेखि बुद्धि अर्थात् महत्तत्त्व उत्पन्न भयो । महत्तत्त्वका क्षोभले सात्त्विक, राजसिक र तामसिक तीन प्रकारका अहङ्कार उत्पन्न भए । तामस अहङ्कारबाट तन्मात्रा अर्थात् महाभूतका साना भाग आकाश, वायु, तेज, जल र पृथ्वीजस्ता पञ्चमहाभूत उत्पन्न भए । सात्त्विक अहङ्कारबाट एकादश इन्द्रिय उत्पन्न भए– पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय गरी दश र एघारौँ श्रेष्ठ इन्द्रिय मन । तामस अङ्कारबाट उत्पन्न भएको शब्द तन्मात्रा हो । त्यसदेखि आकाश, आकाशदेखि स्पर्श, स्पर्शदेखि वायु, वायुदेखि रूप, रूपदेखि तेज, तेजदेखि जल, जलदेखि गन्ध, गन्धदेखि पृथ्वी उत्पन्न भइन् । यी पञ्चमहाभूतदेखि चराचर अर्थात् चल्ने र नचल्ने दुई किसिमको जगत्को उत्पत्ति भयो । पुरुष अव्यक्तका अनुग्रहले महत्देखि विशेषसम्मका अण्डको उत्पत्ति हुन्छ ।

जब ब्रह्माको कार्य र कारण सिद्ध भयो, तब यस अण्डमा संज्ञा भएको क्षेत्रज्ञ बुद्धिमा प्राप्त भयो । त्यही प्रथम शरीर अर्थात् शरीरधारी भयो; त्यसैलाई पुरुष अथवा प्राणी भनिएको हो । यसरी प्राणी ब्रह्मादेखि उत्पन्न भयो । तिनै सृष्टिकर्ता ब्रह्माबाट धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य र अधर्म, अज्ञान, अवैराग्य, अनैश्वर्य गुण भएको बुद्धि उत्पन्न भयो । जो जसको मनमा इच्छा छ, सो अव्यक्तदेखि उत्पन्न हुन्छ । त्यस अव्यक्तले तिनै गुणलाई नियन्त्रणमा राखेको छ । जो गुण र त्यसको अपेक्षा गर्दछ, त्यसले

उसको स्वभावको पनि अपेक्षा गर्दछ । आत्माका तीन स्वभाव छन्– सत्त्व, रज, तम । तिनैबाट सृष्टि, स्थिति र संहार हुन्छ । सृष्टिकर्ममा चतुर्मुख ब्रह्मा, संहारमा रुद्र, पालनमा त्यो पुरुष हुन्छ, जसलाई सहस्रशिर भनिन्छ । त्यस कारणले तीन अवस्थामा स्वयम्भू रहन्छन् । ब्रह्मत्वमा सत्त्व र रजोगुण, कालत्वमा रज र तमोगुण र विष्णुत्वमा केवल सत्त्व मात्र रहन्छ । ब्रह्मत्वमा लोकको रचना, कालत्वमा संहार, पुरुषत्वमा व्यापाररहित केवल दर्शन मात्रले पालन कार्यको सिद्धि हुन्छ । यसरी ती परमात्माका तीन कर्म छन् । यस्ता तीन प्रकारले भाग लाग्नाले ती परमेश्वर त्रिगुण भनिन्छन् । चार प्रकारले भाग लाग्नाले उनलाई चतुर्व्यूह पनि भन्दछन् । परमात्मा आदि हुनाले यिनलाई 'पुरुष' भनिन्छ, अजन्मा अर्थात् नजन्मने हुनाले 'अज' भनिन्छ । सुवर्णको मेरु पर्वत त्यस परमात्माको गर्भाशय हो । गर्भको जल, समुद्र र पर्वत जरायु हुन्; यस अण्डमा यी सब लोक रहन्छन् । यसको अन्तरमा संसार, चन्द्रमा, सूर्य, ग्रह, वायु, नक्षत्रसहित स्थिर छन् । यो अण्ड जलभन्दा दशबाह्र गुणा विस्तृत छ । आकाशले वायु व्याप्त छ अर्थात् ढाकिएको छ । आकाश पञ्च महाभूतले वेष्टित छ, भूतादि महत्ले र महत् प्रकृतिले व्याप्त छ । त्यसैले यो ब्रह्माण्ड प्रकृतिका सात आवरणले व्याप्त छ । प्रकृतिसमेत आठ सापेक्ष छन्, परस्पर उत्पन्न भईकन परस्पर जगत्लाई धारण गर्दछन् । आधारमा आधारीहरू, विकारमा विकारी कछुवाका

शरीरझैँ फैलिने र खुम्चिने हुन्छन् । यहाँ व्यक्त सब जगत् अव्यक्तबाट प्रकट हुन्छ ।

प्रलयकालमा गुणको उल्टो क्रम हुन्छ र गुणको साम्यावस्थालाई लय र विषमावस्थालाई सृष्टि भन्दछन् । यहाँ ब्रह्माबाट ब्रह्माण्ड हुन्छ; ब्रह्माको क्षेत्र हुनाले यो ब्रह्मक्षेत्र भनिन्छ । यस्तै कोटियौँ अण्डले व्याप्त हुनाले प्रधान तल, बीचमा र माथि तीनै ठाउँमा छ । ती तीनै ठाउँमा ब्रह्मा, विष्णु र रुद्र छन् । प्रधानबाट व्यक्त रचना हुन्छ र शिवको आज्ञा पाएर जगत्को रचना हुन्छ । त्यही अव्यक्तबाट व्यक्त नामको अण्ड उत्पन्न भएको हो । अण्डबाट ब्रह्मा उत्पन्न भए । यो सम्पूर्ण जगत् सृष्टि गर्ने जीवको आवरण अर्थात् आत्माको वास्तविक रूपलाई ढाकिदिने शक्ति र विशेष आत्माको वास्तविक रूपलाई अर्कै रूप गराउने शक्तिको यसरी वर्णन गरियो । अन्त्यकालमा आत्यन्तिक प्रलय हुन्छ, यो सब चेष्टा अप्रमेय अर्थात् जान्न नसकिने हुनाले परमेश्वरको लीला मात्र हो । महत्तत्त्व अर्थात् बुद्धि प्रकृतिदेखि उत्पन्न भएको छ । आदि-मध्य-अन्त बलवान्, शुक्ल-रक्त-कृष्ण वर्ण जो प्रकृतिपुरुषले युक्त छ । रजको वृद्धिबाट लोकका सन्ततिको वृद्धि हुन्छ । सृष्टिले आदिकालमा आठ विकार उत्पन्न गरी अन्त्यकालमा गुप्त पार्दछ । प्रकृतिले बनाएका कारणको जहाँसम्म स्थिति छ त्यहाँसम्म प्रवृत्ति पनि छ । यो सबै शिव, प्रकृति, काल, ऐश्वर्य हो जुन महेश्वरको

केवल सङ्कल्प मात्रले उत्पन्न हुन्छ । हे मुनिवर ! विगतका आयुको जो काल वर्णन गरियो त्यसलाई ‘अपरार्द्ध’ भनिन्छ । फेरि ब्रह्माको अर्को उत्ति समय छ, त्यसको अन्तमा संहार हुन्छ । उनै आदिजन्मा ब्रह्माका प्रत्येक दिनमा चौध मनु फेरिन्छन् । आदि, अन्त्य केही नभएको हुनाले सम्पूर्ण कल्पकल्पको वर्णन गर्नाको प्रयोजन पो के छ र ! जो अनेक समयका कोटियौँ कल्प छन्, तीमध्ये श्रेष्ठ एउटा पद्मकल्प अर्थात् कमलबाट उत्पन्न भएको कल्प छ; म अब दोस्रो अध्यायमा सोही वर्णन गर्नेछु ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां सृष्टिवर्णनं नाम प्रथमोऽध्यायः ॥१॥

# द्वितीयोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

अघि यो संसार पद्मकल्पमा जलमय छँदा परब्रह्मस्वरूप विष्णुका नाभिदेखि सहस्रदल अर्थात् हजारपत्र भएको कमल उत्पन्न भयो । त्यसै कमलमा ब्रह्मा उत्पन्न भएर संसारको सृष्टि गर्ने विचार गर्न लागे । त्यसै बखतमा विष्णुका कानेगुजीदेखि बडा वीर, पराक्रमी मधु र कैटभ नामका दुई दैत्य जन्मे । यी दुवै दैत्य कहाँ के छ भनी जलमय संसारमा घुम्न लागे । घुम्दा घुम्दा ती दुवै ब्रह्मा बसेको सहस्रदल कमलनेर पुगे । कमलको डाँठ देखेर त्यसैबाट माथि गई ब्रह्मालाई देखेर तिनलाई खसाल्न तयार भए । त्यो देखेर ब्रह्माले डराई योगमायाको आराधना गर्नुभयो । त्यसबाट योगमाया पनि खुसी भई चाँडै नै प्रकट हुनुभयो र उहाँसित ब्रह्माले बिन्ती गर्नुभयो– 'हे ईश्वरी ! विष्णुलाई जागा गराइदिनुहोस् ।' यो सुनेर योगमायाले श्रीविष्णुलाई जागा गराइदिनुभयो । श्रीविष्णु जागा भएर मधु र कैटभ दुई दैत्यलाई अगिल्तिर बसिराखेको देखी विष्णुलाई खूब रिस उठ्यो

र 'आओ, लडौँ' भनी उठ्नुभयो । दिव्य पाँच हजार वर्षसम्म जलमा घनघोरको लडाइँ पर्‍यो, तैपनि मधु र कैटभ दैत्यलाई जित्न सकेनन् र विष्णुले 'हे दैत्यहो ! तिमीहरू वीर रहेछौ ! तिम्रो सुर्‍याइँ देख्ता म खुसी भएँ, वरदान माग, म खुसीसाथ दिन्छु' भनी आज्ञा गर्नुभयो । त्यो सुन्नासाथ मधु र कैटभ दैत्यलाई घमन्ड चढिहाल्यो र उनीहरूले भने– "हे विष्णु ! युद्धमा कसले जित्यो ? जो हार्ने उही वरदान दिने ? यो कस्तो गजबको कुरा हो ? बरु हामीसित वर माग; तिमी जे भन्दछौ, हामी उही दिन्छौँ ।" मधु र कैटभको यस्तो वचन सुनेर विष्णुले आज्ञा गर्नुभयो– "हे मधु र कैटभ ! तिमीहरूले बेस कुरा भन्यौ । म तिमीहरूसँग नै वर माग्दछु, तर वाचा बाँधेर मात्र माग्दछु ।" मधु र कैटभ दैत्यले 'हुन्छ वाचा भयो; तिमी जे माग्दछौ हामी उही दिन्छौँ' भनी वाचा गरे र विष्णुले मुसुक्क हाँसी आज्ञा गर्नुभयो– "हे दैत्यहो ! मैले अरू माग्ने वर के छ र ! म खालि यही वर माग्दछु कि मेरा हातबाट तिमीहरूको मरण होस् ।" यस्तो सुनी मधु र कैटभ दैत्यले भने– "हे विष्णु ! तिमीले कपट गर्‍यौ । हामी वाचामा हारिसकेका छौँ, जे माग्यौ सो वर दिन्छौँ तर हामीलाई पानी भएको ठाउँमा मार्न पाउँदैनौ ।" ती दैत्यले सबैतिर पानीपानी देखेर बठ्याइँ गरी भनेका थिए, तर विष्णुले त्यो बुझी ती दुवै दैत्यलाई काखमा राखी सजिलैसित मार्नुभयो । तिनै दैत्यको

बोसो तुसारोले पानी जमेजस्तो गरी समुद्रको जलमा जम्यो र पृथ्वी उत्पत्ति भइन्, मासुले पर्वत भए, हाडले पत्थर भए ।

त्यो देखी ब्रह्माले अब संसार सृष्टि गर्नुपर्‍यो भन्ने विचार गरेर पहिले चतुर्दश भुवन अर्थात् चौध लोकको सृष्टि गरे । ती हुन्– १ भूर्लोक, २ भुवर्लोक, ३ स्वर्गलोक, ४ महर्लोक, ५ जनलोक, ६ तपोलोक, ७ सत्यलोक यति माथिका र १ अतल, २ वितल, ३ सुतल, ४ तलातल, ५ महातल, ६ रसातल, ७ पाताल यति तलका लोक हुन् । फेरि द्वीपहरूको सृष्टि गरे, ती हुन्– १ जम्बूद्वीप, २ प्लक्षद्वीप, ३ शाल्मलीद्वीप, ४ कुशद्वीप, ५ क्रौञ्चद्वीप, ६ शाकद्वीप, ७ पुष्करद्वीप । यी द्वीपहरू पहिलोभन्दा दोस्रो दोब्बर बढी, दोस्रोभन्दा तेस्रो दोब्बर बढी यस्तै गरी उत्तरोत्तर बढी छन् । अनि सात समुद्र सृष्टि गरे । ती हुन्– १ क्षारोद समुद्र, २ इक्षुरसोद समुद्र, ३ सुरोद समुद्र, ४ घृतोद समुद्र, ५ क्षीरोद समुद्र, ६ दधिमण्डोद समुद्र, ७ शुद्धोद समुद्र । यी समुद्र पनि द्वीपझैँ उत्तरोत्तर बढी छन् । जम्बूद्वीप क्षीरोद समुद्रले बेह्रिएको छ, त्यहाँ 'आग्नीध्र' नामका राजा राज्य गर्दछन् । दोस्रो प्लक्षद्वीप इक्षुरसोद समुद्रले बेह्रिएको छ, त्यहाँ 'इध्मजिह्व' राजा छन् । तेस्रो शाल्मलीद्वीप सुरोद समुद्रले वेष्टित छ, त्यहाँ 'यज्ञबाहु' राजा छन् । चौथो कुशद्वीप घृतोद समुद्रले बेह्रिएको छ, त्यहाँ 'हिरण्यरेता' नामका राजा छन् । पाँचौँ क्रौञ्चद्वीप क्षीरोद समुद्रले बेह्रिएको छ, त्यहाँ 'धृतपृष्ठ' नामका राजा छन् । छैटौँ

शाकद्वीप दधिमण्डोद समुद्रले बेह्रिएको छ, त्यहाँ 'मेधातिथि' राजा छन् । सातौँ पुष्करद्वीप शुद्धोद समुद्रले बेह्रिएको छ, त्यहाँ 'वीतिहोत्र' राजा छन् । जम्बूद्वीपको विस्तार लाख योजनको छ, यो कमलगट्टा जस्तो गोल छ, यसमा नौनौ हजार योजन अर्थात् चार कोश विस्तारका नौ वर्ष खण्ड छन् । यस्ती पृथ्वीको सृष्टि गरी फेरि अष्टपर्वत सृष्टि गर्न लागे । ती हुन्– १ सुमेरु पर्वत, २ गन्धमादन पर्वत, ३ कैलाश पर्वत, ४ हिमालय पर्वत, ५ त्रिकूट पर्वत, ६ चित्रकूट पर्वत, ७ चन्द्रकूट पर्वत, ८ चन्द्रान्तक पर्वत ।

हे अगस्त्यमुनि ! ब्रह्माले 'अब प्राणीहरूको सृष्टि गरूँ' भन्ने विचारले श्रीमहादेवकहाँ गई तपस्या गर्न लाग्नुभयो । दिव्य बाह्र हजार वर्षसम्म अति कष्ट गरी तपस्या गर्दा खुसी भएर महादेवले दर्शन दिनुभयो र भन्नुभयो– "हे ब्रह्मन् ! तिम्रो भक्तिदेखि म खुसी भएँ वर माग ।" यस्तो सुनी ब्रह्माले महादेवलाई नाना उपचारले पूजा गरी स्तुति गर्न लाग्नुभयो– "हे परमेश्वर ! हजुर कस्ता हुनुहुन्छ भने आफ्ना मायाले संसार रची आफ्नै मायामा भुलेजस्तो भइरहनुभएको यस्ता हजुरलाई कोटिकोटि नमस्कार छ । फेरि एक मूर्तिले तीन मूर्ति ब्रह्मा, विष्णु र महेश्वर भइरहेका यस्ता हजुरलाई कोटिकोटि नमस्कार छ । हे ईश्वर ! हजुरको वर्णन गर्न हजार मुख भएका शेषनागले पनि सक्तैनन् भने म कसरी सकूँला ? हजुरका प्रसादले भुवन, पाताल, पर्वत, द्वीप, समुद्र

सब सृष्टि गरें, अब प्राणी सृष्टि गर्न सकूँ यही वरदान पाऊँ ।" यस्तो प्रार्थना सुनेर महादेवले 'हे सुरश्रेष्ठ ! सृष्टि गर्न लागेका तिमीले प्राणी सृष्टि पनि गर्न सके' भनी वरदान दिनुभयो । त्यति भएपछि खूब खूसी भएर ब्रह्माजीले श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी सृष्टि गर्न भनी सुमेरु पर्वतमा जानुभयो । महादेव त्यहीं अन्तर्ध्यान हुनुभयो । ब्रह्माले सुमेरु पर्वतमा गई शिवलोक, विष्णुलोक, ब्रह्मलोक, उमालोक, स्कन्दलोक यस्ता धेरै लोकको सृष्टि गर्नुभयो । सबभन्दा माथि धर्मलोक सृष्टि गर्नुभयो । फेरि सुमेरु पर्वतका पूर्व दिशामा ऐरावती, आग्नेय कोणमा शुद्धावती, दक्षिण दिशामा यमपुरी, नैर्ऋत्य कोणमा कृष्णावती, पश्चिम दिशामा श्रद्धावती, वायव्य कोणमा गन्धवती, उत्तर दिशामा अलकापुरी, ईशान कोणमा यशोमती सृष्टि गर्नुभयो, अनि स्थावर जङ्गम सृष्टि गर्नुभयो । यति गरी प्राणी सृष्टि गर्न लाग्नुभयो ।

प्राणी सृष्टिको उठान सुन्दैमा अगस्त्य ऋषि खुसी हुनुभयो र भन्नुभयो– "हजुरको वचनरूपी अमृत मेरो कानले जति पान गरे पनि अघाउँदैन ।" यो सुनी कुमारजीले विस्तारपूर्वक भन्न लाग्नुभयो– पहिले ब्रह्माजीले मनले चिताउनासाथ कश्यप आदि एक सय ऋषिको सृष्टि भयो । कश्यप ऋषिका अदिति, दिति, दनु, कारा, घोरा, सिंहिका, क्रोधा, प्राधा, बलिष्ठा, विनता, कपिला, कद्रु, मनु यस्ता नाउँ गरेका तेह्रओटी पत्नी थिए । दितिका गर्भदेखि हिरण्यकशिपु

आदि दैत्य जन्मे । अदितिका गर्भदेखि चन्द्र, सूर्य, इन्द्र आदि तेत्तिस कोटि देवता जन्मे । दनुका गर्भदेखि दानवहरू जन्मे । कारा र घोराका गर्भदेखि गन्धर्वहरू जन्मे । सिंहिकाका गर्भदेखि राहु जन्मे । क्रोधाका गर्भदेखि रम्भा, तिलोत्तमा, उर्वशी आदि अप्सराहरू जन्मे । मनुका गर्भदेखि ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यति चार प्रकारका मनुष्यहरू जन्मे । बलिष्ठा र विनताका गर्भदेखि अरुण, गरुड, सम्पाति, मयूर, कोकिल, चखेवा, जीवञ्जीव, मुनियाँ, धोबिनी, राजहंस आदि पक्षीहरू जन्मे । कपिलाका गर्भदेखि कामधेनु, सिंह, शार्दूल, बाघ, हात्ती, घोडा, मृग, जरायो, गैँडा, खरायो आदि पशुहरू जन्मे । कद्रुका गर्भदेखि शेषनाग, अनन्तनाग, वासुकिनाग, पद्मनाग, महापद्मनाग, कुलीरनाग, तक्षकनाग, शङ्खनाग यति अष्टनाग जन्मे ।

हे अगस्त्यमुनि ! यसरी देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, राक्षस, अप्सरा, नाग, मनुष्य, पशुपक्षी सृष्टि भएको देखी ब्रह्माले अब यिनीहरूको आहार सृष्टि गरूँ भनी धान, जौ, तिल आदि नाना प्रकारका अन्न सृष्टि गर्नुभयो । हे अगस्त्यमुनि ! म यो सृष्टिको कथा सङ्क्षेपले मात्र भन्दछु, अरू पुराणबाट सविस्तार बुझौला । यति सृष्टिको कुरा भनेँ अब तिमीलाई जे सुन्नाको इच्छा छ, भन ।

कुमारले यति आज्ञा गर्नुभयो र अगत्स्यमुनि भन्दछन्– “हे पार्वतीनन्दन ! कुनकुन भुवनमा कुनकुन देवता छन् ? दिक्पाल

कसरी भए ? त्यो आज्ञा गर्नुहोस् ।" यस्तो सुनी कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! कैलाश भुवनमा श्रीमहादेव छन् । वैकुण्ठ भुवनमा श्रीविष्णु छन् । सत्य भुवनमा ब्रह्मा छन् । उमा भुवनमा पार्वती छन् । स्कन्दभुवनमा म स्कन्दकुमार छु । धूम्रभुवनमा धूम्र ऋषि छन् । नैर्ऋत्य भुवनमा अरू ऋषि छन् । यति भुवनका कुरा कहेँ । अब दिक्पाल कसरी भए ? त्यो कहन्छु । कश्यप ऋषिका पुत्र इन्द्रले हिमालय पर्वतमा गएर धेरै कालसम्म कष्ट गरी तपस्या गर्दा श्रीमहादेव खुसी भई 'हे इन्द्र ! तिम्रो भक्तिदेखि म खुसी भएँ' भनी वरदान दिई पूर्व दिशाका दिक्पाल र अमरावतीका अधिपति गराई पठाउनुभयो । फेरि एउटाले गई त्यसै गरी तपस्या गरे । श्रीमहादेव खुसी भई उनको 'अग्नि' भनी नाम राखी आग्नेय कोणको दिक्पाल र शुद्धावतीको अधिपति गराई पठाउनुभयो । फेरि अर्काले गई त्यसै गरी तपस्या गरे । महादेव खुसी भई 'निर्ऋति' भनी नाउँ राखी नैर्ऋत्य कोणको दिक्पाल र कृष्णावतीको मालिक गराई पठाउनुभयो । फेरि अर्काले गई त्यसै गरी तपस्या गरे । महादेव प्रसन्न भई 'वरुण' भनी नाम राखी पश्चिम दिशाको दिक्पाल र श्रद्धावतीको मालिक गराई पठाउनुभयो । फेरि अर्काले गई त्यसै गरी तपस्या गरे । महादेव प्रसन्न भई 'यम' भनी नाम राखी दक्षिण दिशाको दिक्पाल र यमपुरीको अधिपति गराई

पठाउनुभयो । फेरि उनन्चास वायुले गई त्यसै गरी तपस्या गरे । महादेव प्रसन्न भई 'वरदान लेऊ' भनी आज्ञा गर्नुभयो । उनन्चास वायुले 'हामी उनन्चास एकै हुन सकौँ, हामीलाई कसैले नदेखोस्, शब्द मात्र सुनोस्, बलमा पनि कसैले जित्न नपाओस्' भन्दा महादेवले 'तथास्तु' भनी वरदान दिई 'वायु' भनी नाम राखी वायव्य कोणको दिक्पाल र त्यहीँको अधिपति बनाई पठाउनुभयो । फेरि अर्काले गई त्यसै गरी तपस्या गरे । महादेव खुसी भई 'विश्वकर्मा' भनी नाम राखी ईशान कोणको दिक्पाल र यशोमतीको अधिपति बनाई पठाउनुभयो ।

हे अगस्त्यमुनि ! दिक्पालहरू कसरी भए ? त्यो कहेँ । अब महादेवकी स्त्री सतीदेवी मर्दा उत्पात भएको कुरा भन्दछु सुन भनी कुमारले आज्ञा गरेको सुनी अगस्त्यमुनि भन्दछन्– "हे कुमार ! सतीदेवी महादेवकी स्त्री कसरी भइन् ? कसरी तिनको मृत्यु भयो ? केके उत्पात भयो ? त्यो आज्ञा गर्नुहोस् ।" यस्तो सुनी कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगत्स्यमुनि ! सुन, अष्ट प्रजापतिमध्ये जेठा दक्षप्रजापतिकी विरणी नाम गरेकी स्त्री थिइन् । विरणी गर्भिणी भइन् र दश महिनापछि छोरी जन्मिइन् । छोरी खूब राम्री थिइन् । तिनको हजार सूर्यको जस्तो तेज थियो, बत्तिसै लक्षण थिए, पद्मपत्रजस्ता आँखा थिए, बिहानीपखको कलिलो घामजस्तो रूप थियो । त्यस्ती

छोरी जन्मँदा दक्षप्रजापतिलाई खूब आनन्द लाग्यो । उनले आफ्ना पुरोहित वशिष्ठ आदि ऋषि र ज्योतिषीहरूलाई डाकी विधिपूर्वक न्वारन गराए । वशिष्ठ आदि ज्योतिषीहरूले ज्योतिषशास्त्रमा विचार गरी भने– "हे दक्षप्रजापति ! यस बालिकाको नाम 'सतीदेवी' भयो, यिनी यही नामले प्रख्यात हुने छिन्" भनी सतीदेवी नाम राखे । यस्तो सुनी दक्षप्रजापति खूब खुसी भई उनीहरूलाई श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराई बिदा गरे ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां सतीदेव्युत्पत्तिर्नाम द्वितीयोऽध्यायः ॥२॥

# तृतीयोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! दक्षप्रजापतिकी स्त्री विरणीका गर्भदेखि तेत्तिस कोटि कन्या जन्मे । ती तेत्तिस कोटि कन्यालाई दक्षप्रजापति र विरणीले स्नेहपूर्वक पालिराखे । यति सुनी अगस्त्यमुनि भन्नुहुन्छ– "हे कुमार ! दक्षप्रजापतिका तेत्तिस कोटि कन्या देवताहरूले विवाह गरे भन्ने सुन्दछु त्यो कसरी गरे ? सो आज्ञा गर्नुहोस् !"

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्यमुनि ! एक दिन स्वर्गका सम्पूर्ण देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, अष्टवसु, दशदिक्पाल आदि बसी सभा गरी भने– "हामीहरूको विवाह भएको छैन, दक्षप्रजापतिका तेत्तिस कोटि कन्याहरू छन् । अब कन्या माग्न दक्षप्रजापतिकहाँ कसलाई पठाउने ?" यस्तो सल्लाह गरी यो काममा नारद नै योग्य भएका हुनाले उनीहरूले भने– "हे नारदमुनि ! तिमीले दक्षप्रजापतिकहाँ जानुपर्‍यो । उनका कन्याहरू जसरी हुन्छ हामीहरूलाई माग्नुपर्‍यो, मागी आऊ ।" यति भनेपछि नारदमुनि पनि 'हुन्छ, म मागी आउने भएँ' भनी दक्षप्रजापतिका

घर गए । दक्षप्रजापतिले नारदलाई देखी शिष्टाचार गरी 'कहाँबाट पाल्नुभयो ? कुशल हुनुहुन्छ ? के कामका निम्ति पाउ कष्ट गर्नुभयो ?' भनी सोधे । नारदले पनि आफूलाई देवताहरूले पठाएको कुरा विस्तार गर्दै भने– "तपाईंका तेत्तिस कोटि कन्या तेत्तिस कोटि देवतालाई दिनु योग्य छ, दिनुहुन्छ कि ?" यस्तो सुनी दक्षप्रजापतिले खुसी भई भने– "हे नारदमुनि ! असल कुरा गर्नुभयो, देवतालाई छोरी दिन पाउने म धन्य रहेछु । मेरा तेत्तिस कोटि कन्या देवताहरूलाई तपाईंका वचनले दिएँ, जुनजुनलाई दिने भन्नुहुन्छ, जुन दिन भन्नुहुन्छ मलाई मन्जुर छ । तर एउटी सतीदेवीलाई भने दिन सक्तिनँ, किनभने मेरा छोरा छैनन् यत्रो सम्पत्तिको रक्षा गर्ने कोही पनि छैन । अब तपाईं पाल्नुभई देवताहरूसित सल्लाह गरी विवाहको दिन चाँडै नै ठहऱ्याई पठाउनुहोला" भनी नाना उपचारले पूजा गरे । यति दक्षप्रजापतिले भनेपछि नारदमुनिले 'म जान्छु' भन्दा दक्षप्रजापतिले सम्मानपूर्वक बिदा गरे ।

त्यसपछि नारदजी स्वर्गतिर लागे र देवताहरूकहाँ पुगी दक्षप्रजापतितिरको शुभ वृत्तान्त बताउँदा भए । नारदजीबाट 'सतीदेवीलाई भने दिन सक्तिनँ, अरू तेत्तिस कोटि कन्या देवताहरूलाई खुसीसाथ दिएँ, लग्न ठहऱ्याई आऊ' यस्तो दक्षप्रजापतिको भनाइ छ भन्ने सुनेर देवताहरू खुसी भई 'धन्य

नारदमुनि' भन्दै विवाहको सामग्री तयार गरी दक्षप्रजापतिका घर गए । दक्षप्रजापतिले देवताहरूको स्वागत, सम्मान, मङ्गलयात्रा गरी आफ्ना मर्यादाले सतीदेवीबाहेक तेत्तिस कोटि देवतालाई कन्यादान गरिदिए । देवताहरू पनि कन्यादान पाई आफ्ना पत्नीलाई साथमा लिई आआफ्ना आश्रममा गए ।

यो वृत्तान्त कैलाश पर्वतमा रहेका महादेवले चाल पाएर 'यी देवताहरू कस्ता रहेछन्, मसँग एक वचन पनि सोद्धै नसोधी मलाई बाहेक गरी आफूआफूले मात्र कन्यादान लिएछन् । म यत्रो कैलाशको अधिपति तर मेरी स्त्री छैनन् । मलाई अब कसले कन्या देला !' यस्तो तर्कना गरी ध्यानदृष्टिले विचार गरी हेर्दा 'दक्षप्रजापतिका तेत्तिस कोटि कन्यामा सबैभन्दा जेठी सतीदेवी बाँकी रहिछन् । देवताहरूले मेरो मर्यादा राखेका रहेछन्, ती कन्या माग्न दक्षप्रजापतिकहाँ कसलाई पठाऊँ ? आफैँ जाऊँ क्यार !' भनी दक्षप्रजापतिका घर जानुभयो । दक्षप्रजापतिले महादेव आएको टाढैबाट देखी 'हे प्रिये ! त्यो आएको महादेव हो, के भन्न आयो ?' भनी आफ्नी अर्धाङ्गिनी विरणीसित कुरा गर्दै थिए । महादेवले घरमा पुगेर तलबाट बोलाउनुभयो । दक्षप्रजापतिले झ्यालबाट 'माथि आ' भनी बोलाएर भने– "हे महादेव ! तँ मेरा घरमा के कामले आइस् ?" यस्तो हेला गरी भनेको सुनी महादेव आज्ञा गर्नुहुन्छ– "हे दक्षप्रजापति ! तिम्रो घरमा आउनुपर्ने मेरो अरू

काम केही थिएन, तिमीले कृपा गर्नाले तेत्तिस कोटि देवताहरूले कन्यादान पाई उनीहरूको उद्धार भयो । बाँकी सतीदेवी रहेकी छिन् म योग्य पनि छु, ती कन्या मलाई कृपा गर ।" यस्तो महादेवले आज्ञा गरेको सुनी दक्षप्रजापतिले रिसाएर भने– "हे निर्लज्ज महादेव ! मेरी कन्या सतीदेवी तँलाई योग्य कसरी होली ? तँ कस्तो छस् भने खरानी घस्ने, सर्पको गहना लगाउने, बाघको छाला ओढ्ने, श्मशानमा वास गर्ने, विष-भाङ-धतुरो खाने, दिगम्बर अर्थात् नाङ्गो, देख्दैमा पनि अनुहार नपरेको, यस्तो तैँले मेरै अगाडि आई यस्तो कुरा गरिस्, जा मेरा घरमा नबस्" भनी पाखुरामा समाती उठाए । यसरी दक्षप्रजापतिले नाना तरहले आफूलाई निन्दा गरी क्षुद्र वचन बोलेको सुनी मन दुखाई बाहिर आएर 'नदिने भए दिन्न भने होइजान्थ्यो; कसैले खोस्न त जाने थिएन । त्यस्तो निन्दा कसरी गर्न सकेको ? के गर्ने होला ? कसो गर्ने होला ? कता जाऊँ ? कसले ती कन्या मलाई पारिदेला ?' भन्दै महादेव विष्णुकहाँ जानुभयो ।

विष्णुले श्रीमहादेवलाई देख्नासाथ आसनबाट झट्ट उठी आदर सत्कार गरी आसनमा बसाउनुभयो र 'के कामले परिश्रम गर्नु भयो ?' भनी मधुर वचनले सोध्नुभयो । महादेवले आफूले सतीदेवी माग्न दक्षप्रजापतिका घर जाँदा उनले अपमान गरेको कुरा र नाना तरहले निन्दा गरेको कुरा सबै भनी फेरि 'मेरी पत्नी छैनन् ।

त्यसैले मेरो घर छैन, जसरी हुन्छ ती कन्या मेरा हातमा पारिदिनुपर्‍यो, म यत्ति दुःख दिऊँ भनेर आएको हुँ' भन्नुभयो । महादेवका यस्ता कुरा सुनी विष्णुले 'हे ईश्वर ! यो काम जसरी भए पनि म पार लगाउँला धन्दा नमान्नुहोस् । म दक्षप्रजापतिकहाँ जान्छु, म नआउन्जेल तपाईं यहीँ रहनुहोला' भनी महादेवलाई पर्खाई आफू दक्षप्रजापतिका घर जानुभयो ।

दक्षप्रजापतिले विष्णु आएको देख्नासाथ माथि कोठामा लगी आदर गरी बिछ्यौनामा बसालेर 'हे विष्णु ! आज मेरो घर किन पवित्र गर्नुभयो ? आज्ञा होस्' भनी सोधे र विष्णु आज्ञा गर्नुहुन्छ– "हे दक्षप्रजापति ! म केही दुःख दिऊँ भनी आएको छु, मान्नुहुन्छ भने भन्नुपर्‍यो, केही चीज माग्नु छ ।" यो सुनी दक्षप्रजापति भन्दछन्– "हे विष्णु ! आज्ञा गर्नुहोस्, यहाँले मागेपछि म के कुरा नाइँ भनुँला र ?" यस्तो सुनेर विष्णु आज्ञा गर्नुहुन्छ– "हे दक्षप्रजापति ! म वैकुण्ठको अधिपति हुँ । तर मेरी स्त्री छैनन्, तपाईंले कृपा गर्नाले तेत्तिस कोटि देवताको घरबार जम्यो, अब सतीदेवी बाँकी छिन्, ती मलाई कृपा गर्नुहोस् ।" यति विष्णुले आज्ञा गरेको सुनी दक्षप्रजापतिले मनमा विषाद गर्दै भने– "हे विष्णु ! मेरा पुत्र छैनन्, सम्पत्तिको रक्षा गर्न राखेकी छोरी दिन त हुँदैनथ्यो ! के गरूँ मैले वाचा हारेँ । हुन्छ, ती कन्या तपाईंकी भइन्, सुदिन ठहर्‍याई कन्यादान लिन आउनुहोला ।" यति दक्षप्रजापतिले भनेपछि विष्णुले

'हुन्छ, निगाह गर्नुभयो, म लग्न ठहऱ्याई आउनेछु' भनी वैकुण्ठ जानुभयो ।

विष्णु वैकुण्ठमा पुगेपछि महादेवले 'हे विष्णु ! तपाईं जानुभएको काम कसो भयो ?' भनी सोध्नुभयो र विष्णु बिन्ती गर्नुहुन्छ– 'हे ईश्वर ! म गएको काम होला जस्तो भयो तर जाल गरी मलाई नै भनी मागी आएको छु। हजुरले वृद्ध सन्न्यासीको रूप लिई कन्यादान दिने बेलामा आई भिक्षा माग्नुहोस् र 'मलाई भिक्षा नदिई कन्यादान लिए पनि दिए पनि श्राप गरुँला; पहिले भिक्षा दिइहाल' भन्नुहोस् । त्यो बेलामा म 'हे सन्न्यासी ! मेरो लग्न बित्न लाग्यो, कन्यादान भइसकेपछि भिक्षा दिउँला श्राप नगर, यहाँ आई बस' भनी एकै आसनमा बसाउँला र दक्षप्रजापतिले कन्यादान दिँदा उनको आँखा छली हजुरको हातमा पारिदिउँला ।' यस दिन यस बेलामा आउनुहोला भनी दक्षप्रजापतिसित भएका सम्पूर्ण कुराको विस्तार गर्नुभयो । महादेव पनि 'लौ हुन्छ' भनी हर्ष मानी कैलाश पर्वततिर जानुभयो ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां दक्षकन्याविवाहवर्णनं नाम तृतीयोऽध्यायः ॥३॥

# चतुर्थोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

त्यति भएपछि कन्यादानको दिन आइपुग्यो । विष्णु 'महादेव आउनुहोला' भनी दक्षप्रजापतिका घर जानुभयो । दक्षप्रजापतिले पनि सम्पूर्ण सामग्री तयार गरी विधिपूर्वक यज्ञ गराई कन्यादान दिन तयार भए । उता महादेवले विष, भाङ, धतुरो खाई नशामा चूर भई दक्षप्रजापतिका घर जान बिर्सनुभयो । यता विष्णु 'महादेव किन आउनु भएन ? कन्यादानको बेला भइसक्यो, मेरो हातमा थाप्न पनि भएन, अब कसो गरूँ' भनी आकुल भइरहनुभएको थियो । केही बेरपछि उता महादेवले 'कन्यादान दिने आजै हो, विष्णु जानुभयो होला, बेला पनि भयो होला, बरबाद भयो क्यार !' भन्ने सम्झेर वृद्ध सन्न्यासी बनी चाँडै नै दक्षका घरमा पुगेर भन्नुभयो– "हे विष्णु ! मलाई भोक लागिरहेछ, भिक्षा नदिई कन्यादान लिए पनि दिए पनि श्राप गरूँला ।" यति सन्न्यासी रूप महादेवबाट आज्ञा भएपछि विष्णुले 'हे भिक्षुक ! मेरो लग्न बित्न लाग्यो कन्यादान हुनासाथ तिमीलाई भिक्षा दिउँला अहिले म

बसेको ठाउँमा आएर बस' भनी आफू बसेका सिंहासनमा बसाउनुभयो । महादेव कस्तो बेलामा आइपुग्नुभयो भने विरणीले सुनको कमण्डलुले जलको धारा दिई दक्षप्रजापतिले सतीदेवीको हात समाती विष्णुका हातमा सुम्पन लागेको मौका थियो । त्यस्तो संयोग पऱ्यो र विष्णुले आफ्ना मायाले छोपी दक्षप्रजापतिको आँखा छली, सतीदेवीको हात सन्न्यासी रूप महादेवका हातमा पारिदिनुभयो । अहो ! कताको कता पऱ्यो ! कहाँ ताकेको कहाँ पुग्यो ! दक्षप्रजापतिले बडो विषाद गर्दै भने– "तिमी कपटी रहेछौ, तिम्रो विश्वासमा पर्दा मेरी सतीदेवी यस्ताका हातमा परी" यति दक्षप्रजापतिले भनेको कुरा सुनेको नसुन्यै गरी विष्णु चुपचाप महादेवसँग बिदा भएर वैकुण्ठ जानुभयो ।

विष्णु गएपछि दक्षप्रजापतिले सतीदेवीसँग भने– "हे पुत्री ! कपटी विष्णुले गर्दा आज यस्तो पर्न गयो । के गर्छेस्, तेरो कर्ममा यस्तै रहेछ; यसैको जौ, तिल तैँले खाएकी रहिछस् । पीर नगर्, हामी छौँ तँलाई हामी पालौँला, अहिले त्यसैसँग जा, पछि हामी छँदै छौँ ।" आफ्ना पिता दक्षप्रजापतिले यति भनेको सुनी बहिनीहरूले देवता स्वामी पाएको झलझली सम्झी 'मेरो कर्म कस्तो रहेछ, म धिक्कार रहेछु' भनी सतीदेवी बडो विषाद गरी धुरुधुरु रुन लागिन् । फेरि 'मेरा कर्ममा यस्तै लेखेको रहेछ; दैवले यस्तै जुराएर ल्यायो । अब रोएर, कराएर हुँदैन, जे भए पनि

भयो । जस्तो भए पनि बाबामहतारीले दिएका मेरा स्वामी यिनै हुन्' भनी चित्त बुझाइन् ।

त्यहाँपछि सन्न्यासी रूप महादेवले सतीदेवीसित आज्ञा गर्नुभयो– “हे स्त्री ! अब यहीँ कति बसिरहनु ! तिमीलाई माइतमा बसी साध्य छैन । आफ्नो घर जाऔँ, घर पनि त सम्झनुपर्छ । अब तिम्रा बाबामहतारीसित बिदा होऔँ ।” यति आफ्ना स्वामीले आज्ञा गरेको सुनी सतीदेवीले 'हवस्' भनी दक्षप्रजापति र विरणीसित गई 'हे पिता, माता ! म बिदा पाए घर जाने थिएँ' भनी बिदा मागिन् । दक्षप्रजापति र विरणीले आँसु थामी छोरीलाई अनेक तरहका शिक्षा दिएर 'हामीलाई नबिर्से, आउँदै गरे' भनी बिदा दिए र सतीदेवी पनि प्रणाम गरी बिदा भएर सन्न्यासी रूप महादेवका अगाडि लागिन् ।

बीच बाटामा सन्न्यासी रूप महादेवले आज्ञा गर्नुभयो– “हे सुन्दरी ! कहिल्यै आँगनको छेउ नकाटेकी, बाबुआमाका हातमा फूलजस्तो भई हुर्केर रहेकी तिमीलाई परिश्रम पर्‍यो होला, अलि सुस्त हिँड ।” यस्तो सुनी सतीदेवी भन्छिन्– “हे स्वामी ! म त उमेरकी छु, हिँड्न सकुँला बरु हजुरको वृद्ध अवस्था भएको छ, परिश्रम हुन जाला, सुस्त हिँडिबक्सनुहोस्” भनी यसरी बातचित गर्दै गए । सतीदेवीले 'आफ्ना स्वामीको वृद्ध अवस्था छ, म यस्ती युवती छु, कसैले केही गरी दुःख त देओइन ?' भनी मनमा साह्रै

चिन्ता गरी एकछिन पनि नछोडी सन्न्यासीका पछि लागी गइन् । कैलाश पर्वतमा पुगेर सन्न्यासी रूप श्रीमहादेवले सतीदेवीको चरित्र हेर्नलाई त्यस पर्वतका टाकुरामा एक खरको झुपडी उत्पन्न गरी 'हे प्रिये ! हाम्रो घर त्यहीँ हो बल्ल आइपुग्यौँ' भनी सुस्केरा हाली हातले देखाउनुभयो । फेरि आँगनमा पुगी 'भित्र जाऊ, भोक लाग्यो होला, केही खाऊ । मलाई थकाइ लागेको छ, एकछिन म सुत्छु' भनी विष, भाङ, धतुरो खाएर बाहिर सुत्नुभयो । सतीदेवीले त्यो खरको झुपडी देख्ता आफ्ना बाबा दक्षप्रजापतिको सुनको झिलिमिली भएको दरबार झलझली सम्झी 'धिक्कार रहेछ, त्यस्तो सुवर्णको घरमा बसेकी मलाई आज दैवले यस्तो खरको झुपडीमा पारिदियो' भनी बहुतै विषाद गरी आँखादेखि बरर आँसु खसालिन् । फेरि 'मेरा कर्मले यस्तै पारिल्यायो, के गरूँ, जस्तो पर्‍यो त्यस्तै नबेहोरी सुख पाइँदो रहेनछ' भनी मन बुझाएर पछ्यौराले आँसु पुछी घरभित्र पसी हेरिन्; सबै ठाउँमा माकुराको जालो र कसिङ्गर मात्र रहेको देखी कुचाले माकुराको जालो मिल्काएर कसिङ्गर लगाइन् । फेरि 'स्वामी जागा भएपछि के खान दिऊँला' भनी खानेकुरा हेर्न गइन्, केही पाइनन् र चित्त आकुल गरी सन्न्यासी रूप महादेव सुतेका ठाउँमा आएर गोडामुनि बसिरहिन् ।

चार दिन बितेपछि श्रीमहादेव जागा हुनुभयो र सतीदेवीको मुख हेरी 'हे माया नभएकी स्त्री ! मलाई एक्लै बाहिर सुताई आफू

भित्र सुतिस्, त्यसो गरे पनि तँलाई खान त पऱ्यो होला, केही खाइस् कि खाइनस् ?' भनी हर तरहले रिसाउन लागेको देखी सतीदेवीले हँसिलो मुख गरी भनिन्– "हे स्वामी ! हजुरलाई साह्रै निद्रा परेको देखी जागा गराउन सकिनँ, म अहिलेसम्म सुतेकी पनि छैन । यहाँ आई बसिरहेकी छु । भण्डारमा प्रशस्त खानेकुरा रहेछ, मैले त पेटभरि खाइसकेँ । अब हजुर के खानुहुन्छ ?" सतीदेवी बडो असल स्वभावकी थिइन् । सधैँ शृङ्गार गरी उज्यालो मुख गरी स्वामीकै भक्तिमा चित्त लगाइरहन्थिन् । यति सतीदेवीले भनेपछि 'यहाँ के थियो र खाइहोली !' भनी करुणामूर्ति सन्न्यासी रूप महादेवलाई साह्रै करुणा जाग्यो र 'हे प्रिये ! तिमी छक्कियौ, हाम्रो घर यो होइन, त्यो खरको भित्ता च्याती भित्र गई हेर त' भन्नुभयो । सतीदेवी भन्छिन्– "हे स्वामी ! भएको घर त्यही पनि बिगारेर अर्को नभएको कहाँ हेर्न जाऊँ ? फेरि बनाउन परे कसो गर्ने ? हजुर वृद्ध अवस्थाका हुनुहुन्छ, म स्त्री जाति, कसले बनाइदेला ?" यति सतीदेवीले भनेको वचन सुनी सन्न्यासी रूप महादेव उठी खरको भित्तामा लात्तीले हानी मिल्काएर कैलाशको दर्शन दिनुभयो ।

मणिमाणिक्य, नाना रत्न जडाउ भएको सुवर्णले बनाएको त्यस्तो घर देखी सतीदेवी खुसी भई 'मेरा बाबा दक्षप्रजापतिको घरभन्दा पनि यो राम्रो रहेछ, यो कसको घर होला ?' भनी

मनमनै सोचिन् । त्यसै बेलामा सन्न्यासी रूप महादेवले सतीदेवीलाई आफ्नो रूपको दर्शन दिनलाई चोकमा डाकी ‘हे प्रिये ! चोकको माझमा गाईका गोबरले मण्डलाकार अर्थात् बाटुलो पारी लिपिदेऊ’ भन्नुभयो । सतीदेवीले ‘हवस्’ भनी लिपिदिइन् । सन्न्यासी रूप महादेवले लिपेको ठाउँमा गई निर्मल स्फटिक जस्तो वर्ण भई विश्वम्भर मूर्तिको दर्शन दिनुभयो । अनि सतीदेवीले मनमा आनन्द मानी आँखादेखि हर्षको आँसु बगाई ‘जगदीश्वर ! म धन्य रहेछु, श्रीमहादेव स्वामी पाएँ’ भनी फूलको माला गलामा पहिराई तीन फेरा परिक्रमा गरिन् र त्यहाँपछि ती दुई शिवशक्ति स्वरूपले रहँदा भए ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां सतीदेवीकैलाशप्रवेशो नाम चतुर्थोऽध्यायः ॥४॥

# पञ्चमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! दक्षप्रजापतिले तेत्तिस कोटि कन्या तेत्तिस कोटि देवतालाई कन्यादान दिई सबैलाई जुवाइँ बनाई आनन्दले रहे । हे अगस्त्यमुनि ! सतीदेवीलाई श्रीमहादेवले विवाह गर्नुभएको कुरा कहिसकेँ, अब के सुन्नाको इच्छा छ भन ? म भन्दछु भनी कुमारले भन्दा अगस्त्यमुनि बिन्ती गर्छन्– "हे कुमार त्रिपुरासुरले कसको तपस्या गऱ्यो ? श्रीमहादेवले त्यसलाई कसरी भस्म गर्नुभयो ? त्यो सब मलाई आज्ञा गर्नुहोस् ।"

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे मुनिवर ! अघि जब भगवान् विष्णुले हिरण्याक्षलाई मार्नुभयो तब सम्पूर्ण दैत्य साह्रै दुःखी भई पीर मान्न लागे । अनि मय नामको दैत्यले बडो पीर गरी मनमा विचार गर्न लाग्यो । कामदेव नहुँदा जस्ती रति थिइन्, त्यस्तै त्यो दैत्यको राजा मय पनि भयो । अनि मनमा के सुर चढ्यो र अरू दुई दैत्य तारकाक्ष र विद्युत्प्रभ

नाउँ गरेका आफ्ना साथीका साथ त्यो मय अघोरको तपस्या गर्न लाग्यो । ती दैत्य पुस, माघको जाडोमा हिमालयमा गई तपस्या गर्दथे । वैशाख, जेठका टन्टलापुर घाममा पञ्चाग्नि तापी तपस्या गर्दथे । मुसलधारे पानीमा भिजी चौरमा बसी तपस्या गर्दथे । यस्तै तरहले तपस्या गर्दागर्दा तिनीहरूले दिव्य दश हजार वर्ष बिताए । ती दैत्यका जिउमा केवल हाडछाला मात्र बाँकी रह्यो । फेरि ठूलो सुखदेखि पनि ठगिए । तैपनि तिनीहरू सूर्यसमान तेजस्वी देखिन लागे र तिनका तपस्यादेखि ब्रह्माजी प्रत्यक्ष भएर भन्न लाग्नुभयो– "हे दैत्यहो ! तिमीहरू दैत्यमा श्रेष्ठ छौ, तिमीहरूको तपस्यादेखि म बहुतै खुसी भएँ । अब तिमीहरूको मनमा जे इच्छा छ, त्यो वर माग, म दिन्छु ।" यस्तो सुनेर तिनीहरूले ब्रह्माजीलाई साष्टाङ्ग दण्डवत् गरी खाली घुँडाले मात्र भूमिमा टेकी हात जोडी बिन्ती गरे– "हे ब्रह्माजी ! हजुर हामीदेखि प्रसन्न हुनुहुन्छ भने हामीलाई कसैले मार्न नसक्ने वरदान दिनुहवस् । हाम्रो बल पराक्रम पनि ठूलो होओस्, मैले जुन सुन्दर तीनओटा पुर अर्थात् सहर बनाउने छु, त्यसमा मानिसहरू जान नसकून्; कसै गरे पनि हाम्रो मृत्यु नहोस् । हामी ठूला बलवान् पराक्रमी होऔँ, यस्तो वर दिनुहोस् ।" यसरी वरदान मागेको सुनी ब्रह्माजी आज्ञा गर्नुहुन्छ– "हे दानव श्रेष्ठ ! त्यस्तो कसैले पनि मार्न नसक्ने वर दिन सक्तिनँ । कसै गरे पनि नमर्ने वर छोडी अर्को वर माग, म दिन सक्छु, त्यसमा फरक नमान ।" यसरी ब्रह्माजीबाट आज्ञा भएको सुनी मय दैत्य फेरि

भन्दछ– "हे प्रभो ! अघि मैले बिन्ती गरेजति कुरा सब होओस् । मृत्युको हकलाई ती मैले बनाउने तीनैओटा पुर एकै ठाउँमा रहने छैनन् । जब दश हजार वर्ष पूरा होला तब ती तीन पुर आधा निमेषभर मात्र एकै ठाउँमा जोडियून् । त्यस आधा निमेषभित्रमा एक बाणले ती तीन पुरलाई जसले नाश गर्न सक्ला, त्यही वीर हामीलाई मार्नमा समर्थ होओस् ।" मयका यस्ता वचन सुनी 'तथास्तु' भनी ब्रह्माजी सत्यलोक जानुभयो ।

यता मय दानवले पनि जगत्को नाश गर्नाका निमित्त आदि कल्पमा तीन पुर रच्यो । ती तीन पुरमध्ये पहिला पुर फलामको, दोस्रो चाँदीको र तेस्रोचाहिँ सुनको बनायो । तीन पुर टहटह जून लाग्नाले अति शीतल थिए । ठाउँठाउँमा रङबिरङका आँखीझ्यालहरू बनेका; घरका अटालीहरू पनि अग्लाअग्ला; आँगनहरूमा पनि कुँदेका राम्रा सलक्क परेका ढुङ्गा छापिएका; ठाउँठाउँमा सुवर्णले मढेका सुन्दर पुरद्वारहरू पनि बनाइएका; मोती, पन्ना, मणिहरू ठाउँठाउँमा जडिएका; बिजुलीको झलकजस्ता रत्नहरू चारैतिर फैलिएका; हीरा, मोती, मुँगाहरू जडेका; सिरसिर हावा चल्नाले फरफराएका पताकाहरूले झकिझकाउ घरका लहरहरू पनि रत्नहरूको जडिजडाउले झिलिमिली भएका; सडकहरू पनि सिँगारी अति राम्रा तयार गरिएका; घरहरूमा थरीथरीका पताका र ध्वजाहरूले सजाइएका विमान रूप तीन पुर बनायो । लाखौँ

अनमोल रत्नहरू जडेका हजारौँ बगैँचा बनायो । बगैँचाका सबै बिरुवाहरूमा सबै ऋतुका फल र फूलहरू लटरम्म फुले-फलेका देखिन्थे । हजारौँ थरीका कमलहरूका फूलले भरिएका तलाउ बनाइएका थिए । यसरी ती त्रिपुरमा दैत्यहरूका झकिझकाउ भएका घर तयार भए । फेरि नाना तरहका मयूर आदि सुन्दर पक्षीगणहरूले शोभित भएका र वारुणी अर्थात् मदिराले लाल आँखा भएका, लाज मानी मुसुक्क हाँस्ता फूल बर्साउने यस्ता सुन्दरी स्त्रीहरूले व्याप्त भएको त्यो त्रिपुर सहर अति मनोहर देखिन्थ्यो । यस्ता त्रिपुरमध्ये फलामको पुर मयले तारक नामको दैत्यलाई दियो ।

फेरि अर्को जो चाँदीको पुर थियो त्यो विद्युत्प्रभ नामको दैत्यलाई दियो । जो सुवर्णले बनेको अति उत्तम पुर थियो, त्यो राजा मयले आफैँलाई राख्यो । अनि त्यो त्रिपुर दैत्यपतिका मन्त्रीहरूले शोभायमान भयो । त्यो दैत्यराज पनि आफ्ना सबै शत्रुहरूका सेनालाई जिती ब्राह्मणवर्ग र भृत्यवर्गले सहित भई स्त्रीहरूका साथमा रही नाना तरहका सुखभोग गर्न लाग्यो ।

दैत्यहरूले तीनै लोकको आनन्द लुटेर खूब गम्कँदै 'सम्पूर्ण देवताहरूलाई जिती लियौँ' भनी उनीहरूलाई मार्न लागे । स्वर्गका बगैँचाका बिरुवाहरू जरैसमेत उखेल्न लगाई लिई आए । यस्ता तरहले देवताहरूलाई दु:ख दिँदादिँदा धेरै काल बित्यो । पछि ती

दानवहरूसँग इन्द्रादि देवताहरू खूब रिसाई ब्रह्माजीकहाँ गई ती दैत्यहरूका सम्पूर्ण उपद्रवको विस्तार गरे । तब ब्रह्माजीले सबै देवताहरूलाई शान्त गराई आज्ञा गर्नुभयो– “हे देवताहो ! त्रिपुरासुर दैत्यहरू बडा बलवान् छन्, तिमीहरू तिनको नाश गर्न सक्तैनौ । तस्मात् नारायण आदि हामी सब देवता महादेवका शरणमा जाऔँ । उनै महादेव हाम्रा गति छन् । उनै महादेवले हामीहरूका शत्रु दैत्यहरूको नाश गर्नेछन् ।” यस्तो ब्रह्माजीको आज्ञा सुनी ‘हवस्’ भनी सूर्य, इन्द्र, वायु, अग्नि आदि सबले ब्रह्माजी साथ लिई कैलाशमा गएर महादेवको दर्शन गरी अनेक तरहसँग स्तुति गर्न लागे– “हे त्रिलोकेश ! हे पिनाकधारिन् ! हे चन्द्रमौले ! हे अमितपराक्रमिन् ! तपाईंलाई कोटिकोटि नमस्कार छ । चन्द्रमाको प्रकाशले प्रकाशमान भएका उत्तम जटाधारी चन्द्रशेखर ! हे त्रिलोकदेव ! हे पिनाकपाणे ! तपाईंलाई कोटिकोटि नमस्कार छ । अति तिखो धार भएको बन्चरो र त्रिशूल लिने, नन्दीलाई वरदान दिने, जगत्लाई शरण दिने, देवताका पनि देवता यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ । सधैँ प्रसन्न भई वरदान दिने, पर्वतका मालिक हिमालयमा बस्ने, हे कैलाशवासिन् ! यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ । विरक्तहरूद्वारा ध्यान गरिएका, सधैँ धर्ममा रहेका, चारै दिशाका वस्त्र लगाउने, भक्तलाई वर दिने, जगत्का सम्पत्तिलाई तुच्छ मान्ने, जगत्का धाता, विधाता यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ । परभन्दा

पनि ऊन् पर, परमात्मा परमेश्वर तपाईंलाई कोटिकोटि नमस्कार छ । चन्द्र, सूर्य, इन्द्र, अग्नि, ब्रह्मादि देवताको पनि पालन र सृष्टि गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ । चन्द्र, सूर्य, वायु, अग्नि, जल, आकाश आदिको रचना गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ । दक्षको यज्ञ विध्वंस गर्ने, पूषाको दाँत भाँचिदिने, कामदेवलाई भस्म गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ । हे पुरुषोत्तम ! हे महादेव ! सब जगत्को सृष्टि, स्थिति र संहार गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ । यज्ञ उत्पन्न गर्ने, सुर असुरहरूलाई पनि उत्पन्न गर्ने हे नीलकण्ठ ! हे शिखण्डी ! तपाईंलाई कोटिकोटि नमस्कार छ । सधैँ श्मशानमा बास बस्ने, सधैँ दैत्यको नाश गर्ने, मोह छुटाउने, अज्ञानलाई ध्वंस गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ । सधैँ मोक्ष रूप वरदान दिने, सधैँ अमृतस्वरूप पर्वतपुत्री पार्वतीका भर्ता, कुमारका पिता यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ । हे विश्वेश्वर ! हे चण्डीश्वर ! हे योगेश्वर ! हे आशुतोष ! हे रुद्र ! हे शम्भो ! हे ईश्वर ! हामीसँग प्रसन्न हुनुहोस्, हजुरलाई कोटिकोटि नमस्कार छ" भन्दै देवताहरूले स्तुति गरेको सुनी प्रसन्न भई तिनको इच्छा जानी श्रीमहादेवले आज्ञा गर्नुभयो– "हे देवताहो ! जे वर माग्छौ माग; मबाट नपाइएला भन्ने केही छैन । म सब कुरा दिन्छु, लोकमा मैले नदिने कुरा केही छैन ।" यस्तो आज्ञा भएपछि सम्पूर्ण देवताहरू बिन्ती गर्दछन्– "हे

प्रभो ! ब्रह्माजीको वरदानले उम्लेका मय आदि दैत्यहरूले हाम्रा उर्वशी आदि अप्सराहरूलाई बलजफ्ती लुटे, सब बगैँचाका उत्तमउत्तम बिरुवाहरू पनि लुटी बगैँचा लथालिङ्ग र भताभुङ्ग पारिदिए, सब देवतालाई दल भन्दै हामीहरूलाई दुःख दिए । हे भगवान् ! ती दैत्यलाई मार्न ब्रह्माको पनि तागत छैन, विष्णुको पनि खुबी छैन । हे करुणामय ! अब कसो गर्ने ? जसरी देवताहरूको जय हुन्छ त्यो वरदान बक्सनुहोस्" भनी स्तुति गरेपछि श्रीमहादेवले प्रसन्न भई देवताहरूलाई भन्नुभयो– "हे देवताहो ! तपाईंहरूले मेरो एघार अंश धारण गरी रुद्रतेजोमय रूप भई दानवहरूलाई नष्ट गर्नुहोस् ।" यति महादेवले आज्ञा भएपछि देवताहरू फेरि बिन्ती गर्छन्– "हे भगवान् ! हामी हजुरका तेजको सहस्रांशको एक अंश अर्थात् हजार भागको एक भाग पनि धारण गर्न सक्तैनौँ, माहेश्वर तेज धारण गर्नु त के कुरा ! हेर्नलाई पनि हाम्रो सामर्थ्य छैन । हे भगवान् ! हाम्रा उपर प्रसन्न हुनुहोस्; हामीले केही गरे पनि दैत्यलाई जित्न सकेनौँ । हे भगवन् ! आफैँले त्रिपुरासुरलाई मार्नुहोस् । तिनलाई ब्रह्माजीबाट वरदान मिलेको छ कि दिव्य दश हजार वर्ष बितेपछि मात्र तीन पुरको आधा निमेषसम्म भेट हुनेछ । त्यही आधा निमेषभित्रमा एक बाणले त्यो पुरको जसले भस्म गर्ला त्यसैबाट तिनीहरूको मरण हुनेछ । ब्रह्माजीबाट यस्तो वरदान पाएका दैत्यहरूलाई नाश गर्न हाम्रो सामर्थ्य छैन । हे प्रभो ! हाम्रा उपर प्रसन्न

हुनुहोस्, त्यस त्रिपुरासुरको नाश गर्नुहोस् ।" यसरी स्तुति गर्ने खिन्न चित्त भएका देवताहरूलाई आश्वासन दिँदै, सम्झाई, बुझाई महादेवबाट आज्ञा भयो– "हे देवताहो ! यदि त्रिपुर त्यस्तो दुर्भेद्य छ भने तपाईंहरूका निमित्त म आफैँ एक बाणले ती तीनै पुरलाई भस्म गरिदिनेछु । त्यो त्रिपुरासुरको नाश रथमा बसेर गर्नुपर्छ । त्यस बखत दैत्यले रक्षा गरिएको त्यो त्रिपुरसित लड्दा मेरो बल थामिनसक्नु हुनेछ । त्यसैले हिमालय पर्वतजस्तै बलियो रथ तयार पार्नुहोस् ।" यो कुरा सुनेर खुसी भई देवताहरूले हवस् भनी महादेवलाई नमस्कार गरी बिदा भए ।

हे मुनिश्रेष्ठ ! महादेवका निमित्त विश्वकर्माले सम्पूर्ण देवताले युक्त भएको सुवर्णमय रथ तयार गरे । त्यस रथको दायाँ चक्र अर्थात् पाङ्ग्रो सूर्य भए, बायाँतर्फको चक्र चन्द्रमा भए । दायाँ चक्रमा द्वादश सूर्यभूषण गहना बनाइए । बायाँ चक्रमा षोडशकला, सत्ताइस नक्षत्र भूषण गराइए । छ ऋतु पनि रथको दायाँबायाँतिर राखिए । त्यो रथको गजुर आकाश बनाइयो । पाङ्ग्रो अडचाउने दण्ड मन्दराचल पर्वतको बनाइयो । अस्ताचल र उदयाचल यी दुई पर्वत पाङ्ग्राका चुकुल बनाइए । उत्तर र दक्षिण अयन, संवत्सर रथका वेग भए । चार समुद्र रथका चार कुण्डलिका भए । गङ्गादि सबै तीर्थहरू रङ्गबिरङ्गका गहना, कपडाले ठाँटिएर स्त्रीरूप भई हातमा चमर लिई त्यस रथमा रहे । लगाम पक्री रथ

हाँक्ने सारथी ब्रह्मा भए । ब्रह्मस्वरूप ॐकारको कोर्रा बनाए । विन्ध्यपर्वतको छाता बनाए, चित्रकूटाचललाई रथको पार्श्वदण्ड बनाइयो । सुमेरु पर्वतको धनु बनाइयो, शेषनाग धनुषको ताँदो भए । सरस्वतीदेवी घण्टा भइन् । साक्षात् नारायण भगवान् विष्णु अग्निबाणको टुप्पो भए । चार वेद रथका चार घोडा भए; तारागणहरू घोडाका गहना भए ।

यसरी धनुबाणसहित भएको रथ तयार भएपछि भगवान् शङ्कर पृथ्वी र आकाशलाई कम्पाउँदै त्यस रथमा चढ्नुभयो । उहाँपछि शिवका नन्दी, शङ्कुकर्ण, चण्डेश्वर, गणेश्वर, योगाक्षी तथा त्रिशूल, पट्टिश हातमा लिएका, नाना तरहका शस्त्र चलाउन जानेका सबै पार्षद्ले थरीथरीका शङ्ख, भेरी, मृदङ्ग बजाउँदै महादेवका उपर चित्रविचित्र पुष्पहरूको वर्षा गर्न लागे । त्यो तेज थाम्न नसकी सबै देवताहरू लट्ठिए । महादेवले देवताहरू त्यसरी लट्ठिएको थाहा पाई आफ्नो तेज खिची केही शान्त गर्नुभयो र देवताहरूले त्यो तेज अलि थाम्न सके । उहाँपछि हे मुनिश्रेष्ठ ! त्यसै बेलामा नारदजीले दैत्यहरूकहाँ गई भने– “महादेव देवताहरूको स्तुतिदेखि प्रसन्न भई तिमीहरूलाई मार्न भनी आउन लाग्नुभएको छ । अब तिमीहरूको जस्तो इच्छा हुन्छ सोही गर, नत्र तिमीहरूको सत्यानाश हुनेछ ।” नारदले यस्तो भनेको सुनेर मयले आफ्ना साथी तारकाक्ष र विद्युन्माली आदि सबै दैत्यहरूलाई

त्यो कुरा सुनायो । तब दैत्यहरूमा श्रेष्ठ तारकले भन्यो– “हे राजन् ! किन चिन्ता गर्नुहुन्छ ? वास्तवमा देवताहरूलाई मार्न सकिन्छ । यो त्रिपुर भेदन गर्न कसको सामर्थ्य छ र ! देवता, यक्ष, किन्नर, गन्धर्व सबै मिली आए पनि यो त्रिपुर अभेद्य अर्थात् भेदन गर्न नसकिने छ । फेरि साम, दान, दण्ड, भेद आदि नीति छन् । जित्न भनेर आइलाग्ने बलियो शत्रुमाथि पराक्रमपूर्वक जाइलागी दण्ड दिनुपर्दछ ।” यसरी राजा तारकले भनेको सुनी विद्युन्माली भन्दछ– “हे राजन् ! बलहीन देवताहरू हामीसित केही गरे पनि भिड्न सक्दैनन्, तैपनि तिनीहरू मुर्ख्याइँले हामीसित लड्न आए भने मारिने छन् । हे राजन् ! चिन्ता केको छ ? लडौँ, सबै देवतालाई जिती तीनै लोकको इन्द्रपद भोग गर्नुहोस् । अनि हिरण्याक्ष, हिरण्यकशिपु जस्तो भई चौधै भुवनको सम्पत्तिको भोग गरी तिनीहरूको काँटमा पुग्नुहोस् ।” यसरी विद्युन्मालीले भनेको सुनेर मयले ‘हे दैत्यवीरहो ! अब हाम्रो नाशको बखत भयो’ भनी बारम्बार शिर कपाउँदै फेरि पनि भन्यो– “यदि शत्रु जोडतोडको छ भने मात्र लड्नुपर्छ, आफूभन्दा बलियो छ या निर्धो छ भने त्यससँग साम, दान गर्नुपर्दछ । जो सबै जगत्का मालिक प्रभु ईश्वर छन्, उनै महादेव हामीहरूका पनि स्रष्टा हुन् । उनै आज हामीलाई मार्न स्वयम् आउँछन् भने अब केही उपाय छैन । खालि उनै महादेवका शरणमा परौँ र प्रणाम गरौँ, मेरो यही विचार छ । यदि अब हामीले ठूला बनेर महादेवसँग भिडेर युद्ध गर्‍यौँ भने

अवश्य उनले हेर्नासाथ हामी भस्म हुनेछौँ । ब्रह्मादि देवता पनि साना भई जसका शरण पर्दछन्, आज उनै भगवान् महादेव हामीलाई संहार गर्न आउनुभयो भने अब हाम्रो केही लाग्दैन । जो छिनैमा सब जगत्को सृष्टि, स्थिति र संहार गर्न समर्थ छन्, जो मुक्तिका दाता हुन्, त्यस्ता श्रीमहादेवसँग हामीहरू कसरी भिड्न सकौँला ? हाम्रो विधिहीन तपस्याले के हुन्छ र ? त्यसमा पनि तिमीहरूले कति समयसम्म भोग गऱ्यौ । यस कारण म भन्दछु, हे भाइहो ! तिमीहरू सबलाई कालले कुतकुत्याएको छ र युद्ध गर्न भनी तम्सिएका छौ ।" मयले यस्तो भनेको सुनी नारदले दैत्यको संहार गर्ने चलाकी गरेर भने– "महाराज अब तिम्रो तपस्या सिद्धियो, ऐश्वर्यको भोग समाप्त भयो, सिद्धिनु त यसै पनि छ भने लडाइँमा अघि नसरे नपुंसकले झैँ तिनै देवताका शरणमा पर्नुभन्दा लडाइँमा मर्नु असल छ, त्यसबाट मोक्ष त पाइन्छ । यदि महादेवको हातबाट मऱ्यौ भने उनका प्रमथगणको अधिपति होउला । शरणमा पऱ्यौ भने पनि देवताको हितका निमित्त महादेवले तिमीहरूलाई नमारी छोड्ने छैनन् । फेरि दैत्यका शक्तिशाली राजा भएर पनि कायरता देखाउँछौ ? कातरदेखि शिवजी प्रसन्न हुनुहुन्न । शूरदेखि मात्र प्रसन्न हुनुहुन्छ । किन नलड्नु ? लड, केही गरी जित्यौ भने तीनै लोकको राज्य पनि भोग गरौला ।" यसरी नारद ऋषिले भनेको सुनी कालले कुतकुत्याएका तारकाक्ष र विद्युन्माली दैत्यहरू भन्न लागे– "ठीक हो महाराज ! नारदजीबाट जो आज्ञा भयो त्यो

एकदम ठीक हो ।" मयले पनि तिनका वचन सुनेर 'अब यिनीहरूको पनि नाश हुने बखत आएछ' भन्ने जानी 'नारदजीबाट आज्ञा भएको साह्रै असल हो' भन्यो । मयका यस्ता वचन सुनी नारद पनि धेरै खुसी भए । मायाले ढाकेर सबै दैत्यलाई लडाइँ गर्नेमा तत्पर गराई नारद महादेवकहाँ गए ।

यता दैत्यहरू पनि युद्धको निश्चय गरेर कहिले लड्न पाऔँला भनी थरीथरीका शस्त्रअस्त्र भिरेर तयार भए । तारकाक्ष, बल, बाणासुर विद्युन्माली आदि सबै दैत्यराजहरू युद्ध गर्ने निश्चय गरी राजाका अगाडि आई नाना तरहका बाजा बजाई सिंहनाद गर्न लागे । दैत्यका सेनाहरू पनि दैत्यकै अगाडि डरलाग्दा देखिए । "ऊ रथ आयो । लौ हेर, ऊ रथको ध्वजा देखियो" यसरी आफू आफूमा भन्न लागे । डरभर केही नमानी लाललाल मुख गरी नाना तरहका शस्त्रअस्त्र लिई लडाइँको निश्चय गरी, जस्तै पुतली बत्तीमा गई होमिन खोज्दछ, त्यस्तै ती कालप्रेरित त्रिपुरवासी दैत्यहरू शिवजीको रथ कहिले आइपुग्छ भनी हेर्न लागे । त्रिपुर पश्चिमसागरका शिरोभागमा रङ्गबिरङ्गका पताका फरफराइराखेको सुमेरु पर्वतजस्तै देखिन लाग्यो । नन्दीश्वर आदि गणहरूले सिंहनाद गर्न लागे । यताबाट दानवहरू पनि युद्धका लागि निस्के । चण्डेश्वर झलमलाउँदो बन्चरो हातमा लिएर मुख बाई प्रमथादि गणका अगाडि रहे । प्रमथगण देदीप्यमान त्रिशूल

हातमा लिई शिवजीकै जस्तो पराक्रम गर्दै आए । गणका अधिपति शङ्कुनायक पनि मुसल हातमा लिई उनका पार्श्वमा गई उभिए । नन्दी, भृङ्गी, वीरभद्र आदि सबै गण वज्र, त्रिशूल, गदा, परिघ (भाला) लिई युद्धका निमित्त अगि सरे । दैत्यगण पनि महादेवको रथ आएको देखी युद्ध गर्न भनी थरीथरीका हतियार हातमा लिई निस्केर गणहरूसँग साह्रै रिसाई युद्ध गर्न लागे ।

अब यति भएपछि त्रिपुर डढ्ने भयो भन्ने सम्झी महादेव हाँस्तै लड्नलाई तयार भएर ठूलो सिंहनाद गर्दै युद्ध गर्न लाग्नुभयो । नन्दी पनि महाबली दैत्यगणसँग युद्ध गर्न लागे । भृङ्गीले पनि दश बाण छोडी विद्युत्प्रभलाई भेदन गरे । फेरि लाललाल आँखा गरी शिलाले ठोक्ता पनि त्यसलाई केही भएन । शृङ्गी र रीटीले त्यसको पिठचूँमा प्रहार गरे; तब त्यसले पनि पूर्ण फुङ्कार गरी शूलले भृङ्गी र रीटीलाई प्रहार गर्‍यो । त्यसको चोट खप्न नसकी भृङ्गी र रीटी त्यहाँबाट भागे । त्यस दैत्यराजले तिनीहरूलाई जितेपछि गणनायक गणेशका काँधमा एक हजार बाण छोडी छियाछिया पार्‍यो । फेरि त्रिसट्ठी पल्ट दशदश बाण छोडी गणेशका मर्ममर्ममा घाउ गरायो; तब गणेशजी खूब रिसाएर आफ्नो सुँड पसारी त्यसका गर्दनमा बेह्री परक्क निमोठी मत्ता हात्तीले कमलको फूल सुँडले बेह्री तलाउबाट उखेली फ्याँकेझैँ गरी विद्युत्प्रभको शिर उखेली फ्याँकिदिनुभयो । शरीरबाट छुट्टिएको त्यो शिर हात्तीका

दाँतमा अड्केको कमलको फूलझैँ देखियो । त्यो देखी भृङ्गीले नाना तरहले गणेशजीको जयगान गरे । त्यसपछि नेमी र बल दुई दैत्य रिसले चूर भएर आई गणेशलाई मर्ममर्ममा बाण हानी घाइते गराउन लागे । त्यो देखेर शङ्कुकर्णले तिनलाई बीचैमा रोकी तिनका ध्वजा, रथ, सारथी, घोडा सब काटी तिनलाई विरथी गराए । तब ती दुइटा दैत्य पनि झट्ट अर्को रथमा चढेर आई ती चण्डेश्वर गणनायकका मर्ममा हजारौँ बाण हान्दै आक्रमण गर्न लागे । त्यसै बखत गणेश्वरले पनि रिसले लाललाल आँखा गरी भयङ्कर मुसलको प्रहार गरी दुवैलाई यमराजकहाँ पुऱ्याइदिनुभयो । अनि पछि त्रिपुरवासी जोजो ठूलाठूला दैत्यहरू थिए ती सब रिसाउँदै बराबर लुँडाका लुँडा निस्केर नाना तरहका बाण, वज्र, त्रिशूल, बन्चरो लिएर महादेवका गणमाथि झम्टिई घनघोर युद्ध गर्न लागे । शिवगण पनि शिवको आज्ञा पाएर जसरी उन्मत्त सिंहले मृगहरूलाई भड्काउँछ त्यस्तै गरी दैत्यका सैन्यलाई भड्काई बारम्बार छिन्नभिन्न गरी मार्न लागे । दैत्यहरूमा कसैका शिर छैनन्, कसैका गिँड छैनन्, त्यस्तै रीतले नाश हुन लागे । रगतको नदी बगेझैँ भयो; हावाले छिन्नभिन्न भएको मेघझैँ र वज्रको तोडले चकनाचूर भएका पर्वतका टाकुराझैँ गिर्दै सब दैत्यहरू पश्चिम समुद्रमा पर्न लागे ।

जब नेमी र बलनामक दैत्यहरूलाई शङ्कुकर्णले मारे भन्ने खबर दैत्यहरूले सुने तब रिसले चूर भएर तारक नाउँको दैत्यले पुरदेखि निस्की गणनायकमाथि झम्टचो र नाना तरहसित बाण वर्षा गर्न लाग्यो । यता गणनायक शङ्कुकर्णले पनि त्यस महाबली दैत्यका शिरमा प्रहार गरी सिंहनाद गरे । त्यो दैत्य केही गिर्ला जस्तो देखेपछि शङ्कुकर्णले त्यस दैत्यलाई भालाले प्रहार गरे । अनि त्यो तारक दैत्यले पनि रिसले जुरमुराउँदै उठेर चक्रको प्रहार गऱ्यो । गणेश्वर शङ्कुकर्णले पनि मुड्कीले नै खूब पीडा हुने गरी त्यसलाई हाने । शङकुकर्णको मुड्की खाएपछि त्यो मूर्छा भई भूमिमा गिऱ्यो र चोट खप्न नसकी मृत्युमा प्राप्त भयो । यसरी तारकासुरलाई गिरेको देखी दानवहरूले उठाई मयका दरबारमा लिएर आई सारा हाल बताई विलाप गर्न लागे । तब ती रुन लागेका दैत्यहरूलाई सम्झाइबुझाइ गर्दै मयले भन्यो– “मेरा घरमा अमृतको कुण्ड छ, दैत्यहरूलाई त्यसैमा चोबी बचाऊ ।” ती दैत्यहरूले ‘हवस्’ भनी प्रसन्न भई अमृतमा चोबी दैत्यपति तारकासुरलाई बचाएर मरेका अरू दैत्यलाई पनि बचाइदिए । दैत्यहरू खुसी भएर मयका अगाडि शिर नुहाई प्रणाम गरे । बिउँतिएपछि तारकाक्ष फेरि तुरुन्तै सङ्ग्राम भूमिमा आयो । ब्रह्माजीले त्यो देखेपछि आफ्ना बायाँ हातले त्यस दैत्यतर्फ सङ्केत गर्दै महादेवसँग भन्न लाग्नुभयो– “हे महादेव ! त्यो दैत्य अघि मरेको थियो, अहिले फेरि बाँचेर

आएछ । मयका घरमा अमृत छ, त्यसैले दैत्यहरूलाई बचाउँछ । हे शम्भो ! मयका घरमा अमृत छउन्जेल उसले ती मरेका दैत्यहरूलाई बराबर बचाउनेछ । यस कारण बाण प्रहार गरेर त्यो अमृत सोस्नुपर्छ ।" यस्तो सुनेपछि श्रीमहादेवले बाण प्रहार गरी मयको दरबारमा रहेको अमृतकुण्डको अमृतलाई सोस्नुभयो । त्यो देखी ब्रह्माजी बिन्ती गर्नुहुन्छ– "हे देवेश ! अब यो बाण चाँडै छोड्नुभए शत्रु नाश होलान् । यी पुर आधा निमेषभर जोडिएर फेरि अलग हुनेछन् । यसै बेलामा बाण प्रहार गर्नुहोस् । यी पुर जोडिई अलग भएपछि फेरि बाण छोडे पनि केही हुने छैन । हे भगवन् ! यदि मेरो बिन्ती लाग्छ भने बाण प्रहार गर्नुहोस् र यो त्रिपुरको नाश गर्नुहोस् ।" ब्रह्माजीले भनेको यस्तो वचन सुनी श्रीमहादेवले 'लौ हुन्छ' भनी त्यो उग्र बाण धनुमा चढाई धनुलाई तलमाथि झुकाउनुभयो । दिव्य दश हजार वर्ष पुगेपछि आधा निमेषका निमित्त त्रिपुर जोडिएको मात्र के थियो महादेवले आफ्ना योगबलले त्यस बखत सारा जगत् निश्चल गराउनुभयो र टुप्पामा अग्नि र चन्द्रमा भएको नारायणरूपी बाण प्रहार गर्नुभयो । त्यो बाण प्रहार गर्नासाथ त्यस त्रिपुरका घरहरू चारैतिर डढ्न लागे । "आमै नि ! बाबै नि ! अब लौ मरियो ! मरेँ नि !" यस्तो चिच्च्याएको मात्र सुनिन लाग्यो । तब महादेवले नन्दीलाई डाकी अह्राउनुभयो–

"हे नन्दी ! तिमी चाँडो गई अग्निलाई भन त्यो मय मेरो भक्त हो; त्यसलाई तिमीले नडढाउनू ।" महादेवको यस्तो आज्ञा सुनी आफ्ना तपोबलले वायुतुल्य भई बाणभन्दा पनि चाँडो वेगले नन्दी मयको घरमा पुगे । उनी त्यहाँ पुग्दा मय दानव शिवलिङ्ग अगाडि राखी शिवको ध्यान गरी बसिरहेको रहेछ । नन्दीले उसलाई बोलाई 'तिमीलाई अग्निले जलाउने छैनन्' भने । मयले ती गणराजलाई नमस्कार गऱ्यो । उसै बेला अग्नि पनि त्यहाँ आइपुगे र उनलाई नन्दीले महादेवको आज्ञा सुनाइदिए । तब अग्निले मयलाई भने– "तिमी अब चाँडै यहाँबाट निस्क ।" मय पनि 'हवस्' भनी सुवर्णमय शिवलिङ्ग लिई उत्निखेरै पातालमा गयो ।

नन्दीले त्यहाँबाट फर्की महादेवसँग सबै बिन्ती गरे । अग्निले त्रिपुर भस्म हुन लाग्यो । त्यहाँका वेदी र घर सबै भस्म हुँदै गए । खालि दैत्यहरू रोए, कराएको शब्द सुनिन लाग्यो; वस्त्र खुस्केका स्त्रीहरू पनि पीडा खप्न नसकी रोएको शब्द सुनिन लाग्यो । झ्याल, विमान, अटालीहरूमा झुलेका यौवनवती, मदले लाल आँखा भएका, आफ्ना पतिहरूका पियारी भएका स्त्रीहरू अग्निबाणले भयभीत भई घरघरमा जथाभाबी दगुर्न थाले । कोही आफ्ना पतिलाई आकुल भई अङ्कमाल गर्न लागे, कोही भाग्न लागे । बाँकी रहेका दैत्यहरू पनि आफ्ना स्त्रीहरूलाई बोकी त्रिपुरदेखि

भाग्न लागे । शरीरमा गहना, वस्त्र केही पनि नभएका, देख्नमा पर्वतजत्रा दैत्यहरू सागरमा खस्न लागेको देखिन थाल्यो । जो दानव र तिनका स्त्रीगण आकुल भई समुद्रमा खसेथे, तिनलाई नाना तरहका जलजन्तुले लुछ्न लागे । कतिपय स्त्रीहरू आफ्ना पतिलाई जलमा देखी, आकुल भई विलाप गर्दै अग्निमा हामफाली डढी मरेका पनि देखिन लागे ।

कामवश प्रियाका साथमा जाऊँ भन्ने इच्छा राख्ने दैत्यहरू भार्यासँगै डढी भस्म भए । कोही समुद्रमा डुबी जलजन्तुका आहारा भए । कोही त्यसै पिल्सिई प्राणहीन भए । यसरी विष्णु, अग्नि र सोममय बाणले त्रिपुर भस्म गराइदिए र अन्तमा त्रिपुरलाई सागरमा डुबाई फेरि त्यो बाण शिवजीका हातमा आइपुग्यो ।

यसरी त्रिपुर डढेपछि ब्रह्मादि सब देवता आफ्नाआफ्ना अधिकारमा रहेर शिवजीलाई प्रणाम गरी स्तुति गर्न लागे– "हे भगवान् ! यो जो रौद्रकर्म आज हजुरले गर्नुभयो, त्यो अरू कसैले गर्न सक्तैन । आज हजुरले सारा दैत्यहरूलाई मारी त्रिपुर भस्म गर्नुभयो । हे महादेव ! हाम्रो आपत्ति हर्नुभयो, सबैतिर सधैँ स्थिर भएर रहने यस्ता हजुरलाई नमस्कार छ ।"

यो सुनेर महादेवबाट आज्ञा भयो– "हे देवताहो ! मैले तिमीहरूलाई सधैँ पुत्रवत् पालन गर्नुपर्छ । आज शत्रु मर्नाले तिमीहरूको अभिलाषा पूरा भयो, अब तिमीहरू खुसी भई

आफ्नाआफ्ना आश्रममा जाओ ।" महादेवको यस्तो आज्ञा पाएपछि शिवजीलाई प्रणाम गरी सबै देवताहरू आफ्नाआफ्ना आश्रममा गए । देवताहरू गएपछि नन्दी, भृङ्गी, भूत, प्रेत र प्रमथगणले सहित महादेव पनि कैलाशमा पाल्नुभयो । हे मुनि ! कसैले वर्णन गर्न नसक्ने त्रिपुरदाह मैले वर्णन गरें । जो शिवभक्त मनुष्य प्रसन्न भई पवित्रतासाथ यसको पाठ गर्ला त्यो पापदेखि रहित भई अन्त्यमा देवता भई स्वर्गलोकमा रहला ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां त्रिपुरदहनवर्णनं नाम पञ्चमोऽध्यायः ॥५॥

# षष्ठोऽध्याय:

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! एक दिन दक्षप्रजापतिले आफ्नी स्त्री विरणीसित भने– "हे विरणी ! हामीले अश्वमेध नाउँको यज्ञ गर्न चिताएको धेरै भयो । यो यज्ञ गरौँ, सामग्री तयार पार्न लगाऊ । महादेव र सतीदेवीबाहेक अरू छोरीजुवाइँ, ब्रह्मा, विष्णु आदि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा, दश दिक्पाललाई निमन्त्रणा गर्न पठाऊ ।" यति आफ्ना स्वामी दक्षप्रजापतिले भनेको सुनी विरणीले सबै सामग्री तयार गराइन् । महादेव र सतीदेवीबाहेक उनले सबै छोरीजुवाइँ, ब्रह्मा, विष्णु आदि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा, दश दिक्पाललाई निमन्त्रणा गर्न पठाइन् । दक्षप्रजापतिका सबै जुवाइँ, देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सराहरू रङ्गीबिरङ्गी झकिझकाउ वस्त्र र गहना पहिरी भेटीका निम्ति मणिमाणिक्य नाना द्रव्य लिई यज्ञमा होम्न भनी सामेल भए । दक्षप्रजापतिले सबैसित शिष्टाचारपूर्वक क्षेमकुशल सोधी, स्वागत सम्मान गरी यज्ञ आरम्भ गरे । त्यो यज्ञ

जस्तै श्रीमहादेव नन्दी, भृङ्गी, चतु:षष्टियोगिनी, भूत, प्रेत, पिशाच, प्रमथगणलाई अगलबगलमा राखी बस्ता शोभित हुन्छन् त्यस्तै थरीथरीका सामग्री, तेत्तिस कोटि छोरी, तेत्तिस कोटि जुवाइँ, ब्रह्मा, विष्णु आदि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा, दश दिक्पालसहित भई मणिमाणिक्य, रत्न, नाना वस्त्र, अलङ्कारबाट सुसज्जित, नाच, गीत, वाद्यले सहित झकिझकाउ थियो । यस्ता तरहले उत्सवका साथ यज्ञ भइरहेको थियो । नारदमुनि 'को आए ? को आएनन् ?' भनी चारैतिर हेर्न लागे । दक्षप्रजापतिका तेत्तिस कोटि कन्या, ब्रह्मा, विष्णु आदि तेत्तिस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र अप्सराहरू सबैलाई देखे तर महादेव र सतीदेवीलाई देखेनन् र 'बिनामहादेवले दक्षप्रजापतिको यज्ञ कसो गरी पूर्ण होला ? निम्ता गर्न बिर्सेर हो कि ? वा उनीहरूलाई नै फुर्सद छैन र हो कि ? विचार गरी हेरौँ' भनी त्यहाँदेखि अन्तर्ध्यान भई कैलाश पर्वतमा पुगे ।

त्यस दिन महादेवले सतीदेवीलाई 'हे प्रिये ! आज हामी दुई जुवा खेलौँ, आऊ' भन्नुभयो र सतीदेवीले हवस् भनी पासा ल्याइन् । दुई जना जुवा खेल्न लाग्नुभयो । खेल्दाखेल्दैमा सतीदेवीले जितिन् र महादेवलाई गिज्याउन लागिन् । शिवले रिसाई झोली थाप्नुभयो, त्यो पनि जितिन्, फेरि त्रिशूल डमरु थाप्नुभयो, त्यो पनि जितिन्, फेरि नागका गहना थाप्नुभयो, त्यो पनि जितिन् ।

त्यसै बेलामा दक्षप्रजापतिका निम्तामा जाने देवताहरू विमानमा चढी रमाउँदै जान लागेको देखी सतीदेवीले महादेवसँग बिन्ती गरिन्– "हे प्रभो ! ती विमानमा जान लागेका को हुन् ? आज्ञा गर्नुहोस् ।" "तिमीलाई के धन्दा ? अरू जेसुकै गरून्, तिमी आफ्नो काम गर" भनी महादेवले आज्ञा गर्दा सतीदेवीले तलतिर हेरिरहिन् । महादेवले हाँस्दै फेरि मुकुट थाप्नुभयो, त्यो पनि सतीदेवीले जितिन् । यसरी धेरै बाजी हार्दा पनि केही हार नमानी महादेव हाँसिरहनुभयो र सतीदेवीले बिन्ती गरिन्– "हजुरका वस्तु सबै मैले जितिसकेँ, अब के थाप्नुहुन्छ ? लौ थाप्नुहोस् ।" सतीदेवीको यस्तो वचन सुनी महादेवले 'अब मेरो अङ्ग थाप्छु ?' भनी आज्ञा गर्नुभयो र सतीदेवीले बिन्ती गर्छिन्– "हे प्रभो ! केही गरी मैले हारेँ भने तपाईंका अङ्गको सट्टा म कुन कुरा चढाउँला । यो संसारमा हजुरका गाथको सट्टा दिन लायकको अर्को कुनै वस्तु छैन । फेरि हजुरको अङ्ग जुवा खेली जिती मेरो गराइराख्नु पर्दैन । जुन दिन मेरा बाबा र महतारीले हजुरको हातमा तिल, कुश राखी मलाई कन्यादान दिए त्यसै दिनदेखि हजुरको अङ्ग मेरो र मेरो अङ्ग हजुरको भइसक्यो यसमा केही फरक छैन । हजुरको अङ्ग थाप्नु पर्दैन" भनी सतीदेवीले बिन्ती गर्दा महादेवले अति खुसी भई 'धन्यधन्य तिमी' भन्नुभयो ।

जुवा खेलिसकी दुवै स्त्रीपुरुष मीठामीठा कुरा गरिरहेका थिए । त्यसै बेलामा नारद ऋषि कैलाशमा आएर श्रीमहादेव र सतीदेवी दुवैका चरणमा साष्टाङ्ग दण्डवत् गरी अञ्जलि बाँधी खडा भइरहे । श्रीमहादेव कस्ता भने जटाको मुकुट गराई, बाघको छालाको पटुका बाँधी, हात्तीको छाला ओढी, आङभरि खरानी घसी, ठाउँठाउँमा सर्पका गहना लगाई, गलामा नरमुण्डमाला लगाई, सतीदेवीलाई काखमा लिएका र कोटि सूर्यको जस्तो तेजले झललल हुनुहुन्थ्यो । नन्दी, भृङ्गीलाई ढोकामा राखी भूत, प्रेतहरूलाई दायाँबायाँतिर राखी विराजमान भइरहेका यस्ता महादेवलाई देखी मनमा अति हर्ष मानी नारदले बारम्बार चरणमा दण्डवत् प्रणाम गरे । यसरी नारद ऋषिले भक्तिभाव गरेको देखी महादेवले मनमा आनन्द मानी खुसीले गद्गद भई हाँस्दै आज्ञा गर्नुभयो– “हे मुनि तिमीलाई देख्ता मेरो मन असाध्यै खुसी भयो, वर माग ।” यो सुनी नारदजी केही भन्न नसकी चुप लागी उभिइरहे । फेरि श्रीमहादेवले ‘यहाँ आउनाको केही कारण छ कि ? भन’ भनी आज्ञा गरेको सुनी नारदले बिन्ती गरे– “हे प्रभो ! अरू थोक मलाई के चाहिन्छ र मनमा सधैँ हजुरको जप र ध्यानमा मेरो चित्त लागिरहोस् ।

हे परब्रह्मन् ! म कैलाशसम्म आउनाको कारण के हो भने दक्षप्रजापतिको अश्वमेध यज्ञमा भाग लिनका लागि स्वर्ग, मर्त्य

र पाताल तीनै भुवनका देवता, वशिष्ठप्रभृति ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, दानव, नाग, अष्टवसु तथा दश दिक्पालहरू, ब्रह्मा, विष्णुसहित सबैका स्त्रीपुरुष यज्ञमा आएको देखेँ । तर मैले त्यो यज्ञशालामा प्रदक्षिणा गरी हेर्दा तपाईं दुवैलाई देखिनँ र अरू सबै देवता आआफ्ना अंश पाई, खाई आनन्दमा रहने तर यज्ञका कर्ता, भोक्ता तपाईंलाई झन् किन नडाकेको होला ! म त छक्क परेँ । के कसो हो ? बिन्ती गरौँ भनी आएको छु । हे गौरीशङ्कर ! मैले यसको मतलब केही बुझ्न सकिनँ ।" नारदमुनिले यस्तो बिन्ती गरेको सुनी सतीदेवीले आफूलाई अति अपमान गरेको मानिन् र त्रैलोक्यनाथ अर्थात् तीनै लोकका मालिक श्रीमहादेवसित बिन्ती गरिन्– "हे प्रभो ! हे जगदीश्वर ! हामी दुईलाई मात्र किन छुटाए ? नारायण आदि तेत्तिस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सराहरू फेरि मेरा बहिनीहरू र दश दिक्पाल सबैलाई डाक्ने तर हामी दुईलाई मात्र नडाक्ने ?" भन्दै गुनासो गरी आँखाबाट आँसु बगाई रुन लागिन् । यसरी सतीदेवीले दु:ख मानेको देखी श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "हे प्रिये ! तिमी कत्ति पनि दु:ख नमान किनभने तिमी नरुचाइएकी छोरी, म मन नपरेको जुवाइँ ! डाकेनन् त जान देऊ, त्यस कुरामा तिमीले दु:ख मान्नु पर्दैन । तिम्रो म छँदै छु । त्यसको यज्ञमा नगई हुने पो के छ र ? गएर पो के पाउनु छ ?" भनी शिवले सम्झाउनुभयो । तैपनि नमानी 'हे स्वामी ! त्यसो

आज्ञा नहोस्, मलाई यज्ञ हेर्न साह्रै मन लाग्यो, आज्ञा भए नारदसँग गई त्यो यज्ञ हेरी आउने थिएँ' भनी ढिपी गरी महादेवका पाउमा छाँद हाल्न लागिन् । यो चाल देखी महादेवले 'हे प्रिये ! यस्तो लिँडेढिपी नगर, किनभने तिमी सधैँ आफ्नो मानमर्यादामा रहेकी, उहाँ गएपछि अपमान भयो भने चित्त दुख्ने छ, के गरौली ? यस कारणले जाने इच्छा नगर' भनी चारैतिरका कुरा देखाएर बुझाउँदा पनि आफ्नो हठ नछोडी सतीदेवी कैलाशबाट नारदका साथ दक्षप्रजापतिको यज्ञमा गइन् ।

आफ्ना पिता दक्षप्रजापति र माता विरणीलाई ढोग दिई धेरै चित्त दुखाई आँखादेखि बलिन्द्र धारा आँसु खसाली सतीदेवीले मङ्गल वचन बोलिन्– "हे पिता ! हे माता ! तपाईंको यत्रो यज्ञमा मलाई किन खबर दिनु भएन ? के म तपाईंकी छोरी होइन र ? मैले के बिराएँ ? मेरा स्वामीले तपाईंहरूको के अपराध गर्नुभयो ? विष्णु आदि तेत्तिस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सराहरू र दश दिक्पाल स्त्रीपुरुषसहित सबैलाई डाकी हामी दुई जनालाई मात्र नडाकी किन पक्षपात गर्नुभयो ? फेरि यज्ञका कर्ता महादेव नभई तपाईंको यज्ञ कसरी पूर्ण होला ? यज्ञको फल दिने पनि उनै हुन्, देवताका मालिक पनि उनै हुन् । सृष्टि, स्थिति, संहार गर्ने पनि उनै हुन् । हे पिता ! महादेव नभई यज्ञ गरेको केही फल छैन । हे पिता ! यज्ञकर्ता नभएको अपूरो यज्ञ

किन गर्नुभयो ? हे पिता ! तपाईंको जय हुने छाँट म देख्तिनँ । श्रीमहादेवलाई तुरुन्त निमन्त्रणा पठाउनुहोस् । उहाँ आएपछि तपाईंको यज्ञ पूरा हुनेछ र फल मिल्नेछ । हे पिता ! शङ्करलाई बेवास्ता गरी उनको भाउ नराखी तपाईंले यज्ञ आरम्भ गर्नुभयो । यज्ञका मालिक महादेवलाई किन निमन्त्रणा गर्नु भएन ? भन्नुहोस्" भनी सतीदेवीले गुनासो र दुःख व्यक्त गर्दा दक्षप्रजापतिले भने– "हे पुत्री सतीदेवी ! तँ दुःख नमान्, किनभने तेरो पुरुष भोलानाथ यज्ञमा राख्न योग्य छैन । यस यज्ञमा तेत्तिस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, अप्सरा, नाग सबै स्त्रीपुरुषसहित थरीथरीका रत्न, मणिमाणिक्यका गहना लगाई श्रीखण्ड लेपन गरी रङ्गबिरङ्गका वस्त्र लगाई वेद पारायणसहित नाना मङ्गलयात्रा गरी गन्धर्वले गीत गाउने, अप्सराले नाच्ने यस्तो उत्तम ठाउँमा नसुहाउने घिनलाग्दो महादेवलाई कसरी डाकूँ ? हे पुत्री ! तेरो स्वामी के ढङ्गको छ र ! खरानी घस्ने, बाघको छाला कम्मरमा बाँध्ने, हात्तीको छाला ओढ्ने; विष, भाङ, धतुरो खाने; राताराता आँखा गरी जसरी मन पर्‍यो उसरी नाच्ने, जटाको मुकुट बाँध्ने, सर्पका गहना र मुण्डमाला लगाउने, दाहिने हातले डमरु बजाउने, बायाँ हातले त्रिशूल समाउने; भूत, प्रेत, पिशाचहरूलाई अगिपछि लगाई दिगम्बर अर्थात् नाङ्गो भई पाउ पनि जहाँ पायो उहीँ राखी लाज सर्म कत्ति नमानी हिँड्छ । यहाँ किसिमकिसिमका स्त्रीजन, देवकन्या, यक्षकन्या, गन्धर्वकन्या,

नागकन्याहरू आएका छन्, त्यसमाथि तेरा बहिनीहरू छन्, ती सबैका अगाडि त्यस्तो दिगम्बर महादेवलाई कसरी डाकूँ ? यस्तो पवित्र एवम् तेत्तिस कोटि देवीदेवताले युक्त भई झकिझकाउ भएको ठाउँमा कसरी त्यो अनुहार नपरेको, देख्तैमा पनि घिनलाग्दो महादेवलाई डाकेर रमिता देखाउनु ? हे पुत्री ! सतीदेवी ! यिनै कारणले उसलाई नडाकेको हो । तँलाई मात्र डाक्न पठाऊँ भने पनि त्यो अर्धङ्गीसमेत पछि लागेर आउला भनी नडाकेको हुँ; तँ दुःख नमान् । त्यो महादेव जस्तो भए पनि तँ हाम्रै छोरी होस् । हे पुत्री ! तैँले मलाई रिझाएकी पनि छस् । अपराध पनि केही गरेकी छैनस्, तर तेरो स्वामीको चाला देखेर तँलाई समेत निम्तो नपठाएको हो । फेरि तैँले 'सृष्टि, स्थिति, संहार गर्ने उनै महादेव हुन्, यज्ञका कर्ता, भोक्ता फल दिने पनि उनै हुन्' जो भनिस् त्यो पनि होइन । महादेव त केवल अर्धङ्गी बहुला मात्र हो । यज्ञकर्ता नारायण हुन्, सृष्टि गर्ने चतुर्मुख ब्रह्मा हुन् । स्थिति र संहार गर्ने नारायण महाविष्णु हुन् । त्यो महादेवको के भाउ छ र ? त्यो देवता हो र त्यसलाई नडाकी मेरो यज्ञ पूरा नहुने ? तेरो स्वामी महादेवलाई म केही गरे पनि यहाँ डाक्दिनँ । त्यसले मेरो यज्ञमा के वर देला ? त्यो नभए पनि मेरो यज्ञ पूरा हुन्छ । यहाँ तेत्तिस कोटि देवता, ब्रह्मा, विष्णु सबै आएका छन्; जसरी भने पनि मेरो यज्ञ पूरा हुन्छ ।"

दक्षप्रजापतिले त्यसरी आफ्ना स्वामी जगदीश्वरलाई दुर्वचन भनेको सुन्दा सतीदेवीले सहन नसकी आँखा राताराता पारी नागको झैँ लामो श्वास छोड्दै सुस्केरा हाली कटकट दाह्रा किटी रिसले भनभनिँदै जुरुक्क उठिन् र भूमिमा लात्तीले हानी यज्ञमा हेरी चित्तले खप्न नसकी मन धड्काउँदै आफ्ना छातीमा आफैँले मुड्कीले हानी 'शिव ! शिव !' भन्दै महादेवको नाम उच्चारण गर्दै अग्निकुण्डमा फाल हाली प्राण त्यागिन् र हिमालय पर्वतकी स्त्री मेनकाको गर्भमा बास लिन गइन् ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां सतीदेवीयज्ञकुण्डप्रवेशो नाम षष्ठोऽध्यायः ॥६॥

# सप्तमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! सतीदेवीले यज्ञमा फाल हाली प्राण छोडेको देख्नासाथ देवता, यक्ष, गन्धर्व, नाग, अप्सरा र त्यहाँ रहेका सबैले 'लौन नि ! लौन नि ! कस्तो अनर्थ भयो' भनी हाहाकार गर्न लागे । त्यही मौकामा अकस्मात् कुइरीमण्डल धुलो उडी आकाश ढपक्कै ढाक्यो र जताततै घनघोर अन्धकार छायो । हावा पनि पूर्वको पश्चिमतिर, अनि पश्चिमको पूर्वतिर हानिन लाग्यो । बिनाबादल मेघ चड्केजस्तो चड्कन लाग्यो । सबै देवताका आँखामा धुलो परी आँखा मिच्दै भूमिमा जथाभाबी घोप्टिन लागे, कतिलाई हुरीले उडाई बेपत्ता पार्‍यो, कति डाँको छोडेर रुन लागे, कति आफ्ना जिउको सम्भार गर्न लागे । त्यसरी अकस्मात् अचम्मको उत्पात भयो र त्यो देखी दक्षप्रजापतिले मनमा चिन्ता गरी 'त्यसै आत्तिनु हुँदैन, धैर्य गर्नुहोस्, डराउनु पर्दैन' भनी सबैलाई सम्झाई बुझाई गरे । सतीदेवी यज्ञकुण्डमा हामफालेपछि आकुलव्याकुल भएका दक्षप्रजापति आफ्ना गुरु बृहस्पति ऋषिका छेउमा गई 'हे गुरो !

अब कसो गरूँ ? अनर्थ भयो !' भन्दै आत्तिन लागे । सतीदेवीको त्यस्तो हाल देखेपछि नारद वायुवेगले तुरुन्त कैलाशमा पुगेर श्रीमहादेवका चरणमा दण्डवत् प्रणाम गरी बिन्ती गरे– "हे ईश्वर ! के गर्ने ? अनर्थ भयो । सतीदेवीले अग्निकुण्डमा हामफाली प्राण छोड्नुभयो । हे करुणामय ! पापिष्ठ दक्षप्रजापतिले तपाईंलाई नाना तरहका निन्दा र हेला गरी गाली गरे, त्यो कहाँको देवता हो ? त्यो बहुला पो हो, त्यसलाई नडाके यज्ञ पूर्ण नहोला ? भनी निन्दा गरेको सुनी, सहन नसकी सतीदेवी एकदम रिसाएर लात्तीले भुइँमा हानी कसैको पनि मुख नहेरी यज्ञमण्डपको प्रदक्षिणा गरी तपाईंको नाम लिँदै यज्ञकुण्डमा फाल हाली प्राणत्याग गर्नुभयो । हे प्रभो ! तपाईंका डरले अग्निले उहाँको शरीर डढाउन सकेको छैन । सतीदेवी प्राण मात्र छाडी सुतेझैँ गरी यज्ञकुण्डमा रहनुभएको छ । हे ईश्वर ! यी कुरा बिन्ती गरूँ भनी आएको हुँ, अब कसो गरूँ ? अनर्थ भयो ।" नारदमुनिले यस्तो भनेको सुनी श्रीमहादेवले शोकाकुल भई तुरुन्त आज्ञा गर्नुभयो– "हे मुनि ! के यो कुरा साँच्चै हो ? के मेरी सतीदेवी साँच्चै यस लोकमा छैनन् ?" नारद बिन्ती गर्दछन्– "हे ईश्वर ! तपाईंका अगाडि म कहिले झूटो बोल्दथेँ ? ध्यानदृष्टिले हेर्नुहोस् ।" यस्तो सुन्नासाथ श्रीमहादेवले एकदम रिसाएर तीनै आँखाबाट आगोको मुस्लो निकाली कटकट दाह्रा किटी रिसले मसक्क मुठी पारी नारदकै अगाडि भन्नुभयो– "हे नारद ! म तेत्तिस कोटि देवताले रक्षा गरिराखेको त्यो पापिष्ठ

घमन्डी दक्षप्रजापतिको निर्मूल नगरी छाड्ने छैन । अब तिमी आफ्ना आश्रममा जाऊ" भनी बिदा दिनुभयो र नारद साष्टाङ्ग प्रणाम गरी त्यहाँबाट ब्रह्मलोकमा गए ।

त्यसपछि श्रीमहादेवले सतीदेवीलाई झलझली सम्झी दक्षमाथि अत्यन्त क्रोध गरी तीनै आँखाबाट अग्निका ज्वाला निकाली आफ्नो शिरबाट एक जटा निकाली पृथ्वीमा पछार्नुभयो । त्यहाँबाट मेघ गर्जेझैँ ठूलो शब्द गर्दै कराई महाभयङ्कर चतुःषष्टियोगिनी, भूत, प्रेत र प्रमथगणका साथ भई महाकाली निस्किन् । ती कस्ती थिइन् भने महाभयानक मूर्ति, आँखाबाट आगो निस्केकी, लामा लामा दाह्रा निस्केकी, आकाशजस्तो पेट भएकी महाभीषण अर्थात् एकदम डरलाग्दो शरीर भएकी, मुण्डमाला लगाएकी, बाघको छाला कम्बरमा बेरेकी, जगल्टा फिँजाएकी, दाहिने हातमा खड्ग लिएकी, कहिले लपलपाउँदो लामो जिभ्रो निकाली खितखित हाँस्ने, कहिले ल्यापल्याप जिभ्रो चलाउने यस्ती महाकाली श्रीमहादेवका अगाडि खडा भई 'के कामले आराधना गर्नुभयो ? आज्ञा होस्' भनिन् ।

यसैबीच महादेवले अर्को जटा निकाली भूमिमा पछार्नुभयो र पृथ्वी डगमगाउँदै सिंहनाद गरेझैँ गर्जंदै हजार सूर्यको जस्तो तेज भएका, मुण्डमाला लगाएका, दाहिने हातमा त्रिशूल लिएका, भीषण मूर्ति वीरभद्र श्रीमहादेवका अगाडि खडा भए । तब महाकाली र वीरभद्रले बिन्ती गर्न लागे– "हे ईश्वर ! किन हामीहरूलाई

आराधना गर्नुभयो ? आज्ञा होस् ।" श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "हे वीरभद्र, महाकाली ! तिमीहरू दुवै अहिल्यै गई तेत्तिस कोटि देवताले रक्षा गरिराखेको पापिष्ठ दक्षप्रजापतिको यज्ञ विध्वंस गरी, दक्षको संहार गरी तेत्तिस कोटि देवतालाई हाहाकार गराई आओ । हे वीरभद्र, महाकाली ! यसै कामलाई तिमीहरूको आराधना गरेको हुँ; अब तिमीहरू नन्दी, भृङ्गी, विषमज्वर, चौसट्ठी योगिनीलाई समेत साथमा लिई दक्षको नाश गर्न तुरुन्तै गइहाल" भनी आज्ञा दिनुभयो ।

श्रीमहादेवको आज्ञा शिरमा राखी तिनीहरू मेघ गर्जेझैँ गर्जंदै पृथ्वी कँपाउँदै काल आएझैँ गरी एकदम रिसाएर कैलाशदेखि झरे । यिनीहरूको चालामाला देखी भार थाम्न साह्रै मुस्किल पऱ्यो र पृथ्वी डगमगाउन लागिन् । सात समुद्र छचल्किन लागे, सब जीवजन्तु त्राहित्राहि भए । फेरि दक्षप्रजापतिका यज्ञमा पनि अनेक उत्पात हुन लाग्यो; आकाशमा गिद्ध, काग र चीलहरू कराई फनफनी घुम्न लागे, स्यालहरू दुवै आँखा र मुखबाट आगो निकाली कराउँदै हिँड्न लागे । आकाशबाट रगतको वृष्टि भयो, हावा विपरीत चल्न लाग्यो । यस्तो देखेर यज्ञमा रहेका सब हाहाकार गर्दै कराउन लागे । कोही भाग्न लागे, स्वास्नीमानिस, केटाकेटी र बूढाहरू भाग्न नसकी भूमिमा घोप्टो परी रुन, कराउन लागे । कोही अशक्तहरूको सम्भार गर्नपट्टि लागे ।

कोहीकोही 'के जान्नु ? अझ झन् केके उत्पात हुने हो' भनी डराई त्राहित्राहि हुन लागे । देवताहरू पनि भयभीत भइरहेका थिए ।

त्यसै बेलामा महावीर वीरभद्र र महाकाली गणसहित भई मेघ गर्जेझैँ गर्जंदै हात्तीका बथानमा सिंह गएझैँ गरी दक्षका यज्ञमा पुगिहाले । अनि यज्ञमा रहेका देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नागहरू सबैसित घमासान युद्ध हुन थाल्यो । त्यो देखी यज्ञमा रहेका दक्षका छोरीहरू, देवकन्या, ऋषिकन्या, गन्धर्वकन्या, नागकन्या, ऋषि, ब्राह्मण, बालक र अप्सराहरू त्राहित्राहि भई 'नारायण नारायण' भनी कहालिँदै रुँदै र चिच्च्याउँदै दश दिशातिर भागे । कोही भाग्न नसकी ढुनमुनिँदै मुन्टाले टेकी माटोमा धसिए, कसैको हात भाँचियो र रुन, कराउन लागे; कसैको खुट्टा मर्किएर हल न चल भई 'ऐया ! ऐया !!' गर्न लागे । परन्तु विष्णु आदि तेत्तिस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर र दैत्यहरू दक्षप्रजापतिका निम्ति आआफ्ना शस्त्रअस्त्र लिई महावीर वीरभद्र र महाकालीसित लड्न लागे । दुवैतिरका सेना बेलाबेला ठूलो हुङ्कार र गर्जन झिक्तथे । इन्द्रादि तेत्तिस कोटि देवताले वीरभद्र र महाकालीमाथि खनिँदै अनेक शस्त्रअस्त्र बर्साउन लागे । त्यस घडीमा देवताहरूले ब्रह्मास्त्र, इन्द्रास्त्र, दिव्यास्त्र, वरुणास्त्र, अग्न्यास्त्र, तोमर, भिन्दिपाल, गदा, खड्ग, मुसल र नागपाश तिनै वीरभद्र र महाकालीगणमाथि प्रहार गरे । त्यसरी आफूहरूलाई अनेक प्रकारका शस्त्र प्रहार

गरेको देखी वीरभद्रका गणहरू पनि खैलाबैला गर्दै गर्जंदै फौजभित्र पसी जसको पायो उसैको टाउको मूला निमोठेझैँ निमोठ्तै, हात भाँची, खुट्टा मर्काइदिई, मुड्कीले कसेर रगत हलहली छदाई देवताहरूलाई धुलोपिठो पारे ।

महाकालीले कालजस्तो खड्ग लिई राताराता आँखा गरी वर्षाकालको कालो मेघझैँ गर्जेर मृगका फौजमा निर्धक्कसित पसेको सिंहझैँ, सुकेका झारपातमा आगो लागेझैँ क्षणभरमा सब नाश पारिन् । उता वीरभद्रले रिसले चूर भई नन्दी, भृङ्गी, चतुःषष्टियोगिनी, भूत, प्रेत, पिशाच र प्रमथगणसमेत भई शत्रुपक्षका कसैका शिर गिँडिदिए, कसैका हातखुट्टा च्यातिदिए । तेत्तिस कोटि देवता र दक्षप्रजापतिको सेना भुतुक्कै हुँदा रगतको खोलो बग्यो, शरीर र शरीरका अङ्गप्रत्यङ्गको पर्वतजस्तो रास लाग्यो । देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापतिका सेनाले फेरि महाकालीउपर अस्त्रशस्त्र बर्साए । ती अस्त्रशस्त्र महाकालीका नगिचमा आउनासाथ भस्म भए । महाकाली चतुःषष्टियोगिनी, भूत, प्रेत, पिशाच र प्रमथगणले फेरि दक्षप्रजापतिका सेनाको संहार गरे । विषमज्वरले पनि सबैका शरीरमा घुसेर चेत हराइदियो । तब वैकुण्ठनाथ विष्णुले सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र बाँकी रहेका दक्षप्रजापतिका सेनाहरूसमेत हल न चल भएको देखी आफ्ना शरीरबाट शीताङ्ग ज्वर उत्पन्न गरी सबैलाई

सचेष्ट गराउनुभयो र थरीथरीका शस्त्रअस्त्र लिई दन्कँदो आगोमा पुतलीझैँ वीरभद्रमाथि जाइलाग्नुभयो । वीरभद्रले त्रिशूल उठाई सिंहनाद गरी सुकेका खरमा आगो लागेझैँ क्षणभरमा दक्षप्रजापतिका कोटिकोटि सेना मारिदिए । कसैका शिर छैनन्, कसैका पाउ छैनन्; त्यस्तो देखी कोही 'रक्षा गर, रक्षा गर' भनी भाग्न लागे । कोही भाग्न नसकी भूमिमा ढुनमुनिन लागे । वीरभद्र र महाकालीले दक्षको यज्ञ विध्वंस गरी जो अघि पर्छ उही देवतालाई समाती यज्ञमा होम गर्न लागे । यसरी देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नागहरू र दक्षप्रजापतिको सेनासमूहलाई नाश पारेको र यज्ञ विध्वंस गरेको देखी विष्णुले अत्यन्त क्रोध गरी राताराता आँखा पारी नागले श्वास फिकेझैँ सुस्केरा हाली अग्निका ज्वालाझैँ रातो भई बायाँ हातले पाञ्चजन्य शङ्ख बजाई, दाहिने हातले कौमोदकी गदा उठाई, संहार कालका रुद्र जाँदा झैँ वीरभद्रका सेनामाथि जाइलाग्नुभयो । त्यो देखी देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापतिका सेनाले 'धन्यधन्य विष्णु ! तपाईंको जय कल्याण होस्' भनी आफ्नाआफ्ना शस्त्रअस्त्र लिई विष्णुका साथ लागी लड्न लागे ।

यसरी विष्णु शिवसेनामाथि आइलागेको देखेपछि महाकालीले अग्निको ज्वाला जस्तो क्रोधले तेज निकाली खड्ग उठाई चतुःषष्टियोगिनी, भूत, प्रेत, पिशाच र प्रमथगणले सहित भई लड्न लागिन् । जसरी ठूलो हुरी चल्दा मेघ खण्डखण्ड भई

फाट्दछ; त्यसै गरी देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापतिका सेनालाई महाकालीले छिन्नभिन्न पारी दश दिशामा भगाइन् । त्यो देखी विष्णुले निर्धक्कसित वीरभद्रका छातीमा कौमोदकी गदा प्रहार गर्नुभयो । त्यो गदाको चोट खप्न नसकी वीरभद्र मूर्छा भई भूमिमा गिरे । फेरि विष्णुले नन्दी, भृङ्गी, चतु:षष्टियोगिनी, भूत, प्रेत, पिशाच र प्रमथगणलाई त्राहित्राहि गराई पाञ्चजन्य शङ्ख बजाउँदै गदा उठाई जाइलाग्नुभयो । नन्दी, भृङ्गी, चतु:षष्टियोगिनी, भूत, प्रेत, पिशाच र प्रमथगण शङ्खका शब्दले र गदाका प्रहारले कोही भूमिमा गिरी मूर्छा परे, कोही जता पायो उतै भाग्न लागे । त्यो देखी देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापतिका सेनाले 'धन्यधन्य विष्णु' भनी पुष्पवृष्टि गरी स्तुति गरेको मूर्छा भइरहेका महावीर वीरभद्रका कानमा ऊट्ट पऱ्यो र चेत आयो । वीरभद्रले जुरमुराउँदै उठी हेर्दा आफ्ना सेना कोही भूमिमा परी लडिराखेका र कोही भाग्न लागेका देखी साह्रै रिसाएर कालसमान त्रिशूल उठाई नारायणलाई ताकेर वेगले हिर्काए । त्यो त्रिशूल विष्णुको छातीमा लाग्यो र त्यसको चोट सहन नसकी विष्णु रणभूमिमा लडेर मूर्छा पर्नुभयो । वीरभद्रले विष्णु मूर्छा परेको देखी प्रलय कालका मेघझैँ गर्जी दक्षको सेनामाथि जाइलागी तेत्तिस कोटि देवतालाई भागभाग पारे । वीरभद्र गर्जेको स्वरले देवताहरू 'त्राहित्राहि' भनी चिच्च्याउँदै, कराउँदै भाग्न लागे । त्यो शब्द मूर्छामा परेका नन्दी, भृङ्गी, चतु:षष्ठियोगिनी,

भूत, प्रेत र पिशाचका कानमा पर्दा बिउँझी लरखराउँदै उभिई हेर्छन् त वीरभद्रले विष्णुलाई मूर्छामा पारी देवताहरूको नाश गर्न लागिरहेको देखी 'धन्यधन्य वीरभद्र' भनी कोलाहल शब्द गरी दक्षका सेनामाथि जाइलागे । यसरी दक्षका यज्ञमा घनघोर सङ्ग्राम भयो ।

हे अगस्त्यमुनि ! महाकाली र वीरभद्रले दक्षका सेनाहरूमाथि जाइलागी कसैका टुप्पीमा समाई पछारे, छप्काए, कसैलाई मुड्कीले हानी बेहोस पारे । चौसट्ठी योगिनीले कसैलाई परक्क निमोठी मारे, कसैलाई टपाटप पक्री यज्ञकुण्डमा हुत्याउन थाले । यसरी तेत्तिस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नागहरूको नाश गरेको र वीरभद्रका सेनाले 'जय जय' भनी कराएको शब्द मूर्छामा परेका विष्णुका कानमा पऱ्यो । त्यससँगै बिउँझी खडा भई हेर्दा वीरभद्र र महाकालीले दक्षको यज्ञ विध्वंस गरी तेत्तिस कोटि देवता र दक्षका सेनाको समेत नाश गरेको देखी रिसले चूर भएर 'हे पापिष्ठ वीरभद्र ! आज तेरो नाश गरुँला, तेरो प्राण लिई दक्षको यज्ञ पूर्ण गरुँला, तब मात्र सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नागहरूलाई सन्तोष होला ! आज एकादश रुद्र तेरा सहाय भई आए पनि तेरो रक्षा गर्न सक्ने छैनन् । सम्पूर्ण दुष्टको नाश गर्ने यो चक्र देखिस् कि ? भन्दै सुदर्शन चक्र देखाउनुभयो । विष्णुले भनेका यस्ता क्षुद्र वचन सुनी वीरभद्रले पनि रिसाएर विष्णुलाई

भने– "हे पापिष्ठ विष्णु ! सम्पूर्ण दुष्टको नाश गर्ने चक्र भनी देखाइस्, नाश गरुँला भनिस्, लौ देखौँ त कत्तिको नाश गर्दो रहेछस् ? तुरुन्त प्रहार गरिहाल् ।" यति वीरभद्रले भनेको वचन सुनी विष्णुले रिसाएर वीरभद्रलाई ताकी सुदर्शन चक्र छोडिदिनुभयो । त्यो सुदर्शन चक्र सूर्यको जस्तो तेज भई प्रलयकालका मेघले झैँ गर्जी रुद्र जाँदा झैँ गयो । त्यसरी आएको सुदर्शन चक्रलाई देखी नन्दी, भृङ्गी, चतुःषष्टियोगिनी, भूत, प्रेत, पिशाच र प्रमथगणले 'त्राहित्राहि महादेव !' भनी महावीर वीरभद्र र महाकालीका शरणमा गए । त्यस अवस्थामा जसरी समुद्र मन्थन गर्दा कालकूट विष निस्क्यो र महादेवले पिइदिनुभयो त्यस्तै गरी वीरभद्रले त्यो चक्र आएको देखी मुख बाएर सलक्क निल्न तयार भएको देखी विष्णुले चाँडै आफ्नो सुदर्शन चक्र फर्काई त्यहाँबाट अन्तर्ध्यान भई वैकुण्ठ जानुभयो ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां दक्षसेनावधो नाम सप्तमोऽध्यायः ॥७॥

# अष्टमोऽध्याय:

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! विष्णु अन्तर्ध्यान भई स्वर्गतिर लागेपछि ती बाँकी रहेका तेत्तिस कोटि देवता, यक्ष, गन्धर्व, दैत्य र नागहरू हाहाकार गरी दश दिशातिर भागी एकअर्कामा कुरा गर्न लागे । अब दक्षप्रजापतिको प्राण रहँदैन किनभने स्वयम् नारायणले त केही गर्न सक्नु भएन भने हामीहरूको पराक्रमले के गर्न सक्ला ? त्यसैले आआफ्नो ज्यान बचाउनु बेस छ भनी सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र अष्टदिक्पालहरू भागे । त्यो देखी कालजस्ता वीरभद्र रिसले आगोजस्तो भएर जिभ्रो काढी, नागले श्वास फिकेझैँ सुस्केरा हाली वर्षाको मेघझैँ गर्जंदै जाइलागी, दक्षको टुप्पी समाती पछारी भन्न लागे– “हे पापिष्ठ दक्ष ! तैँले श्रीमहादेवलाई निन्दा गरिस्, हेला पनि गरिस्, आफ्नी छोरीलाई पनि मारिस् । तँजस्तो पापी अरू कोही छैन । बहुला महादेवलाई नडाक्दा के फरक पर्छ र ! नारायण आदि सबै मेरा जुवाइँहरू छँदै छन्; त्यो अनुहार नपरेको दिगम्बर, घिनलाग्दो महादेवलाई नडाक्दा

मलाई के फरक पर्छ ? भनी त्रिभुवनका मालिकलाई निन्दा गरिथिस् अब यस बखतमा तेरा जुवाइँहरू कहाँ गए ? तिनीहरूसित गुहार मागी आफ्नो प्राण बचा । हेरौँ त तेरो यज्ञ बिनाशङ्कर कसरी पूरा हुन्छ ? अब तँलाई पनि यस यज्ञमा होम्न सके हामी सबैलाई सन्तोष हुनेछ” भनी नाना तरहले गाली गर्दै दक्षप्रजापतिको शिर छुट्ट्याई यज्ञमा होमिदिए । यसरी दुष्टलाई संहार गरेको देखी महाकाली आदि चौसट्ठी योगिनी, नन्दी, भृङ्गी, प्रमथगण, विषमज्वर, भूत, प्रेत र पिशाचहरूले एक स्वर गरी ‘धन्यधन्य वीरभद्र ! शिवनिन्दा गर्ने दक्षको नाश गर्‍यौ’ भनी खुसी भई भन्न लागे– “तिमीजस्तो बलियो त्रिभुवनमा कोही पनि छैन ।”

त्यहाँ उप्रान्त दक्षप्रजापतिकी पत्नी विरणीले आफ्ना स्वामीको शिर छुट्ट्याई यज्ञकुण्डमा होमेको देख्दा हुरीले ढालेको ठूलो रूखझैँ भूमिमा ढली मूर्छा भइन् । उनलाई फेरि चेत आयो र शोक गर्न लागिन्– “हे स्वामी ! मलाई यस्ता अवस्थामा पारी अनाथ बनाई तपाईं कता जानुभयो ? जगदीश्वर श्रीमहादेवलाई यज्ञमा नडाक्दा यस्तो भयो, तपाईंले भूल गर्नुभएको हो । अज्ञानले शिवलाई निन्दा गर्दा तपाईंको प्राण गयो, मेरो पनि यो अवस्था भयो ।” यसरी विरणीले नाना तरहले बिलौना गरिन् । अनि उनी महावीर वीरभद्रका नजिक गई बिन्ती गर्न लागिन्– “हे ईश्वर ! वीरभद्र ! दक्षप्रजापति अति अज्ञानी हुन्, अहङ्कारी पनि हुन्, तिनलाई ज्ञान

पनि थिएन, त्यस्ता मूर्खलाई नाशी तपाईंको के बढाइँ होला ? मलाई विधवा नबनाइदिनुहोस्, स्वामी वरदान दिनुहोस्, मेरा स्वामीलाई बचाई मेरो उद्धार गर्नुहोस् । हे वीर ! आफूले सृष्टि गरी आफैँले संहार गर्नु योग्य छैन । विषैको बिरुवा भए पनि आफूले लगाई आफैँ उखेल्नु ठीक छैन । सृष्टि, स्थिति र संहार गर्ने हे प्रभो ! महारुद्र पनि तपाईं, आदि देवता पनि तपाईं, आदि पुरुष पनि तपाईं, ब्रह्मा, विष्णु पनि तपाईं, तपाईंभन्दा ठूलो कोही छैन, तपाईंको महिमा वर्णन गर्न म स्त्रीजाति के सकूँली ? हे भक्तवत्सल ! मेरो मुख हेरी दक्षप्रजापतिको सबै अपराध क्षमा गरी बचाइदिनुहोस् ।" विरणीका यस्ता अनुनयविनय इन्द्रादि देवताले सुने र आकाशबाट पुष्पवृष्टि गरी भन्न लागे– "हे वीरभद्र ! ती दक्षप्रजापतिलाई पुनर्जीवन दिई विरणीलाई सन्तोष दिनुहोस् ।" इन्द्रादि देवताको अनुरोध एवम् विरणीले पनि अति शोक गरेको देखी वीरभद्रको मन पग्ल्यो र विरणीको मुखमा हेरी भन्न लागे– "हे विरणी ! तिम्रो स्तुतिदेखि म खुसी भएँ, तिमीलाई स्वामी वर दिन्छु । तर तिम्रो स्वामीको शिर मैले यज्ञकुण्डमा होमिसकेको हुनाले यज्ञमा बलिदान दिएको बोकाको टाउको जोडी दक्षलाई बचाइदिन्छु किनभने त्यसले जगदीश्वरलाई साह्रै निन्दा गऱ्यो, त्यो पशु हो । यस अर्थले दक्षको शरीरको बाँकी भागमा पशुकै टाउको जोडिदिनुपर्छ ।" यति वीरभद्रले भनेको सुनी विरणीले 'हुन्छ' भनी अञ्जलि बाँधिरहिन् । तब वीरभद्रले बोकाको टाउको ल्याई पछिल्तिर मुख फर्काएर

जोडिदिए र दक्षप्रजापतिलाई बिउँझाइदिए । अनि विरणीले बडो सन्तोषसित छागमुख अर्थात् बोकाको मुख भएको दक्षप्रजापतिका साथ महाकाली र वीरभद्रलाई साष्टाङ्ग प्रणाम गरिन् र आफ्ना घर गइन् । महाकाली र वीरभद्रले तेत्तिस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापतिका सेनालाई जिती, यज्ञ विध्वंस गरी नन्दी, भृङ्गी, चतु:षष्टियोगिनी, भूत, प्रेत, पिशाच, प्रमथगण र विषमज्वरका साथ त्यहाँबाट अन्तर्ध्यान भई कैलाश पर्वततिर लागे । कैलाशमा पुगी महादेवलाई साष्टाङ्ग प्रणाम गरी 'हे जगदीश्वर ! तपाईंका आज्ञाले पापिष्ठ दक्षप्रजापतिको यज्ञ विध्वंस गरी तेत्तिस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापतिका सेनालाई पराजित गरी, दक्षको शिर छुट्ट्याई यज्ञकुण्डमा होमिसकेपछि दक्षप्रजापतिकी स्त्री विरणीले आफ्ना स्वामीको त्यो दशा देखी बहुतै विलाप गरिन् । त्यो देख्दा मलाई पनि दया लाग्यो र यज्ञकुण्डमा बलि दिएको बोकाको टाउको ल्याई पछिल्तिर मुख फर्काई जोरिदिई दक्षप्रजापतिलाई बचाई आएँ' भनी बिन्ती गरे । श्रीमहादेवले खुसी भई आज्ञा गर्नुभयो– "हे महाकाली ! वीरभद्र ! तिमीहरूले बेस काम गर्‍यौ, धन्य रहेछौ, म खुसी भएँ" भनी उनीहरूलाई आफ्ना शरीरमा विलीन गराउनुभयो ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे
श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां यज्ञाग्निकुण्डे
दक्षशिरहोमो नाम अष्टमोऽध्याय: ॥८॥

# नवमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! त्यसपछि श्रीमहादेवले आफ्नी स्त्री सतीदेवीलाई सम्झनुभयो र दक्षप्रजापतिले यज्ञ गरेका ठाउँमा गई यज्ञकुण्डमा प्रवेश गरेकी सतीदेवीलाई देख्नासाथ 'हा प्रिये !' भन्दै त्यहाँबाट झिकी काखमा लिई तीनै आँखाबाट बलिन्द्र धारा आँसु खसाली, 'हा सतीदेवी ! कैलाश शून्य गराई मलाई एक्लै छोडी यस्तो बिचल्ली पारी तिमी कता गयौ ?' भन्दै रूख ढलेझैँ भूमिमा ढली मूर्छा पर्नुभयो । फेरि चेत आयो र 'हा प्राणप्रिये ! अब मैले बाँच्नु धिक्कार छ, एकछिन पनि नछोडी मेरै अगाडि बसी मैले भनेका पुराण कथामा भुलिरहन्थ्यौ, आज कहाँ गयौ ? अब त्यो कथा म कसलाई सुनाउँला, को सुन्ला ? मैले भनेको नमान्दा तिम्रो यो दशा भयो, मेरो यो हालत भयो' भनी छाती ठोक्तै विलाप गर्न लाग्नुभयो । फेरि 'हे प्यारी ! मलाई मन पर्ने वस्तु विष, भाँङ, धतुरो यी मेरा स्वामीलाई मन पर्छ भनी तिमीले जतनसित राखिदिन्थ्यौ; अब कसले त्यसो गरिदेला ? फेरि कतैबाट आउँदा हातमा कमण्डलु

लिई हात पाउ धुन ढोकामा उभिन्थ्यौ, अब कसले धोइदेला ? हा प्यारी ! तिमीबिना मैले यो मन कसरी थाम्ने ?' भन्दै कहिले सतीदेवीको मुख हेरिरहने, कहिले म्वाइँ खाने, कहिले छातीमा हात राख्ने, कहिले आलिङ्गन गर्ने, कहिले सतीदेवीका हात आफ्ना छातीमा राख्ने गर्न थाल्नुभयो । यसरी नाना शोक गरी सतीदेवीलाई पीठमा बोकी 'हा सतीदेवी !' भन्दै बहुलाजस्ता भई पृथ्वी भ्रमण गर्न भनी हिँड्न लाग्नुभयो । श्रीमहादेवले पीठमा राखेकाले सतीदेवी गल्न पनि सकिनन्, दुर्गन्धित पनि भइनन्, निद्रामा परेकी जस्ती भइरहिन् ।

हे अगस्त्यमुनि ! त्यहाँपछि इन्द्रादि तेत्तिस कोटि देवताले सतीदेवी पीठमा लिई पृथ्वी भ्रमण गर्दै हिँडेका श्रीमहादेवलाई देखी वैकुण्ठमा गई विष्णुसित बिन्ती गरे– "हे परब्रह्मन् ! यो सबै संसारलाई तपाईं र महादेवले रक्षा गर्नुभएको छ । तपाईं दुई नभए पृथ्वीको रक्षा कसले गर्न सक्ला ? यज्ञमा सतीदेवी मर्नाले उनको शरीर पीठमा लिई महादेव पृथ्वीभ्रमण गरिरहनुभएको छ । सतीदेवीको शरीर रहुन्जेलसम्म महादेवले त्यसै गर्नुहुनेछ । यस कारण तपाईंले आफ्नो मायाले झिँगा रची औँसा पारी सतीदेवीको शरीर गलाई पतन गराइदिनुहोस् ।" यति इन्द्रादि देवताले भनेको सुनी विष्णुले 'हे इन्द्रादि देवताहो ! तिमीहरूले बेस भन्यौ, म त्यसै गर्नेछु । तिमीहरू धन्दा नमान, अमरावती जाऊ' भन्नुभयो ।

विष्णुले यति आज्ञा गरेको सुनी इन्द्रादि देवताले ‘हवस्’ भनी विष्णुलाई साष्टाङ्ग प्रणाम गरेर अमरावती गए । अनि विष्णुले इन्द्रादि देवताले भनेबमोजिम आफ्ना मायाले झिँगा रची औँसा पारी सतीदेवीको शरीर गलाई पतन गराइदिन थाल्नुभयो । यसरी जहाँजहाँ सतीदेवीको अङ्ग पतन भयो, त्यहाँत्यहाँ एकएक पीठ उत्पन्न भयो, त्यहीँत्यहीँ चतुर्मुखी ब्रह्माले पनि एकएक स्वयम्भू लिङ्ग स्थापना गर्नुभयो ।

१. महादेव पहिले नेपालमा जाँदा गुह्येश्वरीमा सतीदेवीको गुह्य पतन भयो । नेपाल पीठ, गुह्येश्वरी देवी, चन्द्रघण्टायोगिनी, सिद्धेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा इन्द्रादि देवताहरू आई तपस्या गरे । ईश्वरी खुसी भई ‘सत्य, त्रेता, द्वापर र कलि यी चारै युगमा तेत्तिस कोटि देवता भनी प्रख्यात भए’ भनी वरदान दिइन् ।

२. त्यसपछि महादेव कामरूपमा पुग्दा सतीदेवीको छाती पतन भयो । कामरूप पीठ, कामाक्षीदेवी, कर्तायोगिनी, चक्रेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा यक्षगण आई तपस्या गरे । ईश्वरी प्रसन्न भई ‘स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा यक्षगण भनी प्रख्यात भए’ भनी वरदान दिइन् ।

३. त्यसपछि वज्रयोगिनीमा पुग्दा सतीदेवीको दाहिने कान पतन भयो । वज्रयोगिनी पीठ, अम्बिकादेवी, चन्द्रवेगायोगिनी धनेश्वर

महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस सिद्ध भूमिमा दैत्यगण आई तपस्या गरे । ईश्वरी प्रसन्न भई 'देवगणलाई जित्न सके' भनी वरदान दिइन् ।

४. त्यसपछि दक्षिणकालीमा पुग्दा जिभ्रो पतन भयो । दक्षिणकाली पीठ, शारदादेवी, घोरघण्टायोगिनी, श्रमधारेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा किन्नर गण आई तपस्या गरे । ईश्वरी प्रसन्न भई 'मनोवाञ्छा अर्थात् मनले चिताएको सिद्ध होओस्' भनी वरदान दिइन् ।

५. त्यसपछि भद्रकालीका आइपुग्दा आङको छाला पतन भयो । भद्रकाली पीठ, ऊङ्केश्वरीदेवी, चन्द्रायोगिनी, दुग्धेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस मोक्षभूमिमा रावण आई तपस्या गरे । ईश्वरी प्रसन्न भई 'देवलोकलाई जित्न सके' भनी वरदान दिइन् ।

६. त्यसपछि पुण्यगिरिमा पुग्दा बायाँ कान पतन भयो । पुण्यगिरि पीठ, पूर्णादेवी, कपालकुण्डलायोगिनी, चन्द्रेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस हर्षभूमिमा गन्धर्वगण आई नाचगान गरी तपस्या गरे । ईश्वरी प्रसन्न भई 'इन्द्रका अगाडि कहिल्यै पनि नचुके' भनी वरदान दिइन् ।

७. त्यसपछि सल्यानकोटमा पुग्दा हातपाउको नङ पतन भयो । सल्यानकोट पीठ, मनकामनादेवी, कालिकायोगिनी

इच्छाविरुकेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस सिद्ध भूमिमा नारद ऋषि आई तपस्या गरे । ईश्वरी प्रसन्न भई 'तिम्रो वाक्य सिद्ध होओस्' भनी वरदान दिइन् ।

८. त्यसपछि मनकामनामा पुग्दा दाहिने हात पतन भयो । मनकामनापीठ, कर्तेश्वरीदेवी, एकाक्षीयोगिनी, निद्रापतिश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा राधिकागण आई तपस्या गरे । ईश्वरी प्रसन्न भई 'सबैका मनोकामना पूर्ण होऊन्' भनी वरदान दिइन् ।

९. त्यसपछि गण्डकीको किनारमा अवस्थित कालिकामा पुग्दा बायाँपट्टिको आँखा पतन भयो। कालिका पीठ, सिद्धेश्वरीदेवी, सिद्धायोगिनी, दधीश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस रत्नभूमिमा कर्णवीर आदि श्मशानले तपस्या गरे। ईश्वरी प्रसन्न भई 'सम्पूर्ण मृतकलाई दाह गर्न सके' भनी वरदान दिइन् ।

१०. त्यसपछि धवलागिरिमा पुग्दा मलद्वार पतन भयो । अन्नपूर्णा पीठ, महाकालेश्वरीदेवी, विकटदन्तायोगिनी, त्रिपुरेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा यमराज आई नाना उपचारले पूजा गरी तपस्या गरे । ईश्वरी प्रसन्न भई 'ब्रह्माको सृष्टिको संहार गर्न सके' भनी वरदान दिइन् ।

११. त्यसपछि अम्बिकेश्वरीमा पुग्दा कण्ठ पतन भयो । आम्बिकेश्वरी पीठ, कामिनीदेवी, लम्बिकायोगिनी, कालेश्वर महादेव

उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा पृथिवीले नाना उपचारले पूजा गरी तपस्या गरिन् । ईश्वरी प्रसन्न भई 'सृष्टि स्थान होऊ' भनी वरदान दिइन् ।

१२. त्यसपछि छायाक्षेत्रमा पुग्दा दाहिने पाउ पतन भयो । त्रिपुरासुन्दरीपीठ, पार्वतीदेवी, अम्बिकायोगिनी, विश्वम्भरेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस सिद्धभूमिमा ब्रह्माले अनेक तरहका यज्ञ गरेर तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । ब्रह्माले 'स्वर्ग, मर्त्य र पाताल तीनै लोकको सृष्टि गर्ने होऊँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

१३. त्यसपछि शैलेश्वरीमा पुग्दा माथिल्ला दाँत पतन भए । शैलेश्वरीपीठ, मीनाक्षीदेवी, वज्रदेहायोगिनी, सत्येश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा धर्मदत्त राजाले योगमार्गले तपस्या गरे । ईश्वरी प्रसन्न भई 'तिमीलाई कसैले जित्न नसकोस्' भनी वरदान दिइन् ।

१४. केदारमा पुग्दा बायाँ हात पतन भयो । केदारपीठ, केदारेश्वरीदेवी, मुण्डायोगिनी, कोटेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा एकादश रुद्र आई योगमार्गले तपस्या गरे । ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन् । एकादश रुद्रले 'हामी सबैको बराबर तेज होओस्' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

१५. त्यसपछि बडीमालिकामा पुग्दा दाहिने आँखा पतन भयो। बडीमालिका पीठ, सिद्धिकालीदेवी, सिद्धायोगिनी, प्रकाशेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा दश दिक्पालले तपस्या गरे। ईश्वरी प्रसन्न भई 'तिमीहरूका आफ्ना दिशा स्थिर होऊन्' भनी वरदान दिइन्।

१६. त्यसपछि सुर्मादिवीमा पुग्दा तालु पतन भयो। सुर्मादिवीपीठ, भद्राक्षीदेवी, भद्रायोगिनी, कमलेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा अष्टवसुले आई षोडशोपचारले पूजा गरी तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। अष्टवसुले 'जे चितायो उही पुग्ने होओस्' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

१७. त्यसपछि मालिकार्जुनमा पुग्दा नाभि पतन भयो। मालिकार्जुन पीठ मालिकादेवी, गोरक्षीयोगिनी, हाटकेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा नागहरूले हीरा, मोती आदि नाना रत्न चढाई पूजा गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। नागहरूले 'सप्त पातालका अधिपति होऔँ' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

१८. त्यसपछि उग्रतारामा पुग्दा तल्लो ओठ पतन भयो। उग्रतारा पीठ, तारादेवी, ज्वालामुखीयोगिनी, पिशाचेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा कामधेनु

गाईले नित्य दूध चढाई तपस्या गरिन् । ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन् । कामधेनुले 'मेरो दूध, गोबर र गहुँत पवित्र होऊन्' भनी मागिन् । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

१९. त्यसपछि भैरवीमा पुग्दा बायाँ पैताला पतन भयो । भैरवी पीठ, महाकालीदेवी, करालीयोगिनी, भूपालेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पवित्र भूमिमा द्वादशादित्य अर्थात् बाह्र सूर्यले तपस्या गरे । ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनीहरूले 'बाह्र महिनाका अधिपति होऔँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

२०. त्यसपछि विन्ध्यवासिनीमा पुग्दा कपाल पतन भयो । विन्ध्यवासिनी पीठ, श्मशानकालीदेवी, भूतघण्टायोगिनी, क्षीरेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस सिद्धभूमिमा अश्विन्यादि सत्ताइस नक्षत्रले तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेओ' भनिन् । नक्षत्रहरूले 'ज्योतिषशास्त्र हाम्रो अधीनमा होऊन्' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

२१. त्यसपछि मौलाकालिकामा पुग्दा देब्रे घुँडो पतन भयो । मौलाकालिका पीठ, भद्राक्षीदेवी, ललितायोगिनी, मातेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस सिद्धभूमिमा मेष आदि

बाह्र राशिले तपस्या गरे। ईश्वरी प्रसन्न भई 'वरदान लेओ' भनिन् । राशिहरूले 'मनुष्यहरू हाम्रा अधीनमा रहून्' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

२२. त्यसपछि गोकर्णमा पुग्दा माथिल्लो ओठ पतन भयो । गोकर्ण पीठ, भैरवीदेवी, एकजङ्घायोगिनी जागेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा विष्कुम्भादि योगले आई महाकष्टले तपस्या गरे । ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन् । योगहरूले 'योगादिशास्त्रहरू हाम्रो अधीनमा रहून्' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

२३. त्यसपछि शोभाभगवतीमा पुग्दा दाहिने स्तन पतन भयो । शोभाभगवती पीठ, योगेश्वरीदेवी, पिङ्गलायोगिनी बुधराधेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस रत्नभूमिमा कश्यप आदि ऋषिहरूले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन् । ऋषिहरूले 'चतुर्वेद हाम्रा अधीनमा होऊन्' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

२४. त्यसपछि जालपादेवीमा पुग्दा तल्ला दाँत पतन भए । जालपादेवी पीठ, भ्रामरीदेवी, शङ्खधरायोगिनी, सप्तभूतेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा वाग्मती आदि गङ्गाहरूले जल चढाई भक्ति गरी तपस्या गरे । ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन् । वाग्मती आदि गङ्गाले 'हामीमा

भुक्ति मुक्तिको अधिकार होओस्' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

२५. फेरि वाराणसीमा पुग्दा शिर पतन भयो । वाराणसी पीठ, विशालाक्षीदेवी, सङ्कटायोगिनी, विश्वेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा गन्धर्वगणले गानविद्याद्वारा तपस्या गरे । ईश्वरीले प्रसन्न भई 'वाक्य सिद्ध होओस्' भनी वरदान दिइन् ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां पीठोत्पत्तिर्नाम नवमोऽध्यायः ॥९॥

# दशमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

२६. महादेव सतीलाई बोकी गढीमाई पुग्दा बायाँ स्तन पतन भयो । गढीमाई पीठ, भुवनेश्वरीदेवी, भुवनयोगिनी, कृष्णवर्णेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा कृष्णले आई तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । कृष्णले 'तीनै लोकका स्त्रीहरू मदेखि मोहित होऊन्' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

२७. त्यसपछि कङ्कालीमा पुग्दा दायाँ कुहिनो पतन भयो । कङ्काली पीठ, राजगृहेश्वरीदेवी, उल्कामुखीयोगिनी, हरेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस मोक्षभूमिमा वायुले आई सुगन्ध बहाई तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनले 'सबै जीवात्माको प्राणवायु हुन पाऊँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

२८. चण्डेश्वरीमा पुग्दा देब्रे कुहिनो पतन भयो । चण्डेश्वरी पीठ, प्रचण्ड, चण्डिकादेवी, रेणुकायोगिनी, विश्वामित्रेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा अप्सराहरूले नाचगान गरी तपस्या गरे । ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन् । अप्सराहरूले 'इन्द्रादि देवताहरूलाई मोह गर्न सकौँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

२९. त्यसपछि पलाञ्चोकमा पुग्दा पेट पतन भयो । पलाञ्चोक पीठ, महालक्ष्मीदेवी, नन्दायोगिनी, श्मशानेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा गरुडले रत्न फलफूल चढाई पूजा गरी तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । गरुडले 'नागहरू मेरा आहारा होऊन्' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

३०. त्यसपछि कालिञ्चोकमा पुग्दा दाहिने घुँडो पतन भयो । कालिञ्चोक पीठ, साधुक्षीदेवी शङ्कुपायोगिनी, उन्मत्तेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा शिलाहरूले आई तपस्या गरे । ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन् । शिलाहरूले 'देवताका अङ्गमा लागौँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

३१. ॐकारेश्वरमा पुग्दा दाहिने मृगौला पतन भयो । ॐकारपीठ, मातृकादेवी, पूर्णोदरीयोगिनी, सन्तानेश्वर महादेव

उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस मोक्षभूमिमा कल्पवृक्षले अनेक तरहका फलफूल चढाई पूजा गरी तपस्या गरे । ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन् । कल्पवृक्षले 'जे चितायो उही फलाउन सकूँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

३२. जयन्तीपुरमा पुग्दा कलेजो पतन भयो । जयन्तीपुर पीठ, जयन्तीदेवी, खेचरीयोगिनी, कल्पेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस सिद्धभूमिमा तुलसी, कुशले आई तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । तुलसी, कुशले 'स्वर्ग, मर्त्य, पाताल तीनै लोकले हामीलाई मानून्' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

३३. उज्जैनमा पुग्दा रगतको फाल्सा पतन भयो । उज्जैन पीठ, महाकालीदेवी, ललज्जिह्वायोगिनी, ऊङ्केश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस सिद्धभूमिमा हिमालय पर्वतले आई तपस्या गरे । ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनले 'देवता, दैत्य, मनुष्य सबैलाई मोक्ष दिन सकूँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

३४. त्यसपछि पाथीभरामा पुग्दा दाहिने करङ पतन भयो । पाथीभरा पीठ, स्वर्णेश्वरीदेवी, चित्रवर्णायोगिनी, वायव्येश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा योगिनीगणले आई तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् ।

योगिनीगणले 'मन्त्रसिद्धि होओस्' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

३५. त्यसपछि वरदादेवीमा पुग्दा भुँडी पतन भयो । वरदादेवी पीठ, युगाद्यादेवी, कलङ्कीयोगिनी, सहस्रनेत्रेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस मोक्षभूमिमा मातृकागणले नाना उपचारले पूजा गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनीहरूले 'स्थानस्थानका मालिक होऔँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

३६. हस्तिनापुरमा पुग्दा दाहिने कुम पतन भयो । हस्तिनापुर पीठ, चण्डेश्वरीदेवी, कोटराक्षीयोगिनी सुमुखेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा सुदर्शन चक्रले तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनले 'संहारकर्ता होऊँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

३७. उड्डियानमा पुग्दा शिरको हड्डी पतन भयो । उड्डियान पीठ, विमलादेवी, पिङ्गलाक्षीयोगिनी यक्षेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस सिद्धभूमिमा हनुमान् आई थरीथरीका फलफूल चढाई खेलकुद गरी पूजा गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनले 'रामचन्द्रको सेवक भई लङ्कादहन गर्न सकूँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

३८. प्रजङ्गमा पुग्दा फोक्सो पतन भयो । प्रजङ्गपीठ सुन्दरीदेवी सिंहवेगायोगिनी महेन्द्रेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा दश अवतारले तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । दश अवतारले 'सत्य, त्रेता, द्वापर र कलि चारै युगका दैत्यहरूको संहार गर्न सकौँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

३९. त्यसपछि खाँडादेवीमा पुग्दा बायाँ मिर्गौला पतन भयो । खाँडादेवीपीठ, ऋङ्केश्वरीदेवी, ऋङ्कालीयोगिनी, कुण्डलेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस सिद्धभूमिमा विश्वकर्माले रङ्गबिरङ्गका देवल बनाई तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनले 'मेरो शिल्पको कीर्ति सत्य, त्रेता, द्वापर, कलि चारै युगमा रहिरहोस्' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

४०. मायापुरमा पुग्दा फियो पतन भयो । मायापुर पीठ, मायादेवी, चञ्चलायोगिनी, तपेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस तपोभूमिमा चतु:षष्टि लिङ्गले जपध्यान गरी तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । चतु:षष्टि लिङ्गले 'स्वयम्भू लिङ्ग भई रहौँ' भनी वरदान मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

४१. मल्लागिरिमा पुग्दा बायाँ कुम पतन भयो । मल्लागिरि पीठ, मालिकादेवी, कोकरायोगिनी, कुशोत्पन्नेश्वर महादेव उत्पन्न

भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा भूत, प्रेत र पिशाचले नाची, खेली तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान माग' भनिन् । उनीहरूले 'सधैँ हजुरका नगिचमा बस्न पाऔँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

४२. मलयागिरिमा पुग्दा आसन पतन भयो । मलयागिरि पीठ, वज्रेश्वरीदेवी, कोमलायोगिनी, योगेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा सत्यले तपस्या गरे, ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनले 'सत्यमा रहनेको उद्धार गर्न सकूँ' भनी वरदान मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

४३. त्यसपछि क्षमादेवीमा पुग्दा मुटु पतन भयो । क्षमादेवीपीठ, उमादेवी, अष्टवक्त्रायोगिनी, कागेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा आदित्यादि नवग्रहले तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनीहरूले 'लाभहानिको अधिकार हामीमा होओस्' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

४४. मेरुगिरिमा पुग्दा शुचिस्थान पतन भयो । मेरुगिरि पीठ, पर्णदेवी, कपालिनीयोगिनी, जिह्वापतेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस मोक्षभूमिमा सप्तनागले हीरामोती र रङ्गबिरङ्गका रत्न चढाई पूजा गरे, ईश्वरी प्रसन्न भई

'वरदान लेऊ' भनिन्, उनीहरूले 'हाम्रा शरीर अगम्य अर्थात् कसैले गम पाई नसकिने होऊन्' भनी मागे; ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

४५. त्यसपछि कुमारीस्थलमा पुग्दा दाहिने तिघ्रा पतन भयो । कुमारीपीठ, इन्द्राक्षीदेवी, उर्द्धगमनयोगिनी, तारकेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा लक्ष्मीले थरीथरीका द्रव्य चढाई तपस्या गरिन् । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनले 'कात्तिक कृष्ण अमावास्या अर्थात् गाईतिहारे औँसीका दिन सबै लोकले मेरो पूजा गरून्' भनी मागिन् । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

४६. देउतीपुरमा पुग्दा बायाँ तिघ्रा पतन भयो । देउतीपुरपीठ, कामेश्वरीदेवी, मेरुण्डयोगिनी, वेदान्तेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस मोक्षभूमिमा कमल आदि पुष्पले सुवास फैलाउँदै तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनीहरूले 'पूजा गर्ने बेलामा हामीहरू प्रशस्त फुल्न सकौँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

४७. त्यसपछि महाकालीमा पुग्दा सूतस्थान पतन भयो । महाकालीपीठ, नवरत्नेश्वरीदेवी, त्रिपुरेन्द्रीयोगिनी, नारदेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस रत्नभूमिमा सरस्वतीले थरीथरीका स्तोत्रले स्तुति गरिन् । ईश्वरी प्रसन्न भई 'वरदान

लेऊ' भनिन् । उनले 'सबै जीवात्माका बोलीमा मेरो वास होओस्' भनी मागिन् । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

४८. महालक्ष्मीपुरमा पुग्दा बायाँ करङ पतन भयो । महालक्ष्मीपुर पीठ, कमलाक्षीदेवी, दिगम्बरायोगिनी, त्रिकूटेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस सिद्धभूमिमा अणिमादि अष्टसिद्धिले योगमार्गद्वारा तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । अष्टसिद्धिले 'अमर होऔँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

४९. त्यसपछि महासरस्वतीमा पुग्दा कन्डेउलो पतन भयो । महासरस्वतीपीठ, त्रिपुरसुन्दरीदेवी, सुशङ्कोदरीयोगिनी, भैरवेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस आनन्दभूमिमा मेघले आई सिमसिम पानी बर्साई तपस्या गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनले 'संसारलाई जलदान दिई उद्धार गर्न सकूँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

५०. कैलाशपर्वतमा पुग्दा बाँकी रहेका सम्पूर्ण अङ्ग पतन भए । कैलाशेश्वरी पीठ, पार्वतीदेवी सुकोदरायोगिनी, पिशाचेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा अष्टभैरवले थरीथरीका उपचारले पूजा गरे । ईश्वरी प्रसन्न भई 'वरदान लेऊ' भनिन् । उनीहरूले 'मातृकागणको मालिक होऔँ' भनी मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

हे अगस्त्यमुनि ! यसरी जहाँजहाँ सतीदेवीका अङ्गको पतन भयो त्यहाँत्यहाँ एकएक पीठ उत्पन्न हुँदै गए । सबै पीठको सङ्ख्या साढे सात कोटि छ । तीमध्ये पचास पीठमा एकै पीठको मात्र दर्शन गरे पनि मनले चिताएको पुग्दछ । मन, वचन र कर्मले गरेका सबै पापको नाश हुन्छ । त्यसैले मनुष्य जन्म लिएपछि पचास पीठमध्ये कुनै एक पीठको भए पनि दर्शन गर्नैपर्छ भनी चतुर्मुख ब्रह्माले आज्ञा गर्नुभएको छ ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां पीठोत्पत्तिर्नाम दशमोऽध्याय: ॥१०॥

# एकादशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! सतीदेवीका सबै अङ्ग पतन भएपछि श्रीमहादेव चित्त थाम्न नसकी 'हा प्राणप्रिये ! सतीदेवी ! कहाँ गयौ नि !' भन्दै अचेत भई भूमिमा लडी मूर्छा पर्नुभयो । त्यसको केही बेरपछि चेत आयो र सुस्केरा हाली मनले झलझली सतीदेवीलाई सम्झँदै बहुलाजस्ता भई जथाभाबी हिँड्न लाग्नुभयो । त्यसरी हिँड्नुभएका श्रीमहादेवलाई देखी तारकासुर दैत्यले आफ्ना मन्त्रीहरूसित भन्यो– "हे मन्त्रीहो ! सतीदेवी मर्नाले महादेव बहुलाजस्ता भई 'हा सती ! हा सती !' भन्दै जथाभाबी हिँड्न लागेका छन् । यस अवसरमा देवताहरूसित युद्ध गरौँ, नचुकौँ; यस्तो मौका आउने छैन, इन्द्रको अमरावती लिऊँ । अब हामीलाई कसले छुन सक्छ ?" तारकासुरले यस्तो प्रस्ताव गरेपछि आफ्नाआफ्ना शस्त्रअस्त्र लिई, भएजति सेना अगि लगाई, मन्त्रीहरूसमेत भई लडाइँ गर्न अमरावतीमा गए । तिनीहरूलाई देख्नासाथ इन्द्र डराई 'हे देवताहो ! अब यहाँ हामीहरूले बस्नु भएन, किनभने तारकासुर दैत्यलाई श्रीमहादेवले वरदान दिनुभएको छ । त्यसलाई

युद्ध गरी जित्न को सक्ला ? त्यससँग लड्नुभन्दा बरु भाग्नै निको छ भागौँ' भनी स्वर्गबाट भागाभाग गरी मृगस्थलीमा आई बसे। देवताहरू भागेपछि तारकासुर दैत्य इन्द्रको अमरावती लिई स्वर्ग, मर्त्य र पाताल तीनै लोकको राज्य गरी आनन्दले रह्यो।

उता श्रीमहादेव पृथ्वी भ्रमण गर्दै मृगस्थलीमा आइपुग्नुभयो। देवताहरूले उहाँलाई देखी साष्टाङ्ग प्रणाम गरी बिन्ती गरे– "हे ईश्वर ! तपाईंसित अब सतीदेवीको शरीर छैन, किन अझै पनि यसरी एकसुर हुनुभएको हो ? आँखा उघारी हेर्नुहोस्। त्यो पापिष्ठ तारकासुरले बलजफ्ती हाम्रो अमरावतीसमेत लियो। त्यसलाई हजुरले वरदान दिनुभएको हुनाले हामीले युद्ध गर्न सकेनौँ र भागी यहाँ आई बसिरहेका छौँ; रक्षा गर्नुहोस्। पापिष्ठ तारकासुरको नाश गर्नुहोस्।" इन्द्रादि तेत्तिस कोटि देवताले यस्ता बिन्ती गरेको सुनी महादेवले आँखा उघारी हेर्नुहुँदा आफूसित सतीदेवीलाई नदेखी देवताहरूलाई आफ्ना अगाडि देख्नुभयो र केही जबाफ नदिई सतीदेवीलाई नै सम्झी 'हा सती !' भनी त्यहाँबाट पनि हिँड्नुभयो। यसरी श्रीमहादेवले शोक गरेको देखी जति जीवात्मा प्राणी छन् ती सबैले मन थाम्न नसकी साह्रै दु:खी भए। यसरी शोक गर्दै श्रीमहादेव एक सय वर्षसम्म पृथ्वीमा भ्रमण गरिरहनुभयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां इन्द्रादिदेवतामृगस्थलीगमनो नाम एकादशोऽध्याय: ॥११॥

# द्वादशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! त्यति भएपछि एक दिन श्रीमहादेवले चित्त सँभाली हेर्दा सतीदेवीको शरीर आफूसित नरहेको भन्ने थाहा पाउनुभयो । 'अब कसो गरूँ, कहाँ जाऊँ ?' भनी भरसक चित्तलाई धैर्य दिई 'अब तपस्या गर्न उत्तरापन्थमा जान्छु' भनी जान लाग्नुभएको थियो । चित्त दृढ हुन नसकी घुमिरहँदा उत्तरतिर जानुभएको त दक्षिणतिरको बाटो लाग्नुभएछ र जाँदाजाँदा कर्णाटक नगरको नजिकमा पुग्नुभएछ । त्यहाँ ब्रह्मपुर नाउँ भएको एउटा गाउँ थियो । त्यहाँ बसेका ऋषिहरू गङ्गामा स्नान गर्न भनी गएका थिए । श्रीमहादेव त्यतैबाट जानुभएको ऋषिपत्नीहरूले देखे र एउटीले अर्कीसित भनिन्– "हे ऋषिपत्नीहो ! ती गएका महादेव हुन्, हेर ! सतीदेवी मर्नाले बहुलाजस्ता भई त्यसरी हिँडेका छन् । हाम्रा ऋषिहरू एक भक्त रहनाले दुर्बल छन् । यस कारण हामीहरू श्रीमहादेवको पछि लागी जाऔँ ।" त्यो सुनी एक सय ऋषिपत्नीहरू श्रीमहादेवका पछि लागी गए ।

त्यसपछि गङ्गामा स्नान गर्न गएका ऋषिहरूले त्यो कुरा थाहा पाई खोज गर्दै जाँदा केही पर बाटामा फेला पारेर 'हे महादेव ! तिमीले हाम्रा स्त्रीलाई किन हरण गरी ल्यायौ ?' भनी कड्किए । त्यो सुनी श्रीमहादेवले 'हे ऋषिहो ! म तिमीहरूका स्त्रीहरूलाई किन हरण गरी ल्याउँथें ?' भन्नुभयो । ऋषिहरूले 'यी तिम्रा पछि लागी आएका को हुन् भन त ?' भने । श्रीमहादेव पछि फर्की हेर्दा ऋषिपत्नीहरूलाई देखी 'यिनीहरूलाई मैले त ल्याएको होइन, किन आएछन्' भन्नुभयो । तब ऋषिहरूले 'हे महादेव ! तिम्रो नग्न स्वरूप देखेर हाम्रा स्त्री पछि लागी आएका हुन्; अब तिम्रो लिङ्ग पतन होओस्' भनी श्राप दिए ।

ऋषिहरूका श्रापले श्रीमहादेवको लिङ्ग पतन भयो र त्यस लिङ्गदेखि अर्को ज्योतिर्लिङ्ग उत्पन्न भई संसार छोप्न लाग्यो । तब ब्रह्मा आदि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर र दैत्य सबै मिली श्रीविष्णुकहाँ गई भन्न लागे– "हे वैकुण्ठनाथ ! श्रीमहादेवका लिङ्गदेखि ज्योतिर्लिङ्ग उत्पत्ति भई सबै संसारलाई छोप्न लाग्यो । त्यो खबर गर्न आएका छौँ, अब जसो गर्ने हो चाँडो गर्नुहोस् ।" ब्रह्मादिले भनेको सुनी श्रीविष्णुले त्यसै बखत गई ज्योतिर्लिङ्गलाई अँगालो हाल्नुभयो । विष्णुले अँगालो हाल्नाले ज्योतिर्लिङ्ग साम्य भयो । त्यो देखी सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य सबैले 'धन्यधन्य विष्णु' भनी अनेक तरहको स्तुति गरी आफ्नाआफ्ना

आश्रममा गए । त्यसपछि ज्योतिर्लिङ्गदेखि प्रत्यक्ष भई श्रीमहादेवले ऋषिहरूका नजिक गई 'हे ऋषिहो ! बिनाअपराधमा तिमीहरूले मलाई श्राप दियौ । अबदेखि तिमीहरूको पनि वाक्य अशुद्ध होओस्, तिम्रा ब्राह्मणीहरू पनि गतिला नहोऊन्' भनी श्राप दिनुभयो र उत्तरापन्थमा गई काम, क्रोध, लोभ, मोह छोडी सम्पूर्ण इन्द्रिय बाँधी तीनै आँखा चिम्ली परब्रह्मको ध्यान गर्दै ठूलो तपस्या गर्न लाग्नुभयो ।

•

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्यमुनि ! अब म पार्वतीको कथा भन्दछु; सुन– हिमालय पर्वतले आफ्नी स्त्री मेनका गर्भिणी भएको थाहा पाएर बहुतै खुसी भई आफ्ना मर्यादाले पुंसवन आदि कर्म गरिदिए । मासमहिना पूरा भएपछि मेनकाका गर्भदेखि हिमालय पर्वतकी पुत्री जन्मिइन् । रूपले धपक्कै बल्लिन् भनेजस्ती, रातो वर्ण भएकी, जीउ सलक्क परेकी, कमलजस्ता आँखा, चन्द्रमा जस्तो उज्ज्वल मुख यस्ती बत्तिसै लक्षणले युक्त भएकी कन्या जन्मेको देखी हिमालय पर्वतले वशिष्ठ आदि ऋषि, ज्योतिषीहरूलाई निम्तो गरी विधिसित न्वारन गराए । वशिष्ठादि ऋषिहरूले ती कन्याको नाम पार्वती भनी राखे । हिमालयले पनि ती ब्राह्मणहरूलाई मणिमाणिक्य, नाना रत्न, सुवर्ण दक्षिणा दिई भोजन गराए । ऋषि, ज्योतिषीहरूले भोजन गरिसकेपछि हिमालय पर्वतसित भने– "हे हिमालय ! तिमी धन्य रहेछौ, किनभने यी

बालिकाले श्रीमहादेव स्वामी पाउने छिन् र चतुर्दश भुवनकै रानी हुने छिन् । यिनले सम्पूर्ण दैत्यहरूको संहार गर्ने छिन्; तिम्रो भावभक्तिदेखि हामी पनि कृतार्थ भयौँ । अब आज्ञा पाए आफ्नाआफ्ना आश्रममा जाने थियौँ ।" ऋषि, ज्योतिषीहरूले भनेको सुनी खुसी भएका हिमालय पर्वतले साष्टाङ्ग प्रणाम गरी 'पाल्नुहोस्' भनी बिदा दिए र ऋषि, ज्योतिषी आफ्नाआफ्ना आश्रममा गए ।

त्यसपछि बालिका पनि शुक्लपक्षका चन्द्रमाझैँ दिनदिनै बढी ठूली भइन् । उनी खेल्दामा पनि शिवपूजा गरी खेल्दथिन्, खाँदामा पनि शिवलाई चढाई खान्थिन् । यसरी पार्वतीले बाल्य अवस्थादेखि सधैँ शिवको भक्तिमा चित्त लगाइन् । एक दिन नारद ऋषिले विष्णुसित गई भने– "हे वैकुण्ठनाथ ! हिमालय पर्वतकी पुत्री पार्वती तपाईंलाई योग्य छिन् । लक्ष्मीभन्दा परम सुन्दरी, बत्तिस लक्षणले युक्त भएकी ती कन्यासँग तपाईं विवाह गर्नुहोस् ।" नारदका यस्ता वचन सुनी श्रीविष्णुले 'हे नारद ! हिमालयले ती कन्या मलाई दिन्छन् र !' भन्नुभयो र नारद ऋषिले 'त्यो चिन्ता तपाईं नगर्नुहोस् ? म गई अहिल्यै ठेगान गरी आउँछु' भनी हिमालय पर्वतकहाँ गए ।

हिमालय पर्वतले नारदलाई आफ्नो दरबारमा ठूलो सम्मान गरे । अनि नारद भन्दछन्– "हे गिरिराज ! तपाईंसित केही

बिन्ती गर्न आएको छु । तपाईंकी पुत्री पार्वती वैकुण्ठनाथ श्रीविष्णुलाई दिनुहोस् ।" नारदमुनिका यति वचन सुनी हिमालय पर्वतले खुसी हुँदै भने– "हे नारदजी ! बेस भन्नुभयो तपाईंका आज्ञाले मेरी पुत्री उमादेवी मैले श्रीविष्णुलाई दिएँ । श्रीविष्णुसँग गएर यसै भन्नुहोस् ।" हिमालय पर्वतले यति भनेपछि त्यहाँबाट बिदा भई नारदमुनि वैकुण्ठमा गएर हिमालयसित भएका सबै कुरा श्रीविष्णुसँग बिन्ती गरे । नारद ऋषिले ल्याएको खबर सुनी श्रीविष्णुले खुसी भएर 'हे नारदमुनि ! तिमी धन्य रहेछौ, अब आफ्ना आश्रममा जाऊ' भनी बिदा दिनुभयो र नारद ऋषि आफ्ना आश्रममा गए ।

यता हिमालय पर्वतले छोरी कन्यादान दिन भनी सामग्री तयार पारी नारद ऋषिलाई बोलाई विष्णुकहाँ पठाए । श्रीविष्णुले पनि लग्न ठहऱ्याई आफ्ना गुरु बृहस्पति आदि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नाग सबैलाई निमन्त्रणा गरेर कन्यादान लिन भनी हिमालय पर्वतकहाँ जानुभयो । मेनकाले आफ्नी पुत्रीलाई हीरा, मोती, माणिक्य, रङ्गबिरङ्गका रत्नले जडिजडाउ गहना, वस्त्र पहिराई सिँगारी राखेकी थिइन् । त्यो देखी जया, विजया, अजिता र अपराजिता नाउँ गरेका सखीहरूले उमासँग 'हे देवी ! आज तिम्रो विवाह हुन्छ, विष्णुलाई कन्यादान गर्छन्' भने । यति सखीहरूले भनेको सुनी उमादेवीले मनमा ताप गर्दै भनिन्– "मैले

बाल्यकालदेखि नै श्रीमहादेव स्वामी पाऊँ भनी उनको भक्ति गरिरहेकी छु । श्रीमहादेवलाई नदिई अरू कसैलाई दिए भने म आत्महत्या गरी मर्नेछु ।" यस्ता कुरा सुनी पार्वतीका सखीहरू भन्दछन्– "हे देवी ! उसो भए तिमी यहाँ नबस । हामी कसैले नदेख्ने ठाउँमा तिमीलाई लुकाई आउँछौँ; हिँड । त्यसो नगरे केही बेरमा तिमीलाई लैजान्छन् ।" यति सखीहरूले भनेपछि तिनले जसो गर्ने हो गर भनिन् । सखीहरूले पार्वतीलाई नदीतिरको वनमा लगी कसैले नदेख्ने ठाउँमा लुकाई आए ।

यता हिमालय पर्वतले आफ्ना गुरु बृहस्पतिलाई यज्ञमा राखी सम्पूर्ण विधि सम्पन्न गराई कन्यादान गर्न भनी आफ्नी छोरीलाई लिन पठाए । लिन जानेले तिनलाई घरमा देखेनन् र सबै हाल हिमालयलाई सुनाए । जहाँतहाँ खोजी गरे तर पार्वतीलाई कहीँ पाउन सकेनन् । हिमालयले चित्त आकुल गरी गुरु बृहस्पति ऋषिसँग गई 'छोरी कहीँ पनि छैनन्, कसो गरूँ ?' भने । यस्तो सुनी बृहस्पति ऋषिले 'उसो भए यस लग्नमा भएन' भनी विष्णुसँग बिन्ती गरे र विष्णु आदि सबै देवता आफ्नाआफ्ना आश्रममा गए । उता लुकिराखेकी उमाले आफ्ना सँगिनीहरू गएपछि नदीका तीरमा बसी बालुवा ल्याई शिवलिङ्ग बनाई श्रीमहादेवको पूजा आराधना गर्न लागिन् । त्यस बालुवाको शिवलिङ्गबाट महादेव प्रत्यक्ष भई आफ्नो

स्वरूपको दर्शन दिनुभयो र 'हे शुभे ! मलाई किन आराधना गऱ्यौ ?' भनी आज्ञा गर्नुभयो । उमाले 'हे जगदीश्वर ! मैले बाल्यकालदेखि नै श्रीमहादेव स्वामी पाऊँ भनी हजुरको आराधना र उपासना गरिरहेकी छु । म मेरा पिता हिमालय पर्वतले विष्णुलाई कन्यादान गर्न लाग्दा भागी यहाँ आई लुकिरहेकी छु, रक्षा गर्नुहोस् । मसँग खुसी हुनुहोस्' भनी बिन्ती गरिन् । श्रीमहादेवबाट 'हे देवी ! तिम्रा बाबामहतारीले कन्यादान नगरी तिमीलाई मैले स्त्री भन्नु भएन' भनी आज्ञा हुँदा फेरि तिनले 'हे ईश्वर ! जसो गर्ने हो मलाई उपदेश गर्नुहोस्' भनिन् । त्यसपछि श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "हे देवी ! विष्णु आई तिमीलाई जस्तो उपदेश गर्लान् तिमीले उसै गर्नू ।" यति श्रीमहादेवले आज्ञा गरेको सुनी तिनले 'हवस्' भनी साष्टाङ्ग प्रणाम गरिन् र श्रीमहादेव अन्तर्ध्यान हुनुभयो ।

त्यसपछि उमा घर गइन् र हिमालय पर्वतले उमा घर आएको देखी रिसाएर 'तँ कहाँ गइथिस् ?' भनी सोधे । उमाले 'हे पिता ! बाल्यकालदेखि नै मैले श्रीमहादेव स्वामी पाऊँ भनी उनैको आराधना गरिरहेकी छु । तर तपाईंले मलाई एकवचन नसोधी विष्णुलाई कन्यादान गर्न लाग्नुभएको थियो । त्यसैले म लुक्न गएकी थिएँ' भनिन् । आफ्नी पुत्रीले यति भनेको सुनी हिमालयले न्वारनका दिन वशिष्ठ आदि ऋषि, ज्योतिषीहरूले

भनेको कुरा सम्झी चुप लागे । त्यसपछि उमाले श्रीमहादेव स्वामी पाउनका निमित्त नाना तीर्थ, व्रत, दान, धर्म, जप, तप, यज्ञ गर्न लागिन् । तिनले यसरी भक्ति गरेको देखी श्रीविष्णु शङ्ख, चक्र, गदा र पद्म लिई गरुडमाथि सवार भई हिमालयकहाँ आई 'हे देवी ! तिमीले नाना तीर्थ, व्रत, दान, धर्म, यज्ञ, जप, तप गरेको देखी म खुसी भएँ; वरदान लेऊ' भन्नुभयो । त्यो सुनी उमाले 'हे परब्रह्मन् ! म अरू के वरदान मागूँ ? श्रीमहादेव स्वामी पाऊँ' भनिन् । उमाले मागेको वरदान सुनी विष्णु आज्ञा गर्नुहुन्छ– "हे गिरिजा ! सम्पूर्ण तीर्थ, व्रत, दान, धर्म, यज्ञ, जप तपभन्दा पनि उत्तम कुरा म भन्दछु एकचित्त भई सुन : श्रीस्वस्थानी परमेश्वरीको व्रत गर । त्यस व्रतका प्रभावले श्रीजगदीश्वर महादेव स्वामी पाउली ।" विष्णुले यस्तो आज्ञा गरेको सुनी गिरिजा भन्छिन्– "हे लोकनाथ ! त्यस व्रतको विधि कसो हो ? केके गर्नुपर्दछ ? त्यो आज्ञा गर्नुहोस् ।" विष्णु आज्ञा गर्नुहुन्छ– 'पौषशुक्ल पूर्णिमाका दिनदेखि व्रत आरम्भ गर्नू । हातगोडाका नङ काटी, शुद्ध भई एकभक्त रही, स्नान गरी, सधैँ मध्याह्नकालमा श्रीमहादेवको पूजा गर्नू । महिना दिन पुगेपछि माघशुक्ल पूर्णिमाका दिन एक सय आठ रोटी, एक सय आठ अक्षता, एक सय आठ बेलीको फूल, एक सय आठ कुड्का सुपारी, जातजातका फलफूल तयार गरी आर्सी अर्थात् तामाको

थालीमा ॐकार लेखी गङ्गाजलले स्नान गराउनू । स्वस्थानीको पूजा गर्दा श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, फलफूल र वस्त्र पहिराउनू; धूप, दीप, नैवेद्य, कस्तूरी, भेटी चढाउनू । षोडशोपचारले पूजा गर्नू, जप गर्नू, स्तोत्र पाठ गर्नू, अर्घ्य दिनू । हे पार्वती ! श्रीस्वस्थानी परमेश्वरी वरिपरि आठ पात भएका कमलमा पातैपिच्छे आठओटी मातृकाहरूकी माझमा बसेकी, चार हात-तीन आँखा भएकी, एक हातमा त्रिशूल, एक हातमा वर र एक हातमा कमल लिएकी, थरीथरीका गहना लाएकी, सुनभन्दा पनि पहेँलो रूपले धपक्क बलेकी छिन्; त्यस्ती श्रीस्वस्थानी परमेश्वरीलाई ध्यान गरी 'हे ईश्वरी ! मेरा मनोकामना पूरा गर्नुहोस् !' भनी वरदान माग्नू र प्रसाद झिक्नू । त्यसपछि देवीलाई चढाएका एक सय आठ प्रसादमध्ये आठ रोटी, आठ अक्षता, आठ बेली पुष्प, आठ जनै, आठ कुड्का सुपारी र सगुनसमेत आफ्ना पतिलाई दिनू । पति नभए छोरालाई दिनू (छोरा भन्नाले आफूसँगै बस्ने आफ्नो उत्तराधिकारी भन्ने सम्झनू) छोरा नभए मितछोरालाई दिनू । मितछोरा पनि नभए जुन इच्छाले व्रत गरेको छ, त्यो कामना सिद्ध होस् भनी गङ्गामा लगी बगाउनू । सय रोटी आफूले फलाहार गर्नू । रातमा जाग्राम गरी उनै स्वस्थानी देवीको महिमा सुन्नू र सुनाउनू । हे गिरिजा ! श्रीस्वस्थानी परमेश्वरीको प्रसाद लिने बेलामा श्रीमहादेव तिम्रा छेउमा आउनुहुनेछ । 'तिम्रो

भक्ति देखी म खुसी भएँ । तिमीले श्रीमहादेव स्वामी पाए' भनी वरदानसमेत दिनुहुनेछ ।' यसरी स्वस्थानी परमेश्वरीको व्रतविधि श्रीविष्णुले बताएपछि उमादेवीले मनमा आनन्द मानी श्रद्धापूर्वक श्रीविष्णुको पूजा गरी प्रणाम गरिन् । त्यसपछि श्रीविष्णु गरुडमा सवार भई त्यहाँबाट अन्तर्ध्यान भई वैकुण्ठ जानुभयो ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां पार्वतीव्रतोपदेशो नाम द्वादशोऽध्यायः ॥१२॥

# त्रयोदशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! त्यहाँपछि पौषशुक्ल पूर्णिमाको दिन आइपुग्यो । विष्णुको आज्ञाअनुसार उमाले सँगिनीसमेत भई हातगोडाका नङ काटी, स्नान गरी, पवित्र भई, एकभक्त रही, एकचित्त गरी सधैँ मध्याह्नकालमा श्रीमहादेवको पूजा गर्न लागिन् । महिनादिन पुग्यो र माघशुक्ल पूर्णिमाका दिन सम्पूर्ण सामग्री तयार गरी श्रीस्वस्थानी परमेश्वरीको पूजा, ध्यान, जप र स्तोत्र पाठ गर्न लागिन् । त्यो कुरा इन्द्रले चाल पाएर तेत्तिस कोटि देवतालाई डाकी भन्न लागे– "हे देवताहो ! अब पापिष्ठ तारकासुरको नाश हुने समय आयो किनभने हिमालय पर्वतकी छोरी उमाले 'श्रीमहादेव स्वामी पाऊँ' भनी श्रीस्वस्थानी परमेश्वरीको व्रत गरिन् । श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले महादेवलाई स्वामी पाएपछि उमाका छोरा जन्मनेछन् । ती बालकले देवताको शत्रु तारकासुर दैत्यलाई मारिदिनेछन् अनि अमरावती हात लगाई राज्य गर्न पाउँला । हेर, सतीदेवी मर्नाले महादेवले अत्यन्त शोक गरी पृथ्वी भ्रमण गर्दै

उत्तरापन्थमा गई काम, क्रोध, लोभ, मोह छोडी सबै इन्द्रिय बाँधी परब्रह्ममा चित्त लगाई महाकष्टले तपस्या गर्न लाग्नुभएको छ । महादेवलाई तपस्यादेखि छुटाई फेरि काम, क्रोध, लोभ, मोहमा ल्याउने उपाय के छ ?" इन्द्रले यति भनेको सुनी देवताहरू भन्दछन्– "हे देवेन्द्र ! त्यो काम गर्न त कामदेवबाहेक अरू कसले सक्ला ? उनैले श्रीमहादेवका हृदयमा कामबाण प्रहार गरी यो काम पूरा गर्न सक्तछन् ।" यो सुनी इन्द्रले 'त्यसै हो भने कामदेवलाई डाकी ल्याऊ' भनी वायुलाई अह्राए । इन्द्रको आज्ञाअनुसार वायु कामदेवकहाँ गई चाँडै डाकी ल्याइदिए ।

कामदेवले इन्द्रलाई प्रणाम गर्दै 'मलाई कुन कामका निम्ति डाक्नुभयो ? म तयार छु' भने । इन्द्र आज्ञा गर्दछन्– "हे कामदेव ! श्रीमहादेव उत्तरापन्थमा गई काम, क्रोध, लोभ, मोह छोडी सबै इन्द्रिय बाँधी परब्रह्ममा चित्त लगाई तपस्या गरिरहनुभएको छ । बिनामहादेव यो संसारको रक्षा कसले गर्ला ? यस कारण तिमी उहाँ गई श्रीमहादेवका हृदयमा कामबाण प्रहार गरी फेरि काम, क्रोध, लोभ, मोहमा ल्याऊ ।" यति इन्द्रका वचन सुनी कामदेवले 'हवस्' भनी आफ्नी स्त्री रतिका साथ उत्तरापन्थमा गई श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी इन्द्रको आज्ञाअनुसार धनुको टङ्कार गरी कानसम्म ताँदो खैँची श्रीमहादेवको मर्म ताकी कामबाण प्रहार गरे । त्यो चाल पाई श्रीमहादेवले रिसाएर पुलुक्क आँखा उघारी

हेर्दा तीनै आँखाबाट अग्निको ज्वाला निस्केर कामदेव भस्म भए । कामदेवकी स्त्री रतिले आफ्ना स्वामी भस्म भएको देखी छाती पिट्दै बिलौना गरी श्रीमहादेवको पाउमा परी बिन्ती गर्न लागिन्– "हे जगदीश्वर ! त्यो अपराध मेरा स्वामीको होइन; उनले इन्द्रका आज्ञाले त्यसो गरेका हुन् । हे युगनायक ! मसँग खुसी भई त्यो अपराध क्षमा गरी मलाई स्वामी दान दिनुहोस् । हे करुणामय ! दुष्टको संहार गरी साधुलाई रक्षा गरिरहने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ । तपाईंको वर्णन गर्न हजार मुख भएका शेषनागले पनि सक्तैनन् भने म स्त्रीजातिले के सकुँली ? हे भक्तवत्सल ! मलाई विधवा नगराउनुहोस्; मेरा स्वामीलाई बचाई सन्तोष दिई हामीलाई घर पठाउनुहोस्" भनी अनेक बिलौना गर्दै स्तुति गरेको सुन्दा श्रीमहादेवलाई ज्यादै दया लाग्यो र 'हे रति ! यस जन्ममा तिमीले स्वामी पाउँदिनौ । द्वापरका अन्त्यमा श्रीविष्णुले कृष्ण अवतार लिनुहुनेछ; तिम्रा स्वामी कामदेव कृष्णका पुत्र प्रद्युम्न भई जन्मनेछन्, अनि त्यसै बखतमा तिमी दुई स्त्रीपुरुषको भेट होला । अहिले दु:ख नमान, घर जाऊ' भन्नुभयो । यो सुनी रतिले 'हवस्' भनी श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी घरतिर फिरिन् ।

महादेवले सतीदेवीलाई सम्झेर 'कहाँ जन्म लिन गइन्' भनी ध्यानदृष्टिले विचार गरी हेर्दा हिमालय पर्वतकी छोरी उमा भई

जन्मी श्रीमहादेव स्वामी पाऊँ भनी केटाकेटीदेखि नाना तीर्थ, व्रत, दान, जप, तप, यज्ञ गरेको र फेरि विष्णुका उपदेशले श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्न लागेको चाल पाएर 'अब उमाको चरित्र हेरौँ' भनी इन्द्रको स्वरूप लिई वज्र हातमा लिई ऐरावत हात्तीमा चढी उमाले व्रत गरिरहेको ठाउँमा जानुभयो । उमाले सबै व्रत गरिसकी हातमा अर्घ्यपात्र लिई 'श्रीमहादेव स्वामी पाऊँ' भनी श्रीस्वस्थानी परमेश्वरीलाई अर्घ्य दिई स्तुति गर्न लागिन्– "हे ईश्वरी ! निरञ्जन निराकार तपाईंलाई कोटिकोटि नमस्कार छ । सब तीर्थ पनि तपाईं; सत्त्व, रज र तम यी त्रिगुण पनि तपाईं; यो संसारमा आत्मस्वरूप रहेकी पनि तपाईं; आदिशक्ति पनि तपाईं, कालस्वरूप पनि तपाईं; आदि-अन्त्य, हातपाउ नभएकी पनि तपाईं; यस्ती अव्यक्त तपाईंको वर्णन गर्न चतुर्मुख ब्रह्मा, सरस्वती, शेषनाग, यिनीहरू पनि सक्तैनन् । म कसरी सकुँली ? मेरो भक्तिदेखि खुसी हुनुहोस्" भनी नाना तरहले स्तुति गरी प्रसाद झिक्न लागेकी थिइन् । त्यसै बेलामा इन्द्रस्वरूप श्रीमहादेव टुप्लुक्क आइपुग्नुभयो । गिरिजाले देखी यथायोग्य पूजा गरी– 'हे देवेन्द्र ! तपाईं यहाँ के कामले आउनुभयो ? त्यो म सुन्न पाऊँ' भनिन् । अनि इन्द्ररूप श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "हे गिरिजा ! तिम्रो भक्तिदेखि म खुसी भएँ 'श्रीमहादेव स्वामी पाऊँ' भनी तिमीले यो व्रत गर्‍यौ त्यो ठीक हो । तर महादेव कस्ता छन् भन्ने कुरा पनि विचार गर । बहुलाहा जस्तो महानिर्घृणी; सर्पका गहना लगाउने;

कम्बरमा बाघको छाला बेर्ने; भूत, प्रेत, प्रमथगणसँगमा लिई हिँड्ने; बूढो गोरुमा चढ्ने; दायाँ हातले डमरु बजाउने; बायाँ हातमा त्रिशूल लिने; विष, भाङ, धतुरो खाने; लाजसर्म केही नलिई फिर्ने; घोरमूर्ति अर्थात् डरलाग्दो मूर्ति भई श्मशानमा बास गर्ने; यस्ता विरूपका महादेव र यस्ती सुकुमारी रूपले धपक्क बलेकी, असल शील स्वभाव भएकी तिम्रो जोडा मिल्दैन । सबै देवताको राजा मलाई स्वामी वरण गरी स्वर्गकी रानी होऊ ।" इन्द्ररूप महादेवले आज्ञा भएको सुन्दा गिरिजालाई झनक्क रिस उठ्यो र 'हे पापिष्ठ इन्द्र ! मैले यस्ती श्रीस्वस्थानी परमेश्वरीको व्रत गरिरहेको ठाउँमा आई यस्तो कुरा मुखबाट निकाल्यौ, श्रीमहादेवलाई नाना तरहले निन्दा गर्‍यौ । यो मैले सहन सकिनँ; म तिमीलाई सराप दिन्छु' भन्दै सराप दिन तयार भइन् । तब इन्द्र रूप श्रीमहादेव गिरिजाले सराप दिइहाल्छिन् कि भन्ने डरले 'हे देवी ! म इन्द्र होइन, तिम्रो चरित्र हेर्न इन्द्र रूप भई आएको तर तिमीले नै खोजेको महादेवचाहिँ मै हुँ । धन्य रहिछौ, तिम्रो भक्तिदेखि म खुसी भएँ' भनी ज्योतिस्वरूपले आफ्नो दर्शन दिनुभयो । अनि पार्वतीले मनमा आनन्द मानी साष्टाङ्ग प्रणाम गरी 'हे जगदीश्वर ! केटाकेटीदेखि मैले नाना तीर्थ, व्रत, दान, धर्म, यज्ञ, जप र तप गरेकीले तपाईंको दर्शन पाएँ । अब यो श्रीस्वस्थानी परमेश्वरीको प्रसाद दिनलाई कन्यादान भएको छैन कसो गर्ने ?' भनी बिन्ती

गरिन् । श्रीमहादेव प्रसन्न भई गिरिजालाई कन्यादान लिन भनी उनका साथमा हिमालय पर्वतका घर जानुभयो ।

हिमालय पर्वतले महादेव आफ्नै घरमा आएको देखी आफ्नी पुत्री गिरिजाले महादेवलाई स्वामी पाउन लागी भनी बडो हर्षले आफ्नी स्त्री मेनकासित भने– "हे प्रिये ! हामी धन्य रहेछौँ, गिरिजा कन्यादान लिन भनी श्रीमहादेव आउनुभएछ, अब कन्यादान गर्ने सामग्री तयार गर ।" वशिष्ठ आदि ऋषि, ज्योतिषीलाई डाकी विचार गरी अक्षय तृतीयाका दिन लग्न ठहऱ्याई स्वर्ग, मर्त्य र पाताल तीनै लोकका देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र अप्सराहरूलाई निम्ता दिए । उनीहरू पनि कन्यादानका बखतमा हिमालयका घरमा आई बसे । चतुर्मुखी ब्रह्माजी यज्ञ गर्न लाग्नुभयो । ऋषिहरू चार वेद पढ्न लागे, गायत्री जप्न लागे । गन्धर्वहरू अप्सराका साथ नाचगान, बजान गर्न लागे । देवकन्या, ऋषिकन्या, गन्धर्वकन्या, किन्नरकन्या, दैत्यकन्या, नागकन्या रङ्गबिरङ्गका कपडा, थरीथरीका गहनाले ठाँटिएर ऊभन्दा ऊ राम्री भई गिरिजालाई कन्यादान दिएको हेर्न आए । मेनकाले पनि उमालाई सुगन्ध लेपन गराई हीरा, मोती, माणिक्य, नाना रत्न जडाउ गरेका गहना, कपडा लगाइदिई सिँगारिराखेकी थिइन् । उसै त राम्री उमा, त्यसमा पनि यसरी सिँगारिँदा त त्रिलोकमा कसैले नभेट्टाउने भइन् । सोह्रशृङ्गारले सजाइएकी

त्यस्ती उमा महादेवका समीपमा बस्ता चन्द्रसूर्य एकै चोटि उदाएका हुन् क्यारे भनेजस्ता देखिए । नाना तरहका मङ्गल गीत-वाद्य बजिरहेको सङ्गीतमय पृष्ठभूमिमा हिमालय पर्वतले तिलकुश लिई उमाको हात समाते । मेनकाले सुनको कमण्डलुले जलधारा गरिन् र कन्यादान गर्न लाग्दा 'तपाईंको गोत्र के हो ? बिनागोत्रले केही काम नगर्नू भनेको छ' भनी हिमालय पर्वतले सोधे । श्रीमहादेवले केही उत्तर दिन नसकी साह्रै लाज मानी अधोमुख गरिरहनुभयो । यो देखी तेत्तिस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नाग कसैले पनि यसै हो भनी भन्न सकेनन् र चुप लागिरहे । त्यही अवसरमा नारद ऋषि पनि वीणा बजाउँदै, शिवगीत गाउँदै, नाच्दै हिमालय पर्वतकहाँ आएर 'हे गिरिराज ! जसका मायाले यो संसारमा सृष्टि, स्थिति, संहार भएको छ; फेरि जो एकै मूर्तिबाट ब्रह्मा, विष्णु, महेश्वर तीन भएका छन्; फेरि तीन भएर पनि एकै मूर्ति हुन्छन्; यस्ता आदिपुरुष अर्थात् कसैबाट नजन्मेका तिनका बाबु पनि छैनन्, आमा पनि छैनन्, जात पनि छैन, गोत्र पनि छैन; सर्वव्यापी पनि तिनै; तेत्तिस कोटि देवताका पितामह पनि तिनै; फेरि चौध भुवनमा जति जीवात्मा छन् तिनका हृदयमा बसी पाप र पुण्यका साक्षी भइरहेका पनि तिनै; निरञ्जन, निराकार पनि तिनै यस्ता ईश्वरको महिमाको वर्णन गर्न हजार जिभ्रा भएका शेषनाग, चतुर्मुख ब्रह्माले पनि नसकेको म कसरी सकुँला ? त्यसैले जगदीश्वर श्रीमहादेवलाई पार्वती कन्यादान देऊ, सन्देह

नगर' भने । यति नारद ऋषिले भनेपछि सब देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नागहरूले 'नारदले बेस भनेका छन्' भनेपछि हिमालय पर्वतले सन्देह छोडी श्रीमहादेवलाई पार्वती कन्यादान दिने निर्णय गरे । तदनुसार श्रीमहादेवका गलामा फूलको माला लगाइदिई तीन फेरा परिक्रमा गरी पार्वती पाउमा परिन् ।

हिमालय पर्वतले श्रद्धासाथ सबै देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नागहरूलाई पूजा गरी भोजन गराई सम्मान गरे । अनि सबैले हिमालय पर्वतसित भने– "हे हिमालय ! तिमी धन्य रहेछौ, मेनकाको कोख पनि धन्य रहेछ । तिमीजस्ता भाग्यमानी सातै द्वीपमा पनि हुन दुर्लभ छ; तिमीले जन्म लिएको सफल भयो । जुन पिनाकधारी श्रीमहादेवलाई योगीहरूले ध्यानदृष्टिले हेर्दा पनि पाउन सक्तैनन्, उनैलाई आज तिमीले जुवाइँ गरायौ, हामी कृतार्थ भयौँ । अब बिदा पाए हामी आफ्नाआफ्ना आश्रममा जाने थियौँ" भनी निम्तामा आएका सबैले भन्दा हिमालय पर्वतले 'हुन्छ त; यहाँहरूलाई दुःख दिएँ, दुःख नमान्नुहोला' भन्दै बिदा दिए र सबै आफ्नाआफ्ना आश्रममा गए ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां पार्वतीकन्यादानं नाम त्रयोदशोऽध्याय: ॥१३॥

## चतुर्दशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! त्यहाँपछि गिरिजाले श्रीस्वस्थानी परमेश्वरीको प्रसाद आठ रोटी, आठ अक्षता, आठ बेली पुष्प, आठ जोर जनै, आठ कुड्का सुपारी, सगुनसमेत ल्याई 'हे स्वामी ! अब मेरो तपस्या पूरा भयो । केटाकेटी उमेरदेखि मैले हजुरकै आराधना गरिरहेकी थिएँ, आज पाएँ' भनी श्रीमहादेवका हातमा चढाई साष्टाङ्ग प्रणाम गरेर 'हे आदिपुरुष ! श्रीस्वस्थानी परमेश्वरीका व्रतका प्रभावले मैले हजुरलाई स्वामी पाएँ । हे नाथ ! संसारमा कोही दुःखी छन्, कोही दरिद्र छन्, कोही पापी छन्, कसैका सन्तान छैनन्, कसैका स्त्री छैनन्, कसैका पुरुष छैनन्, कसैका घरबार छैनन् उनीहरूलाई यो व्रत प्रकाश गरिदिए सबैको उद्धार हुने थियो ।' पार्वतीले यति भनेको सुनी श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "हे उमादेवी ! तिमी धन्य छचौ । दुःखी दरिद्रका उपर तिमीलाई यस्तो दया उठचो भने म उपाय बताउँछु सुन" भनी बताउन लाग्नुभयो– "हे प्रिये ! अश्वत्थामा ऋषिलाई डाकी पहिले पातालमा

पठाऊ । त्यहाँ उनैले त्यो व्रत प्रकाश गरिदिनेछन् ।" यो सुनी पार्वतीले 'हवस्' भनी ऋषिलाई डाक्न पठाइन् र अश्वत्थामा ऋषि आएर श्रीमहादेव पार्वतीलाई प्रणाम गरी 'हे भवानीशङ्कर ! मलाई के कामले सम्झनुभएको हो ? आज्ञा भए तयारै छु' भनी बिन्ती गरे । यो सुनी पार्वती आज्ञा गर्दछिन्– "हे अश्वत्थामा ! तिमी पातालमा जाऊ र उहाँ जो दुःखी छन्, जो पापी छन्, जो दरिद्र छन्, जसका स्त्री छैनन्, जसका पुरुष छैनन्, जसका सन्तान छैनन्, तिनलाई श्रीस्वस्थानी परमेश्वरीको व्रत गराऊ र ती सबैको उद्धार होओस्" भनी विष्णुले आफूलाई बताएको व्रतविधि बताई 'जाऊ' भनी बिदा दिइन् । त्यो सुनी अश्वत्थामा ऋषि खुसी हुँदै श्रीमहादेव उमादेवीलाई साष्टाङ्ग प्रणाम गरी पातालतिर जाँदा भए ।

यता एक दिन श्रीमहादेवले 'गिरिजा कत्तिकी चतुरी रहिछन् हेर्नुपऱ्यो' भनी आफू कसैले नदेख्ने ठाउँमा लुक्न जानुभयो । श्रीमहादेवलाई गिरिजाले देखिनन् र यताउता खोजी हिँड्न लागिन् । कहीँ पाउन सकिनन् र चित्त आकुलव्याकुल गरी विलाप गर्न लागिन् । केही बेरपछि चित्त समालेर 'कसो भयो ? कता जानुभयो होला ?' भनी सबै ठाउँमा खोज्दा लुकिरहेका श्रीमहादेवलाई फेला पारी बिन्ती गरिन्– "हे ईश्वर ! तपाईं किन मलाई यसरी अत्याई लुक्न जानुभयो ? म राम्री भइनँ र मन नपरी लुक्न

जानुभयो कि अथवा मलाई छोडी कतै जान लाग्नुभयो ?" यसरी पार्वतीले चित्त दुखाएर गुनासो गरेको सुनी केही नबोली श्रीमहादेवले मनमनै भन्न लाग्नुभयो– 'यी पार्वतीले मलाई यसै छोड्ने भइनन्, यो रूप छोडी अर्को रूप लिई वनविहार गर्न जानुपऱ्यो' भनी त्यहाँबाट अन्तर्ध्यान भई श्लेष्मान्तक वनमा गई किरातीको वेश गरी वनमा सिकार गरी हिँड्न लाग्नुभयो । यो वन काठमाडौँको पाशुपतक्षेत्रमा छ । श्लेष्म अर्थात् (कफनाशक वनस्पति) लप्सीका रूख धेरै भएकाले यसको नाम 'श्लेष्मान्तक' रहेको हो ।

हे अगस्त्यमुनि ! श्रीमहादेवलाई फेरि नदेख्दा गिरिजाले मनमा साह्रै दुःख मानी 'महादेवले यसै मलाई किन छल्नुभयो ?' भनी मनमा सन्देह गरी ध्यानदृष्टिले विचार गरी हेर्दा श्रीमहादेवले किरातीको वेश लिई श्लेष्मान्तक वनमा सिकार गरी हिँडेको थाहा पाइन् र पार्वतीले श्रीमहादेवलाई छल्नका निमित्त चटक्क परेकी राम्री किरातिनी बनेर नाना तरहका हाउभाउ कटाक्ष गर्दै श्लेष्मान्तक वनमा गई एउटा ठूलो रूखका छहारीमुनि बसिरहिन् । श्रीमहादेव पनि वनवनै फिर्दै त्यहाँ आइपुग्नुभयो र किरातिनी रूप पार्वतीलाई देखी मोहित भई सोध्न लाग्नुभयो– "हे सुन्दरी ! तिमी को हौ ? देवकन्या हौ कि अथवा अप्सरा हौ ? मैले हेर्दा त तिमीजस्ती राम्री यो संसारमा हुन दुर्लभ छ । फेरि एक्लै यो वनको

बीचमा किन आई बसिरह्यौ ? तिमीलाई डर पनि लाग्दैन कि ? यो घोर वनमा वन्यजन्तु बाघ र हात्तीको डर पनि कत्ति नमानी निर्धक्कसँग किन बसेकी ? यो सबै कुरा मलाई भन ।" यति किरात रूप श्रीमहादेवले आज्ञा भएको सुनी किरातिनी रूप पार्वतीले श्रीमहादेव यिनै हुन् भनी चिनी मनमनै दण्डवत् प्रणाम गरिन् । श्रीमहादेव कसरी आउनुभयो भने बायाँ हातमा धनुष लिएका, दायाँ हातमा त्रिशूल लिएका, शर राख्ने ठोक्रो काँधमा भिरेका, सर्पका गहना लगाएका, यस्ता डरलाग्दा श्रीमहादेवलाई देखी पार्वतीले भन्न लागिन्– "हे किराती ! म यहाँ बसेको धेरै वर्ष भयो । किरातिनी हुनाले जङ्गली पशुहरूको डर पनि मलाई केही लाग्दैन, तपस्या गरी बसेकी छु ।" यसरी दुई स्त्रीपुरुषका अनेक कुरा हुँदैमा साँझ पर्‍यो । अनि किराती रूप श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "हे सुन्दरी ! तिमी पनि एक्लै छ्यौ, म पनि एक्लै छु, हामी दुवै जना यहीँ बास बसौँ ।" यति श्रीमहादेवले भनेको सुनी पार्वती भन्छिन्– "हे किराती ! तिमी लोग्नेमानिस, म स्वास्नीमानिस एक्लै यस्तो एकलास वनका बीचमा कसरी एकै ठाउँमा बास बसौँ ? लोग्नेमानिसको विश्वास हुँदैन । राम्रा स्वास्नीमानिस देखेपछि अरू केही सम्झँदैनन् । तसर्थ एकै ठाउँमा बास बसौँ भन्ने कुरा नगर ।" यति किरातिनी रूप पार्वतीका वचन सुनी किराती रूप श्रीमहादेवले 'हे सुन्दरी ! त्यस कुरामा तिमी केही सन्देह नगर' भन्नुभयो ।

स्त्रीपुरुष त्यसै रूखमुनि बास बसे । यसरी बस्ता केही दिन बित्यो र पार्वतीको मनमा 'यसै बसी कति निर्वाह होला ? यी भोलानाथ त यसै बसी दिन बिताउन पनि सक्तछन्, अब केही जुक्ति गर्नुपर्‍यो' भनी मनमा विचार गरी श्रीमहादेवलाई छली आकाशवाणी भएजस्तो गरी भन्न लागिन्– "हे ईश्वर ! तपाईंले याद नराख्दा हामी ब्रह्मा, विष्णु, इन्द्रहरू सबैले साह्रै दुःख पायौँ । यसरी बस्नुभयो भने हाम्रो उद्धार को गर्ला ? हे करुणामय ! हे वृषभध्वज ! कैलाश शून्य भएको धेरै काल भयो, कैलाश सम्झी हाम्रो उद्धार गरी रक्षा गर्नुहोस् ।" यस्तो आकाशवाणी भएको सुन्दा श्रीमहादेवले 'यो कसले भन्यो, म यहाँ आएको त कसैले देखेको छैन ?' भनी यताउति हेर्दा कहीँ केही नदेखी देवताहरूले भने होलान् भन्ने सम्झी चुप लाग्नुभयो ।

श्रीमहादेवले किरातिनी रूप गिरिजालाई नदेखी खोज्न लाग्नुभयो । उनी पनि केही थाहा नपाएजस्तो गरी फलफूल टिप्दै यताउति अलमलिएकी थिइन् । किरात रूप श्रीमहादेव त्यहीँ पुगी 'हे सुन्दरी ! तिमीलाई खोज्दा कहीँ पाउन सकिनँ, कहाँ गएकी थियौ ?' भन्दा किरातिनी रूप उमा भन्छिन्– "हे किराती ! भोक लागेकाले कन्दमूल खान आएकी हुँ, कहीँ गएकी छैन ।" त्यो बेला त्यस्ती अत्यन्त राम्री किरातिनी रूप उमालाई देख्ता श्रीमहादेव मोहित भई मन थाम्न नसकी ढेपिँदै आउनुभयो । त्यो देखी

किरातिनी रूप उमा भन्छिन्– "हे किराती ! तिमी कस्ता रहेछौ ? के तिम्रो धर्म यही हो ? मैले त श्रीमहादेवबाहेक अरू स्वामी मनले पनि चिताउने छैन भनी प्रतिज्ञा गरी यहाँ वनमा आई उनैको तपस्या गरी बसेकी छु । तिमीले यसरी जबरजस्ती गर्न आँटचौ भने म तिमीलाई श्राप दिई आत्महत्या गरी मर्नेछु ।" यति किरातिनी रूप उमाले भनेको सुनी किरात रूप महादेवले 'हे सुन्दरी ! तिमी त्यसो भन्छचौ भने म उनै महादेव हुँ, वनविहार गर्न मन लाग्दा यहाँ आएको हुँ; नपत्याए हेर' भनी ज्योति रूप लिई दर्शन दिनुभयो । अनि किरातिनी रूप गिरिजाले अत्यन्त हर्षित हुँदै पाउमा दण्डवत् गरेर बिन्ती गर्न लागिन्– "हे ईश्वर ! उसो भए कन्यादान लिन मेरा बाबामहतारीकहाँ हिँड्नुहवस् ।" त्यो सुनी 'लौ हुन्छ' भनी उनै किरातिनी रूप उमाका पछि लागी श्रीमहादेव जानुभयो । जाँदाजाँदा दुवै हिमालय पर्वतका घरमा पुगे । तब मात्र श्रीमहादेवले 'यी त उमा पो रहिछन्; मलाई छल गरी आफ्ना बाबामहतारीकहाँ ल्याइन् । अब मैले कसो गर्ने ?' भनी त्यहाँदेखि अन्तर्ध्यान भई 'किरातेश्वर' शिवलिङ्ग भई श्लेष्मान्तक वनका उत्तर भागमा गई रहनुभयो । फेरि श्रीमहादेवलाई नदेख्दा पार्वतीले साह्रै विलाप गरी ध्यानदृष्टिले विचार गर्दा किरातेश्वर शिवलिङ्गको रूप लिई श्लेष्मान्तक वनमा बसेको चाल पाई वाग्मतीका किनारमा गई त्यहाँ नित्य स्नान गरी किरातेश्वर शिवलिङ्गको ध्यान गरी वस्त्र पहिराई; धूप, दीप, नैवेद्य चढाई

पूजा गरी तपस्या गर्न थालिन् । पार्वती अर्थात् गौरीले स्नान गरेको हुनाले त्यस ठाउँको नाउँ 'गौरीघाट' रह्यो । जो मनुष्य गौरीघाटमा स्नान गरी किरातेश्वर शिवलिङ्गको दर्शन गर्दछ त्यसका सबै दु:ख नाश हुन्छन्, धनसम्पत्ति बढ्दछ, यस लोकमा सुख सम्पत्ति पाई परलोकमा कैलाशवास पाउँछ ।

हे अगस्त्यमुनि ! यसरी पार्वतीले नित्य तपस्या गरेको देखी श्रीमहादेवले प्रसन्न भई, हँसिलो मुख गरी आफ्नो स्वरूपको दर्शन दिनुभयो र जगन्माता पार्वतीले मनमा खुसी मानी पाउमा परी दण्डवत् प्रणाम गरी अञ्जलि बाँधी बिन्ती गर्न लागिन्– "हे ईश्वर ! हजुरले किन यसरी दु:ख दिनुभयो ? म हजुरको मन परिन कि अथवा अरू केही मबाट अपराध भयो ?" यसरी पार्वतीले नाना तरहले गुनासो गरेको सुनी श्रीमहादेव खुसी भएर पार्वतीलाई अङ्कमाल गरी आफ्ना काखमा लिई त्यहाँदेखि अन्तर्ध्यान भई हिमालय पर्वतका घर जानुभयो । त्यसरी श्रीमहादेव र पार्वतीलाई आएको देखी हिमालय पर्वतले अत्यन्त खुसी भई पुष्पवृष्टि गरी आसनमा बसाली चौरासी व्यञ्जन तयार गरी भोजन गराए । त्यहाँ दुईचार दिन बसी श्रीमहादेवले पार्वतीलाई 'हे पार्वती ! धेरै दिन भयो कैलाश शून्य भइरहेको छ, अब यहाँ कति बसिराख्नु ? उहाँ जाऔँ, तिम्रा बाबामहतारीसित बिदा होऊ' भन्दा पार्वतीले 'हवस्' भनिन् र दुवै स्त्रीपुरुष हिमालय पर्वतसित बिदा

हुन गए । श्रीमहादेव ससुरालाई भन्नुहुन्छ– "हे पिता ! सतीदेवी स्वर्ग भएदेखि कैलाश शून्य छ । अब तपाईंले आज्ञा दिए उहाँ जाँदा हौँ ।" यसरी आफूलाई पिता भनी बोलेको सुन्दा हिमालय पर्वत खुसी भई श्रीमहादेवसित बिन्ती गरे– "हे त्रैलोक्यनाथ ! सब देवताका पितामह, तपाईंले साधारण मानिसले भनेझैँ मलाई मोहले छोपी 'हे पिता !' भन्नुभयो; मेरो सबै अज्ञान नाश गरी ज्ञान दिनुहोस् । सधैँसधैँ तपाईंको भक्तिमा मेरो चित्त लागिरहोस् । हे शङ्कर ! मसँग प्रसन्न हुनुहोस् । हे शशिशेखर ! पहिले पूजा ग्रहण गर्नुहोस्" भनी महादेव-गिरिजालाई नाना रङ्गबिरङ्गका वस्त्र अलङ्कार पहिऱ्याई सिंहासनमा बसाली षोडशोपचारले पूजा गरी भोजन गराई फेरि स्तुति गर्न लागे– "हे भवानीशङ्कर ! जस्तै लक्ष्मीनारायणले समुद्रका घरमा गई बसेकोमा उनलाई आनन्द भएथ्यो, त्यस्तै तपाईंहरू उमामहेश्वर मेरा घरमा राज भएपछि मलाई आनन्द लाग्यो । हे जगदीश्वर ! आफ्ना मायाले संसारमा व्याप्त भइरहेका यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ । फेरि समुद्र मन्थन गर्दा कालकूट विष निस्क्यो र संसार भस्म हुन लाग्यो । त्यस बेला तपाईंले त्यो विष आफ्नै कण्ठमा राखी रक्षा गर्दा 'नीलकण्ठ' नाम रह्यो, यस्ता हजुरलाई कोटिकोटि नमस्कार छ । सम्पूर्ण जगत् आफैँले सृष्टि गरी आफैँले संहार गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ । त्रिपुरासुर दैत्यलाई विनाश गर्दा पृथ्वीको रथ, चार वेदका घोडा, चन्द्रसूर्य रथका

पाङ्ग्रा, ब्रह्मा सारथी, सुमेरुपर्वत धनु, शेषनाग धनुको ताँदो, विष्णु भगवान् बाण यस्ता सामग्री तयार गरी दैत्यलाई मार्ने तपाईंलाई कोटिकोटि नमस्कार छ । हे देवाधिदेव ! ब्रह्मा पनि तपाईं; चराचर पनि तपाईं; नारायण पनि तपाईं; सत्त्व, रज, तम पनि तपाईं; मृत्युका मृत्यु पनि तपाईं; कालका काल पनि तपाईं; गुणका गुण पनि तपाईं; देवताका देवता र अनाथका नाथ पनि तपाईं; विश्वरूप पनि तपाईं; आदि अन्त्य नभएका पनि तपाईं; अष्टवसु र द्वादशादित्य पनि तपाईं; दश दिक्पाल पनि तपाईं; सबै प्राणीका हृदयमा बसी पापपुण्यका साक्षी भइरहेका पनि तपाईं; तपाईंको महिमा गाउन चतुर्मुख ब्रह्माको पनि तागत छैन; हजार जिब्रा भएका शेषनागको पनि सामर्थ्य छैन । मेरो कसरी होला ?" यसरी हिमालय पर्वतले नाना स्तुति गरेको सुनी श्रीमहादेव खुसी भई हँसिलो मुख गरी 'हे पर्वतराज ! तपाईंको भक्ति देख्दा म खुसी भएँ, सधैँ मेरो भक्तिमा चित्त लगाई आखिरमा कैलाशको पदवी पाउनुहोला; अब हामी जान्छौँ' भनी हिमालय पर्वत र मेनकासित बिदा भई साँढेमा चढी गिरिजालाई काखमा लिई, कैलाशमा गई प्रमथगणले सहित भई आनन्दले रहनुभयो ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां पार्वतीकैलाशप्रवेशो नाम चतुर्दशोऽध्याय: ॥१४॥

# पञ्चदशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! एक दिन पार्वतीले बुकुवा अथवा भनूँ सुगन्धी तेल घस्ता निस्केको मयलको मूर्ति बनाई ढोकामा राखेकी थिइन् । श्रीमहादेव बाहिरबाट आएर भित्र जान लाग्दा त्यस मूर्तिले 'जो पायो उसले त्यसै भित्र जान पाइन्न' भनेर रोकिदियो । तब श्रीमहादेवलाई 'आफ्नै घरमा प्रवेश गर्दा पनि रोक्ने' भनी रिस उठ्यो र त्यस मूर्तिको टाउको काटी भित्र जानुभयो । पार्वतीले श्रीमहादेवसित 'ढोकामा को बसेको थियो ?' भनी बिन्ती गरिन् र महादेवले 'त्यसको त मैले शिरच्छेदन गरी आएँ' भन्नुभयो । अनि पार्वतीले 'त्यो त मेरो पुत्र हो, किन त्यसको शिरच्छेदन गर्नुभएको हो ?' भनी अति करुण शब्द गरी रुँदै शोक गर्न लागिन् र त्यो देखी श्रीमहादेवले 'हे पार्वती ! मैले थाहा पाइनँ र त्यसो गरेँ । शोक नगर, जीवित तुल्याइदिन्छु' भनी बुझाई आफ्ना गणहरूलाई डाकी 'हे गणहो ! चारै दिशातिर जाऊ, जे फेला पार्छौ त्यसको शिर काटी ल्याऊ' भनी अह्राई, चन्द्रबाण दिई पठाउनुभयो । ती

गणहरूले चार दिशामा हेर्दै जाँदा धेरै टाढा पुगेपछि एउटा मत्त हात्ती देखे र श्रीमहादेवको आज्ञा भएबमोजिम तिनीहरूले चन्द्रबाण प्रहार गरे । त्यस बाणले सेतो पर्वतजस्तो त्यस हात्तीको शिरच्छेदन गऱ्यो र त्यो शिर लगी श्रीमहादेवका अगाडि राखिदिई 'हामीले यही पायौँ' भनी बिन्ती गरे । तब श्रीमहादेवले हात्तीको टाउको त्यस मूर्तिमा जोडी जीवित तुल्याइदिनुभयो र त्यो मूर्तिको गणेश नाउँ रही पार्वतीका पुत्रका रूपमा पूजित भइरहे ।

हे अगस्त्यमुनि ! अनि श्रीमहादेव पार्वतीसित भुली घरभित्र मात्र रहन लाग्नुभयो र इन्द्रले अग्निलाई डाकी भने– "हे अग्नि ! श्रीमहादेव पार्वतीसित मात्र भुली भित्रै रहन लाग्नुभयो । श्रीमहादेवबिना यो संसार रक्षा हुन सक्दैन । यस कारण तिमी ऊट्ट गई जसरी हुन्छ श्रीमहादेवलाई काशी ल्याउने काम गर ।" यो सुनी अग्निले 'हवस्' भनी कैलाश पर्वतमा पुगी भित्र जान लाग्दा ढोकेले जान दिएन र हावाको रूप लिएर ताला लगाउने प्वालबाट भित्र पसी भिक्षुक रूप भई श्रीमहादेव र पार्वती एकान्त गरिरहेका ठाउँमा पुगे । यसरी आएका अग्निलाई महादेवले देखेर रिसाई भस्म गर्न लाग्नुभयो । तब जगन्माता पार्वतीलाई माया लाग्यो र 'हे स्वामी ! भिक्षा माग्न आएका भिक्षुकलाई मार्नु ठीक छैन । नजानेर आए, बरु केही दिऊँ, जाऊन्' भनिन् । तब श्रीमहादेवले हातमा आफ्नो वीर्य लिई 'ला'

भनी दिनुभयो, अग्निले त्यो वीर्य मुखमा हाली निली बाहिर आए । श्रीमहादेवको वीर्य निल्नाले अग्निलाई गर्भ रह्‍यो र डराई अनर्थ भयो भनी गङ्गाका तीरमा गई कुशको वनमा उकेली आए । त्यो वीर्य आगो बलेझैँ बलिरहेको थियो । सप्तऋषिका सातओटी पत्नीहरू गङ्गा स्नान गरी फर्कंदा त्यो देखेर 'कसले आगो बाली गएछ, तापौँ' भने र तीमध्ये एउटीले 'अर्काले बालेको आगो ताप्नु ठीक छैन' भनी गइहालिन् । छओटीले भने आगो तापी घर आए । ती आगो तापी जानेहरूमा गर्भ रह्‍यो र ऋषिहरूले त्यो चाल पाएर 'तिमीहरूमा कसरी गर्भ रह्‍यो ?' भनी सोधे । उनीहरूले केही उत्तर दिन सकेनन् र ऋषिहरूले रिसाएर श्राप दिए । ऋषिपत्नीहरूले गङ्गामा त्यो वीर्य उकेली आकाशमा गई षट्कृतिका अर्थात् किर्किटो तारा भइरहे । त्यस वीर्यदेखि षट्वक्त्र अर्थात् छ मुख भएका कुमार उत्पन्न भई गङ्गाका पुत्र कहलाई श्रीमहादेवसित रहे ।

एक दिन महादेवले गणेश र कुमारलाई डाकी 'हे गणेश ! हे कुमार ! तिमीहरू गई सुमेरु पर्वतको प्रदक्षिणा गरी आओ । जो अगि होला उसलाई वरदान दिउँला' भन्नुभयो । यति श्रीमहादेवको आज्ञा सुनी कुमारले 'हवस्' भनी उत्नीखेरै उठी मयूरमा चढी सुमेरु प्रदक्षिणा गर्न गए । अब गणेश के गरूँ र कसो गरूँ भनी चित्त आकुल गर्दै आफ्नो वाहन मुसाका छेउ

गए । चिन्ताले आकुल भएका गणेशलाई मुसाले देखी सोध्यो– “हे विनायक ! आज किन यस्तो निन्याउरो मुख गरी आउनुभयो ?” यो सुनी गणेशले ‘श्रीमहादेवले सुमेरु प्रदक्षिणा गरी आउनू’ भनी आज्ञा गरेकाले कुमार मयूरमा चढी हिँडिसकेको वृत्तान्त कहँदै ‘अब कसो गरूँ ? तँ यस्तो सानो, म यस्तो ठूलो पेट र लामो सुँड भएको; तँ मलाई सवार गराई फुर्तीसित लान सक्तैनस्’ भने । यो सुनी गणेशको वाहन मुसाले भन्यो– “हे गणेश भगवन् ! तपाईंलाई म एउटा जुक्ति सिकाइदिन्छु, सुन्नुहोस् । हजुर श्रीमहादेव, उमादेवी र गङ्गा तीन जना बसेका ठाउँमा जानुहोस् र अञ्जलि बाँधी हे पितामाता ! मेरा सुमेरु पर्वत पनि तपाईंहरू, सबै देवता पनि तपाईंहरू भनी प्रदक्षिणा गरी दण्डवत् प्रणाम गर्नुहोस् । सुमेरु भनेका उहाँहरू नै हुनुहुन्छ; तपाईंलाई अवश्य वरदान मिल्नेछ ।” यो सुनी गणेशले ‘बेस भनिस्’ भनी श्रीमहादेव, उमादेवी र गङ्गा तीन जना बसेका ठाउँमा गई अञ्जलि बाँधी ‘मेरा सुमेरु पनि तपाईंहरू, अरू सबै देवता पनि तपाईंहरू’ भनी तीन फेरा प्रदक्षिणा गरी दण्डवत् प्रणाम गरे । अनि महादेव खुसी भई ‘हे बुद्धिमान् गणेश ! वरदान लेऊ; स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा जसले जे काम गरे पनि पहिले तिम्रो पूजा गरून्, तिम्रो पूजा नगरी गरेको काम पूरा नहोस्’ भनी वरदान दिनुभयो ।

सुमेरु प्रदक्षिणा गर्न गएका कुमार आइपुगेनन् र गङ्गाले श्रीमहादेवसित बिन्ती गरिन्– "हे ईश्वर ! गणेशलाई वरदान दिनुभयो, मेरो पुत्र कुमार भने आइपुगेन ।" यो सुनी महादेव आज्ञा गर्नुहुन्छ– "हे गङ्गा ! श्रीस्वस्थानी परमेश्वरीको व्रत गर, अनि तिम्रो पुत्र कुमार आइपुग्ला ।" यस्तो सुनी गङ्गाले 'हवस्' भनी विधि सोधी पौषशुक्ल पूर्णिमाका दिनदेखि हातगोडाका नङ काटी, स्नान गरी, शुचि भई, एकभक्त रही, एकचित्त गरी 'मेरो पुत्र कुमार चाँडै घर आइपुगोस्' भनी नित्य मध्याह्नकालमा श्रीमहादेवको पूजा गर्न लागिन् । महिनादिन पुग्यो र माघशुक्ल पूर्णिमाका दिन अष्टोत्तरसय रोटी, अष्टोत्तरसय अक्षता, अष्टोत्तरसय बेलीपुष्प, अष्टोत्तरसय जनै, अष्टोत्तरसय कुड्का सुपारी, अष्टोत्तरसय जातजातका फूल, धूप, दीप, नैवेद्य र सबै सामग्री तयार गरी आर्सीमा ॐकार लेखी श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्न लागिन् । सबै पूजा गरिसकी स्तुति गरी प्रसाद झिक्न लाग्दा श्रीस्वस्थानी परमेश्वरीका व्रतका प्रभावले कुमार टुप्लुक्क आइपुगे । तब गङ्गाले 'धन्य श्रीस्वस्थानी परमेश्वरी' भनी आफ्नो पुत्रलाई प्रसाद र आशिष् दिइन् । कुमारले श्रीमहादेवसमक्ष गई साष्टाङ्ग प्रणाम गरी 'हे पिता ! मलाई पनि वरदान दिनुहोस्' भने । यो सुनी श्रीमहादेवले 'हे कुमार ! स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा कसैले केही कार्य गर्दा गणेशको पूजा

गरेपछि अरूको भन्दा पहिल्यै तिम्रो पूजा गरे मात्र कार्य सिद्ध होओस्' भनी वरदान दिए ।

यति कुमारले आज्ञा गरेको सुनी अगस्त्यमुनि फेरि बिन्ती गर्दछन्– "हे कुमारजी ! तारकासुर दैत्यले कसको तपस्या गऱ्यो र वरदान पाई इन्द्रको अमरावतीसमेत लियो ? फेरि कसले त्यसलाई मारिदियो र इन्द्रले फेरि रजाइँ गरे ? यो सब वृत्तान्त आज्ञा गर्नुहोस् ।" यो सुनेर कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! कश्यप ऋषिको छोरो तारकासुर दैत्यलाई दुग्धप्रभास नामको तीर्थमा स्नान गर्न जाँदा पेचिमुनिले तपस्या गरिरहेको देखी तपस्या गर्न मन लागी पेचिमुनिसित सोध्यो– "हे मुनीश्वर ! तपाईंले तपस्या गरेको देख्दा मलाई पनि तपस्या गर्न साह्रै मन लाग्यो, तपस्या कसरी गर्ने हो ?" भन्दा पेचिमुनि भन्दछन्– "हे तारकासुर ! तिमीले तपस्या गर्ने भए दुग्धप्रभास नाउँको तीर्थको सिरानमा हिमालय पर्वत छ, त्यहाँ गई ब्रह्माको तपस्या गर ।" त्यो सुनेर तारकासुर त्यतैबाट तपस्या गर्न भनी हिमालयपर्वतमा गयो र त्यहाँ ठूलो कष्ट गरी एक हजार वर्षसम्म ब्रह्माको तपस्या गऱ्यो । ब्रह्माले प्रसन्न भई 'तिम्रो तपस्यादेखि म खुसी भएँ, वरदान माग' भनी आज्ञा गर्नुभयो । अनि तारकासुरले ब्रह्मालाई साष्टाङ्ग प्रणाम गरी 'हे ईश्वर हजुरले सृष्टि गर्नुभएका पाँच वर्ष नाघेका प्राणी कसैले मलाई मार्न नसकून् फेरि जसले

मेरो शिर भूमिमा गिराउला त्यो पनि शिर फुटी मरोस्, सबै देवतालाई जित्न सकूँ' भनी वरदान माग्यो। ब्रह्माले 'तथास्तु' भनी वरदान र ब्रह्मास्त्र पनि दिई अन्तर्ध्यान हुनुभयो।

तारकासुर दैत्य बलवान् भई कसैलाई तृण अर्थात् त्यान्द्रोबराबर पनि नगनी सब दैत्यलाई साथमा लिई युद्ध गर्न इन्द्रको सहर अमरावतीमा गयो। त्यो देखेर देवताका राजा इन्द्रले तेत्तिस कोटि देवता जम्मा गरी आफ्ना अस्त्रशस्त्र लिई युद्ध गर्न अघि सरे। देवता र दैत्यको घनघोर लडाइँ पऱ्यो। लड्दा देवताहरूले तारकासुरका कोटिकोटि सेना नाश गरे। त्यो देखी तारकासुरले शुक्राचार्यसँग गई 'हे गुरुदेव ! देवताले हाम्रा सेना र दैत्य सबैको नाश गरिदिए, तपाईंले उद्धार गर्नुपऱ्यो' भनी बिन्ती गरे। अनि शुक्राचार्य आई सञ्जीवनी विद्या पढी पानी छरिदिए र मरेका दैत्यहरू सबै बाँची फेरि धमाधम युद्ध गर्न अगि सरे। यसरी आफूले मारेका दैत्यहरूलाई शुक्राचार्यले बचाइदिएको देखी रिसाएर इन्द्रले ऐरावत हात्तीमा चढी वज्रले हानी अनेक तरहले युद्ध गर्दा कैयौँ वर्ष बिते। दुवैतर्फका कोटिकोटि सेनाको नाश भयो। दैत्य मर्नेबित्तिकै शुक्राचार्यले बचाइदिने देवता मरेको मऱ्यै हुने हुँदा देवराज इन्द्रसमेत सब देवताहरूले हार मानी त्यहाँबाट भागी आफ्ना गुरु बृहस्पतिसित गई सबै वृतान्त कहे। त्यो सुनी बृहस्पतिले 'हे महाराज ! यो लडाइँमा तिम्रो जित हुन सक्दैन, किनभने

तारकासुर दैत्यले एक हजार वर्षसम्म ठूलो कष्टले तपस्या गर्दा ब्रह्मा प्रसन्न भई मैले सृष्टि गरेका पाँच वर्षभन्दा बढेका प्राणीले तिमीलाई मार्न सक्ने छैनन् भनी वरदान दिनुभएको छ । तसर्थ तिमीहरू श्रीमहादेवका शरणमा जाओ' भन्दा त्यहाँबाट सबै देवताहरू भागी मर्त्यमण्डल नेपालको मृगस्थलीमा आई लुकिरहेका थिए । देवताहरू भागेपछि दैत्यको राजा तारकासुरले स्वर्ग, मर्त्य र पाताल तीनै लोकको रजाइँ गरी आनन्दपूर्वक रहन लाग्यो ।

हे अगस्त्यमुनि ! त्यसपछि तारकासुरले दुःख दिइरहेका राजा इन्द्र धेरै कालसम्म त्यहीँ लुकिरहे । अनि इन्द्रले तेत्तिस कोटि देवतालाई डाकी 'हे देवताहो ! पापिष्ठ तारकासुर दैत्यले अमरावती लिई हामीलाई दुःख दिएको धेरै काल भयो । अब त्यसको संहार गरी अमरावती फर्काऔँ । श्रीमहादेवका गणेश र कुमार दुई पुत्र भएका छन् । तिनले हाम्रो शत्रु तारकासुरको नाश गरिदेलान् । श्रीमहादेवसित गई बिन्ती गरौँ' भनी तेत्तिस कोटि देवतासमेत भई श्रीमहादेवकहाँ गएर 'हे जगदीश्वर ! पापिष्ठ तारकासुरले अमरावती लिई हामीलाई दुःख दिएको धेरै काल भयो । अब त्यसको संहार गरी देवताको उद्धार गर्नुपर्‍यो' भनी बिन्ती गरे । त्यो सुनेर श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "हे देवताहो ! तारकासुर दैत्यलाई मैले मार्न हुँदैन । मेरो पुत्र कुमारले मारिदेलान् । सबै देवता, यक्ष र गन्धर्व मिली कुमारलाई सेनापति बनाई युद्ध गर्न जाओ; म पनि

आउँला ।" यस्तो आज्ञा सुनी इन्द्रले 'हवस्' भनी सबै देवता, यक्ष, गन्धर्व, किन्नर, भूत, प्रेत र प्रमथगणलाई साथ लिई कुमार र तारकासुर दैत्यका बीच युद्ध गराउन पिनाकधनुको साइत सारे । गणेशलाई भन्न बिर्सेछन्, तब गणेशले आफ्नो वाहन मुसासित गई भने– "हे मुसा ! मलाई वरदान दिएको आजै अन्यथा गरे, अब के गर्ने ?" त्यो सुनी 'हे गणनाथ ! अन्यथा गरेको होइन, तपाईंलाई भन्न बिर्सेका हुन्; म गई सम्झाई आउँछु' भनी साइत सारी राखेको पिनाकधनुको ताँदो काटी आयो । त्यो देखी इन्द्रादि देवताले 'बिघ्न पऱ्यो, यो साइत भएन' भने । तब श्रीमहादेवले 'बिघ्न परेको होइन, गणेशलाई भन्न बिर्स्यौ, गणेशलाई पनि लैजाओ' भन्नुभयो । यस्तो आज्ञा सुनी गणेशसमेत भई सबै देवता युद्ध गर्न अमरावतीमा गए । देवता र दैत्यको परस्पर घमासान युद्ध पऱ्यो । तारकासुर दैत्यले कुमारको रथ घचेडी एक योजन अर्थात् चार कोश पछि हटाइदियो । त्यो देखी कुमार रिसले चूर भई तारकासुर दैत्यको रथ घचेटी चार योजन पछि हटाइदिए । तब तारकासुरले रिसाएर खड्गले हान्यो । कुमारले आफूमाथि खड्ग आएको देखी धनु कानसम्म खैँची तारकासुरको घिच्रो ताकी चन्द्रबाण प्रहार गरे । त्यो बाण गयो र दिनका सूर्य अस्ताई रातका तारा नदेखिँदैमा ठीक बेला पारी तारकासुर दैत्यको शिर काटिदियो । त्यो देखी श्रीमहादेव चाँडै गई तारकासुरको शिर भूमिमा पर्न नपाउँदै बीचमै समाती लिनुभयो, गिँडचाहिँ भूमिमा गिऱ्यो । तारकासुर मरेको देखी दैत्यगण

डराई दश दिशातिर भागी आफ्नो ज्यान बचाउन लागे । श्रीमहादेव साँढेमा चढी इन्द्रादि देवता, यक्ष, गन्धर्व, किन्नर, भूत, प्रेत, पिशाच र प्रमथगणसहित भई सबै देवताहरूले धन्यधन्य भनिएका कुमारलाई अगि लगाई कैलाश पर्वतमा जानुभयो । त्यसपछि इन्द्र बिन्ती गर्छन्– "हे जगदीश्वर ! तपाईंका कृपाले शत्रुको संहार गरी अमरावती हातमा लियौँ; अब आज्ञा भए अमरावती जाँदा हौँ ?" त्यो सुनी श्रीमहादेवले 'तिम्रो राज्य अकण्टक होस्' भनी बिदा दिनुभयो । इन्द्र पनि श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी देवताहरूलाई साथमा लिई अमरावती गई आनन्दले रहे ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां तारकासुरदैत्यवधो नाम पञ्चदशोऽध्याय: ॥१५॥

# षोडशोऽध्याय

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! अनि पछि एक दिन फेरि शिवजीलाई वनविहार गर्न मन लाग्यो र मृगको रूप लिई कसैले थाहा नपाउने गरी श्लेष्मान्तक वनमा गई मृगका बथानमा भुली परम आनन्दले रहनुभयो । श्रीमहादेवलाई नदेख्ता पार्वतीले अनेक ठाउँमा खोजी गर्दा कहीँ पनि पाउन सकिनन् र हार मानी ‘श्रीमहादेवले अगि पनि मलाई यस्तै गरी दुःख दिनुभयो । फेरि अहिले पनि कता जानुभयो ?’ भनी ध्यानदृष्टिले विचार गर्दा त मृग भई वनविहार गरिरहेको थाहा पाइन् । पार्वती पनि वाग्मतीको किनारमा आई महाकष्टले तपस्या गरी बसिरहिन् । श्रीमहादेव र पार्वती दुवैलाई नदेख्ता ब्रह्मा, विष्णु आदि देवताहरूले जहाँतहाँ खोजी गरे । कहीँ पनि पाउन सकेनन् र हार मानी फर्की आउँदा वाग्मतीका किनारमा तपस्या गरी बसिरहेकी पार्वतीलाई देखी प्रणाम गरी बिन्ती गर्न लागे– “हे जगन्माता ! श्रीमहादेव कता जानुभयो ? बताइदिनुहवस् । फेरि तपाईं पनि किन यस्ता ठाउँमा एक्लै बसिरहनुभएको छ ?

सबै वृत्तान्त आज्ञा गर्नुहवस् ?" यति देवताहरूले बिन्ती गरेको सुनी पार्वती आज्ञा गर्दछिन्– "हे देवताहो ! श्रीमहादेव यहाँ आउनुभएको हुनाले उहाँकै आराधना र तपस्या गरी बसेकी हुँ । श्लेष्मान्तक वनको नैर्ऋत्यकोणमा ठूलो तलाउ छ । त्यहीँ सुनको जस्तो वर्ण, तीन आँखा, एक सिङ भएको सबैभन्दा ठूलो मृग भई मृगका फौजमा श्रीमहादेव क्रीडा गरी बस्नुभएको छ । तिमीहरू उहीँ गई हेर अनि श्रीमहादेवको दर्शन पाउला ।" त्यो सुनी देवताहरू त्यहाँ गई हेर्दा महादेवलाई कहीँ पाउन सकेनन् र ब्रह्मा, विष्णु र इन्द्र तीनै देवताले अनेक स्तुति गरी खोज्न लागे । त्यसै बेलामा लाखौँ मृगको फौज देखे । लाखौँ फौज वरिपरि राखी बीचमा खूब राम्रा आँखा, एक सिङ सुवर्णजस्तो वर्ण भएको, सबैभन्दा ठूलो, स्वर्गमा सबै ताराको बीचमा रहने चन्द्रमाजस्तो राम्रो यस्तो मृगलाई टाढैबाट यी तीन देवताले देखी उहाँ गई बिन्ती गरे– "हे ईश्वर धेरै दिन भयो कैलाश शून्य छ । हे करुणानिधान ! ब्रह्मा, विष्णु र इन्द्र तीन देवतामाथि करुणा राखी दर्शन दिनुहोस्" भनी अनेक स्तुति गरी मृगरूप श्रीमहादेवको नगिचमा गए । यसरी आएका देवताहरूलाई देखी शिवरूपी मृग उफ्रीउफ्री भागे । त्यो देखी विष्णु आज्ञा गर्नुहुन्छ– "हे ब्रह्मन् ! हे इन्द्र ! स्तुति गरी श्रीमहादेव चैतन्य हुने भएनन् । अब हामी तीनै जनाले घेरा दिई समाऔँ" भन्दा लौ भनी तीन जना तीनतिर बसी घेरा दिई मृगलाई समात्ने प्रयासमा लागे । रुद्रमृगका सिङका

फेदमा विष्णुले समात्नुभयो, फेरि चतुर्मुख ब्रह्माले माझमा समाउनुभयो, फेरि देवताका राजा इन्द्रले सिङका टुप्पामा समाए । यसरी समाउनेबित्तिकै मृग अन्तर्ध्यान भए । सिङ मात्र तीन जनाका हातमा रह्यो । तीन जनाले बलले समाएको हुनाले सिङ तीन टुक्रा भई तीनै जनाका हातमा एकएक टुक्रा पऱ्यो । त्यस्तो भएको देखी 'हामीहरूले साह्रै अपराध गऱ्यौँ, अनर्थ भयो; अब कसो गरूँ ?' भनी तीन जना त्यही बसी 'हे ईश्वर ! हाम्रो अपराध क्षमा गर्नुहोस्' भनी अनेक स्तुति गरे । ब्रह्मा, विष्णु र इन्द्रले स्तुति गर्दा श्रीमहादेवले प्रसन्न भई ज्योतिस्वरूपको दर्शन दिनुभयो र देवताहरूले खुसी भई साष्टाङ्ग प्रणाम गरे ।

श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "हे देवताहो ! तिमीहरूको स्तुतिदेखि म सन्तुष्ट भएँ, वरदान माग ।" यति श्रीमहादेवको आज्ञा सुनी ब्रह्मा, विष्णु र इन्द्रले 'हे ईश्वर ! तपाईंको जप, ध्यान हामीहरू कहिल्यै नभुलौँ, सदा सर्वदा हाम्रा हृदयमा रहिरहोस् ।' यति देवताहरूले भनेको सुनी श्रीमहादेवले 'तथास्तु' भनी वरदान दिनुभयो । फेरि देवताहरूले 'हे ईश्वर ! तपाईंको यो सिङ कहाँ राख्ने हो ? तीन टुक्रा बनाएको हाम्रो अपराध क्षमा गरिबक्सनुहोस्' भनी बिन्ती गरे । तब श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "त्यो मेरो सिङ तीन टुक्रा भएकोमा तिमीहरूलाई केही अपराध लाग्दैन, सन्देह नगर । इन्द्रका हातको इन्द्रलोकमा, ब्रह्माको हातको मर्त्यमण्डलअन्तर्गत नेपालको

गोकर्णमा, विष्णुको हातको पातालमा लगी स्थापना गर्नू" भनी आज्ञा हुँदा ब्रह्मा, विष्णु र इन्द्रले बिदा भई श्रीमहादेवलाई प्रणाम गरी सोही माफिक तीनै लोकमा स्थापना गरे । श्रीमहादेव पार्वतीसँग गई उनलाई काखमा लिई कैलाश पर्वतमा गई नन्दी, भृङ्गी, चतु:षष्टियोगिनी, भूत, प्रेत, पिशाच र प्रमथगणसमेत भई ठूलो आनन्दले रहनुभयो ।

हे अगस्त्यमुनि ! त्यसै बखतमा नैर्ऋत्यकोण लङ्कादेखि रावण नित्य गोकर्णमा आई स्नान गरी श्रीमहादेवका चरणमा दण्डवत् गरी नाची, गाई, बजाई तपस्या गरी जान्थ्यो । यसरी केही काल बितेपछि एक दिन महादेवले विष, भाङ, धतुरो खाई विचेत भइरहेका बेलामा रावण आई दण्डवत् गरी नाची मृदङ्ग बजाई गाउन लाग्दा श्रीभोलानाथ प्रसन्न भई 'हे रावण ! के माग्छस् माग्' भनी आज्ञा भयो र रावणले 'के मागूँ, तपाईंका कृपाले सबै कुरा मसँग छ' भन्यो । रावणका वचन सुनी 'एक कुरा नमागी सुख पाउँदैनस्, लौ माग्' भनी आज्ञा भयो र रावणका मनमा 'अब म के मागूँ, बत्तिस लक्षणले युक्त भएकी श्रीमहादेवका काखमा बसेकी पार्वतीलाई नै मागूँ' भन्ने भई श्रीमहादेवसित बिन्ती गर्‍यो– 'हे ईश्वर ! अरू कुरा मलाई केही चाहिँदैन, एउटी पार्वती मलाई बक्सनुहवस् ।' त्यो सुनी श्रीमहादेवले 'लौ लैजा' भनी पार्वतीलाई दिनुभयो ।

रावणले जगन्माता पार्वतीलाई पीठमा बोकी श्रीमहादेवसित बिदा भई गयो । यो सबै खबर वैकुण्ठनाथ विष्णुले चाल पाएर यो त अनर्थ हुन लाग्यो भनी तत्कालै वायुवेगले त्यहाँ आई आफ्ना मायाले छोपी मोहिनी रूप भई रावणलाई आज्ञा गर्नुभयो– “हे महापुरुष ! तिमी को हौ ? कहाँबाट आयौ ? त्यो बोकी ल्याएकी स्वास्नीमानिस को हुन् ? किन बोकी ल्यायौ ?” भनी सोध्नुभयो । रावणले ‘हे सुन्दरी ! लङ्काको राजा रावण भनेको मै हुँ । मैले श्रीमहादेवको तपस्या गर्दा खुसी भई उनले आफ्नी पत्नी पार्वती मलाई दिई पठाए, उनै पार्वती यी हुन् । यिनलाई बोकी लङ्का जान लागेको छु’ भन्यो । त्यो सुनी मोहिनी भन्दछिन्– “हे रावण ! यी के पार्वती हुन् र ? तिमीलाई लाज लाग्दैन ? श्रीमहादेवका मायाले बनाइएकी स्त्री तिमीजस्ता महावीरले बोकी हिँड्न सुहाउँदैन, अरूले देखे भने के भन्छन् ? यी त पार्वती होइनन् । तिमीलाई महादेवले झुक्याएछन् । पार्वती मागी लैजाने भए पार्वती बस्ने ठाउँ तिमीलाई भन्छु सुन; महादेवले आसन गरी राखेका बाघको छालाभित्र साँच्चिकै पार्वतीलाई लुकाइराखेका छन्, सोही मागेर लैजाऊ ।” मोहिनीका यस्ता कुरा रावणले पत्याई पार्वतीलाई त्यहीँ छोड्यो र आफू फर्की कैलाशमा गयो । विष्णुले पार्वतीलाई वैकुण्ठमा लगी नाना तरहसँग पूजा गरिराखे । उता श्रीमहादेव विचेत भइरहनुभएको थियो । त्यहाँ गई रावणले बिन्ती गर्न लाग्यो– “हे ईश्वर ! तपाईंले मलाई छली मायाले एउटी स्वास्नीमानिस बनाई दिनुभएछ ।

मैले थाहा पाइनँ र लिएर गएको थिएँ । बाटामा फाली आएँ । दिने भए तपाईंले आसन गरिराखेका बाघको छालाभित्रकी पार्वती पाऊँ ।" त्यो सुनी महादेवले ध्यानदृष्टिले विचार गरी हेर्दा पार्वतीलाई विष्णुले लगेको थाहा पाई मायाले अर्की एउटी स्त्रीलाई सृष्टि गरी आसन गरी राखेको बाघको छालाभित्रबाट निकाली 'लौ लैजा' भनी दिनुभयो । रावण पनि खूब खुसी भई श्रीमहादेवलाई प्रणाम गरी महादेवले माया गरी बनाएकी स्त्रीलाई काँधमा बोकी लङ्का गयो । त्यसपछि श्रीविष्णुले पार्वतीलाई श्रीमहादेवकहाँ पुऱ्याई वैकुण्ठमा जानुभयो ।

हे अगस्त्यमुनि ! त्यसपछि एक दिन श्रीमहादेवले पार्वतीसँग सल्लाह गरी मानसरोवरमा गई राजहंस भई जलक्रीडा गरी खेल्न लाग्नुभएको थियो । त्यसै बेलामा अन्त:पुर नामको सहरमा बसेको जालन्धरले आफ्नी पतिव्रता स्त्री वृन्दासित बसी दुवै स्त्रीपुरुष ठट्टा गरिरहँदा जालन्धर साह्रै खुसी भई हाँस्यो र वृन्दाले भनिन्– "हे स्वामी ! किन हाँस्नुभयो ?" यो सुनी जालन्धर भन्छ– "हे प्रिये ! अरू कुराले हाँसेको होइन, तिमीजस्ती राम्री स्वास्नी अरू कसकी होली ? भन्ने मनमा लाग्दा हाँसेको हुँ ।" त्यो सुनी वृन्दा भन्छिन्– "हे स्वामी ! म के राम्री छु र ? महादेवकी पत्नी पार्वतीलाई देखे कसो गर्नुहोला ?" जालन्धर भन्छ– "हे प्रिये ! के यो कुरा साँच्चै हो ? त्यसो भए पार्वतीलाई छल गर्न जान्छु" भनी

वृन्दासित भनेर मायाले श्रीमहादेवको रूप लिई कैलाश पर्वतमा गयो । श्रीमहादेव नै आउनुभयो भनी पार्वतीले हतारिँदै हातमा सुनको कमण्डलु लिई गोडा धुन ढोकामा आइन् । पार्वतीलाई ढोकामा आएको देख्नासाथ श्रीमहादेवको भेष गरी गएको जालन्धर मूर्छा परी भूमिमा गिऱ्यो । तब जगन्माता पार्वतीले ध्यानदृष्टिले विचार गर्दा जालन्धरले छल गर्न श्रीमहादेवको रूप लिई आएको थाहा पाई द्वारपाललाई 'हे नन्दी ! भृङ्गी ! यहाँ कोही आयो भने भित्र नपठाउनू' भनी रिसाएर कसैले नदेख्ने ठाउँमा गई लुकी विष्णुको आराधना गर्न लागिन् । पार्वतीले रिसाएर आराधना गरेको अन्तर्यामी भगवान् विष्णुले थाहा पाई शङ्ख, चक्र, गदा र पद्म हातमा लिई गरुडमाथि सवार भई तत्कालैमा हावाभन्दा दोब्बर गतिले पार्वतीकहाँ पुगी आज्ञा गर्नुभयो– "हे पार्वती ! मलाई किन आराधना गर्नुभयो ?" यति विष्णुको वचन सुनी पार्वती आज्ञा गर्छिन्– "हे वैकुण्ठनाथ ! श्रीमहादेव यहाँ हुनुहुन्न । जलक्रीडा गर्न मानसरोवरमा गई राजहंस भएर आनन्दमा रहनुभएको छ । यस्तो अवसर पारी पापी जालन्धरले मलाई छल्न भनी श्रीमहादेवको रूप लिई आएछ । मैले चाल पाइनँ र श्रीमहादेव आउनुभयो भनी खुसी मानी कमण्डलु लिई गोडा धुन भनी ढोकामा जाँदा मलाई देख्नेबित्तिकै ऊ मूर्छा पऱ्यो । 'श्रीमहादेव भए मूर्छा हुनु नपर्ने हो ! मलाई छल गर्न कोही पापिष्ठ आएको होला !' भनी मैले ध्यानदृष्टिले विचार गरी हेरेँ । त्यो जालन्धर हो भनी चिनी द्वारपाललाई

'कसैलाई भित्र नपठाउनू' भनी यहाँ आई बसी तपाईंलाई आराधना गरेकी हुँ, अब कसो गर्ने हो ?" यति जगत्‌की माता पार्वतीका वचन सुनी 'त्यस जालन्धरले तपाईंलाई छल गर्न माया रूप भई आएपछि म गई त्यसकी पत्नी वृन्दाको निश्चय सत्य डगाई आउँछु; सन्देह नगर्नुहोला ! अहिल्यै गई महादेवलाई पनि खोजी यहाँ पठाइदिन्छु' भनी पार्वतीसित बिदा भई विष्णु गरुडमा चढी वेगसँग मानसरोवरमा जानुभयो ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां श्रीमहादेवमानसरोवरगमनं नाम षोडशोऽध्यायः ॥१६॥

# सप्तदशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! श्रीमहादेव राजहंसका राजा भई मानसरोवरमा अनेक हंसिनीहरूसित मिली जलक्रीडा गरी बस्नुभएको थियो । त्यही बेलामा विष्णुलाई साह्रै वेगसँग आएको देखी हंसरूप श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "हे विष्णु ! यस्तो चाँडो वेगले मकहाँ किन आउनुभयो ? तपाईंलाई के आपत् पर्‍यो ?" यस्तो आज्ञा सुनी विष्णुले गरुडदेखि ओर्ली साष्टाङ्ग प्रणाम गरी "हे ईश्वर ! तपाईं यहाँ आउनुभएपछि जालन्धरले तपाईंको भेष धारण गरी पार्वतीलाई छल्न कैलाशमा गएछ र पार्वतीलाई देख्नासाथ मूर्छा परेछ । छल्न भनी पापिष्ठ जालन्धरले महादेवको भेष गरी आएको भनी थाहा पाई त्यहाँ कसैले नदेख्ने ठाउँमा लुकी पार्वतीले मलाई डाक्नुभयो । अनि म गई सबै विस्तार बुझी यहाँ आएको हुँ । अब म गई त्यस जालन्धरकी पत्नी वृन्दाको पतिव्रताधर्म नष्ट गराई आउँछु ।" त्यो सुनी श्रीमहादेवले राजहंसको रूप छोडी आफ्नो रूप लिई रिसले आँखा राताराता पारी आज्ञा गर्नुभयो– "हे विष्णु ! उसो भए म

कैलाश जान्छु । तपाईं वृन्दाकहाँ गई पतिव्रताधर्म डगाई आउनुहोस् । त्यस पापिष्ठ जालन्धरलाई नमारी छोड्ने छैन" भनी पाखुरा निमोठी रिसले चूर भई विष्णुलाई बिदा दिई त्यहाँदेखि अन्तर्ध्यान भई कैलाशमा पार्वती लुकिरहेको ठाउँमा पुग्नुभयो । श्रीमहादेव आएको देखी पार्वतीले पाउ धोई दण्डवत् प्रणाम गरी जालन्धर आएको वृत्तान्त कहिन् । तब महादेव आज्ञा गर्नुहुन्छ– "हे पार्वती ! त्यस जालन्धरलाई म नमारी छोड्ने छैन । विष्णु वृन्दाको सत्य डगाउन गइरहेछन्, आउनेबित्तिकै युद्ध गरी जालन्धरलाई मारुँला ।"

हे अगस्त्यमुनि ! उता विष्णु जालन्धरको भेष लिई अन्त:पुरमा जानुभयो र जालन्धर रूप विष्णु आएको देखी वृन्दाले आफ्ना स्वामी जालन्धर आउनुभयो भनी ढोकामा आई पाउ धोई भित्र लगी कोठामा राखी भन्न लागिन्– "हे स्वामी ! तपाईंले पार्वतीलाई छल गर्न जानुभएको कसो गरी आउनुभयो ? पार्वती मभन्दा कत्तिकी राम्री रहिछन् । सो सब हाल बताउनुहवस्" भन्दा जालन्धर भेषधारी श्रीविष्णु आज्ञा गर्नुहुन्छ– "हे वृन्दे ! पार्वतीलाई छल गर्न सकिने रहेनछ किनभने गिरिजाका घरभित्र जाँदा ढोकामा बसेका डरलाग्दा द्वारपाल देखी डराई म फर्की आएँ ।" वृन्दाले यी कुरा सुनी 'यी जालन्धर होइनन्, कोही जालन्धर भई मलाई छल्न आएका हुन्' भनी ध्यानदृष्टिले विष्णुलाई चिनी 'अब मैले केही

जुक्ति गर्नुपर्‍यो' भनी हाउभाउ कटाक्ष गरी विष्णुलाई मक्ख पारी भन्न लागिन्– "हे स्वामी ! म केही भन्छु, तपाईं मान्नुहुन्छ ?" भेषधारी विष्णुले 'जे भने पनि मान्दछु' भनी वाचा गर्नुभयो र वृन्दाले 'अरू कुरा केही होइन, म नआउन्जेल यहीं बसिरहनुहोला' भनी विष्णुलाई कोठामा थुनी आफू अर्के घरमा गई बसिरहिन् । अहिले आउली, भरे आउली भन्दैमा पाँचछ दिन बिते तैपनि वृन्दा आइनन् र विष्णुले चिन्ता गर्न लाग्नुभयो । 'अब कसो गरूँ ? यसै बसिरहूँ भने श्रीमहादेवले के भन्नुहोला ? जाऊँ भने वाचाले हारें, कसरी जाऊँ ?'

उता ती विष्णु गएका यतिका दिन भए तैपनि फर्केनन् भनी ध्यानदृष्टिले श्रीमहादेवले विचार गरी हेरेर पार्वतीसित आज्ञा गर्नुभयो– "हे उमादेवी ! वृन्दालाई छल गर्न गएका विष्णुलाई वृन्दाले छली कोठामा थुनिराखेकी रहिछ" भनी आफ्ना मायाले सोह्र वर्षका उमेरको खुबै राम्रो भिक्षुक सृष्टि गरी आज्ञा गर्नुभयो– "हे भिक्षुक ! तिमी अन्तःपुरमा जालन्धरका घरमा गई जालन्धरकी स्त्री वृन्दाले कोठामा थुनिराखेका विष्णुलाई मागी ल्याऊ ।" यति श्रीमहादेवको आज्ञा सुनी 'हवस्' भनी ती भिक्षुकले जालन्धरका घरमा गई भिक्षा मागे । तब वृन्दाले झ्यालबाट हेरिन् । 'यस्तो राम्रो योगीलाई भिक्षा दिनुपर्छ' भनी भिक्षा लिई 'हे योगी ! के माग्न भनी आयौ ?' भनी वृन्दाले भन्दा "केही माग्न भनी आएको

छु, दिने भए माग्दछु, नदिने भए के मागूँ" यति योगीले भनेको सुनेर 'मैले दिन हुने कुरा मसँग भएको जेसुकै मागे पनि दिन्छु' भनी वाचा गरिन् । अनि भिक्षुकले 'अरू केही होइन, तिमीले थुनिराखेको मानिसलाई माग्दछु । त्यो देऊ' भनी मागे । वृन्दाले मनमा विचार गरिन्– 'अब के गरूँ ? यो योगीले छल गरी वाचा गराई माग्यो । दिऊँ भने कसरी दिऊँ, नदिऊँ भने वाचाले हारिसकें, जेसुकै भए तापनि वाचा हार्नु हुँदैन' भनी आफूले कोठामा थुनिराखेको भेषधारी विष्णुलाई बाहिर ल्याई योगीलाई दिई पठाइन् । यसरी विष्णुलाई साथ लिई योगी बाहिर निस्किए र त्यहाँदेखि अन्तर्ध्यान भई कैलाशमा गई श्रीमहादेवलाई सबै वृत्तान्त सुनाए ।

त्यसपछि विष्णु बाहिर आई मनमा विचार गर्न लाग्नुभयो– 'अब कसो गरूँ ? वृन्दाको सत्य डगाउन गएको, झन् उसैबाट थुनिएर बस्नुपर्‍यो । महादेवले के भन्नुभयो होला ?' भनी गरुडमा सवार भई कैलाशमा जानुभयो । विष्णु गरुडमा चढी जाँदा गरुडका शब्दले पार्वतीलाई देख्ता मूर्छा भइरहेको जालन्धर मूर्छाबाट बिउँझी 'केको शब्द रहेछ' भनी हेर्दा 'विष्णु कैलाशको रेखदेख गरी हिँड्दा रहेछन्, पार्वतीलाई छल्न सकिने रहेनछ, अब यहाँ नबसूँ, घर जाऊँ' भनी आफ्ना घर गयो ।

हे अगस्त्यमुनि ! विष्णुले श्रीमहादेव पार्वतीकहाँ पुगी प्रणाम गरी एकातिर अलग्गै बसिरहनुभयो र महादेवले आज्ञा गर्नुभयो–

"हे विष्णु ! वृन्दालाई छल्न गएको यतिका दिनसम्म के गरिरहनुभयो ? वृन्दाको सत्य डगाउन सक्नुभयो ?" यति श्रीमहादेवको वचन सुनी विष्णु बिन्ती गर्नुहुन्छ– "हे ईश्वर ! तपाईंको आज्ञाले म गएँ, तर उहाँ वृन्दाले छली 'म नफर्कुन्जेल यहीं कोठामा बसिरहनू' भनी मलाई वाचा गराई आफू निस्किइन् । 'वृन्दा आउलिन्' भनी बस्ताबस्ता यतिका दिन बितिसके, वाचाले हारेको हुनाले आउन नसकी त्यसै खुम्चेर बसेको थिएँ । पछि एउटा योगीको साथ लगाई छोडिदिँदा तपाईंको दर्शन गर्न आएँ ।" त्यो सुनेर श्रीमहादेवले ब्रह्मा, विष्णु आदि तेत्तिस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, नन्दी, भृङ्गी, प्रमथगण, भूत र प्रेतसमेत जम्मा गरी आज्ञा दिनुभयो– "हे देवताहो ! पापिष्ठ जालन्धरलाई तिमीहरू गई मारी आओ ।" यस्तो आज्ञा सुनेर सबै देवता 'हवस्' भनी जान तयार भए । अनि महादेवले नारदलाई डाकी 'हे नारद ! जालन्धरकहाँ गई तिमीसँग युद्ध गर्न देवताहरू आउन लागे, तयार होऊ' भनी सन्देश पुऱ्याइदेऊ । महादेवको आज्ञानुसार नारद ऋषि 'हवस्' भनी जालन्धरका घर गए ।

हे अगस्त्यमुनि ! जालन्धर कैलाशबाट फर्की आफ्नो घर गयो र वृन्दाले आफ्ना स्वामी जालन्धरलाई आएको देख्ता गोडा धोई भित्र लगी भन्न लागिन्– "हे स्वामी ! पार्वतीलाई छल गर्न जानुभएको कसो भयो ?" त्यो सुनी जालन्धर भन्छ– "हे प्रिये !

त्यो कुरा भन्दछु सुन । यहाँबाट कैलाशमा गएँ । महादेवको भेष गरी जाँदा पार्वतीले देखिन् र सुनको कमण्डलु लिई मेरा गोडा धुन ढोकामा आइन् । ओहो ! राम्रीमा तिनीभन्दा अरू यो पृथ्वीमा हुन मुस्किलै छ । पार्वतीको मुख देख्नासाथ मेरो होसहवासै उडच्यो र म मूर्छा भई भूमिमा गिरेको थिएँ । पछि चेत पाएर उठी हेर्दा पार्वती कता गइन् कुन्नि ! केही थाहा पाइनँ र फर्की आएँ ।"

जालन्धरका यस्ता वचन सुनी वृन्दा बिन्ती गर्दछिन्– "हे स्वामी ! तपाईं जानुभएपछि विष्णुले तपाईंको भेष लिई मलाई छल गर्न भनी आएका थिए । मैले उनलाई चिनी कोठामा थुनी धेरै दिनसम्म राखेकी थिएँ, पछि खुबै राम्रो एउटा अनौठो योगी आई माग्दा दिई पठाएँ ।" यति वृन्दाको वचन सुनी जालन्धर खूब रिसाएर 'हे वृन्दा ! त्यसो भए पार्वतीलाई छल नगरी छोड्ने छैन, फेरि जान्छु' भनी बाहिर निस्केको मात्र थियो तत्काल श्रीमहादेवले पठाएका नारद ऋषिसँग भेट भयो । नारदले 'हे जालन्धर ! तिमी कहाँ जान लाग्यौ ?' भनी सोधे । जालन्धरले 'भिक्षा माग्न जान्छु' भन्यो । त्यो सुनेर नारद भन्दछन्– "हे जालन्धर ! तिमीले किन त्यस्तो झूटा कुरा गरेको ? तिमी जान लागेको काम मैले थाहा पाएँ । तिमी पार्वतीलाई छल गर्न भनी जान लागेका हौ । उहाँ तिमीसँग युद्ध गर्न ब्रह्मा, विष्णु आदि सब देवता तयार भई मलाई खबर दिन पठाउनुभएको छ । तिमी अन्यत्र जान पछि नलाग ।

आफूलाई जोजो चाहिने सरजाम तयार गर ।" नारदका कुरा सुनी जालन्धरले 'त्यसो भए म फर्कन्छु' भनी फर्की आफ्नी स्त्रीसित 'अब म लडाइँ गर्न जान्छु । घरमा स्याहारसम्भार गरे' भनी बिदा भई त्रिशूल लिई आफ्ना सबै सेना जम्मा गरी देवतासँग युद्ध गर्न भनी कैलाशतिर लाग्यो । यता नारदले जालन्धरलाई खबर दिई फर्की श्रीमहादेवकहाँ पुगी दण्डवत् प्रणाम गरी जालन्धरसँगको वृत्तान्त सब भने । त्यो सुनी श्रीमहादेवले ब्रह्मा, विष्णु आदि सब देवतालाई 'युद्ध गर्न जानुहोस्' भनी बिदा दिनुभयो ।

त्यहाँपछि सब देवता बाजा बजाउँदै सिंहनाद गर्दै कैलाशदेखि निस्के । बाटामा दुवैतर्फका सेना भिडेर घोर घमासान युद्ध भयो । देवताहरूले कोलाहल शब्द गर्दै अगि सर्दै अनेक शस्त्र छोडे । ब्रह्माले रजोगुण छोडे । देवताहरूले छोडेका अस्त्रशस्त्रले जालन्धरलाई केही गर्न सकेनन् र दिग्दार भई आआफ्ना शस्त्रास्त्र झिकी चुप लागिरहे । अनि इन्द्रले रिसाएर वज्र छोडे, त्यसले पनि केही गर्न सकेन । यता जालन्धर आफूमाथिको आक्रमणलाई तृणजत्तिको पनि नमानी चुप लागिरह्यो । फेरि वैकुण्ठनाथ विष्णुले रिसले चूर भएर पाञ्चजन्य शङ्ख बजाई कौमोदकी गदा घुमाई छोड्नुभयो । त्यो गदाले पनि जालन्धरलाई छुँदै छोएन । त्यसै गरी आफ्ना शस्त्रअस्त्र बराबर देवताहरू छोड्दै थिए, तर ती सबैले केही गर्न सकेनन् । केही सीप नचल्दा

नारायणले 'अब यसरी भएन' भनी श्रीमहादेवका पास गई बिन्ती गर्नुभयो– "हे ईश्वर ! जालन्धरलाई मार्न हामीले कोसिस गऱ्यौँ तर सकेनौँ । तपाईंबाहेक अरू कसैको सामर्थ्य छैन, तपाईं नै जानुपऱ्यो ।" यति विष्णुको वचन सुनी श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "हे विष्णु ! आफ्नी स्त्री वृन्दाको पतिव्रता धर्मले गर्दा त्यो जालन्धरलाई कसैले मार्न सक्तैन । तसर्थ तपाईंले आफ्ना मायाले छोपी जालन्धरको भेष लिई अन्त:पुरमा गई छल गरी वृन्दाको पतिव्रता धर्म नष्ट गराउनुपऱ्यो । म गई जालन्धरलाई मार्दछु ।" यस्तो आज्ञा हुँदा विष्णु पनि 'हवस्' भनी महादेवसित बिदा भई जालन्धरको भेष लिई बायाँ हातले त्रिशूल समाई दायाँ हातले डमरु बजाउँदै विष्णुका मायाले छोपी जालन्धरका घरमा पुग्नुभयो ।

वृन्दाले भेषधारी जालन्धरलाई आएको देखी हतपताउँदै ढोकामा आई पाउ धोई कोठामा लगी आसनमा बसाली बिन्ती गर्न लागिन्– "देवताहरूसँग युद्ध गर्न जानुभएको कसो गरी आउनुभयो ?" त्यो सुनी जालन्धर रूप विष्णु आज्ञा गर्नुहुन्छ– "हे प्रिये ! देवतासँग युद्ध गर्दा लागेको थकाइ मारौँ भनी फर्की आएँ । भोक लागिरहेछ, खानेकुरो ल्याऊ ।" तब वृन्दाले नाना तरहका चौरासी व्यञ्जन तयार गरी भोजन गराइन् र रात परेपछि वृन्दासित अनेक तरहका कुरा गरी श्रीविष्णुले उनको पतिव्रता धर्म नष्ट गरिदिनुभयो । रात बितेपछि जालन्धरको रूप

छोडी चार हातमा शङ्ख, चक्र, गदा र पद्म लिएको आफ्नै स्वरूपको दर्शन दिनुभयो । तब वृन्दा रिसाई 'हे पापिष्ठ विष्णु ! तिमीले कपट गरी मेरो पतिव्रता धर्म नष्ट गरिदियौ' भन्दा विष्णु आज्ञा गर्नुहुन्छ– "हे वृन्दा ! जालन्धरलाई श्रीमहादेवले हिजै मारिसक्नुभयो होला । अब तिमी वैकुण्ठको अधिपति म विष्णुलाई स्वामी पाएपछि किन फिक्री गर्छ्यौ ? हे वृन्दे ! तिमी पत्यार मान्दिनौ भने अलिखेरमा समाचार पाउली, अनि पत्यार पर्ला ।" यसरी नाना तरहसँग विष्णुले वृन्दालाई बुझाउन लाग्नुभयो ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां वृन्दापतिव्रताधर्महरणं नाम सप्तदशोऽध्यायः ॥१७॥

# अष्टादशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! तिमी एकचित्त भई सुन । उता श्रीमहादेवले विष्णुलाई बिदा दिई जालन्धरसँग युद्ध गर्न जानुभयो । श्रीमहादेव र जालन्धरको घोर सङ्ग्राम भयो । वृन्दाको पतिव्रता धर्म विष्णुले हरिसकेको हुनाले जालन्धर निर्बल भई महादेवसित युद्ध गर्न नसकी आकाशमा गई मायायुद्ध गर्न लाग्यो । तब महादेवले पनि आकाशमा गई युद्ध गर्दा जालन्धरको बल सकिँदै गयो । त्यो देखी श्रीमहादेवले 'अब त वृन्दाको सत्य विष्णुले डगाइसकेछन्' भन्ने थाहा पाई आफ्ना हातमा रहेको त्रिशूल उठाई तीनै आँखाबाट आगाको ज्वाला निकाली रिसले चूर भई जालन्धरको छातीमा रोप्नुभयो । त्यो त्रिशूलको पीडाले जालन्धर मरी अन्तःपुरको चोकका बीचमा ठूलो आवाज गरी पछारिन पुग्यो । त्यो आवाज सुनी 'केको शब्द आयो' भनी हेर्न जाँदा आफ्ना स्वामी जालन्धरको मरेको शरीर पछारिन आएको देखी वृन्दाले नाना तरहले विलाप गर्न लागिन्– "हे स्वामी ! यस्तो अवस्थामा मलाई एक्लै छोडी

तपाईं कहाँ जानुभयो ? पापिष्ठ विष्णुले छल गर्दा तपाईंको यो अवस्था भयो । हे नाथ ! तपाईंबिना अब कसरी बाँच्ने ? तपाईं जहाँ जानुहुन्छ मलाई पनि उहीं लैजानुहोस्" भनी केश फिँजाई विष्णुको मुख हेरी भन्न लागिन्– "हे पापिष्ठ विष्णु ! तिमीले जाल गरी मेरो पतिव्रता धर्म नष्ट गराइदिँदा आज मेरा स्वामीको यस्तो अवस्था भयो । अब तिमीलाई श्राप दिन्छु– तिमी घाँस हुनुपरोस्, रूख भई रहनुपरोस्, ढुङ्गा भई रहनुपरोस्, क्षार भई रहनुपरोस् । यति चार कुरा तिमीलाई श्राप दिएँ" भनी विष्णुलाई श्राप दिई जालन्धरसँग सती गई प्राण छोडिन् ।

हे अगस्त्यमुनि ! पतिव्रताले श्राप दिएको हुनाले श्रीविष्णुलाई 'क्षार हुनुपरोस्' भनेकोमा तुलसी भई रहनुपऱ्यो । 'घाँस भई रहनुपरोस्' भनेकोमा कुश भई रहनुपऱ्यो । 'रूख भई रहनुपरोस्' भनेकोमा पीपलको रूख भई रहनुपऱ्यो । 'ढुङ्गा भई रहनुपरोस्' भनेकोमा शालिग्राम भई रहनुपऱ्यो । यस कारणले तुलसी, कुश, पीपल र शालिग्रामलाई विष्णुका स्वरूप मानी सबैले पूजा गर्दै आएका हुन् । हे अगस्त्यमुनि ! पतिव्रता धर्म भनेको बडो ठूलो धर्म हो; त्यसको प्रभाव देखिहाल्यौ ।

हे अगस्त्यमुनि श्रीविष्णुले वृन्दाको श्राप पाएपछि श्रीमहादेवकहाँ गई सब हाल सुनाई 'अब श्रापबाट मुक्त हुन जान्छु' भनी महादेवसित बिदा भई पृथिवीमा आई तुलसी, कुश, पीपल, शालिग्राम

भइरहनुभयो । विष्णु गएपछि महादेवले साँढेमाथि चढी ब्रह्मादि देवताहरूलाई अगिपछि लगाई, नाना तरहका बाजा बजाएर गन्धर्वले नाच गरेको हेर्दै पुष्पवृष्टिका साथ ठूलो उत्सव गर्दै कैलाशमा प्रवेश गर्नुभयो र प्रमथगणसमेत भई शिवशक्ति स्वरूपमा ठूलो आनन्दले रहनुभयो । स्वर्गका सबै देवता श्रीमहादेवसित बिदा भई आफ्नाआफ्ना आश्रममा गए । यति स्वर्गका कुरा कहेँ अब पातालका कुरा कहन्छु ।

हे अगस्त्यमुनि ! एकचित्त भई सुन– अश्वत्थामा ऋषि पार्वतीका आज्ञाले सप्तपातालको मूल रसातल पातालमा पुगे । उनी सूर्यको जस्तो खूब चहकिलो तेज भएको; रङ्गबिरङ्गका रत्नले जडिजडाउ भएको; सुवर्णको पुरी अनगिन्ती सम्पत्ति भएको; शेष, अनन्त, वासुकि, तक्षक, कर्कोटक, पद्म, शङ्ख, कुलीर, वरुण र अरू नागहरू बसेका; नागिनीहरू पनि हीरा, मोती, मणिमाणिक्य इत्यादिका गहना र थरीथरीका कपडा पहिरी ऊभन्दा ऊ राम्री भइरहेका यस्तो पातालपुरीमा पुगे । अश्वत्थामा ऋषि शेषनागका घरमा गई 'हे शेषनाग ! पार्वतीका आज्ञाले श्रीस्वस्थानी परमेश्वरीको व्रत गराई जो दुःखी छन्, जो दरिद्र छन् तिनलाई उद्धार गर्न आइरहेछु । कोही दुःखी छन् कि ?' भनी सोधे । त्यो सुनेर शेषनागले 'हे अश्वत्थामा ऋषि ! यहाँ त्यस्ता कोही छैनन् । बरु ऊ त्यो वनको नगिचमा शङ्खचूड, रत्नचूड, कृपादत्त, धार्तराष्ट्र नागको

घर छ । उनका स्त्रीहरू दु:खमा छन् । उहाँ गई सोध' भने । त्यसपछि अश्वत्थामा ऋषि नागिनीहरू बसेका ठाउँमा गए ।

शङ्खचूडकी स्त्री हीरावती, रत्नचूडकी स्त्री रत्नावती, कृपादत्तकी स्त्री पद्मावती र धार्तराष्ट्रकी स्त्री मृगावती यति स्त्री र तिनका पुरुष परस्परमा प्रीतिले रहेका थिए । तर दु:ख पाएर घरमा बस्न नसकी नागहरू परदेश गएका थिए । नागिनीहरू दु:खिनी हुँदा पनि धर्ममा रहेका थिए । नागहरू परदेश गएपछि नागिनीहरूले 'अब के गरौँ ? कता जाऔँ ?' भनी चारैओटीले सल्लाह गरी घर छोडी वनमा बसी दु:खले दिन काट्न लागे । यसरी बाह्र वर्ष बिते तैपनि नागहरू आफ्ना घर फर्कन सकेनन् । यता नागिनीहरूले पनि नागको खबर पाउन सकेनन् । अश्वत्थामा ऋषिले त्यस्ता दु:खमा परिरहेका नागिनीहरूलाई बोलाउँदै गए र नागिनीहरूले पनि त्यो शब्द सुनी 'कसले बोलाउँछ ?' भनी गुफादेखि निस्की हेर्दा अश्वत्थामा ऋषिलाई देखी 'हे ऋषीश्वर ! आज हाम्रा घरमा तपाईं के कामले आउनुभयो ?' भनी सोधे । अश्वत्थामा भन्दछन्– "हे नागिनीहो ! पार्वतीका आज्ञाले जो दु:खी छन्, जो दरिद्र छन्, जसका पति छैनन्, जसका स्त्री छैनन्, तिनलाई श्रीस्वस्थानी परमेश्वरीको व्रत गराई उद्धार गर्न भनी आएको छु ।" त्यो सुनी नागिनीहरूले मनमा आनन्द मानी 'हे ऋषीश्वर ! हामी दु:खी छौँ, सन्तान पनि छैनन्, पति पनि घरमा

छैनन् । यस कारणले हामीलाई त्यो व्रत गराउनुहोस्' भन्दै नागहरू परदेश गएका र आफूले दु:ख पाएको वृत्तान्त कहे र आदर गरी आसनमा बसाले ।

अनि अश्वत्थामा भन्दछन्– "हे नागिनीहो ! एकचित्त भई सुन । सत्ययुगमा हिमालय पर्वतकी पुत्री पार्वतीले 'श्रीमहादेव स्वामी पाऊँ' भनी गरेको श्रीस्वस्थानी परमेश्वरीको व्रतविधि बताउँछु । पौषशुक्ल पूर्णिमाका दिनदेखि हातगोडाका नङ काटी, स्नान गरी, शुद्ध भई, एकभक्त रही, एकचित्त गरी 'मेरो फलानो कामना सिद्ध होओस्' भनी महिनादिनसम्म मध्याह्नकालमा श्रीमहादेवको पूजा गर्नू, श्रीस्वस्थानी परमेश्वरीको कथा सुन्नू । माघशुक्ल पूर्णिमामा अष्टोत्तरसय रोटी, अक्षता, बेलीपुष्प, जनै, सुपारी र जातजातका फूल र अरू सगुन एवम् नाना तरहका सामग्री तयार गरी थालीमा ॐकार लेखी गङ्गाजलले स्नान गराउनू । श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, फूल र माला पहिराउनू । धूप, दीप, नैवेद्य, वस्त्र, कस्तूरी र भेटी चढाउनू । श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू, अर्घ्य दिनू, ध्यान, जप र स्तोत्र पाठ गर्नू । अनि प्रसाद झिकी अष्टोत्तर सयमा आठ रोटी, आठ अक्षता, आठ बेलीपुष्प, आठ जनै, आठ सुपारी, सगुनसमेत आफ्ना पतिलाई दिनू । पति नभए छोरालाई दिनू (छोरा भन्नाले आफूसँगै बस्ने आफ्नो उत्तराधिकारीलाई सम्झनू) । घरमा त्यस्ता उत्तराधिकारी

नभए मितछोरालाई दिनू, मितछोरा पनि नभए जुन कामना गरी आफूले व्रत गरेको छ 'मेरो सोही कामना सिद्ध होओस्' भनी गङ्गामा लगी बगाउनू । सय रोटी आफूले फलाहार गर्नू, राति जाग्राम गरी बस्नू । श्रीस्वस्थानीका व्रतको प्रभावले तिमीहरूको दुःख नाश हुनेछ, नागहरू पनि आइपुग्नेछन्, इच्छा सिद्धि होला; यसमा अन्यथा नमान ।" अश्वत्थामाले यति भनेपछि नागिनीहरू बहुतै खुसी भई 'हामी स्त्री जाति, हामीलाई त्यस्तो व्रत र अनुष्ठानको ज्ञान कहाँ हुनु ? त्यसैले तपाईं नै बसी त्यो व्रत सम्पन्न गराई हामी अभागिनीहरूलाई उद्धार गरी जानुहोस्' भनी घर लगी श्रद्धापूर्वक भोजन गराई घरमा बसालिराखे ।

पौषशुक्ल पूर्णिमाको दिन आइपुगेपछि ऋषिले नागिनीहरूलाई विधिपूर्वक व्रत आरम्भ गराए । त्यसको महिनादिन पुगेपछि माघशुक्ल पूर्णिमाका दिन सबै सामग्री तयार पार्न लगाई श्रीस्वस्थानी परमेश्वरीको पूजा गराए । त्यसपछि ऋषिले 'हे नागिनीहो ! अब अर्घ्य दिई ध्यान, जप र स्तोत्र पाठ गर' भने र नागिनीहरूले पनि अर्घ्य दिई अञ्जलि बाँधी 'हे ईश्वरी ! हामी दुःखीहरूका पूजादेखि खुसी भई हामीलाई यस दुःखका अवस्थाबाट पार लगाउनुहोस्' भनी स्तुति गरिरहेका बखत पूर्व दिशाबाट हजार सूर्यको जस्तो तेज भएकी श्रीस्वस्थानी परमेश्वरीले प्रत्यक्ष दर्शन दिनुभई 'हे भक्त नागिनीहरू ! तिमीहरूका भक्तिदेखि म खुसी भएँ, वरदान

माग' भन्नुभयो । श्रीस्वस्थानीले आज्ञा गरेको सुनी नागिनीहरूले 'हे ईश्वरी ! हाम्रा नागहरू चाँडै आइपुगून्, हाम्रो दु:ख नाश होस्' भनी वर मागे । ईश्वरीले 'तथास्तु' भनी वरदान दिई अन्तर्ध्यान हुनुभयो । नागिनीहरूले प्रसाद झिक्न लाग्दा श्रीस्वस्थानी परमेश्वरीका व्रतका प्रभावले वर्षौंदेखि बिछोडिएका नागहरू घर आइपुगे र नागिनीहरूले मनमा आनन्द मानी श्रीस्वस्थानी परमेश्वरीका प्रसादमा आठ अक्षता, आठ रोटी, आठ बेलीपुष्प, आठ जनै, आठ सुपारी, सगुनसमेत आफ्नाआफ्ना पतिलाई दिई प्रणाम गरे । स्वस्थानीव्रतका प्रभावले सुख र सन्तोषमा पुगेका नागिनीहरूले अश्वत्थामा ऋषिलाई श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराए र उनीहरू बिदा भई आश्रममा गए । नागनागिनीहरू त्यस दिनदेखि असङ्ख्य सुख सम्पत्ति पाई ठूलो आनन्दले रहे ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां अश्वत्थामाऋषिपातालप्रवेशो नाम अष्टादशोऽध्याय: ॥१८॥

# ऊनविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! यति पातालका कुरा कहेँ; अब मर्त्यमण्डलका कुरा भन्दछु । मर्त्यमण्डलका दक्षिण भागमा ब्रह्मपुर नाम गरेको सहर छ । त्यहाँ ब्राह्मणहरू असङ्ख्य सम्पत्ति पाई वेद, पुराण र नाना शास्त्रहरूको अभ्यास गर्दै आफ्ना कर्ममा रहेका थिए । त्यसै नगरमा शिव भट्ट नाउँ गरेका ब्राह्मण अति गरिब थिए । गरिब भए पनि ती ब्राह्मणलाई लोभ, मोह थिएन । आफ्नो कर्म छोड्दैनथे, झूटो बोल्दैनथे । तिनकी सती नाउँकी ब्राह्मणी थिइन् । स्त्रीपुरुष मिलेर बसेका थिए । तिनीहरूले घरमा सम्पत्ति नहुँदा धेरै दुःख पाए । एक दिन शिव भट्ट ब्राह्मणले आफ्नी ब्राह्मणीसित 'हे प्रिये ! हाम्रा घरमा सम्पत्ति छैन; यसैले दुःख पायौँ । अब सम्पत्ति कमाउन सिद्धिगणेशको सेवा गरौँ' भनी सङ्कल्प गरे । त्यसपछि दुवै स्त्रीपुरुषले आठ आठ दिनमा मङ्गलबारका बिहानीपख महाकष्ट गरी श्रद्धापूर्वक सिद्धिगणेशको पूजा गरी सेवा गर्न लागे । त्यसो गर्दागर्दै आठदश

वर्ष बिते । यस्तै क्रममा एक दिन सिद्धिगणेश प्रसन्न भएर आफ्नो दर्शन दिई 'हे शिव भट्ट ब्राह्मण ! हे सती ब्राह्मणी ! तिमीहरूले गरेको सेवाबाट म खुसी भएँ, जे इच्छा छ वरदान लेओ' भनी गणेशले आज्ञा गरेको सुन्दा शिव भट्ट ब्राह्मणले साष्टाङ्ग प्रणाम गरी अञ्जलि बाँधी 'हे गणनायक ! अरू के वरदान मागौँ । पूर्वजन्ममा दान नगरेको हुनाले यस जन्ममा सम्पत्ति नभई दुःख पाइरहेछौँ, सम्पत्तिको इच्छाले तपाईंको सेवा गरिरहेका छौँ । सम्पत्ति दिई हाम्रो दुःख छुटाउनुहोस्' भनी बिन्ती गरे । त्यो सुनेर गणेशजीले 'हे शिव भट्ट ! आजका आठ दिनमा मङ्गलबारका दिन बिहानीपख यहाँ आई यसै गरी मेरो पूजा गर्नू । त्यस बेला मेरा अगाडि जे देखौला त्यो आफ्ना घर लगी तसला (सानो ताउलो जस्तो एक प्रकारको भाँडो)मा राखी माथिबाट तसलाले नै छोपिदिनू । चार दिन पुगेपछि माथिबाट छोपेको भाँडा उघारी हेर्नू, सुन भइरहनेछ । अनि सम्पत्ति पाई खुसी होउला । तिमीलाई सम्पत्ति होओस्, वरदान दिएँ घर जाऊ' भन्नुभयो । गणेशले आज्ञा गरेको सुनी दुवै दम्पतीले आनन्द मानी गणेशलाई प्रणाम गरी आफ्ना घर फिरे । सिद्धिविनायक पनि अन्तर्ध्यान हुनुभयो ।

आठ दिनपछि मङ्गलबारका दिन बिहानीपख पूजाको सामग्री लिई ती दुवै दम्पती सिद्धिविनायकका स्थानमा गए र सिद्धिविनायकका

अगाडि एउटा लड्डू देखे । सधैँका झैँ पूजा गरी त्यो लड्डू घरमा लगी तसलामा राखी तसलाले नै छोपिदिए । चार दिन पुग्यो र उघारी हेर्दा सुनको लड्डू भइराखेको देखेर खुसी भई यत्नसँग राखे । त्यस दिनदेखि शिव भट्ट ब्राह्मण र सती ब्राह्मणी प्रशस्त सम्पत्ति पाई खुसी भए ।

दश घर डुली भिक्षा मागी खाने शिव भट्ट ब्राह्मणले सम्पत्ति पाएपछि आफ्नी स्त्रीसित भने– “हे सती ! पूर्वजन्ममा दान नगरेकाले यस जन्ममा दरिद्र भई दुःख पायौँ; सिद्धिविनायकका कृपाले सम्पत्ति पाई धनी भयौँ । यस जन्ममा पनि दान नगरे अर्को जन्ममा दरिद्र हौँला । यस कारण दान, धर्म गर्दै गरौँ” भनी दुवै स्त्रीपुरुषले नित्य गङ्गामा गई स्नान गरी हरिहर अर्थात् विष्णु र शिवजीको पूजा गरी सुवर्णादि नाना द्रव्य दान गरी घर आउँथे । दान, धर्म गर्नाले शिव भट्ट ब्राह्मणको सम्पत्ति बढ्दै गयो । त्यो देखी एक दिन उनले आफ्नी स्त्रीसित भने– “हे सती ! हाम्रा सन्तान छैनन्, वृद्ध अवस्था भयो, सम्पत्तिले मात्र के गर्नु ? शेषपछि यो सम्पत्तिको रक्षा कसले गर्ला ? सन्तानका निमित्त फेरि सिद्धिगणेशको सेवा गरौँ ।” अनि सतीले ‘हवस्’ भनी अघिका झैँ आठआठ दिनमा मङ्गलबारको बिहानीपख दुवै दम्पतीले सिद्धिगणेशको सेवा गर्न लागे । तिनले सेवा गरेको देखी सिद्धिगणेश खुसी भई ‘हे शिव भट्ट ब्राह्मण ! तिमीले सेवा गरेको देख्ता म खुसी भएँ; वरदान लेऊ’ भनी आज्ञा गर्नुभयो ।

त्यो सुनेर ती दुवै दम्पतीले अञ्जलि बाँधी 'हे सिद्धिगणेश ! तपाईंले कृपा गर्नाले हामीले सम्पत्ति पायौँ तर हाम्रा सन्तान छैनन् । भविष्यमा त्यो सम्पत्तिको रक्षा कसले गरिदेला ? सन्तान हुने वर दिनुहोस्' भनी बिन्ती गरे । त्यो सुनेर सिद्धिगणेश आज्ञा गर्नुहुन्छ– "आजको आठौँ दिन मङ्गलबार यसै गरी आई पूजा गर्नू र त्यस बेलामा एक गाई आई तिमीहरूका मुखमा हेरिरहलिन् । तिमीहरूले पनि गाईको मुखमा हेरी पूजा गर्नू । त्यसपछि गाईले गोब्र्याउलिन् र त्यो गोबर भूमिमा पर्न नपाउँदैमा थापी घर लगी तसलामा राखी माथिबाट तसलाले नै छोपिदिनू । त्यस गोबरबाट कन्या उत्पन्न भइरहलिन्, पुत्र भने तिमीले राखेका छैनौ ।" त्यति गणेशले आज्ञा गरेपछि शिव भट्ट र सतीले 'हवस्' भनी मनमा हर्ष मानी साष्टाङ्ग प्रणाम गरी घर फर्किए ।

आठ दिनपछि मङ्गलबारका दिन बिहानीपख पूजाको सामग्री लिई शिव भट्ट र सतीदेवी दुवै स्त्रीपुरुष गणेशको मन्दिरमा गएर सिद्धिगणेशको पूजा गर्न लाग्दा गाई आई हेरिरहिन् । त्यो देखी गणेशको पूजा गरिसकेपछि ती दम्पतीले विधिपूर्वक गाईको पूजा गरी प्रणाम गरे । अनि गाईले गोब्र्याइन् र शिव भट्टले त्यो गोबर भूमिमा पर्न नपाउँदै चाँडै हातमा थापी सिद्धिगणेशलाई प्रदक्षिणा गरी दुवै स्त्रीपुरुष घर गई त्यो गोबर तसलामा राखी माथिबाट तसलैले छोपिदिए ।

चार दिन पुगेपछि माथिबाट छोपेको तसला उघारी हेर्दा त्यस गोबरबाट कन्या उत्पन्न भइरहेकी देखे । कस्ती कन्या भने मध्याह्नकालका सूर्यको जस्तो तेज भएकी, गरुडको जस्तो केश भएकी, मृगका जस्ता आँखा भएकी, पूर्णिमाका चन्द्रमाजस्तो मुख भएकी, वासुकिनागको जस्ता हात भएकी, सिंहको जस्तो कम्मर भएकी, हात्तीका सुँडजस्ता जङ्घा भएकी, सावित्रीका जस्ता पैताला भएकी, लक्ष्मीको जस्तो शरीर भएकी यस्ती परम सुन्दरी कन्यालाई देखी दुवै स्त्रीपुरुषले खुसी भई तसलादेखि झिकी राम्रोसित पाले । ती बालिकालाई दूध भएन र फेरि मङ्गलबारका बिहानीपख सिद्धिविनायकका स्थानमा गई शिव भट्ट र सती ब्राह्मणीले पूजा गरे । गणेश प्रसन्न भई 'हे ब्राह्मण ! ब्राह्मणी ! जे इच्छा छ भन' भनी आज्ञा गर्नुभयो । शिव भट्ट ब्राह्मण भन्दछन्– "हे गणेशजी ! तपाईंका कृपाले सम्पत्ति पनि भयो, सन्तान पनि भयो । त्यस बालिकालाई खुवाउने दूध भएन, यही बिन्ती गर्न आइरहेका छौँ ।" यति शिव भट्टको कुरा सुनी 'त्यस शिशुलाई दूध दिएँ' भनी गणेश अन्तर्ध्यान हुनुभयो । शिव भट्ट ब्राह्मण र सती ब्राह्मणी 'हवस्' भनी घर फिरे ।

सती ब्राह्मणीले घर आई आफ्ना स्तन निचोरी हेर्दा दूध आयो र त्यस शिशुलाई दूध पिउन दिई हुर्काइन् । जस्तै सीता उत्पन्न हुँदा जनक राजालाई आनन्द भएथ्यो ती बालिका उत्पन्न हुँदा

तिनीहरूलाई त्यस्तै आनन्द भयो । आफ्ना मर्यादाले ब्राह्मणहरूलाई डाकी विधिसित न्वारन गराए । ब्राह्मणहरूले 'हे शिव भट्ट ! गाईका गोबरदेखि उत्पन्न भएकी हुनाले यी बालिकाको नाम गोमयाबाट गोमा भयो' भनी नाम राखी यिनी भाग्यमानी हुने छिन्, सबै लोकले मान्नेछन्' भने । ब्राह्मणहरूले यति भनेपछि शिव भट्टले ब्राह्मणहरूलाई श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराए । त्यसपछि ब्राह्मणहरू आआफ्ना आश्रममा गए । ती कन्या शुक्लपक्षका चन्द्रमाझैँ दिनदिनै बढ्दै गई पाँच वर्षकी भइन् । सधैँ दुवै स्त्रीपुरुषले 'हे पुत्री गोमा ! हामी स्नान गरी आउँछौँ, तैँले पूजा गर्ने अक्षता केलाइराखेस्' भनी अह्राई गङ्गामा गई स्नान गरी हरिहरको पूजा गरी सुवर्णादि द्रव्य दान गरी उनीहरू घर आउँथे ।

शिव भट्ट ब्राह्मण र सती ब्राह्मणीले दान गर्दा इन्द्रको सहर अमरावती काप्न थाल्यो । इन्द्र डराई तेत्तिस कोटि देवतासमेत भई कैलाश पर्वतमा गई श्रीमहादेवसित बिन्ती गरे– "हे जगदीश्वर ! मर्त्यमण्डलका दक्षिण भागमा ब्रह्मपुर नाउँको एक नगर छ । त्यहाँ शिव भट्ट नाउँका एक ब्राह्मण र सती नाउँकी एक ब्राह्मणी छन् । ती दुवै स्त्रीपुरुषले तपाईंका पुत्र गणेशको सेवा गर्दा खुसी भई उनले असङ्ख्य सम्पत्ति दिए । ती शिव भट्ट ब्राह्मण सम्पत्ति पाएपछि नित्य गङ्गामा गई स्नान

गरी हरिहरको पूजा गरी सुवर्णादि नाना द्रव्य दान गरी घर आउँछन् । तिनले दान, धर्म गर्दागर्दा अमरावती थर्क्यो । हे करुणानिधान ! अर्को कुरा के भने शिव भट्ट ब्राह्मणले सम्पत्ति पाएपछि सन्तान भएनन् र फेरि गणेशको सेवा गरी गणेशले सबै लक्षणले युक्त भएकी अत्यन्त राम्री पुत्री वरदान दिए । हे प्रभो ! रक्षा गर्नुहोस् । तपाईंले रक्षा नगरे अमरावतीदेखि मैले निक्लनुपर्नेछ ।"

इन्द्रका यति वचन सुनेपछि श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "हे इन्द्र ! नडराऊ, म रक्षा गरूँला, तिमी अमरावती जाऊ ।" त्यो सुनी 'हवस्' भनी श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी इन्द्र अमरावती फर्किए । अनि श्रीमहादेवले इन्द्रलाई रक्षा गर्नका निमित्त, जटामुकुटधारी भिक्षुक रूप भई बायाँ हातमा त्रिशूल लिई दायाँ हातले डमरु बजाउँदै शरीरमा भस्म लेपन गरी शिव भट्ट ब्राह्मणका घर गई भिक्षा माग्नुभयो । गोमा ब्राह्मणी आफ्ना बाबाको नित्यपूजालाई अक्षता केलाइरहेकी थिइन् । धेरै बेरपछि 'मेरा बाबामहतारी गङ्गामा स्नान गर्न जानुभएको छ, म अक्षता केलाउँदै छु । एकैछिन पर्खनुहुन्छ कि ? भिक्षा दिने कोही छैन' भनी पर्खाइराखिन् । अक्षता केलाइसकी भिक्षा लिई भिक्षुक रूप श्रीमहादेवका पासमा आई 'हे भिक्षुक ! मेरा बाबामहतारी घरमा हुनुहुन्न । म अक्षता केलाउँदै थिएँ, बेर हुन गयो, दुःख नमान्नुहोला,

भिक्षा लिनुहोस्' भनिन् । त्यो सुनेर भिक्षुक रूप श्रीमहादेव आज्ञा गर्नुहुन्छ– "हे ब्राह्मणकन्या ! यतिका बेर पर्खाई अहिले भिक्षा दिन आइस् । त्यो भिक्षा म लिन्नँ । दिने भए तेरा बाबाको पूजा गर्नका निम्ति केलाइराखेको अक्षता दे ।" त्यो सुनेर गोमाले 'लिने भए यही लेऊ, नलिने भए अक्षता त दिन्नँ' भनिन् । त्यो सुनी श्रीमहादेवले 'हे पापिष्ठ ब्राह्मणकुमारी ! तैँले अहङ्कारले मलाई भिक्षा दिइनस् । त्यसैले म तँलाई श्राप दिन्छु– 'तँ सात वर्षकी हुँदा सत्तरी वर्षको बूढासित तेरो विवाह होओस्; फेरि तेरा बाबामहतारीले दु:खले सिद्धिगणेशको सेवा गरी कमाइराखेको सम्पत्तिको नाश होस्, तँलाई पनि नाना तरहका दु:ख परून्, फेरि तेरा बाबामहतारी पनि चाँडै नै मरिजाऊन्; यति चार कुरा तँलाई श्राप दिएँ' भनी त्यो भिक्षा नलिई बाहिर आएर त्यहाँदेखि अन्तर्ध्यान भई कैलाश पर्वतमा जानुभयो ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे
श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां गोमयोत्पत्तिर्नाम
ऊनविंशोऽध्याय: ॥१९॥

# विंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! गोमा भिक्षुक रूप श्रीमहादेवको श्राप पाई आकुल भई रोइरहेकी थिइन् । गङ्गामा स्नान गर्न गएका शिव भट्ट ब्राह्मण, सती ब्राह्मणीले स्नान गरी हरिहरको पूजा गरी सुवर्णादि नाना द्रव्य दान गरी घर फिर्दा गोमालाई रोइरहेको देखी 'हे पुत्री ! किन रोइस् ? के दुःख पऱ्यो ?' भनी सोधे । गोमाले भिक्षुक रूप श्रीमहादेवले भिक्षा माग्न आएको कुरा, अक्षता भिक्षा मागेको कुरा, श्राप दिई गएको कुरा सबै भनिन् । त्यो सुनेर आमाबाबु भन्दछन्– "हे छोरी ! त्यो के महादेव हो र त्यसले दिएको श्राप लाग्ला ? भिक्षुकले त्यसो भन्यो भन्दैमा यसरी रुनु ठीक छैन; नरोऊ ।" भनी सम्झाए । त्यसपछि गोमा कन्या छ वर्ष पुगी सातमा लागिन् । शिव भट्टले सती ब्राह्मणीसित सल्लाह गरी गोमाको कन्यादान गर्न भनी ठाउँठाउँमा कुल घरानको केटो खोज्न पठाए । जगदीश्वर श्रीमहादेवले श्राप दिएकाले कहीँ केटो पाउन सकेनन् र शिव भट्ट ब्राह्मण आफैँ

गई जतातत्तै खोजी हिँडे । आफूले भनेजस्तो केटो पाउन सकेनन् र फेरि गङ्गामा पुगी स्नान गर्न लागेका ब्राह्मणहरूलाई हेरे । मनले हार मानी घर फर्कन लाग्दा शिव भट्टले कुप्रो, कान नसुन्ने, कैला आँखा भएको, आँखीभुइँ जोडिएको, कपाल सेतै फुलेको, मुखबाट र्‍याल चुहाइरहेको, सत्तरी वर्ष उमेर भएको ब्राह्मणलाई शिलाको आसन गरी सन्ध्या गर्न लागेको देखी धेरै बेरसम्म आँखा लगाई तिनैलाई हेरिरहे ।

ती ब्राह्मणले सन्ध्या गरिसकी 'तिमीले मलाई धेरै बेरसम्म हेरिराख्यौ किन हो ? तिमी को हौ ? कहाँबाट आयौ ?' भनी सोधे । शिव भट्टले भने– "म शिव भट्ट नाउँको ब्राह्मण हुँ । मेरा घरमा एक कन्या छिन् । कन्यादान गर्न भनी ब्राह्मण खोजी हिँडिरहेको छु, कहीँ पनि पाउन सकिनँ र घर फर्कंदा तिमीलाई देखी हेरिरहेको हुँ । तिमी को हौ ?" यति शिव भट्टले भनेको सुनी शिव शर्मा भन्दछन्– "हे शिव भट्ट ! म पनि शिव शर्मा नाउँको ब्राह्मण हुँ; सोह्र वर्षका उमेरदेखि कसैले कन्यादान गर्दछन् कि भनी हिँडिरहेछु । मलाई कन्यादान गर्ने कोही मिलेन; आज मेरा भाग्यले तिमीलाई भेट्टाएँ । ईश्वरका कृपाले दुवैको काम हुने भयो । हे पिता ! ममाथि दया गरी तपाईंकी पुत्री मलाई कृपा गर्नुहोस् । करजोरी सहस्र बिन्ती छ । ब्राह्मण भई यो उमेर भयो, अञ्ञ मेरो विवाह भएको छैन । अब तपाईंले कृपा

गरे कन्यादान पाउने थिएँ ।" यति शिव शर्माले भनेको सुनी शिव भट्ट भन्दछन्– "यस उमेरको तिमीलाई मेरी बालक छोरी कसरी दिऊँ ? फेरि यस्ता कुरूपलाई कामदेवकी स्त्री रतिजस्ती मेरी छोरी सुहाउँदिन ।"

शिव शर्मा भन्दछन्– "हे शिव भट्ट ! त्यसो नभन, ती कन्या मलाई देऊ । तिमीले हुन्न भन्यौ भने म हत्या गरी मर्ने छु ।" त्यो सुनेर शिव भट्ट ब्राह्मण मनमा विचार गर्दछन्– 'अब हत्याको दोष लिऊँ कि गोमा कन्या यसलाई दिऊँ । कन्या नदिए हत्या गरी मर्नेछ, ब्रह्महत्याको दोष कसरी लिनु ? त्यसको कर्ममा यस्तै लेखेको रहेछ, म के गरूँ ? उस दिन श्राप गरी जाने भिक्षुक श्रीमहादेव नै रहेछन् । उनको श्राप उलङ्घन गर्न इन्द्रले पनि सकेनन्, रावणले पनि सकेन, मजस्ताले कसरी सकूँला ?' यस्तो विचार गरी खूब पीर मानेर शिव शर्मा ब्राह्मणलाई साथमा लिई घर गए ।

सती ब्राह्मणीले शिव शर्मा ब्राह्मणलाई साथमा लिई आफ्ना स्वामी घर आएको देखी 'हे स्वामी ! यी कसलाई लिई आउनुभयो ?' भनी सोधिन् । शिव भट्टले भने– "हे सती ! यी शिव शर्मा नाउँका ब्राह्मण हुन् । गोमालाई कन्यादान दिने ब्राह्मण खोजी हिँडेँ । कहीँ पाउन सकिनँ र घर जानुपर्‍यो भनी फर्कन लाग्दा यिनी गङ्गाका तीरमा बसी सन्ध्या गर्न लागेका

रहेछन् । मलाई देखेर सन्ध्या गरिसकी मसित आई 'को हौ ? कहाँबाट आयौ ?' भनी सोधे । मैले 'म ब्राह्मण हुँ, मेरा घरमा एक कन्या छिन्, कन्यादान गर्न ब्राह्मण खोजी हिँडिरहेछु, कहीँ पाउन सकिनँ र घर जान लागिरहेछु; तिमी को हौ ?' भनैं । यिनले 'म पनि ब्राह्मण हुँ, सोह्र वर्षका उमेरदेखि कन्यादान गरे लिने थिएँ भनी हिँडेको मलाई कन्यादान गर्ने कोही भएनन् । आज मेरा भाग्यले तिमीलाई भेट्टाएँ; तिम्री पुत्री मलाई कन्यादान गर' भने । मैले 'हे शिव शर्मा ब्राह्मण ! यस उमेरका तिमीलाई बालक छोरी कसरी दिऊँ । फेरि यस्ता कुरूपलाई परम सुन्दरी मेरी छोरी सुहाउँदिन; यस्ता कुरा नगर' भनैं । यिनले 'यस्तो आज्ञा नगर । ती कन्या मलाई नदिए म आत्महत्या गरी मर्नेछु' भनेकाले सँगै लिई आएँ । अनर्थ भयो अब गोमा कन्यादान गरूँ कि ब्रह्महत्या लिऊँ ?" यति शिव भट्टले भनेको सुनी सती ब्राह्मणीले 'हे स्वामी ! यस्ता कुरा नगर्नुहोस् । यो कुप्रो, बहिरो, कैला आँखा भएको, आँखीभुइँ जोडिएको, दाह्रा निस्केको, कपाल सेतै फुलेको, मुखदेखि र्‍याल बगिरहेको, देख्तैमा पनि अनुहार नपरेको, यस्तालाई पूर्णचन्द्रमाजस्तो मुख भएकी, मत्त हात्तीको सुँडजस्ता हातगोडा भएकी, सिंहको जस्तो कम्मर भएकी, सावित्रीका जस्ता पैताला भएकी, लक्ष्मीको जस्तो शरीर भएकी, मध्याह्नकालका सूर्यको जस्तो तेज भएकी, राजहाँसको जस्तो हिँडाइ भएकी, कोइलीको जस्तो मधुर स्वर भएकी, यस्ती रूपले

बलेकी र शीलमा ढलेकी कन्या कसरी दिऊँ ? अर्काले कन्यादान दिएनन् भनी जति मर्लान् के त्यो हत्याको दोष हामीलाई लाग्छ ? तपाईं त्यस कुरामा सन्देह नगर्नुहोस् । मर्दछ भने आत्महत्या गरी मरोस्, त्यो पाप म कपालमा थापी लिउँला । यसको घुर्कीले नडराउनुहोस्, यसलाई त सय ब्रह्महत्या लाग्दछ भने पनि म छोरी दिने छैन, पृथ्वीमा अरू कोही ब्राह्मण छैनन् र ! तपाईंले नसके म गई खोजी ल्याउँला' यस्तो कुरा आफ्ना स्वामी शिव भट्टलाई भनिन् ।

सती ब्राह्मणीले यस्ता कुरा गरेको सुनी शिव शर्मा ब्राह्मण भन्दछन्– "हे माता सती ! संसारमा बूढा पनि छन्, नराम्रा पनि छन्, कसैका छोराछोरी छैनन्, कसैका धेरै छोराछोरी छन्, कोही पुरुषका आफ्नो भन्दा उमेर पाकेका स्त्री छन्, कोही स्त्रीका आफ्नो भन्दा उमेर पाकेका पति छन्, कसैका स्त्री छैनन्, कोही धनी छन्, कोही गरिब छन् । कुमालेको चक्रझैँ घुमिरहेको यस संसारमा बूढो को हुँदैन र ? कसलाई मर्नु पर्दैन ? यस हेतुले ती कन्या मलाई देऊ, नदिए तिमी दुवै स्त्रीपुरुषलाई श्राप गरी प्राण त्याग गर्नेछु" भनी प्राणवायु ब्रह्माण्डमा पुऱ्याई मर्न तयार भए । तब शिव भट्ट ब्राह्मणले 'लौ बित्यास पर्न आँटयो' भनी डराई 'हे शिव शर्मा ! यसो नगर, मेरी पुत्री तिमीलाई दिन्छु' भनी बुझाई गोडा धोई माथि डाकी लगे । सती ब्राह्मणीले नमान्दा शिव भट्ट

बुझाउन लागे– “हे स्त्री ! उस दिन श्राप दिई जाने भिक्षुक श्रीमहादेव नै रहेछन् । अब तेत्तिस कोटि देवता हाम्रा सहाय भई आए पनि श्राप टार्न सक्ने छैनन् । दैवले यस्तै पारिल्यायो । गोमा यिनैलाई कन्यादान दिऊँ । ढिपी नगरी सामग्री तयार गर ।”

पतिका यस्ता कुरा सुन्दा सती ब्राह्मणीले मनमा साह्रै पीर गर्न लागिन्– “अहो ! कस्तो आश्चर्य, कस्तो अचम्मको कुरा, बूढाको र बालकको विवाह भएको आफ्नै आँखाले देख्नुपर्‍यो, बेहोर्नु पनि पर्‍यो । निठुरी विधाताले मेरी पुत्रीको पुर्पुरोमा कस्तो लेखिदिएको रहेछ । न्वारन गर्दा ‘यी बालिका भाग्यमानी हुने छिन् । सबै लोकले मान्नेछन्’ भनेका थिए, त्यो पनि झूटो रहेछ । हामीले नगर्ने काम त केही गरेका थिएनौँ । के पापले यस्तो भयो ? मेरी छोरीलाई श्राप दिने श्रीमहादेव नै रहेछन् । यस बालकले के जान्दथी र श्राप दिए होलान् !” भनी साह्रै रुन लागिन् । अनि शिव भट्ट ब्राह्मण भन्दछन्– “हे सती ! नरोऊ, दैवले जे गर्‍यो सो बेहोर्नुपर्छ, अब शिव शर्मा ब्राह्मणलाई खान पिउन दिई सुत्ने ठाउँ खटाइदेऊ, पीर नमान ।” त्यो सुनेर ब्राह्मणीले अनेक तरहका सामग्री तयार गरी खान पिउन दिइन् र सुत्नलाई ठाउँ पनि खटाइदिइन् ।

शिव शर्मा सुत्न गएपछि आफ्नी छोरीलाई डाकी ‘हे नानी ! तिम्रो विवाह हुन लाग्यो । हामीले ती ब्राह्मणलाई कन्यादान गर्दै

छौँ किनभने उस दिन तिमीलाई श्राप दिने भिक्षुक श्रीमहादेव नै रहेछन् । तिमीलाई त्यो श्राप लाग्यो । हामीलाई दोष नदेऊ । तिमी पनि सुर्ता नगर । तिम्रा कर्मले यस्तै पारिल्यायो । त्यो टार्न कोही सक्तैन' भनी आँखादेखि आँसु खसाली बडो प्रीतिले काखमा लिइन् । यति आफ्नी आमाले भनेको सुनी गोमा कन्या भन्दछिन्– "हे आमा ! तपाईंहरूको केही दोष छैन । मेरो कर्ममा यस्तै लेखेको रहेछ, यस्तै परिआयो । फेरि श्रीमहादेवले दिएको श्राप टार्न कसले सक्ला र ? मैले अहङ्कार गरी भिक्षुक रूप श्रीमहादेवलाई अनादर गरेकी थिएँ, त्यसको फल अहिले पाएँ । जुन मनुष्यले भिक्षा माग्न आएका भिक्षुकलाई त्यसै फर्काउला त्यो अवश्यै यस्तो अवस्थामा पर्ला । जसले भिक्षुकलाई सन्तोष गरी पठाउला त्यसले यो लोक र परलोक सपार्ला ।

'हे आमा ! पीर नमान्नुहोस् । बूढो भए पनि, खोरन्डो भए पनि, दरिद्र भए पनि, रोगी भए पनि, बहिरो भए पनि मलाई दैवले पारिल्यायो । रामचन्द्र जस्तालाई पनि दैव लागेर वन जानुपर्‍यो । वनमा पनि रावणले सीता हरेर लग्यो । फेरि श्रीमहादेवजस्तालाई पनि दैव लागेर कालकूट विष कण्ठमा राखी नीलकण्ठ भइरहनुपर्‍यो । युधिष्ठिरजस्ता धर्मात्मा राजालाई पनि दैव लागेर राज्य हारी पाँचै भाइले वनवास र गुप्तवास जानुपर्‍यो । फेरि पर सरेकी द्रौपदीलाई दैव लागेर दुर्योधनका सभामा दु:शासनले वस्त्र फुकाली बेइज्जत

गरिदियो । बलि राजाजस्तो दाता को थियो ? तिनैलाई पनि दैव लागेर पातालमा बस्नुपऱ्यो । कृष्णको जस्तो माया कसको थियो ? तिनलाई पनि दैव लागेर आफ्नै अगाडि आफ्ना नाति अनिरुद्धलाई बाणासुरले बाँधेको र छपन्न कोटि यदुवंशीहरूको नाश भएको देख्नुपऱ्यो । फेरि संसारमा सम्पूर्ण मनुष्य, कीटपतङ्ग र राक्षसादि जति जीवात्मा छन् ती सबको सृष्टि गर्ने ब्रह्मालाई पनि दैव लागेर आफ्नो शिर कटाउनुपऱ्यो । देवताका राजा इन्द्रलाई पनि दैव लागेर राज्य छोडी भाग्नुपऱ्यो । हे आमा ! दैवको गति उल्लङ्घन गर्न कोही सक्तैन । पूर्वजन्ममा आफूले गरिआएको कर्मको भोग गर्नैपर्छ । घडा लिई कस्तै धेरै पानी भएको समुद्रमा डुबाए पनि जल घडाभरि मात्र आउँछ । त्यस्तै आफ्नो भाग्यमा जे जति लेखेको छ उही हुन्छ, पीर नमान्नुहोस् । तपाईंले दिएको ठाउँमा म खुसीसित जाउँली ।' गोमाले यस्तो कुरा गरेको सुनी सती ब्राह्मणीले खुसी भई 'हे छोरी ! तिमी धन्य रहिछौ । बालक अवस्थामा पनि यस्ता घतलाग्दा कुरा गर्ने' भनिन् । रातभरि दुई आमाछोरी गुनगुन गरिरहे । भोलिपल्ट बिहान शिव भट्टले नाउलाई डाक्न पठाई शिव शर्मा ब्राह्मणको कपाल खौरन र गोडाका नङ काट्न लगाई मन परेको खान लाउन दिइराखे ।

शिव शर्मा भनेजस्तो खान पाउँदा हृष्टपुष्ट भई मोटाए । अनि पछि शिव भट्टले लग्न ठहऱ्याई कन्यादानको सामग्री

तयार गरी, धूमधामका साथ मङ्गलयात्रा गरी आफ्ना मर्यादाले गोमालाई हीरा, मोती, मणिमाणिक्य, रत्नादि नाना वस्त्र अलङ्कार पहिराई शिव शर्मा ब्राह्मणलाई कन्यादान गरे । गोमा ब्राह्मणीले हातमा फूलका माला लिई शिव शर्माको गलामा पहिऱ्याई प्रदक्षिणा गरिन् । कन्यादान गरिसकी शिव भट्टले ब्राह्मणहरूलाई श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराए । ब्राह्मणहरू बिदा भए । गोमा ब्राह्मणीले पनि शिव शर्मा ब्राह्मणलाई प्रीतिले सेवा गर्न लागिन् ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां गोमाविवाहो नाम विंशोऽध्याय: ॥२०॥

# एकविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! यसरी रहँदा, बस्दा केही वर्ष बिते । एक दिन शिव शर्मा ब्राह्मणले आफू हृष्टपुष्ट भएको देखी घर सम्झी 'अब यहाँ मात्र बसी के गर्ने ? घर जाऔँ' भन्ने विचार गरी आफ्ना सासूससुरासित गई भने– "हे पिता ! माता ! तपाईंहरूले कृपा गर्नाले कन्यादान पाएँ । म यहाँ बसेको धेरै भयो, घरमा हेरविचार गर्ने कोही छैन, आज्ञा दिए घर जाने थिएँ ।" त्यो सुनेर शिव भट्ट भन्दछन्– "हे जुवाइँ ! यो पनि तपाईंकै घर हो । हाम्रो पो को छ र ? हामी पनि तपाईंकै हौँ, सम्पत्ति पनि तपाईंकै हो, जान्छु भनी नभन्नुहोस् ।" शिव शर्मा फेरि भन्छन्– "त्यस्तो आज्ञा नहोस्, एक पटक जान दिनुहोस् । घरको विचार गरी बरु फेरि चाँडै आउँला, मेरो पनि त को छ र ? बाबु पनि तपाईं, आमा पनि तपाईं, इष्टमित्र पनि तपाईं, गुरु पनि तपाईं, हित गर्ने पनि तपाईं, देवता पनि तपाईं, मन परेको खान लाउन दिई पाल्ने पनि तपाईं, यस्ता तपाईंलाई छोडी

म कता जाउँला र ?" यति आफ्ना स्वामी शिव शर्माले भनेको सुनी गोमा ब्राह्मणीले भनिन्– "हे स्वामी जाने मन नगर्नुहोस्, तपाईं जाने भए मलाई पनि सँगै लैजानुहोस् । तपाईं एक्लै जान पाउनुहुन्न । तपाईंबिना यहाँ म कसरी रहुँली ?" यति गोमाले भनेको सुनी शिव शर्मा भन्दछन्– "हे प्रिये ! तिम्रो किशोर अवस्था छ । मसँग जान सकोइनौ किनभने हाम्रो घर धेरै टाढा छ, पर्वत चढ्नुपर्छ, धेरै दिन वनमा बास गर्नुपर्छ, वनमा नाना जन्तुको डर हुन्छ । तिमी आफ्ना सुखपूर्वक खाई लाई बढेकी, कहिल्यै घरदेखि ननिस्केकी दुःख पाउली । फेरि मेरो वृद्ध अवस्था छ, कसैले बाटामा दगा गरी तिमीलाई हरी लैजाला । त्यसैले तिमी यहीँ बस । म घर गई खबर बुझी दुई महिनामा त आइपुगुँला । दुई महिना भनेको कति हो र !"

त्यो सुनेर गोमा भन्दछिन्– "हे स्वामी ! तपाईं दुई महिना भन्नुहुन्छ, तपाईं नभई म दुई घडी पनि बस्न सक्दिनँ । शीत, ताप र भोकदेखि दुःख पाउली, पर्वत चढ्नुपर्छ, वनमा बास बस्नुपर्छ, नाना जन्तुको डर हुन्छ भन्नुभयो । तपाईंको जो गति मेरो पनि सो गति; तपाईंलाई छोडी म यहाँ बस्तिनँ । मलाई छोडी जानुभयो भने म हत्या गरी मर्नेछु ।" यति भनेको सुनी शिव शर्माले 'हे प्रिये ! त्यसो भए तिम्रा बाबाआमासित बिदा माग' भने । गोमा ब्राह्मणीले आमाबाबुसित गई 'पिता ! माता !

म पनि मेरा स्वामीसित जान्छु, बिदा दिनुहवस्' भनी बिदा मागिन् । आमाबाबुले 'हे पुत्री गोमा ! तिमी पनि जान्छु नभन किनभने हाम्रो वृद्ध अवस्था भयो । छोरा भने पनि छोरी भने पनि तिमी एउटी छचौ । तिमीले त्यसो भन्न लागे हाम्रो सम्भार को गर्ला ? पानी पनि कसले पिउन देला ? तिमी पनि नभए हामी चन्द्रमा नभएको रातझैँ हुनेछौँ । जस्तै रामचन्द्र र सीता नहुँदा दशरथ राजाको प्राण गएथ्यो, त्यस्तै तिमी नहुँदा हाम्रो पनि प्राण जानेछ । त्यसैले हामी दुवै स्त्रीपुरुषको सेवा गरी सम्पत्तिको स्याहारसम्भार गरी बस । तिम्रा पतिलाई जान देऊ । उनी दुई महिनामा त आइहाल्छन् ।"

यति आफ्ना बाबामहतारीका वचन सुनी फेरि गोमा भन्दछिन्– "हे पिता ! माता ! स्त्रीजातिको तीर्थ, व्रत, दान, धर्म आफ्ना पति पनि हुन् । आफ्ना पति भएसम्म तीर्थ, व्रत, दान, धर्म केही गर्नु पर्दैन । सबै स्मृति, पुराण तपाईंले हेर्नुभएकै छ । बिहेपछि स्त्री-पुरुष सुख-दुःख सबै अवसरमा साथै रहनु गृहस्थहरूको धर्म नै हो । यस कारणले मलाई नछेक्नुहोस्, जान दिनुहोस् । फेरि मेरा पति वृद्ध भएकाले म नभए उहाँलाई बाटामा कसले सम्भार गर्ला ? संसारमा कसैका पनि बढेका छोरीले माइत बस्नु हुँदैन, बरु फेरि चाँडै यहाँ आउँला ।" यति गोमाले भनेपछि आमाबाबुले 'हे पुत्री ! उसो भए हामी के भनौँ,

जाऊ' भनी आँखादेखि बरर आँसु खसाली, थरीथरीका गहना, कपडा पहिराई, धेरै धन दिई, डोलीमा चढाई सहरबाहिरसम्म पुऱ्याउन गए र 'बाटामा राम्रो गरी लगे' भनी डोलेहरूलाई अह्राई शिव शर्मा ब्राह्मण र गोमा ब्राह्मणीसित 'हामीलाई नबिर्से, चाँडो आए' भनी बिदा गरे। गोमाका साथीहरूले पनि त्यसै भने। अनि गोमाले पनि आमा र बाबुलाई साष्टाङ्ग प्रणाम गरी आफ्ना सँगीसाथीहरूलाई पनि 'नबिर्से, बस है !' भनी सबसित बिदा भई डोली चढी त्यहाँदेखि गइन्।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां शिवशर्माब्राह्मणस्वगृहगमनं नाम एकविंशोऽध्यायः ॥२१॥

# द्वाविंशोऽध्याय:

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! शिव शर्मा ब्राह्मण र गोमा ब्राह्मणी त्यहाँबाट गएपछि शिव भट्ट र सतीले आँखाले देखुन्जेल हेरिरहे, देख्न छोडेपछि रूख चढी हेरे र देखिन छोडेपछि रूखैमा बसी विलाप गर्न लागे । त्यस अवसरमा दैवसंयोगले रूखको हाँगा भाच्चियो र दुवै स्त्रीपुरुष रूखदेखि खसी स्वर्गे भए । तब श्रीमहादेवका दूत आई उनीहरूलाई विमानमा राखी कैलाश पर्वत लिई गए र ती शिव भट्ट ब्राह्मण र सती ब्राह्मणी दिव्य शरीर लिई कैलाशपुरीमा रहे ।

यता शिव शर्मा ब्राह्मण र गोमा ब्राह्मणी डोलेहरूसँग 'यो वनको नाउँ के हो ? यो ठूलो पात भएको रूखको नाउँ के हो ?' भनी सोद्धैसोद्धै गए । डोलेहरूले पनि 'यस वनको नाउँ यो हो, यस रूखको नाउँ यो हो' भन्दै जाँदा धेरै टाढा पुगे । त्यसपछि पोखरी भएको एउटा ठूलो वनमा पुग्दा झमक्क साँझ पऱ्यो । उनीहरू त्यहीं बास बसी खानपिन गरी सुते । थकाइले चूर भएकाले

उनीहरू खूबसित निदाए । यसै बखतमा श्रीमहादेवका श्रापले गर्दा चोरहरू आएर गोमाका आमाबाबुले दिएका सबै धनसम्पत्ति, गहना, दाइजोहरू चोरी लगे । बिहानपख निद्राबाट बिउँझी हेर्दा 'चोरी भएछ' भनी गोमा साह्रै पीर गरी रुन लागिन् । तब डोलेहरूले 'हे गोमा बज्यै ! हामी पनि थाकी आएका हुनाले भुसुक्कै निदाएछौँ थाहा भएन, हामी अभागी रहेछौँ । तपाईंका बाबामहतारीलाई के भन्न जाऔँला । अब कसो गर्ने हो ? आज्ञा गर्नुहोस्' भने । गोमा भन्दछिन्– "हे डोलेहो ! तिमीहरूलाई के खुवाई लैजाऊँ ? अब यहाँदेखि फर्क र आमाबाबालाई यो सबै बेहोरा सुनाए ।" त्यति भनेको सुनेर डोलेहरूले 'हवस्' भनी शिव शर्मा र गोमालाई प्रणाम गरी घर फर्किए ।

डोलेहरू गएपछि ती दुवै जना वनमा पाइएका फलफूल खोज्दै खाँदै एउटा ठूलो पर्वतमा पुगे । तब गोमा ब्राह्मणीले 'हे स्वामी ! मलाई अति भोक लाग्यो, लखतरान परेँ, कसो गरूँ ?' भनी बाटैमा अलपत्र परिन् । उनी गर्भिणी भएकी थिइन् । शिव शर्मालाई ज्यादै दया लाग्यो र उसो भए आऊ भनी काखमा लिई 'हे प्रिये ! यहाँ फलफूल केही मिल्दैन, जलाशय पनि छैन, यस्तो पर्वतमा के खान दिऊँ ? यहाँदेखि अलि पर गए फलफूल र जल पनि पाइन्छ, जाऔँ हिँड' भनी बुझाई हातमा समाउँदै सुस्तसुस्त हिँडाई लगे । गोमाले पनि 'हे हरि ! मेरो आज यो अवस्था भयो नि !' भनी

सुस्केरा हाल्दै दुवै आँखादेखि आँसुका धारा खसाल्दै, हिँड्न नसके पनि सुस्तसुस्त गइन् । पर्वतको फेदीमा पुगेपछि शिव शर्मा ब्राह्मणले फलफूल टिपी खान दिई पानी पनि पिउन दिए र 'हे प्रिये ! अब हाम्रो घर पनि आइपुग्यो' भन्दै ठाउँठाउँमा बिसाउँदै चन्द्रज्योतिनगरका बाहिर पुऱ्याए । त्यहाँ एउटा खरको रामझुपडी रहेछ । त्यसैलाई 'हाम्रो घर यही हो' भनी देखाए । गोमाले घरभित्र गई हेर्दा माकुराको जालो र कसिङ्गर मात्र देखिन् र आफ्ना बाबाको घर सम्झी मन थाम्न नसकी रुन लागिन् । फेरि 'मेरो कर्मले यस्तै पारिल्यायो, अब रोई के गरूँ' भनी मन बुझाई कुचाले माकुराको जालो मिल्काई कसिङ्गर लगाइन् र घरमा जे भएको खाई शिव शर्माको सेवा गरिरहिन् ।

एक दिन शिव शर्मा ब्राह्मणले आफ्नी ब्राह्मणीसित भने– "हे प्रिये ! तिमी गर्भिणी छौ, हाम्रा घरमा सम्पत्ति छैन, आउने बाटो पनि छैन, आवश्यक कर्ममा केले खर्च गर्ने हो ? सुत्केरी भएमा के खर्च गरौँला ? यस कारणले म परदेश गई कसैसित केही मागी ल्याउँछु । तिमीले आफ्ना जीउको र घरको राम्रो सम्भार गरे, रोइकराइ नगरे ।" शिव शर्माका यति कुरा सुनी गोमाले भनिन्– "हे स्वामी ! मलाई यस्ता ठाउँमा एक्लै छोडी कहाँ जान मन गर्नुहुन्छ ? म स्त्री जाति के गरूँली ? के खाउँली ? मलाई कसले देला ? फेरि तपाईं वृद्ध हुनुहुन्छ, कसरी पठाऊँ ।

यहीं यजमानसित गई जो दिएको मागी ल्याई सञ्चय गरौँला, जाने मन नगर्नुहोस् ।” यो सुनेर शिव शर्मा भन्दछन्– “हे प्रिये ! हामी गरिब भए पनि ब्राह्मणको कर्म नगरी हुँदैन, एक महिनासम्ममा म आइपुगूँला ! त्यहाँसम्म खान नपुगे चन्द्रज्योतिनगरमा यजमानहरू छन्, तिनैका घरमा गई भिक्षा मागी खाए ।” त्यो सुनेर गोमाले उत्तर दिन सकिनन् र चुप लागिरहिन् ।

शिव शर्मा ब्राह्मण भिक्षा माग्न भनी परदेश गए । एक दिनको बाटो गई गङ्गाका तीरमा पुगे । त्यहाँ वृद्धावस्था भएका ब्राह्मण र ब्राह्मणी दुई स्त्रीपुरुष बसेका थिए । तिनका बारीमा नाना तरहका फलफूल फलेका थिए । ती शिव शर्माले गङ्गामा स्नान गरी वृद्ध ब्राह्मणसित गई ‘मेरो नित्य पूजा गर्न फलफूल देऊ’ भनी मागे । ती वृद्ध ब्राह्मणले ‘तिमी को हौ ? कहाँबाट आयौ ?’ भनी सोधे र शिव शर्माले ‘म चन्द्रज्योतिनगरको शिव शर्मा नाउँको ब्राह्मण हुँ; घरमा ब्राह्मणी गर्भवती छ, जातकर्म गर्नलाई भिक्षा माग्न भनी आएको हुँ’ भने । ती वृद्ध ब्राह्मणले ‘फलफूल टिपी लैजाऊ’ भने र शिव शर्मा ब्राह्मण आफैँ रूख चढी फलफूल टिप्न लाग्दा दैवसंयोगले रूखको हाँगो भाँच्चियो र रूखदेखि खसी देह छोडी श्रीमहादेव रूप भई कैलाश पर्वतमा गए ।

श्रीमहादेव आएको पार्वतीले देखी सुनको कमण्डलुले पाउ धोई भित्र लगेर भनिन्– “हे ईश्वर ! पुरुषहरू पापी हुँदा रहेछन् ।

राम्री स्त्री देखेपछि सबै कुरा बिर्सिंदा रहेछन् । तपाईंले पनि मलाई बिर्सनुभएको थियो, बल्ल सम्झनुभएछ र आउनुभयो । तर त्यस्तो सुखमा रहेकी ती गोमा ब्राह्मणीलाई कल, बल, छलले ल्याई गर्भिणी गराई दुःख दिई त्यस्तो ठाउँमा एक्लै छोडेर आउनुभयो । अब त्यो बिचरी गोमा के गरी खाली ?" त्यो सुनेर श्रीमहादेवले हाँसेर 'हे पार्वती ! सेवकका स्वार्थ पूरा गर्न कहिलेकाहीँ पापकर्म पनि गर्नुपर्दो रहेछ । शिव भट्ट ब्राह्मण र सती ब्राह्मणीले जीवनभर देवताको पूजा, आराधना र सेवा गरेर श्रीसम्पत्ति, सुख र सन्तानको इच्छा पूरा गरे । उनीहरूको धैर्य र दानशीलताबाट सारा अमरावती नै कम्पायमान भयो । यसरी सत्कर्म गर्दागर्दै पनि उनीहरू दण्डित हुन पुगे । सायद विधिको विडम्बना भनेको नै यही होला ! तर सधैँ यस्तो हुँदैन । गोमा पनि अब सुखी हुनेछ, धन्दा नमान' भनी आज्ञा गर्नुभयो ।

•

भिक्षा माग्न गएका शिव शर्मा धेरै दिन भयो र पनि फिरेनन् । यता गोमाले पनि नाना दुःख गरी चन्द्रज्योतिनगरमा गई भिक्षा मागी ल्याई संस्कार कर्मका निम्ति सम्पूर्ण सामग्रीको जोरजाम गरिन् । महिना पूरा भयो र सब राजलक्षणले मिलेको पुत्र जन्माइन् । गोमा ब्राह्मणीले चन्द्रज्योतिनगरदेखि ब्राह्मणहरूलाई डाकी विधिपूर्वक पुत्रको न्वारन गराइन् । ब्राह्मणहरूले ज्योतिषशास्त्र

विचार गरी नवराज भनी बालकको नाम राखेर भने– "हे गोमा ! यस बालकमा सबै राजलक्षण मिलेको छ, तिमीलाई सुख सन्तोष देला, निश्चय मान ।" ब्राह्मणहरूले यति भनेको सुनी गोमाले मनमा आनन्द मानी श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराइन् । ब्राह्मणहरू आफ्नाआफ्ना घर गए ।

बालक नवराजलाई गोमाले अर्काको धागो काती, ढिकी जाँतो गरी पालिन् । ती बालक पनि शुक्लपक्षका चन्द्रमाझैँ दिनदिनै बढी ठूला भए । खेल्न जाँदा साथीहरूले जेसुकै भने पनि सुनिरहन्थे, कसैसँग झगडा गर्दैनथे, सँगीसाथीहरूसँग खेलेर घर आउँथे । आमाले जे दिएको खाई चुप लागिरहन्थे । आफ्ना पुत्रको यस्तो स्वभाव बसेको देखी गोमा ब्राह्मणीले धेरै खुसी भई यजमानहरूसँग गई भनिन्– "हे यजमानहो ! मेरो पुत्र नवराज सँगीहरूसित खेली घर आउँछ, खान देऊ पनि भन्दैन, किन दिइनौ पनि भन्दैन, दिए खान्छ, नदिए चुप लागिरहन्छ, यस्तो सुशील भएर निस्केको छ । फेरि मेरा पति घरमा छैनन्, सम्पत्ति पनि छैन, तिमी यजमानहरूको कृपाले बल्लतल्ल एकछाक टारी बाँचिरहेकी छु, अब केले यसको चूडाकर्म, व्रतबन्ध आदि गरिदिऊँ ?" त्यो सुनेर यजमानहरूले आफ्नाआफ्ना श्रद्धाले जे सकेको दिए । गोमाले सबै सामग्री तयार गरिन् र नवराज कुमारको चूडाकर्म गरिदिई वेद, पुराण आदि सबै शास्त्र पढाउन थालिन् ।

नवराजसँग खुसी भएर एक दिन यजमानहरूले गोमासित गई भने– "हे गोमा ! नवराजको विवाह गर्ने भए वरुणपुरका अग्निस्वामी ब्राह्मणकी छोरी छन्, विवाह गरिदिऊँ; सामग्री तयार गर ।" यति भनेको सुनी गोमाले 'हे यजमानहो ! मेरा छोराको केही आर्जन छैन, घरमा सम्पत्ति छैन, यस्तालाई कसले कन्या देला ?' भनिन् । तब यजमानहरू भन्दछन्– "हे गोमा ! जे चाहिएको छ हामी दिन्छौँ, केके चाहिन्छ ?" यति सुनी गोमा खुसी भइन् । "हे यजमानहो ! तपाईंहरूले रक्षा गरिदिनुभयो । तपाईंहरूले यस्तो आज्ञा गरेपछि म किन नाइँ भनुँली ?" भनी गोमाले विवाहलाई चाहिने सामग्री मागिन् । उनीहरूले सबै सामग्री तयार गरी सुदिनमा विधिपूर्वक नवराजलाई वरुणपुरका अग्निस्वामीकी पुत्री चन्द्रावतीसँग विवाह गरिदिए । गोमा, नवराज र चन्द्रावती तीन जना जे भएको खाई मिलीजुली रहन थाले ।

एक दिन ती नवराज बाहिर खेल्न जाँदा तिनका साथीसँगीहरूले 'हे ब्राह्मण ! आजसम्म हामी तँलाई नवराज भन्थ्यौँ, अब त्यसो होइन तँ बिनाबाबुको छोरा होस्; यस कारण तेरो नाम 'बिनाबाबुको छोरो' राख्यौँ । तेरा बाबु भए नाम के हो ? कसको पुत्र होस् ? हामीलाई भन्' भने । आफ्ना साथीसँगीहरूले यस्ता कुरा गरेको सुनी नवराजले उत्तर दिन नसकी गोमासित गई त्यो सबै कुरा भने– "म कसको पुत्र हुँ ? मेरा पिता को हुन् ? कहाँ छन् ?" त्यो

सुनेर गोमाले वर्षाकालको मेघ बर्सेझैँ आँखाबाट बलिन्द्रधारा आँसु बगाउँदै 'हे पुत्र ! तेरा बाबुको नाम शिव शर्मा हो । तँ गर्भमा छँदा जातकर्मादि गर्नलाई भिक्षा माग्न परदेश गएका आजसम्म आइपुगेनन्, केही कामले बसेका छन् कि अथवा छँदै छैनन्' भनिन् । तब नवराज भन्दछन्– "हे आमा ! उसो भए आज्ञा दिनुहोस्, पिता कहाँ बस्नुभएको छ, म गई खोजी ल्याउँछु ।" गोमा भन्छिन्– "हे बाबू ! तेरो मुख हेरी तेरा बाबालाई बिर्सिरहेकी थिएँ, अब तैँले पनि छोडी गए कसका आधारले रहुँली ? फेरि तँ गएपछि बुहारी पनि बस्ने छैन, माइत जानेछ यस कारणले जान्छु भनी नभन् ।" त्यो सुनेर नवराज फेरि भन्दछन्– "हे आमा ! धर्मशास्त्रको वचन सुन्नुहोस् :

पुत्रस्य परमो धर्मः पित्र्युद्धारसमो नहि ।
पित्र्युद्धारं न कुर्वन्ति सुखमिच्छन्ति ये जनाः ॥
ते यान्ति नरकं घोरं यावच्चन्द्रदिवाकरौ ।

छोराको ठूलो धर्म भनेको पिताको उद्धार गर्नु हो । जुन छोरो पिताको उद्धार नगरी आफ्नो सुखभोगपछि मात्र लाग्छ, त्यो जहाँसम्म चन्द्रसूर्य रहलान्, जहाँसम्म पृथ्वी रहलिन् त्यहाँसम्म घोर नरकमा पर्नेछ । हे आमा ! म गर्भमा छँदै गएका मेरा पिता मेरो यो उमेर भयो र पनि किन आउनु भएन ? मैले खोजखबर गर्नु पर्दैन र ! बाँचेका भए सँगै लिई आउँला, स्वर्गीय भएका भए काजक्रिया गरी

आउँला । यति पनि गर्न सकिनँ भने म जन्मेको के सार भयो ? मलाई कस्तै दु:ख भए पनि जान्छु । हे आमा ! तपाईंको सेवा गर्ने तपाईंकी बुहारी छँदै छ; मलाई बिदा दिनुहोस् ।"

छोरा नवराजका कुरा सुनेर गोमाले भनिन्– "हे पुत्र ! तँ धन्य रहेछस्, तेरो वचन सुन्दा म खूब खुसी भएँ, तेरो कल्याण होओस् । तेरा बाबु बाँचेका भए पनि मरेका भए पनि खबर पाएस्" भनी शिरमा हात राखी आशिष् दिइन् । नवराज पनि आमाको आशिष् पाई आमालाई साष्टाङ्ग दण्डवत् प्रणाम गरी आफ्नी स्त्री चन्द्रावतीलाई अह्राउने कुरा अह्राई बाबुको खबर बुझ्न भनी परदेश गए । ठाउँठाउँमा 'शिव शर्मा नाउँका कुनै वृद्ध ब्राह्मणलाई देखेथ्यौ कि ?' भनी उनी सबैसित सोध्दै, बुझ्दै खोजी हिँडे ।

जाँदाजाँदा नवराज गङ्गाका तीरमा एक ऋषिका आश्रममा पुगे । त्यहाँ बूढाबूढीलाई बसेको देखी 'तिमीहरू को हौ ? यहाँ किन बसिरहेछौ ?' भनी नवराजले सोधे । वृद्ध ब्राह्मणले 'हे बालक ! हामी ब्राह्मण हौँ, वृद्धावस्था भयो र गङ्गामा प्राण त्याग गरौँ भनी आफ्नो घर छोडी यहाँ बास गरिरहेका छौँ । तिमी को हौ ? यहाँ किन आयौ ?' भनी सोधे । उनी भन्दछन्– "म पनि नवराज नाउँको ब्राह्मण हुँ । म गर्भमा छँदै जातकर्म आदि गर्नलाई भिक्षा माग्न भनी परदेश गएका मेरा पिता शिव शर्मा नाउँका ब्राह्मण अझै फिरेनन् र खोज्दै आएको छु । तिमीहरूले

देख्यौ कि ?" भनी सोधे । त्यो सुनेर वृद्ध ब्राह्मण भन्दछन्–
"जातकर्म गर्न, भिक्षा माग्न आएका वृद्ध ब्राह्मणलाई हामीले देखेथ्यौँ । उनी यहाँ आएका थिए, गङ्गामा स्नान गरी आफ्नो नित्य पूजा गर्नलाई फलफूल टिप्न त्यस रूखमा चढेका थिए, रूखको हाँगो भाँचियो र खसी मरे । हाडसम्म त अझै रहेको होला ! त्यहाँ गई हेर ।" त्यो सुनेर नवराज रूखमुनि गएर त्यहाँ आफ्ना बाबुको हाड देखी 'हे पिता ! मेरा निमित्त भिक्षा माग्न आउनुभएका तपाईंले मेरो मुखै नदेखी यस्ता वनमा आई रूखबाट खसी मर्नुपर्‍यो नि ! अब यो कुरा महतारीसित गई कसरी कहुँला ? मेरी महतारीले शोक गर्दा कसरी उहाँको मन बुझाउँला ?' भनी नाना तरहले शोक गरी रुँदै बिलौना गर्न लागे । 'अब रोएर मात्र के गर्नु !' भन्दै मन चित्त बुझाई हाड सबै बटुली गङ्गामा लगी संस्कार गरे । अनि उनले ब्राह्मणका मर्यादाले बाबुको काज किरिया गरी 'अब कता जाऊँ, घर जाऊँ भने सम्पत्ति छैन । फेरि यो खबर भन्दा महतारीले शोक गरेको देख्नुपर्छ । यस कारण हुने भए कुनै राजाको सेवा गरी केही धन कमाई घर फर्कनु उचित होला' भनी सहरमा पसी राजाको सेवा गर्न लागे ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां शिवशर्माब्राह्मणपरलोकगमनं नाम द्वाविंशोऽध्यायः ॥२२॥

# त्रयोविंशोऽध्याय :

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! त्यहाँपछि नवराज ब्राह्मण आफ्ना बाबुको खोज-खबर गर्न गएपछि नवराजकी स्त्री चन्द्रावतीले आफ्नी सासू गोमासित 'हे माता ! म मेरा माइत नगएको पनि धेरै भयो; यहाँ खाने अन्न छैन, लगाउने वस्त्र पनि छैन । अर्कासित मागी कति दिन निर्वाह गर्नु ? यसैले अलिक दिन म माइत बसी आउँछु । तपाईंले आफ्ना जीउको र घरको सम्भार गर्नू । तपाईंका छोरा आएपछि मलाई डाक्न पठाउनुहोला । म गएपछि एक पेट पाल्न तपाईंलाई पनि सजिलै हुनेछ' भनी गोमालाई प्रणाम गरी माइत गइन् । अनि गोमा ब्राह्मणीले आफूमाथि एकपछि अर्को दुःख आइलागेको देखी भिक्षुक रूप श्रीमहादेवले श्राप दिएको सम्झँदै भन्न लागिन्– "सात वर्षका उमेरमा सत्तरी वर्षका बूढासित विवाह भयो । उनै पनि भिक्षा माग्न गएका फिरेनन् । छोराको मुख हेरी दुःख बिर्सिराखेकी थिएँ, आज उसले पनि छाडी गयो ।

बुहारीले पनि छोडी गई । हरे ! यस्तो अवस्थामा परेँ । म कस्ती अभागिनी रहिछु ? उस दिन मलाई श्राप दिने भिक्षुक श्रीमहादेव नै रहेछन् । हे जगदीश्वर ! मैले जानिनँ; मेरो त्यो अपराध क्षमा गर्नुहोस् । हे शशिशेखर ! तपाईंलाई कोटिकोटि नमस्कार छ । कि मेरो रक्षा गर्नुहोस् कि यो प्राण लिनुहोस् ।" यसरी गोमा नाना तरहले बिलौना गर्दै बौलाहीजस्ती भई हिँड्न लागिन् ।

त्यो कुरा कैलाश पर्वतमा पार्वतीले थाहा पाई श्रीमहादेवको आनन्दका समयमा बिन्ती गर्न लागिन्– "हे प्रभो ! हेर्नुहोस्, गोमा ब्राह्मणीको दुःख, त्यो पनि तपाईंकै स्त्री हो, त्यसलाई त्यस्तो अवस्थामा नपारिबक्सियोस्, मलाई ज्यादै माया लाग्यो । हे दयासागर ! त्यसको म केही उपाय गरूँ कि ? आज्ञा पाए श्रीस्वस्थानी परमेश्वरीको व्रत गराई दुःखका समुद्रदेखि पार गराऊँ कि ?" यति पार्वतीका वचन सुनी श्रीमहादेवले 'बेस भन्यौ, त्यसै गर' भनी आज्ञा दिनुभयो । पार्वतीले सप्तऋषिहरूलाई डाकी भनिन्– "हे ऋषिहो ! तिमीहरू मर्त्यलोकमा जाओ र चन्द्रज्योतिनगरमा गोमा नाउँकी ब्राह्मणी साह्रै दुखिनी छ । त्यसलाई श्रीस्वस्थानीको व्रत गराई आओ । श्रीस्वस्थानी परमेश्वरीको व्रतको प्रभावले गोमा ब्राह्मणी दुःखदेखि पार होली ।" त्यस्तो आज्ञा पाई सप्तऋषिहरू 'हवस्' भनी मर्त्यलोकमा गए र चन्द्रज्योतिनगरमा पुगी बाहिर गोठाला, केटाकेटीसित 'यहाँ दुःखी को छ ?' भनी सोधे । उनीहरूले

जबाफ दिए– "चन्द्रज्योतिनगरमा त्यस्ता दु:खी कोही छैनन्, सबै सुखमा छन् । सहरबाहिर गोमा नामकी ब्राह्मणी साह्रै दु:खी छिन् । त्यहाँ गई सोध ।" भनी घर देखाइदिए । सप्तऋषिहरूले पनि गोमाका घरमा गई बोलाए र गोमाले सुनी बाहिर आई हेर्दा सप्तऋषिहरूलाई देखी प्रणाम गरी भित्र डाकी लगी पिर्कामा बसाली 'हे ऋषीश्वर ! मेरा घरमा आई मजस्ती पापिनीलाई दर्शन दिनुभयो । के कामले आउनुभएको हो ? आज्ञा गर्नुहोस्' भनिन् । उनीहरूले 'हे गोमा ! तिमी साह्रै दु:खी हुनाले श्रीस्वस्थानी परमेश्वरीको व्रत गराउन आएका छौँ, एकचित्त भई सुन । यो व्रत सत्ययुगमा हिमालय पर्वतकी पुत्री पार्वतीले श्रीमहादेव स्वामी पाउनका निमित्त गरेकी थिइन् । पौषशुक्ल पूर्णिमाका दिनदेखि यो व्रत आरम्भ गर्नू । हात गोडाका नङ काटी, स्नान गरी, शुद्ध भई, एकभक्त रही, एकचित्त गरी महिनादिनसम्म नित्य मध्याह्नकालमा श्रीमहादेवको पूजा गर्नू । माघशुक्ल पूर्णिमाका दिन एक सय आठ रोटी, अक्षता, फूल, सुपारी आदि नाना तरहका सामग्री सबै तयार गरी थालीमा ॐकार लेखी गङ्गाजलले स्नान गराउनू । सिन्दूर, रक्तचन्दन र फूलमाला पहिराई धूप, दीप, नैवेद्य, मेवा मिष्टान्न, कस्तूरी, वस्त्र, र भेटी चढाई श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू; कथा सुन्नू, अरूलाई सुनाउनू । सुन्ने कोही नभए आफैँले भन्नू, आफैँले सुन्नू । आफ्नै ओछ्यान, खाट, चर्खा, उइँटा र धनु राखी सुनाउनू । त्यसपछि जुन इच्छाले आफूले व्रत गरेको हो, 'मेरो त्यो

फलानो कामना सिद्ध होस्' भनी श्रीस्वस्थानी परमेश्वरीलाई अर्घ्य दिनू । ध्यान, जप, स्तोत्र पाठ गर्नू । श्रीस्वस्थानी परमेश्वरी कस्ती छन् भने–

सुनका जस्तो पहेँलो वर्णले झलमल परेकी, तीन आँखा भएकी, कमलको फूलजस्तो मुख भएकी, सिंहासनमा बसेकी, रङ्गबिरङ्गका अलङ्कार लगाएकी, चार हात भएकी, बायाँतिरका दुई हातमा अभय मुद्रा र नीलो कमल लिएकी, दायाँतिरका हातमा वर तथा अभय मुद्रा, खड्ग र ढाल लिएकी यस्ती चतुर्भुजा स्वस्थानी परमेश्वरीलाई सम्झी 'त्यहाँ मेरो पनि पूजा गर्नू' भनी श्रीमहादेवले आज्ञा गर्नुभएको छ । यस्ती जगदीश्वरी श्रीस्वस्थानी परमेश्वरीको मनले ध्यान गरी स्तोत्र पाठ गर्नू–

नमस्तेस्तु जगन्मात: स्वस्थानि सर्वमङ्गले ।
तब प्रसादाद्देवेशि व्रतं पूर्णं तवाज्ञया ।

हे जगन्माता स्वस्थानी परमेश्वरी ! सम्पूर्ण लोकलाई मङ्गल गर्ने तपाईंका प्रसादले मेरो व्रत पूर्ण होओस् भनी प्रसाद झिक्नू । चढाइएका अष्टोत्तरसयमा आठ रोटी, आठ अक्षता, आठ बेलीपुष्प, आठ जनै, आठ कुड्का सुपारी र सगुनसमेत पतिलाई दिनू । पति नभए छोरालाई दिनू (छोरा भन्नाले आफूसँगै बस्ने आफ्नो उत्तराधिकारी भन्ने सम्झनू), छोरा नभए मितछोरालाई दिनू । मितछोरा पनि नभए 'मेरो फलानो इच्छा सिद्ध होस्' भनी गङ्गामा लगी बगाइदिनू ।

सय रोटी आफूले फलाहार गर्नू र रातमा जाग्राम बस्नू । त्यति गरेपछि श्रीस्वस्थानी परमेश्वरीका व्रतका प्रभावले तिम्रा सबै दु:खको नाश होला, अन्यथा नमान । यस व्रतका प्रभावले पार्वतीले श्रीमहादेव स्वामी पाएकी थिइन् ।

यसरी सम्पूर्ण व्रतविधि बताइसकेपछि ऋषिहरूले 'अब हामी जान्छौँ' भने र गोमाले त्यो व्रतविधि सुन्दा खुसी भएर 'हे सप्तऋषीश्वरहो ! तपाईंहरूका कृपाले श्रीस्वस्थानी परमेश्वरीको व्रतविधि सुनेँ । म यस्ती दुखिनीका घरमा केही वस्तु छैन । केले तपाईंहरूलाई आदर सत्कार गरूँ ? पसलबाट केही फलफूल किनी ल्याउँछु, अनि जानुहोला' भनी चर्खामा रहेको धागाको लरिया लिई निस्किइन् । सप्तऋषिहरूलाई गोमा ब्राह्मणीको दु:ख देख्दा साह्रै दया लाग्यो र उनी नफर्किँदै आफू बसेका पिर्कामुनि सातओटा सुनका सिक्का छोडी गए ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे
श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां व्रतोपदेशो नाम
त्रयोविंशोऽध्याय: ॥२३॥

# चतुर्विंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! गोमा ब्राह्मणीले धागाको सानो मुठो लिई चन्द्रज्योतिनगरका फलफूल बेच्नेकहाँ गई 'मेरा घरमा सप्तऋषि आएका छन्; तिनैलाई खान दिन्छु, यति धागाको फलफूल देऊ' भनिन् । त्यो सुनेर पसलेले 'हे गोमा बज्यै ! फलफूल छैन, जति भएको हिजै बेचिसकेँ, नपत्याए हेर्नुहोस्' भनी छोपिराखेका भाँडाहरू देखाए । तर भाँडाभरि फलफूल देखी आश्चर्यचकित भई भन्न लागे 'हे बज्यै ! यी भाँडाका फलफूलहरू मैले हिजै बेचिसकेको थिएँ, आज कताबाट आए ? तिमीले मेरा घरमा सप्तऋषि आएका छन्, तिनलाई खान दिन्छु, भन्दामा यस्तो भयो कि भनी बहुत सरम मानी तिमी धन्य रहिछचौ त्यो धागो म लिन्नँ, फलफूल लगी ऋषिहरूलाई खान देऊ' भनी आफूसँग भएका मध्ये सबै प्रकारका फलफूलहरू मिलाएर दिए । गोमाले मनमा आनन्द मानी त्यो लिई घर आउँदा सप्तऋषिहरूलाई देखिनन् र 'अरू केही नभए पनि ऋषिहरूलाई फलफूलले सम्मान गरुँला भनेको त म

पापिनीका हातको वस्तु खानुपर्ला भनी गइसकेछन्; म अभागिनी रहिछु' भनी पीर गर्न लागिन् । धेरै बेरपछि हातमा कुचो लिई पिर्का उठाई बढारौँ भन्दा ऋषिहरूले छोडिगएका सातओटा सुनका सिक्का पाइन् ।

ती सिक्का पाएपछि ऋषिहरूले बताएबमोजिम पौषशुक्ल पूर्णिमाका दिनदेखि हातगोडाका नङ काटी, स्नान गरी, शुचि भई, एकभक्त रही, एकचित्त गरी, नित्य मध्याह्नकालमा श्रीमहादेवको पूजा गरी, रात पर्नेबित्तिकै कोही नहुनाले आफ्ना ओछ्यान, चर्खा, उइँटा, धनु अगाडि राखी तिनकै अगाडि श्रीस्वस्थानी परमेश्वरीको कथा भन्न लागिन् । त्यसो गर्दा चन्द्रज्योतिनगरका गोठाला केटाकटीले सुने र खरको भित्तो च्याती चियाउन लागे । त्यसरी एक्लै कराउन लागेको देखी गोमा ब्राह्मणीसित गई 'हे बज्यै ! तिमीलाई के भयो र एक्लै यसरी कराउँछौ ?' भनी सोधे । उनले भनिन्– "बालकहो ! सप्तऋषिहरू आई 'श्रीस्वस्थानी परमेश्वरीको व्रत गर' भनी उपदेश दिई गएकाले त्यही व्रत गर्दै छु । त्यसै कराएको होइन; श्रीस्वस्थानी परमेश्वरीको कथा भनेको हो । मलाई केही भएको छैन । सुन्ने कोही नहुँदा यसरी यिनीहरूलाई सुनाउँछु ।" त्यो सुनेर तिनीहरूले आफूहरूलाई दिउँसो खान भनी लगेको खाजा पनि छोडी गए । त्यसपछि दिनदिनै गई गोमाले भनेको कथा

सुन्न लागे र जे सकेको अन्न, धन लगी दिन लागे । त्यसो गर्दा श्रीस्वस्थानी कथाका प्रभावले तिनीहरूका गाईलाई घाँस खोज्न टाढा जानु परेन, नगिचै पाउन लागे । गोमालाई पनि अन्न, वस्त्र, धन प्राप्त हुँदै गयो ।

महिनादिन पुग्यो र माघशुक्ल पूर्णिमाका दिन सबै सामग्री तयार गरी एकचित्त भई श्रीस्वस्थानी परमेश्वरीको पूजा गरी हातमा अर्घ्यपात्र लिई 'हे श्रीस्वस्थानी परमेश्वरी ! मेरो पूजाबाट खुसी भई मलाई दु:खका समुद्रदेखि पार लगाउनुहोस् । फेरि मेरो पुत्र नवराज आफ्ना बाबाको खबर बुझ्न गएको चाँडै आइपुगोस् । हे देवी ! मलाई जगदीश्वर श्रीमहादेवले भिक्षुक रूप लिई डमरु बजाउँदै दिएको श्रापबाट पनि मुक्ति मिलोस् । हे जगदीश्वरी ! फेरि मलाई र मेरा पुत्र नवराजलाई हितभावले यस लोकमा सुख, सम्पत्ति दिई परलोकमा तपाईंका चरणकमलमा बास दिनुहोस् । हे करुणामूर्ति ! तपाईंको जप र ध्यान सधैँ मेरो हृदयमा रहोस् । हे दयामयी ! तपाईंलाई कोटिकोटि नमस्कार छ । हे जगदीश्वरी महादेवी ! तपाईंको महिमा वर्णन गर्न अनन्त जिब्रा भएका शेषनाग र सरस्वतीले पनि सक्तैनन्; म जस्तीले के सकुँली ?' भनी स्तुति गरी अर्घ्य दिइन् र कोटिकोटि प्रणाम गरिन् । त्यसपछि प्रसाद झिकी भित्र गई अष्टोत्तर सयमा आठ रोटी, आठ अक्षाता, आठ जनै, आठ बेलीपुष्प, आठ कुड्का

सुपारी र सगुनसमेत यो मेरो पुत्र नवराजलाई भनी पर सारी सय रोटी आफूले फलाहार गरिन् र रात परेपछि ईश्वरीलाई मनले सम्झी जाग्राम गरिरहिन् ।

त्यसै दिन धेरै रात गएपछि श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले नवराज आइपुगे र बाहिरैबाट आमा भनी बोलाए । गोमाले आफ्ना पुत्रको बोली सुनी चिनिन् र चाँडै उठी बाहिर आई भित्र डाकी लगिन् । तब बडो स्नेहले 'हे बाबू ! तिमीलाई सन्चै छ ? तिम्रा बाबाको खबर के छ ?' भनी सोधिन् । त्यो सुनी नवराज भन्छन्– "हे आमा ! भिक्षा माग्न जानुभएका पिता गङ्गाका तीरमा कुनै ऋषिका आश्रममा पुगी गङ्गामा स्नान गरी नित्य पूजा गर्न रूख चढी फूल टिप्न लाग्दा रूखको हाँगो भाँचिई खसी स्वर्गवास हुनुभएछ ।' यो कुरा मलाई त्यहीँ नजिकै बस्ने वृद्ध ब्राह्मणले भने र रूखमुनि हेर्न जाँदा हाड मात्र बाँकी रहेको देखेँ । ती सबै बटुली गङ्गाका तीरमा लगी संस्कार गरी श्रद्धापूर्वक क्रिया गरी घर जाऊँ भनी आउँदा घरको दु:ख सम्झी 'यसै कसरी जाऊँ' भनी सहरमा पसी राजाको सेवा गरेँ । राजाले केही धन दिए र आज तपाईंको चरणमा आई, तपाईंको दर्शन पाएँ ।"

पुत्र नवराजबाट सबै खबर सुनी गोमाले मन थाम्न नसकी 'निर्विवेकी विधाताले सत्तरी वर्षका बूढासित सात वर्षका उमेरमा

मेरो विवाह गरायो र पनि यति चाँडै यस्तो यौवनमा पतिको वियोग पारिदियो । हे स्वामी ! भिक्षा माग्न भनी जानुभएको तपाईंले गर्भवती अवस्थामा मलाई यसै छोडी जानुभयो । हे नाथ ! तपाईंबिना मेरो प्राण कसरी रहला ? तपाईं जहाँ जानुभयो मलाई पनि उहीँ लैजानुहोस्' भनी रुँदै मूर्छा भई भूमिमा परी अनेक तरहले विलाप गर्न लागिन् । त्यो देखी नवराज भन्दछन्– "हे आमा यसरी शोक नगर्नुहोस् । यो संसार यस्तै छ । जन्मीकन को मर्दैन र ! एकफेरा सबैले मर्नुपर्छ, यसैले शोक नगर्नुहोस् । मेरो मुख हेर्नुपर्दछ, तपाईंकी बुहारी कता छ ? यतिका दिनसम्म तपाईंहरूले के खाइरहनुभयो ? तपाईं पनि यस बेलासम्म नसुती के गरिरहनु भएको छ ? चन्दन, धूप, दीप नाना सुगन्धको बास्ना आइरहेको छ; के काम गर्नुभयो ? आज्ञा गर्नुहोस् ।" त्यो सुनेर गोमाले चित्त बुझाई नवराजलाई 'थाकेर आइस्, भोक पनि लागेको होला' भनी खान दिइन् । खाइसकेपछि 'हे पुत्र नवराज ! तेरी स्त्री तँ गएको दुई दिनपछि माइत गई । तिम्रा छोरा आएपछि मलाई डाक्न पठाउनू' भनेकी छ । हे बाबू ! दु:ख काटिरहेकी थिएँ, सप्तऋषिहरू आई मेरो दु:ख देखी बडो दया गरी 'श्रीस्वस्थानी परमेश्वरीको व्रत गर, तिम्रो दु:खको नाश होला, इच्छासिद्धि होला' भनी उपदेश गरे । उनीहरूका उपदेशले 'मेरो पुत्र चाँडै आइपुगोस् भनी श्रीस्वस्थानी परमेश्वरीको व्रत-पूजा गरी जाग्राम बसिरहेकी थिएँ । अब तँलाई

पनि उनको महिमा सुनाउँछु, एकचित्त भई सुन्' भनी सबै कथा सुनाइन् ।

रात बितेर उज्यालो भयो । नवराजले 'हे आमा ! तपाईं धन्य हुनुहुन्छ, यस्ती श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्नुभयो । म खुसी भएँ । अब गङ्गामा गई स्नान गरी आउँछु' भनी बिदा भई स्नान गर्न गए र त्यहाँ स्नान, सन्ध्या, तर्पण गरिसकी हरिहरको पूजा गरे । गोमाले गरेको श्रीस्वस्थानीका व्रतका प्रभावले गङ्गादेखि हरिहर प्रत्यक्ष भई 'हे नवराज ! तिम्री आमाले गरेका व्रतका प्रभावले हामी खुसी भयौँ, वरदान लेऊ । यस गङ्गादेखि दक्षिण दिशामा लावण्यदेश छ, त्यहाँ राजा छैनन् । हात्तीलाई सुवर्णको कलश र फूलको माला दिई राजा खोज्न लगाइएको छ; तिमी त्यहाँ जाऊ । हामीले हात्तीमा प्रवेश गरी अभिषेक गर्दा राज्याभिषेक तिमीलाई गरौँला' भने । हरिहरबाट वरदान पाएपछि नवराजले यसरी स्तुति गरे–

यौ तौ शङ्खकपालभूषितकरौ मालास्थिमालाधरौ ।
देवौ द्वारवतीश्मशाननिलयौ नागारिगोवाहनौ ॥
द्वित्र्यक्षौ बलिदक्षयज्ञमथनौ श्रीशैलजावल्लभौ ।
पापं मे हरतां सदा हरिहरौ श्रीवत्सगङ्गाधरौ ॥

'हे हरिहर ! हातमा शङ्ख र खप्पर लिएका, घाँटीमा वनमाला र अस्थिमाला लगाएका, देवद्वार श्मशानमा बसेका, गरुड र वृषभ

वाहन भएका, दुई र तीन आँखा भएका, बलि राजा र दक्ष प्रजापतिको यज्ञ नाश गर्ने, लक्ष्मी र पार्वतीका स्वामी, श्रीवत्स र गङ्गा धारण गर्ने यस्ता तपाईं दुईले मेरो पाप हरण गरिदिनुहोस् । ममा दया गरी तपाईंहरूले अनाथ भइरहेको मलाई दर्शन दिनुभयो; म धन्य छु । मेरी आमाको गर्भमा मैले बास लिएको सफल भयो । हे भक्तवत्सल ! दुष्टजनलाई नाश गरी साधुजनको रक्षा गर्ने, पापपुण्यका साक्षीस्वरूप रहेका तपाईंहरूलाई कोटिकोटि नमस्कार छ । तपाईंको महिमा गाउन हजार जिब्रा भएका शेषनागको पनि शक्ति छैन, अरूको के होला ? सधैँ तपाईंकै भक्तिमा मेरो चित्त लागोस् ।'

हरिहर पनि अन्तर्ध्यान हुनुभयो । ती नवराज हरिहरको दर्शन पाएपछि सूर्यझैँ तेजिला भई घर आए । त्यस्तो तेजयुक्त छोरालाई देखी आश्चर्य मानी गोमा भन्दछिन्– "हे पुत्र ! तँलाई किन यसरी तेजिलो भएको देख्दछु ? आँखा तिरमिराएर हो कि मनमा भ्रान्ति भएर हो ? देवताका राजा इन्द्रभन्दा पनि तँलाई सुन्दर देख्दछु ।" यति आफ्नी आमाले भनेपछि नवराजले 'स्नान गर्न जाँदा गङ्गादेखि हरिहर प्रत्यक्ष भएर 'लावण्य देशको राजा होउला भने । तपाईंको तपस्याकै प्रभावले म यस्तो भएँ' भने । त्यो सुनी गोमाले खुसी भई 'हे बाबू ! मेरो पुत्र चाँडै घर आइपुगोस् भनी श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेकी थिएँ ।

राति तिमी आइपुग्यौ, तिमीलाई प्रसाद राखिदिएकी छु; लेऊ । श्रीस्वस्थानी परमेश्वरीले कल्याण गरून् । तिमीले पनि सधैँ उनका भक्तिमा चित्त लगाए' भनी श्रीस्वस्थानी परमेश्वरीको प्रसाद दिइन् र 'तिमी हरिहरको आज्ञाले लावण्य देशको राजा भए' भनी शिरमा हात राखी आशिष् दिइन् । नवराजले श्रीस्वस्थानी परमेश्वरीको प्रसाद लिई 'हवस्' भनी आमाको चरणमा प्रणाम गरी बिदा भई लावण्य देशतिर लागे ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां गोमाकृतश्रीस्वस्थानीव्रतकीर्तनं नाम चतुर्विंशोऽध्यायः ॥२४॥

# पञ्चविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! लावण्य देशमा राजा नहुनाले मन्त्रीहरूले हात्तीलाई सुवर्णको कलश र फूलको माला दिई राजा खोज्न लगाएका थिए । लोकहरूले थरीथरीका गहना, कपडा पहिरी आएर 'राजा हुन पाइएला कि, नभए रमिता त हेरिएला' भनी हात्तीका नगिच अगिपछि हिँड्न लागे । नवराज पनि त्यहीँ पुगेर पछिल्तिर पाटीनेर बसी हेरिरहेका थिए । हरिहरले हात्तीमा प्रवेश गरी नवराज ब्राह्मणको नगिचै गई फूलको माला लगाइदिई सुवर्णकलशका जलले अभिषेक गर्नुभयो । त्यो देखी लोकहरूले भने– "लौ, यो हात्ती बहुलायो, नत्र यस देशमा क्षत्रिय कोही छैनन् र यस्ता ब्राह्मणलाई अभिषेक गऱ्यो ।" कसैले भने– "हात्ती बहुलाएको होइन, तिमीहरू नै बहुलाएका हौ, मुखले नबोले पनि हात्ती देवतै हो । हे मूर्खहो ! ब्राह्मण भए पनि क्षत्रिय भए पनि, वैश्य भए पनि, शूद्र भए पनि उसका तपस्याले राजा हुन पायो । बिनानारायणको अंश र नारायणले नदिई राजा हुन उसै पाइँदैन;

चुप लाग" भनी बुझाए । अनि हरिहर प्रवेश भइरहेको हात्तीले नवराजलाई आफ्ना कुम्भस्थलमा राखी दरबारमा लिई गयो । गुरु पुरोहितले नाना रङका वस्त्र, अलङ्कार पहिराई सबै सामग्री तयार गरी सुदिन ठहऱ्याई त्यसै सहरका राजाकी पुत्री लावण्यवतीसित नवराजको विधिपूर्वक विवाह गरिदिई राजा बनाए ।

मन्त्रीहरूले 'हे महाराज ! अभिषेक भएको छैन, सामग्री तयार छ, सुदिन ठहऱ्याई अभिषेक लिनुहवस्' भनी बिन्ती गरे । त्यो सुनी नवराज भन्दछन्– "हे मन्त्रीवर्ग ! मेरी महतारीले नदिई अरूका हातको अभिषेक कसरी लिऊँ ? चन्द्रज्योतिनगरका बाहिर खरको एक झुपडी छ, त्यहाँ गोमा नाउँकी ब्राह्मणी छन्, ती मेरी महतारी हुन्, चाँडै लिन पठाइदेऊ ।" यति नवराजले भनेको सुनी मन्त्रीले 'म आफैँ जान्छु' भनी पालकी, नाना वस्त्र, अलङ्कार र फौजसमेत लिई चन्द्रज्योतिनगरमा गए । त्यहाँ गोमा ब्राह्मणीलाई भेटी प्रणाम गरी 'हे मुमा महारानी ! तपाईंका पुत्र नवराज लावण्य देशका राजा हुनुभयो । म उहाँको मन्त्री हुँ । तपाईंलाई लिन पठाएको हुनाले म्याना, वस्त्र र अलङ्कार आदि लिएर आएको छु । गहना र पोसाक पहिरी म्यानामा राज गरी पाल्नुहोस्' भनी बिन्ती गरे । त्यो सुनेर गोमाले मनमा आनन्द मानी उनले ल्याएका गहना, वस्त्र पहिरी पालकीमा बसी लावण्य देशमा जान निस्किइन् ।

चन्द्रज्योतिनगरका स्त्रीहरूले त्यो थाहा पाएर हेर्न भनी कोही कपाल फुकेका, कोही पटुकाको छेउ लतार्दै, कोही छोराछोरी रुवाउँदै, कोही भात खान लागेका पनि त्यसै छोडी हतपताउँदै घरबाट निस्के । पालकीमा बसी फौजसमेत साथमा भई गएकी गोमालाई देखी 'हेर ! सधैँ अर्काको ढिकीजाँतो गरी निर्वाह गर्ने गोमा आज महारानी भई पालकीमा बसी गइन्' भनी आफूआफूमा कुरा गर्न लागे । गोमा ब्राह्मणी त्यहाँदेखि गई लावण्य देशका नगिचमा पुगिन् । नवराजले त्यो थाहा पाएर हात्ती, घोडा, रथ लगी नाच, गान, बजान गराउँदै सिन्दूरयात्रा गरी दरबारमा लगेर आसनमा बसाली साष्टाङ्ग प्रणाम गर्दै 'हे आमा ! तपाईंका तपस्याले र हरिहरका कृपाले आज लावण्य देशको म राजा भएँ, धन्य तपाईंको तपस्या, अब अभिषेक पनि दिनुहोस्' भने । त्यो सुनेर सुदिन ठहऱ्याई सुनको सिंहासनमा बसालेर गोमाले नवराज राजा र लावण्यवती रानीलाई विधिपूर्वक राज्याभिषेक गरिन् । पुरोहित, ब्राह्मणलाई भोजन गराई दक्षिणा दिई बिदा गरी हात्ती, रथ तयार पारी नाच, गान र बाजा बजाउँदै फौजसमेत शोभायात्रा गर्दै नवराज दरबारमा प्रवेश गरे ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां नवराजराज्याभिषेको नाम पञ्चविंशोऽध्याय: ॥२५॥

# षड्विंशोऽध्याय:

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! एक दिन नवराज राजाले आफ्नी आमासित बिन्ती गरे– "हे मुमा ! ईश्वरका कृपाले म यहाँ आई राजा भएँ । अब आफ्ना राज्यमा भएजति ब्राह्मणहरूलाई डाकी भोजन गराऊँ र श्रद्धापूर्वक दक्षिणा दिऊँ । यस जन्ममा धर्म गरे पो अर्को जन्ममा पाउँला ।" त्यो सुनेर गोमाले 'हे पुत्र ! तिमीले बेस भन्यौ, तिम्रो मन चित्त यसरी नै सधैँ धर्मकर्ममा लागोस् । मन्त्रीलाई अह्राई ब्राह्मणहरूलाई निमन्त्रणा गर्न पठाऊ । चन्द्रज्योतिनगरका तिम्रा बालककालका सँगीहरूलाई पनि निमन्त्रणा पठाऊ । तिम्री स्त्री चन्द्रावती माइत छ, उसलाई पनि लिन पठाऊ' भनिन् । आमाले भनेको सुनी नवराजले 'हवस्' भनी मन्त्रीलाई डाकी 'हे मन्त्री ! हाम्रा राज्यमा भएजति ब्राह्मण सबैलाई भोजन गराउनुपर्‍यो, सामग्री तयार गर । ब्राह्मणहरूलाई निमन्त्रणा गर्न पठाऊ । चन्द्रज्योतिनगरमा मेरा सँगीहरू छन्, तिनीहरूलाई निम्ता पठाऊ । वरुणपुरमा अग्निस्वामी नाउँका ब्राह्मण छन्, तिनकी पुत्री चन्द्रावती

मेरी ब्राह्मणी हुन् । उनलाई पनि लिन पठाऊ । मेरा सासूससुरालाई तपाईंका जुवाइँ लावण्य देशका राजा भए, आजका चार दिनभित्र लावण्यदेशमा आइपुग्नू भन्ने खबर पठाऊ' भनी आज्ञा दिए ।

मन्त्रीले 'हवस्' भनी लावण्य देशका राज्यमा बसेका ब्राह्मणहरू सबैलाई निमन्त्रणा गर्न पठाए । चन्द्रज्योतिनगरमा नवराज राजाका सँगीहरूलाई पनि निम्ता पठाए । चन्द्रावतीलाई पनि लिन भनी डोलेहरूलाई पठाए र सब सामग्री तयार गरे । डोलेहरूले वरुणपुरमा गई 'अग्निस्वामीको घर कुन हो ?' भनी सोध्न लागे र कसैले 'त्यही हो' भनी बताइदिए । घरका आँगनमा पुगी डोलेहरूले बोलाउन लागे र चन्द्रावतीले त्यो सुनी 'तिमीहरू को हौ; कहाँबाट आयौ ?' भनी सोधिन् । डोलेहरूले 'हामीलाई नवराज राजाले पठाउनुभयो र हामी लावण्य देशदेखि आयौँ' भनी बिन्ती गरे । तब चन्द्रावतीले सोधिन्– "हे डोलेहो ! तिमीहरूले नवराज राजा भए भनी आश्चर्यको कुरा गऱ्यौ; उनी कसरी राजा भए ? सो सब मलाई भन ।" डोलेहरू भन्छन्– "लावण्य देशमा राजा नहुँदा हात्तीलाई सुनको कलश र फूलको माला दिई राजा खोज्न पठाइएको थियो । नवराजलाई देखी त्यसले सुवर्णकलशले अभिषेक गरेर फूलको माला पहिराइदिँदा लोकले उनलाई दरबारमा लगी राजा बनाए । चन्द्रावती रानी कहाँ छन् ? खबर गरिदिनुपऱ्यो, चाँडो नगए राजा हामीसँग रिसाउनेछन् ।" त्यो सुनेर चन्द्रावतीले मनमा

आनन्द मानी 'चन्द्रावती नाउँ भएकी उनकी ब्राह्मणी म नै हुँ' भनिन् । तब डोलेहरूले प्रणाम गरी 'हे महारानी ! चाँडो जाऔँ, बिलम्ब नगर्नुहोस् । तपाईंका बाबामहतारीलाई पनि आजका चारै दिनमा आइपुग्नू भनी निम्ता पठाउनुभएको छ । हामीले चिनेका छैनौँ, तपाईंले नै भन्नुपर्‍यो' भनी बिन्ती गरे ।

चन्द्रावती 'लौलौ' भनी चाँडो माथि गई आफ्ना बाबामहतारीसँग नवराज राजा भएको र आफूलाई लिन आएको सब कुरा भनी 'तपाईंहरूलाई पनि आजका चार दिनभित्र आइपुग्नू' भनी निमन्त्रणा आएको रहेछ; आज्ञा पाए म जाँदी हुँ' भनिन् । त्यो कुरा सुनेर अग्निस्वामी धेरै खुसी भई 'धन्य मेरा जुवाइँ नवराज ! मेरी छोरी पनि अब रानी भई' भनी थरीथरीका गहना, कपडा पहिराई 'हे पुत्री ! तैँले जन्म लिएको सफल भयो, बिलम्ब गर्नु छैन, अब साइत गर्' भनी बिदा दिए । चन्द्रावती रानीले 'हवस्' भनी डोलेहरूलाई खान, पिउन दिई बाबामहतारीलाई प्रणाम गरी आफ्ना छिमेकी साथीसित पनि बिदा भई म्याना चढी लावण्य देशतिर गइन् ।

चन्द्रावतीका सँगिनीहरूले 'हरे ! यो चन्द्रावती आफ्नो पति परदेश गएको बेलामा दु:खमा परेकी सासूलाई एक्लै छोडी माइत बसेकी थिई तापनि अहिले रानी हुन पाई' भनी आपसमा कुरा गरे । चन्द्रावती त्यहाँबाट गई ठूलो वनमा पुगिन् । कहीँ मृग इत्यादि वन्यजन्तु आफ्ना जोडीसाथ शीतल ठाउँमा बसिरहेका;

कहीँ राजहाँस आदि पक्षीहरू पोखरीमा खेलिरहेका; कहीँ गुराँस, पलाँस आदिका रूखहरू फलफूलले लदावदी भई लटरम्म परेका, भमरा-माहुरी आदि भुनभुन गरिरहेका त्यस्तो वनमा पुग्दा टाढैबाट कुनै अप्सराले श्रीस्वस्थानी परमेश्वरीको व्रत गरिरहेको तिनीहरूले देखे । अनि डोलेहरूले 'हे महारानी ! हामीलाई भोक लाग्यो, त्यहाँ पर केही पाए खाई आउँछौँ; तपाईं एकछिन यहीँ बस्नुहोस्' भनी म्याना भुइँमा राखी चन्द्रावतीलाई एक्लै छोडी 'त्यहाँ के रहेछ ?' भनी हेर्न गए । अप्सराका नगिचमा पुगी 'तिमीहरू को हौ ? कहाँबाट आयौ ? कुन देवताको व्रत लिई पूजा गरेका हौ ?' भनी सोधे । अप्सराहरूले 'हे मनुष्यहो ! हामी स्वर्गका अप्सराहरू हौँ, श्रीस्वस्थानी परमेश्वरीको पूजा गरिरहेका छौँ' भनी बताए । त्यो सुनेर 'यो पूजा हामीले पनि गर्न हुन्छ कि ?' भनी डोलेहरूले सोधे ।

अप्सराहरूले 'हुन्छ' भन्दा तिनीहरूले मनमा हर्ष मानी 'हामीसित सामग्री छैन, तपाईंहरूका साथमा हामीलाई पनि पूजा गर्न दिनुहोस्' भने र अप्सराहरूले आफ्ना साथमा पूजा गराए । तिनले अर्काको भारी बोकी ज्याला लिइराखेको द्रव्य भेटी चढाए । व्रत गरिसकेपछि अप्सराहरूले 'हे मनुष्यहो ! जसले श्रीस्वस्थानी परमेश्वरीको व्रत गरी कथा सुन्ला, सुनाउला अथवा तिनको महिमाको पुस्तक घरमा राख्ला, त्यसको सब पाप, दुःख, दारिद्रय, शोक र सन्ताप नाश हुँदै जाला; अन्त्यकालमा दिव्यदेह अर्थात् देवताको शरीरले

कैलाशमा बस्न पाउला । बाटो लागेका तिमीहरूले ठूलो श्रद्धा गरी यो व्रत गऱ्यौ, धन्य रहेछौ, श्रीस्वस्थानी परमेश्वरी सधैँ तिमीहरूका हृदयमा रहून् । अब जहाँ जान आएका हौ उहाँ जाओ' भनी श्रीस्वस्थानी परमेश्वरीको प्रसाद दिए । डोलेहरूले 'तपाईंहरूका कृपाले हामीले श्रीस्वस्थानी परमेश्वरीको व्रत गऱ्यौँ; अब हामी जान्छौँ' भनी अप्सराहरूलाई प्रणाम गरी म्यानातर्फ गए । अप्सराहरू पनि स्वर्ग गए ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां चन्द्रावतीलावण्यदेशगमनं नाम षड्विंशोऽध्यायः ॥२६॥

# सप्तविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! डोलेहरू चन्द्रावती भएको ठाउँमा आएर 'हे महारानी ! हामीले स्वर्गका अप्सरालाई श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्न लागेका देख्यौँ । उनका साथमा हामीले पनि पूजा गर्न लाग्यौँ र विलम्ब भयो, क्षमा गर्नुहोस् । तपाईंलाई पनि श्रीस्वस्थानी परमेश्वरीको प्रसाद ल्याइदिएका छौँ लिनुहोस्' भनी प्रसाद दिए । तिनीहरूले भनेको कुरो सुनी चन्द्रावती रिसले चूर भएर राता राता आँखा गरी दाह्रा किटी नागले झैँ निःश्वास फेर्दै ठूलो स्वरले गर्जना गर्दै 'हे पापी डोलेहो ! मलाई यस्ता वनमा एक्लै छोडी व्रत गर्न पछि लाग्यौ; के नोकरहरूको धर्म यही हो ? त्यस व्रतले तिमीहरूलाई खान दिन्छ कि ? के गर्दछ त्यो स्वस्थानी भनेकी कहाँकी देवी हो ? आजसम्म मैले त्यसको नाउँ सुनेकी पनि थिइनँ, जानेकी पनि छैन, त्यसले के गर्न सक्छे ? तिमीहरूले मलाई नटेरेको हो ? वनमा भएर पो नत्र तिमीहरूको आज के गति हुने थियो ! आफूलाई कहिले पुगूँला भन्ने हतार छ; तिमीहरूलाई भने

यहाँ डरसम्म छैन, अपराधी रहेछौ' भनी म्यानाबाट निस्की डोलेका हातबाट श्रीस्वस्थानी परमेश्वरीको प्रसाद खोसी थु:थु: गरी थुकी, गोडाले कुल्ची दलिदिइन् र भनिन्– "अब पनि यसै गरौला कि ? चाँडै लैजाओ ।" डोलेहरू डरले थरथर काम्दै आँखादेखि बरर आँसु खसाल्दै केही पनि भन्न नसकी मनले श्रीस्वस्थानी परमेश्वरीलाई सम्झँदै चुप लागी म्याना बोकी हिँडे । लावण्य देशका नगिचै शाली नाउँकी एक नदी थिइन् । त्यहाँ पुगी नदी तर्न लाग्दा श्रीस्वस्थानी परमेश्वरीलाई निन्दा गरेको हुनाले अकस्मात् चँदुवा टाँगेजस्तो चारैतिर मेघले ढाक्यो । एकाएक मुसलधारे पानी बर्स्यो, ठूलो हुरीबतास लाग्यो र नदीमा ठूलो बाढी आयो । चन्द्रावती म्यानाबाट खसी शालीनदीमा परिन् । डोलेहरूलाई बाढीले बगाए पनि श्रीस्वस्थानी परमेश्वरीका प्रभावले दिव्य रूप लिई आनन्दले शिवपुरीमा रहे ।

जो मनुष्य श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्ला त्यसले त्यो पदवी पाउला । यता नदीमा बगेकी चन्द्रावती ब्राह्मणी महापातकी भई जलभित्र परिरहिन् । जुन दिनदेखि चन्द्रावती खसिन् उसै दिनदेखि शालीनदी पनि बग्न छाडिन् । माझीहरूले त्यो देखेर 'यो के आश्चर्य भयो ? यस नदीमा गोही वा नाग आई बसे कि ? अथवा देशमा कहीँ उत्पात हुन लाग्यो ? यो कुरा राजाकहाँ जाहेर गर्नुपर्छ' भनी राजदरबारमा गई बिन्ती गरे– "हे महाराज !

शालीनदी बहिनन्, स्थिर भइरहेकी छन् । यस्तो अनौठो कुरा हामीले सुनेका पनि थिएनौँ, आज आफ्नै आँखाले देख्यौँ; ज्यादै आश्चर्य भयो ।"

त्यो कुरा सुनी नवराज राजाले मन्त्रीलाई डाकी माझीहरूले जाहेर गरेको सबै कुरा भने । लोकलाई पनि साथमा लिई नदीमा गएर माझीहरूलाई 'जलभित्र कुनै जन्तुहरू छन् कि ? जाल हाली हेर' भनी अह्राए र माझीहरूले 'हवस्' भनी जाल हाली हेरे, चन्द्रावती त्यसमा अल्झी आइन् । त्यस बेला चन्द्रावती कस्ती थिइन् भने शरीरमा कुष्ठरोग लाग्नाले हातपाउका औँला झरेकी, शुद्धि केही नभएकी, हिलाले छोपिएको मुढोजस्ती त्यस्ती चन्द्रावतीलाई देख्ता 'यही वस्तु हो' भनी ठहऱ्याउन नसकी नदीका किनारमा मिल्काएर फेरि जलभित्र पसी खोज्न लागे । अनेक परिश्रम साथ खोजी गर्दा पनि केही पाउन नसकी 'हे महाराज ! हामीले त केही पाउन सकेनौँ' भनी बिन्ती गरे । अनि नवराज राजाले 'हे गङ्गे ! तिमी किन स्थिर भइरहेकी ? मैले जान्न सकिनँ, मसँग प्रसन्न होऊ' भनी हातमा अर्घ्यपात्र लिई पारो र नवरत्नसमेत मिलाई गाईका दूधले अर्घ्य दिए । तब शालीनदी बग्न लागिन् । सबै जना आश्चर्यचकित भई नवराज राजाका साथ दरबारतिर फिरे ।

उता चन्द्रावती ब्राह्मणीलाई छिनमा बिउँझने, छिनमा मूर्छा पर्ने, छिनमा भोक तिर्खा लाग्ने र छिनमा शिर घुमाउने हुन

लाग्यो । यसरी महाकष्ट पाई मुढो लडेझैँ उनी शालीनदीका किनारामा लडिरहिन् । एक दिन साह्रै भोक लाग्यो र खानेकुरो केही नपाउँदा 'माटो नै खान्छु' भनी हातमा लिइन् । त्यो माटो पत्थर भइगयो, त्यही पनि खाऊँ भन्दा खरानी भयो, त्यही खरानी पनि खाऊँ भन्दा ठूलो बतास आई उडाई लगिदियो । चन्द्रावतीले श्रीस्वस्थानी परमेश्वरीलाई निन्दा गर्नाले यसरी शीत, प्यास, भोकदेखि नाना दुःख पाइरहिन् ।

यता नवराज राजाले आफ्ना राज्यमा भएका सब ब्राह्मणहरूलाई निमन्त्रणा गर्न पठाई ब्राह्मण भोजनको तयारी गराए । नवलपुरका कपिल नाउँ गरेका दुई भाइ ब्राह्मण पनि राजाका ब्राह्मण भोजनमा जान भनी त्यतैबाट आएका चन्द्रावतीले देखिन् र 'तिमीहरू को हौ ? कहाँ जान आयौ ?' भनी सोधिन् । ब्राह्मणहरूले 'हामी कपिल नाउँका ब्राह्मण हौँ, लावण्य देशमा नवराज राजाकहाँ ब्राह्मण भोजनमा निम्ता मान्न जान लागिरहेछौँ' भने । तब चन्द्रावती भन्छिन्– "हे ब्राह्मणहो ! धेरै दिन भयो, मैले केही खान पाएकी छैन; तिमीहरू भोजमा जाने भए मलाई पनि केही मागी ल्याइदिए पुण्य होला ! म अनाथलाई दया गर ।" चन्द्रावतीको अनुनयविनय सुनेपछि ब्राह्मणहरू भन्छन्– "हे पापिनी ! अहिले हामी यसै हुन्छ भन्न सक्दैनौँ, किनभने राजाका दरबारमा के कसो हुन्छ ? फेरि हाम्रो ब्राह्मणको जात ल्याउन

हुने वस्तु दिए त ल्याउँला, नत्र के गरौँला ? आशा त गरेस् तर भर नपरेस्" भनी लावण्य देशमा गए । नवराज राजाले सबै ब्राह्मणलाई पूजा गरी दक्षिणा दिई भोजन गराए । भोजन गरिसकेपछि ब्राह्मणहरू नवराज राजालाई आशीर्वाद दिई आनन्दसाथ आआफ्ना घर गए ।

ती नवलपुरका कपिल ब्राह्मण दुई भाइले अगिको कुरा झट्ट सम्झेर 'त्यसै जाऔँ भने त्यो पापिनीले आशा गरिरहेकी होली, केही लगिदिऊँ भने कसरी माग्ने, लोभी भन्ने पो हुन् कि ?' भनी केही भन्न नसकी भोजन गरेकै ठाउँमा कहिले यता कहिले उता गरिरहे । ती दुई ब्राह्मणले त्यसो गरेको गोमा रानीले देखिन् र भण्डारेलाई डाकी 'हे भण्डारेहो ! ती ब्राह्मणहरूले खान पाएनन् कि ? सन्तुष्ट भएनन् कि ? सोध' भनिन् । भण्डारेले 'हवस्' भनी 'हे ब्राह्मणहो ! तपाईंहरूले राम्रोसँग भोजन गर्नु भएन कि अथवा सन्तोष भएन कि ? इच्छा भए फेरि भोजन गर्नुहोस्' भन्दा उनीहरू भन्दछन्– "हे भण्डारे ! महाराजका कृपाले हामीले इच्छापूर्वक भोजन गऱ्यौँ, सन्तुष्ट पनि भयौँ, तर हामी यहाँ आउँदा शालीनदीका किनारमा शरीरमा कुष्ठ भएकी, हातपाउ झरेकी, एउटी स्त्रीले देखी र 'कहाँ जान्छौ' भनी सोधी । हामीले 'राजाका ब्राह्मण भोजनमा जान्छौँ' भन्यौँ र उसले 'तिमीहरू भोजनमा जाने भए मलाई पनि केही ल्याइदिए धर्म होला, पाँच दिन भयो अन्नपानी मुखमा केही परेको छैन भनेकी थिई । त्यसैले अब यसै जाऊँ भने

त्यो आशा गरिरहेकी होली, केही लगिदिऊँ भने कसरी माग्ने ? भनी बसिरहेका छौँ ।' त्यो सब कुरा भण्डारेले गोमा रानीलाई बिन्ती गरे र उनले 'ती दुई ब्राह्मणले भनेजति अन्न देओ' भनी अह्राइन् । भण्डारेले 'हवस्' भनी भण्डारमा गई राखेको अन्न दिन खोज्दा नवराज राजाको सबै भण्डार सुकेको देखे । भण्डारमा केही नपाई आश्चर्य मान्दै 'हे महारानी ! राखेको ठाउँमा केही पनि छैन, के दिऊँ' भनी भण्डारेहरूले बिन्ती गरे । गोमा रानीले यस्तो कुरा सुनी आफैँ भण्डारमा गई हेरिन् । नभन्दै केही पनि रहेनछ र 'मलाई तयार गरी राखेको भोजन देओ' भनी अह्राइन् । उनीहरूले 'हवस्' भनी त्यो भोजन लिई ब्राह्मणनिर गई 'हे ब्राह्मणहो ! त्यसको नाउँ लिनासाथ राजाको भण्डार सबै सुक्यो । राखेको ठाउँमा केही पाइएन । यो महारानीलाई भनी पकाइराखेको भोजन छ लगिदिनुहोस्; अरू केही पनि छैन' भनी भोजन दिए । ब्राह्मणहरूले सरम मान्दै त्यो लिई निस्के । उनीहरू जानासाथ राजाको भण्डार फेरि जस्ताको तस्तै भयो ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां नवराजब्राह्मणभोजनं नाम सप्तविंशोऽध्याय: ॥२७॥

# अष्टविंशोऽध्याय:

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगत्स्यमुनि ! त्यति भएपछि ती ब्राह्मणहरू त्यो भोजन लिई चन्द्रावती ब्राह्मणी भएको ठाउँमा गए । चन्द्रावतीले ब्राह्मणहरूलाई आएको देखी 'मलाई पनि केही ल्याइदिनुभयो कि ?' भनी सोधिन् । ब्राह्मणहरूले 'हे पापिनी ! तँ साह्रै पापिनी रहिछस्, तेरा निमित्त हामीलाई कस्तो सरम भयो । तँलाई दिन भनी हेर्दा राजाको सबै भण्डार सुक्यो । यति भोजन रानीलाई भनी राखिएको रहेछ त्यही ल्याइदिएका छौँ ला' भनी सुम्पिदिए । चन्द्रावतीले त्यो भोजन पाउनेबित्तिकै भोकले चाँडै खान तयार भइन् तर ती ब्राह्मणहरूले 'हे पापिनी ! यस्तो अवस्थामा पर्दा पनि तँलाई अझै धर्मको चेष्टा भएन ? मुख धोएर त खा । तेरो अवस्था देखेर हामीलाई दया लाग्यो । तँलाई एक उपदेश दिन्छौँ सुन्– दयाकी खानी श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले तेरो उद्धार होला । ब्रह्महत्यादि पाप गरेको भए पनि नाश होला, यस कारण श्रीस्वस्थानीको व्रत गर्' भनी उपदेश दिई घर गए । चन्द्रावतीले बल्लतल्ल बडा कष्टले

चार हातखुट्टाले टेकी मुख धुन भनी शालीनदीमा गइन्, तर शालीनदी सुक्तै गइन् । चन्द्रावती रोईकराई माथि आइन् र 'मुखै नधोई खाऊँ' भनी भात हातमा लिँदा खरानी भयो । त्यही पनि खाऊँ भन्दा ठूलो बतास आई उडाई लग्यो । तब रूख ढलेझैँ उनी भूमिमा पछारिइन् र ठूलो दुःख पाई शालीनदीका किनारमा मूर्छा परिरहिन् ।

अनि पछि पौषशुक्ल पूर्णिमाका दिन श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्न स्वर्गका अप्सराहरू शालीनदीमा आए । स्नान गरिसकी सूर्यलाई अर्घ्य दिई बालुवाको शिवलिङ्ग बनाई श्रीमहादेवको पूजा गर्न लाग्दा चन्द्रावतीले चाल पाइन् र अप्सराहरूका नगिचमा घस्रिँदै गई 'तपाईंहरू देवता हुनुहन्छ कि मनुष्य हुनुहुन्छ ? म पापिनी कहीँ चल्न सक्तिनँ, कोही केही दिँदैनन्, खान पाउँदिनँ, अन्न दान दिनुहोस् । म के पापले यस्ती भएँ ? मेरो कसरी उद्धार होला ?' भनिन् । त्यो सुनेर अप्सराहरू भन्दछन्– "हे पापिनी ! हामी इन्द्रका अप्सरा हौँ, आज पौषशुक्ल पूर्णिमा हो, श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्न भनी यहाँ स्नान गर्न आइरहेका छौँ । तेरो यो अवस्था देख्ता हामीलाई दया लाग्यो; तँ पनि यही व्रत गर्; सब पापको नाश भई तेरो उद्धार हुनेछ ।" अप्सराहरूले यस्तो भनेको सुनी चन्द्रावती मनमनै गुन्छिन्– 'मैले अरू पाप केही गरेकी थिइनँ, डोलेहरूले श्रीस्वस्थानी परमेश्वरीको पूजा गरी ल्याइदिएको प्रसाद अहङ्कारपूर्वक थुःथुः गरी थुकी गोडाले कुल्ची मिल्काएथेँ । उही

पाप लागेछ र यहाँ आइपुगी नदी तर्दा म्यानादेखि खसी यो बिजोगमा परिरहेकी छु । कपिल ब्राह्मणले पनि 'श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेस्' भनी उपदेश दिई गएथे, आज अप्सराहरूले पनि त्यसै भने । श्रीस्वस्थानी देवी ठूली रहिछन् । मनुष्य अहङ्कारले नासिँदा रहेछन्, अहङ्कार गर्नाले मेरो पनि यो अवस्था भयो । अब म पनि श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्छु' भन्ने निश्चय गरी अप्सरासित भन्न लागिन्– "हे अप्सराहो ! श्रीस्वस्थानी परमेश्वरीको व्रतको विधि के हो ? केके गर्नुपर्छ ? त्यो सबै आज्ञा गर्नुहोस् ।" त्यो सुनेर अप्सराहरू भन्दछन्– "हे पापिनी ! आज पौषशुक्ल पूर्णिमा हो, आजदेखि हातगोडाका नङ काटी, स्नान गरी शुद्ध भई, एकभक्त रही, एकचित्त गरी महिनादिनसम्म सधैँ मध्याह्नकालमा श्रीमहादेवको पूजा गर्नू; सके श्रीस्वस्थानी परमेश्वरीको कथा सुन्नू, सुनाउनू । माघशुक्ल पूर्णिमाका दिन अष्टोत्तरसय रोटी, अष्टोत्तरसय अक्षता, अष्टोत्तरसय बेलीपुष्प, अष्टोत्तरसय यज्ञसूत्र, अष्टोत्तरसय कुड्का सुपारी, अष्टोत्तरसय जातजातका फूल, थरीथरीका सामग्री तयार गरी तामाको थालीमा ॐकार लेखी गङ्गाजलले स्नान गराउनू; सिन्दूर, श्रीखण्ड, रक्तचन्दन र फूलमाला पहिराउनू; धूप, दीप, नैवेद्य, फल, कस्तूरी, मेवा, मिष्टान्न, वस्त्र र भेटी चढाउनू; एकचित्त भई श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू; स्तोत्र पाठ, जप, ध्यान गर्नू; अर्घ्य दिनू र हे ईश्वरी ! भनी वरदान माग्नू ! उहाँपछि प्रसाद झिक्नू । अष्टोत्तरसय सामग्रीमा सबैबाट आठआठ गनी झिकी पतिलाई

दिनू, पति नभए छोरालाई दिनू (छोरा भन्नाले आफूसँगै बस्ने आफ्नो उत्तराधिकारीलाई सम्झनू), छोरा नभए मितछोरालाई दिनू, मितछोरा पनि नभए जुन इच्छाले व्रत गरेको हो मेरो सोही इच्छा सिद्ध होस् भनी गङ्गामा लगी बगाउनू र सय रोटी आफूले फलाहार गर्नू । यति गरिसकेपछि तेरा सबै पाप नाश हुनेछन् । दुःख दारिद्र्यको नाश हुनेछ र सम्पूर्ण इच्छासिद्धि हुनेछ; अन्यथा नमानेस्, अब हामी पनि जान्छौँ' भनी अप्सराहरू स्वर्ग गए ।

चन्द्रावतीले अप्सराहरूका उपदेशअनुसार शालीनदीमा स्नान गरी एकभक्त रही, सधैँ मध्याह्नकालमा श्रीमहादेवको पूजा गर्न लागिन् र श्रीस्वस्थानी परमेश्वरीलाई मनले सम्झिरहिन् । यसरी व्रत गर्दा चन्द्रावतीको पाप घट्दै गयो, कुष्ठरोग निको हुँदै गयो, शरीर देवताको जस्तै दिव्य हुँदै आयो । महिनादिन पुग्यो र माघशुक्ल पूर्णिमाका दिन सबै सामग्री तयार गरी अप्सराहरू श्रीस्वस्थानी परमेश्वरीको व्रत पूरा गर्न फेरि शालीनदीमा आए । चन्द्रावतीले त्यो देखिन् र अप्सराहरूसित गई 'हे अप्सराहो ! तपाईंहरूको आज्ञाले पौषशुक्ल पूर्णिमाका दिनदेखि स्नान गरी एकभक्त रही नित्य मध्याह्नकालमा श्रीमहादेवको पूजा गरिरहेकी छु । अब व्रत पूर्ण गर्नलाई मसँग केही पनि छैन, कसो गरूँ ?' भनिन् । त्यो सुनेर अप्सराहरू भन्दछन्– "हे पापिनी ! केही नभए नदीदेखि बालुवा ल्याई त्यसैको सामग्री तयार गरी हामीहरूका साथ लागी

व्रत गर ।” चन्द्रावतीले हुन्छ भनी नदीदेखि बालुवा ल्याई सामग्री बनाइन् । श्रीस्वस्थानी परमेश्वरीको प्रभावले ती सबै साँच्चिकै सामग्री भए । यो देख्दा चन्द्रावतीले मनमा आनन्द मानी ‘धन्य श्रीस्वस्थानी परमेश्वरी’ भनी अप्सराहरूकहाँ गई बालुवाको सामग्री सिद्ध भएको वृत्तान्त भनिन् । त्यो भनेको सुन्दा र चन्द्रावतीको दिव्य देह भएको देख्दा आश्चर्य मानी अप्सराहरूले ‘हे सुन्दरी ! हामी तिमीलाई अघि पापिनी भन्दथ्यौँ; अबदेखि तिम्रो नाम पुण्यवती भयो’ भनी आफूहरूका साथमा विधिपूर्वक व्रत गराए ।

चन्द्रावती ब्राह्मणीले पूजा गरिसकी हातमा अर्घ्यपात्र लिई स्तुति गर्न लागिन्– “हे ईश्वरी ! अगि मैले नजान्नाले अहङ्कार गरी तपाईंलाई नाना तरहले निन्दा गरेथैँ, त्यो अपराध क्षमा गर्नुहोस् । हे लोकेश्वरी ! सबै प्राणीका हृदयमा बसी पापपुण्यको साक्षी भइरहेकी यस्ती तपाईंलाई कोटिकोटि नमस्कार छ । सृष्टि गर्ने ब्रह्मा, स्थिति गर्ने विष्णु र संहारकर्ता रुद्रको एकै स्वरूपमा रहेकी हे परमेश्वरी ! यस्ती तपाईंलाई कोटिकोटि नमस्कार छ । हे भगवती ! पृथ्वी, जल, तेज, वायु र आकाश यी पञ्चमहाभूत र तीर्थ, व्रत पनि तपाईं; सत्त्व, रज र तम यी त्रिगुण पनि तपाईं; निरञ्जन, निराकार र साकार पनि तपाईं; अति स्थूल पनि तपाईं; देवताकी देवता पनि तपाईं; अनाथकी नाथ, मृत्युको मृत्यु र शक्ति रूप पनि तपाईं; विश्वम्भर, विश्वमूर्ति पनि तपाईं; संसारको भार

बोकिरहने पनि तपाईं; चौध भुवन पेटमा राखी योगनिद्रामा शयन गरिरहने पनि तपाईं; दुष्टको संहार गरी साधुजनको रक्षा गर्ने यस्ती त्रिलोकजननी अर्थात् तीनै लोककी आमा तपाईंलाई कोटिकोटि नमस्कार छ । हे ईश्वरी ! तपाईंको स्तुति गर्न हजार जिब्रा भएका शेषनाग, चतुर्मुख ब्रह्माले पनि नसकेको मैले कसरी सकूँला ? म पापिनीको पूजादेखि खुसी भई मलाई दुःखका समुद्रबाट पार लगाउनुहोस्" भनी अर्घ्य दिइन् । सबै पूजा सकियो र अप्सराहरूले प्रसाद झिकी 'हे पुण्यवती ! अब हामी जान्छौँ' भनी स्वर्ग गए । चन्द्रावतीले अप्सराहरू गएपछि शालीनदीको तीरमा तृणको कुटी बनाई श्रीस्वस्थानी परमेश्वरीलाई मनले सम्झी रातभर जागा भइरहिन् । उज्यालो भयो र शालीनदीमा स्नान गरी उनले अष्टोत्तरसयमा आठआठ सबै सगुनसमेत हातमा लिई 'हे ईश्वरी ! मेरा पति यहाँ छैनन्, कसरी दिऊँ ? मेरा स्वामी नवराजसित चाँडो भेट होस्' भनी शालीनदीमा बगाइदिइन् अनि सय रोटी आफूले फलाहार गरिन् । श्रीस्वस्थानी परमेश्वरीका व्रतका प्रभावले चन्द्रावतीका सम्पूर्ण पापको नाश भई अगिभन्दा पनि झन् राम्रो शरीर भयो । त्यो देखी मनमा आनन्द मानी 'धन्य श्रीस्वस्थानी परमेश्वरी' भनी बारम्बार मनले प्रणाम गर्न लागिन् ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां चन्द्रावतीव्रतचर्या नाम अष्टविंशोऽध्यायः ॥२८॥

# ऊनत्रिंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! त्यति भएपछि चन्द्रावतीले शालीनदीमा बगाएका आठ रोटीमा चार रोटी नागिनीले पाइन् र हातमा लिई 'यस्तो राम्रो कहिल्यै नदेखिएको रोटी कसले बगाएछ । मेरा स्वामी घर छैनन्, बाह्र वर्ष भयो के जाने कता गई भुलिरहेछन् ? उनलाई नदिई म एक्लै कसरी खाऊँ । कहाँ बसिरहेछन्, खबर गर्नुपऱ्यो' भनी कोशी, वाग्मती र गण्डकीका नदीनाला तथा सबै ठाउँमा खबर गर्दै गइन् । तिनै आठ रोटीमा चार रोटी नागले पनि पाए र 'कस्तो अनौठो रोटी पाएँ । यो रोटी मेरी नागिनीलाई नखुवाई आफू मात्रै कसरी खाऊँ, म परदेश आएको पनि बाह्र वर्ष भयो, अब घर गई दुईदुई रोटी बाँडी खाऔँला' भनी घरतर्फ फर्कंदा समुद्र र शालीनदीका सङ्गममा श्रीस्वस्थानी परमेश्वरीका प्रसाद रोटीका प्रभावले ती नाग र नागिनी दुवैको भेट भयो । नागिनीले बहुतै खुसी मानी प्रेम गरेर नागलाई साष्टाङ्ग दण्डवत् गरी 'हे स्वामी तपाईं निष्ठुर भई मलाई एक्लै

छोडी यतिका वर्षसम्म कहाँ अलमलिइरहनुभएको थियो ? मेरो भाग्यले आज तपाईंको दर्शन मिल्यो । कसैले बगाई पठाएका अनौठा रोटी पाएकी छु; तपाईंलाई नखुवाई म एक्लै कसरी खाऊँ । दुईदुई रोटी बाँडी खाऔँला भनी हिमवत्खण्डका नदीनाला र सबै ठाउँमा खोजी गर्दै आएँ । अब मेरो मनमा आनन्द भयो, खानुहोस्' भनी आफूले पाएका चार रोटीमा दुई रोटी दिइन् । त्यो देखी नागले भने– "हे प्रिये ! यस्तै चार रोटी मैले पनि पाएको छु, तिमीलाई नखुवाई कसरी खाऊँ । घर गई दुईदुई रोटी बाँडी खाऔँला भनी आएँ । तिम्रो मुख देख्ता मलाई पनि सन्तोष भयो, लौ खाऊ" भनी दुई रोटी दिए । दुवैले खाइसके र नागिनी नागका काखमा बसी आनन्दले रहिन् ।

नागले 'हे प्रिये ! बाह्र वर्षसम्म हामीहरूको भेट नभएको यसै रोटीका प्रभावले भेट भयो, जसले यो रोटी बगाई पठायो, भोलिको दिनमा उसले चिताएको कुरा पुगोस्, लक्ष्मी प्राप्त होऊन्' भनी नाना प्रकारको आशिष् दिए । अनि नागिनीले 'हे प्राणनाथ ! म पनि आशिष् दिन्छु, त्यसलाई नवग्रहले पीडा नगरून् । सधैँ त्यससँग प्रसन्न भई रक्षा गरून् । भूत, प्रेत, पिशाच र राक्षसहरूले पनि पीडा गर्न नसकून्, राजलक्ष्मी त्यसका वश परून्, फेरि हामीहरूझैँ स्त्रीपुरुष छुट्टिएका भए पनि चाँडै भेट होओस्' भनी नाना तरहले आशिष् दिई आफ्ना लोकमा गए ।

यता लावण्य देशका लोकहरू स्नान गर्न भनी शालीनदीमा जाँदा एक्लै बसेकी चन्द्रावतीलाई देखी 'तिमी देवकन्या हौ कि ? गन्धर्वकन्या हौ कि ? विद्याधरकन्या हौ ? अथवा स्वर्गकी अप्सरा रम्भा, तिलोत्तमा, उर्वशी हौ ? एक्लै यहाँ किन बसिरहेकी छचौ ?' भनी सोधे । त्यो सुनेर चन्द्रावतीले भनिन्– "हे लोकहो ! म देवकन्या, अप्सरा कोही होइन । म वरुणपुरका अग्निस्वामी ब्राह्मणकी पुत्री चन्द्रावती नाउँकी, गोमा ब्राह्मणीका पुत्र नवराजकी ब्राह्मणी हुँ । हिजो स्वर्गका अप्सराहरूले यस नदीका तीरमा आई श्रीस्वस्थानी परमेश्वरीको व्रत गरे । मैले पनि उनैका साथमा लागी यो व्रत गरी राति जाग्राम बसेँ, बिहानपख स्नान गरिसकी अहिले ईश्वरीको स्मरण गरिरहेकी छु । अब माइत जान्छु भनी आँटेकी छु ।" त्यो सुनी लावण्य देशका लोकले आश्चर्य मानी गोमा ब्राह्मणीका पुत्र नवराज त हाम्रा देशका राजा भएका छन् । यो कुरा हो होइन, राजाकहाँ बिन्ती गरौँ भनी सल्लाह गरी नवराज राजाकहाँ गए ।

चन्द्रावतीले भनेको वृत्तान्त उनीहरूले राजालाई बिन्ती गरे– "शालीनदीका तीरमा चन्द्रावती नाउँ गरेकी एक जना नारी बसेकी छन्, उनी चन्द्रावती रानी हुन् कि होइनन् ?" त्यो सुनेर नवराजले चन्द्रावतीलाई सम्झी 'हे लोकहो ! तिमीहरूले ठीक भन्यौ । चन्द्रावती मेरी ब्राह्मणी हुन्, राज्यका कार्यले

बिर्सिराखेको थिएँ, अब तिमीहरू गई डाकी ल्याओ' भनी थरीथरीका गहना, कपडा र पालकी पठाइदिए । फेरि मन्त्रीलाई डाकी 'हे मन्त्री ! मेरी ब्राह्मणी चन्द्रावती शालीनदीका तीरमा आई बसेकी रहिछन्, लावण्य देशका बासिन्दा किसिमकिसिमका गहना, कपडा पहिरी उसै ठाउँमा लिन जाऊन्; उनीहरूलाई पठाइदेऊ; म पनि परसम्म लिन आउँछु । हात्ती, घोडा, रथ, छाता, ध्वजा र चमर सब तयार गर' भनी अह्राए । मन्त्रीले 'हवस्' भनी सहरमा ऋयाली पिटाई सबै लोकलाई पछि लगाई आफू पनि गए । लोकले चन्द्रावतीनिर पुगी प्रणाम गरी 'हे महारानी ! नवराज राजाले तपाईंलाई लिन पठाउँदा हामी आयौँ । यो पालकी, वस्त्र, अलङ्कार ल्याएका छौँ; चाँडो जाऔँ पहिरिनुहोस्' भने । तब चन्द्रावतीले 'हे श्रीस्वस्थानी परमेश्वरी ! मेरा स्वामी नवराजसित चाँडै भेट होस्' भनी हिजो मात्र व्रत गरेकी थिएँ आज प्रत्यक्ष पाएँ । 'हे करुणामयी ! तपाईंलाई कोटिकोटि नमस्कार छ । पापिनी नाउँ पाई दु:खका समुद्रमा डुबिरहेकी मलाई मुक्ति दिनुभयो । हे लोकेश्वरी ! तपाईलाईं कोटिकोटि नमस्कार छ । हे परब्रह्म ! तपाईंले सृष्टि गर्ने आज्ञा दिँदा ब्रह्माले चतुर्दश भुवनको सृष्टि गरे, यस्ती तपाईंलाई कोटिकोटि नमस्कार छ । हे भगवती ! तपाईंका कृपाले म पनि लावण्य देशकी रानी हुन लागेँ' भनी वस्त्र, अलङ्कार पहिरी पालकीमा बसी लावण्य देशतर्फ लागिन् । नगरनजिकै पुगेपछि नवराज पनि उनलाई

लिन आए । लावण्य देशका स्त्रीहरूले यो कुरा थाहा पाएर हेर्न भनी हतपत गर्दै कोही पाकेको भात छोडी निस्के, कोही खाँदाखाँदै हात नधोई निस्के, कोही छोराछोरी बोकी निस्के, कोही छोराछोरी रुवाउँदै निस्के, कसैका हात भाँचिए, कसैका खुट्टा भाँचिए । यस्तैमा नवराज राजाले चन्द्रावतीलाई नाना मङ्गलयात्रा गरी दरबारमा प्रवेश गराए ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां चन्द्रावतीराजगृहप्रवेशो नाम ऊनत्रिंशोऽध्याय: ॥२९॥

# त्रिंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! त्यहाँपछि चन्द्रावतीले गोमा महारानीलाई र नवराज राजालाई साष्टाङ्ग दण्डवत् प्रणाम गरी लावण्यवती रानीलाई आशिष् दिइन् । लावण्यवतीले चन्द्रावतीलाई ढोगिदिइन् । नवराज राजाले प्रेमपूर्वक गद्दीमा राखी चन्द्रावतीसित सोधे– "हे प्रिये ! तिम्रो मुख नदेखेको पाँच वर्ष भयो, तिमीलाई लिन भनी डोलेहरू गएका थिए, उनीहरू पनि फर्केनन्, तिमीले पनि यसरी विलम्ब गऱ्यौ । म राजा भएको पनि थाहा पाइनौ कि ? मैले त राज्यको चहलपहलमा तिमीलाई बिर्सिएछु । फेरि शालीनदीका तीरमा आई किन एक्लै बस्यौ ? लावण्य देशका मानिसहरूले पनि म राजा भएको खबर गरेनन् कि ? तिमी अगिकी जस्ती छैनौ, खूब तेजिली भइकी छयौ । सबै वृत्तान्त भन ।" भन्दा चन्द्रावती भन्छिन्– "हे स्वामी ! म माइत बसेकी थिएँ । मलाई लिन यताबाट डोलेहरू पठाउनुभएछ । राजा भएको खबर तिनका मुखदेखि सुनें र उत्नीखेरै आमाबाबासित बिदा भई डोलीमा चढी कहिले हजुरको दर्शन पाउँला भनी हतपताई

बाटो लागी हिँडें । वनमा आइपुग्दा त्यस दिन माघशुक्ल पूर्णिमाको दिन रहेछ । स्वर्गदेखि अप्सराहरू आई शालीनदीका तीरमा रहेको वनमा श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्न लागेका रहेछन् । त्यो देखेर डोलेहरूले पालकी अडचाए । 'हामीलाई भोक लाग्यो, केही पाए खाई आउँछौँ; तपाईं एकछिन यहीँ राज गर्नुहोस्' भनी मलाई वनमा छोडी अप्सराहरू व्रत गरेका ठाउँमा गए । त्यहाँ अप्सराहरूका सँगमा लागी पूजा गरी, प्रसाद लिई मकहाँ आए । उनीहरूले त्यो प्रसाद दिँदा त्यस बेला मलाई अहङ्कारले छोप्यो र पालकीदेखि ओर्ली डोलेहरूका हातदेखि प्रसाद खोसी थु:थु: गरी थुकी गोडाले कुल्ची मिल्काई श्रीस्वस्थानी परमेश्वरीलाई पनि नाना तरहले निन्दा गरी डोलेहरूलाई गाली गरेँ । उनीहरू मदेखि डराई केही भन्न नसकी खालि आँखाबाट आँसु खसाली डोली बोकी चुप लागी हिँडे । शालीनदी तर्न लाग्दा अकस्मात् चँदुवा टाँगेजस्तो बादल लागेर ठूलो हुरी बतास चली मुसलधारे पानी आयो र म डोलीदेखि खसी नदीमा परेँ । डोलेहरूलाई के भयो त्यो मैले केही थाहा पाइनँ । त्यसपछि मलाई नदीदेखि झिकी कसले पाखामा उतार्‍यो, त्यो पनि थाहा पाइनँ । शरीरमा कुष्ठ भई हातगोडाका औँलाहरू खसी छिनमा मूर्छा हुने, छिनमा चेत आउने भएँ । म यस्ती हुँ भन्ने ज्ञान पनि भएन ।

एक दिन कपिल नाउँ गरेका दुई भाइ ब्राह्मण त्यतैबाट आए र 'कहाँ जान आयौ ?' भनी मैले सोध्दा तिनीहरूले 'राजाले

दरबारमा आयोजना गरेको ब्राह्मण भोजनमा जान आयौँ' भने । उनीहरूका कुरा सुनी 'उसो भए मलाई पनि केही खानेकुरा मागी ल्याइदिए' भनेँ । अनि ती ब्राह्मणहरू भोजन गरी फर्कँदा मकहाँ आएर 'हे पापिनी ! तेरा निमित्त हामीलाई कस्तो सरम पर्‍यो । तेरो नाउँ लिनेबित्तिकै राजाको भण्डार सबै सुक्यो, रानीलाई भनी बनाइराखेको भोजन रहेछ त्यही ल्याइदिएका छौँ' भनी पातमा लगेको भात दिए । मलाई साह्रै भोक लागेको हुनाले मुखै नधोई खान लागेँ । तब ब्राह्मणहरूले 'हे पापिनी ! यस्ता अवस्थामा पर्दा पनि तँलाई अझै धर्मको चेष्टा रहेनछ; तेरो अवस्था देखी हामीलाई साह्रै दया लाग्यो, मुख धोई खा । श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्, सबै पापको नाश होला' भनेर गए । अनि मुख धुन भनी घस्रिँदै शालीनदीमा गएँ । म जानेबित्तिकै शालीनदीको जल सुक्तै गयो । त्यो देखी नदीबाट माथि आई मुख नधोई खान लाग्दा त्यो भात खरानी भयो, त्यही पनि खाऊँ भन्दा हुरी आएर उडाई लग्यो । अनि नाना तरहले रोई, कराई, शीत, ताप, भोक, प्यास सही महादु:खले बसिरहेँ ।

यसरी रहँदा बस्दा पौषशुक्ल पूर्णिमाको दिन आयो र श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्नका निमित्त स्वर्गदेखि अप्सराहरू शालीनदीमा स्नान गर्न आएको देखेँ । बल्लतल्ल चार हातगोडाले टेकी त्यहाँ गई 'तिमीहरू को हौ ? केही खानेकुरा भए मलाई

देओ, के पापले म यस्ती भएँ ?' भनी सोधेँ । तब अप्सराहरूले भने– "हामी अप्सरा हौँ । श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्न हामी शालीनदीमा स्नान गर्न आएका छौँ । हे पापिनी ! तेरो यस्तो अवस्था देख्ता हामीलाई दया लाग्यो । श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्, त्यस व्रतका प्रभावले तेरा सबै पापको नाश होला । दुःखका समुद्रदेखि पार होलिस् ।" मैले भनेँ– "म यस्तो अवस्थामा परेकी पापिनीले कसरी त्यो व्रत गरूँ ? केके सामग्री चाहिन्छ ?" व्रतको सबै विधि मलाई बताइदिएर अप्सराहरू स्वर्ग गए ।

मैले पनि उनीहरूका उपदेशअनुसार पौषशुक्ल पूर्णिमाका दिनदेखि स्नान गरी एकभक्त रही एकचित्त गरी महिनादिनसम्म सधैँ मध्याह्नकालमा श्रीमहादेवको पूजा गरिरहेँ । महिनादिन पुग्यो र माघशुक्ल पूर्णिमाका दिन श्रीस्वस्थानी परमेश्वरीको व्रत सम्पन्न गर्न स्वर्गदेखि अप्सराहरू फेरि त्यहाँ आए । हे स्वामी ! श्रीस्वस्थानी परमेश्वरीका व्रतका प्रभावले मेरो कुष्ठरोग निको हुँदै आएको थियो । हातगोडा अगिका जस्ता भइसकेका थिए । मैले अप्सराहरूसित भनेँ– "तपाईंहरूका उपदेशअनुसार पौषशुक्ल पूर्णिमाका दिनदेखि व्रत आरम्भ गरेकी छु, महिना दिन भयो । श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्ने सामग्री केही छैन, कसो गरूँ ?" अप्सराहरूले 'सामग्री नभए नदीदेखि बालुवा ल्याई तयार गर' भने । मैले पनि उसै गरेँ, त्यो सबै सिद्ध भयो । जे चिताएकी

थिएँ त्यो सबै सिद्ध भएको अप्सराहरूले देखी खुसी भई 'हे सुन्दरी ! तिमीलाई हामी पापिनी भन्थ्यौँ, आजदेखि तिम्रो नाउँ पुण्यवती भयो' भने । सोही सामग्रीले मैले अप्सराहरूका संसर्गमा पूजा गरेँ र सबै पूजा गरिसकी अप्सराहरू स्वर्ग गए । श्रीस्वस्थानी परमेश्वरीको प्रसाद अष्टोत्तरसयमा आठआठ सबै प्रसाद र सगुनसमेत दिन उस बेला हजुर नहुँदा 'मेरा स्वामीसित चाँडो भेट होस्' भनी शालीनदीमा बगाइदिएँ । सय रोटी आफूले फलाहार गरी श्रीस्वस्थानी परमेश्वरीलाई सम्झी राति जाग्राम गरिरहेँ । उज्यालो भएपछि शालीनदीमा स्नान गरी केही खाई 'माइत जाऊँ' भनी बाटो लाग्नै लाग्दा लोकहरू लिन आइपुगे । श्रीस्वस्थानी परमेश्वरीलाई निन्दा गरेको पापले त्यस्ता अवस्थामा परेकी मैले उनै ईश्वरीका कृपाले, अप्सरा र दुई भाइ कपिल ब्राह्मणका उपदेशले यस्ती भई तपाईंको दर्शन गर्न पाएँ । श्रीस्वस्थानी परमेश्वरीभन्दा ठूली देवी अरू कुनै छैनन् । सबै व्रतको पनि व्रत, धर्मको पनि धर्म, कालको पनि काल, देवताकी पनि देवता, यस्ती ईश्वरीलाई कोटिकोटि नमस्कार छ ।' भनी चन्द्रावतीले भनिन् ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे
श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां व्रतमाहात्म्यकीर्तनं नाम
त्रिंशोऽध्याय: ॥३०॥

# एकत्रिंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–

हे अगस्त्यमुनि ! यस्ता कुरा चन्द्रावती बुहारीले भनेको सुनी खुसी भई गोमा रानीले 'हे श्रीस्वस्थानी परमेश्वरी !' भनी मनले सम्झी अञ्जलि बाँधी चन्द्रावती रानीसित भनिन्– "हे बुहारी ! त्यस्ता दुःखमा परीकन पनि ईश्वरको भक्ति गर्न सक्ने तिमी धन्य रहिछौ । मेरा कुरा पनि भन्दछु सुन । अगि तिम्रा स्वामी आफ्ना बाबुको खोज-खबर गर्न गएपछि तिमी पनि माइत गइहाल्यौ । घरमा केही नहुँदा धागो काती ढिकीजाँतो गरी मैले बढा दुःखले दिन बिताइरहेकी थिएँ । यस्तैमा एक दिन सप्तऋषिहरू घरमा आई मलाई दुःखमा परेको देख्ता बडो दया गरी 'हे गोमा ब्राह्मणी ! श्रीस्वस्थानी परमेश्वरीको व्रत गर, दुःखको नाश होला' भनेर व्रतको विधि बताई उपदेश दिए । ऋषिहरूलाई भोजन गराउन घरमा केही थिएन । चर्खामा रहेको धागाको लरिया लिई फलफूल लिन भनी पसलमा गएँ । फलफूल लिई आउँदा ऋषिहरू गइसकेछन् । जाँदा उनीहरू बसेका पिर्कामुनि

सातओटा सुनका सिक्का छोडिराखेका रहेछन् र ती मैले पाएँ । त्यही द्रव्यले सबै सामग्री तयार गरी पौषशुक्ल पूर्णिमाका दिनदेखि विधिपूर्वक श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गरी माघशुक्ल पूर्णिमाका दिन व्रत पूर्ण गरी प्रसाद झिकी श्रीस्वस्थानी परमेश्वरीलाई मनले सम्झी राति जागा भइरहेँ । त्यही रातमा तिम्रा स्वामी नवराज पनि टुप्लुक्क आइपुगे र 'बाबुको खबर के छ ?' भनी सोद्धा तिम्रा स्वामी नवराजले बाबु भिक्षा माग्न भनी गएका र गङ्गाका तीरमा पुगी स्नान गरी नित्य पूजा गर्न फूल टिप्न लाग्दा रूखदेखि खसी दिवङ्गत भएको खबर पाई काजक्रिया गरी आएको वृत्तान्त कहे । त्यो सुनी मैले नाना तरहले शोक गर्न लागेँ र छोरा नवराजले 'शोक नगर्नुहोस्' भनी नाना तरहले बुझाई 'हे आमा ! आज यस बेलासम्म पनि नसुती किन बसिरहनुभयो ?' भनी सोधे । मैले 'हे पुत्र ! श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेर उनै ईश्वरीलाई सम्झी जागा भइरहेकी छु' भनेँ ।

भोलिपल्ट उज्यालो भयो र नवराज स्नान गर्न गए । गङ्गादेखि हरिहर प्रत्यक्ष भई 'हे नवराज ! तेरी महतारीले श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेको देख्ता हामी खुसी भयौँ । लावण्य देशमा राजा छैनन्, हात्तीलाई राजा खोज्न लगाइएको छ, त्यहाँ आए तिमीलाई अभिषेक दिउँला, राजा हुनेछौ' भनी वरदान दिई

अन्तर्ध्यान भएछन् । तिम्रा स्वामी नवराजले मसित आई त्यो सबै वृत्तान्त कहे र त्यो सुनी श्रीस्वस्थानी परमेश्वरीको प्रसाद दिई 'हे पुत्र ! हरिहरका आज्ञाले लावण्य देशका राजा भए' भनी आशिष् दिई यहाँ पठाएँ । उनै ईश्वरीका कृपाले यो ऐश्वर्य पाई हामी सुखी भयौँ । अब पनि बाँचुन्जेल सधैँ श्रीस्वस्थानी परमेश्वरी हामी सबैका हृदयमा बास गरून् । श्रीस्वस्थानी परमेश्वरीका कृपाले यस लोकमा श्रीसम्पत्ति पाई परलोकमा मोक्ष गति होला । फेरि 'हे चन्द्रावती ! जस्तै दिनमा सूर्य नभए उज्यालो हुँदैन रातमा चन्द्रमा नभए उज्यालो हुँदैन, त्यस्तै मनुष्यको पनि बढिया स्वभाव भएका स्त्री नभए घर हुँदैन । मेरो वृद्ध अवस्था भयो, तिमी दुई दिदीबहिनी एकअर्कामा मिली राज्यलक्ष्मी थामी मेरो पुत्र नवराजलाई सधैँ साथ दिइरहनू ।" भनी चन्द्रावतीलाई अह्राई सबै व्यवहार सुम्पिइन् । चन्द्रावती रानी र लावण्यवती रानी पनि 'हे माता ! तपाईंका तपस्याले हाम्रा स्वामी राजा हुनुभयो, हामी रानी भयौँ, तपाईं धन्य हुनुहुन्छ' भन्दै सासू गोमा महारानीका पाउमा परे । त्यहाँदेखि सदैव तिनीहरू श्रीस्वस्थानी परमेश्वरीमा भक्ति श्रद्धा बढाउँदै आनन्दले रहे ।

हे अगस्त्यमुनि ! यो अति उत्तम श्रीस्वस्थानीको कथा मैले सङ्क्षेपले वर्णन गरेँ । यो सुन्नु, सुनाउनु अति उत्तम छ । यसबाट यो लोक, परलोक दुवै सप्रन्छ । श्रीस्वस्थानीको चर्चा

सधैँ गरिरहनुभन्दा उत्तम अरू केही छैन । यस्ती जगन्माता श्रीस्वस्थानी परमेश्वरीलाई बारम्बार भक्ति श्रद्धासाथ नमस्कार छ ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतवृत्तान्तकथनं नाम एकत्रिंशोऽध्याय: ॥३१॥

**॥ इति श्रीस्वस्थानीकथा समाप्ता ॥**

## श्रोता सबैले हात जोडी पुष्पाञ्जलि गर्ने

उपनयतु मङ्गलं व: सकलजगन्मङ्गलालय: श्रीमान् ।
दिनकर किरणनिबोधित नवनलिनदलनिभेक्षण: कृष्ण: ॥
काले वर्षतु पर्जन्य: पृथिवी शस्यशालिनी ।
देशोऽयं क्षोभरहितो ब्राह्मणा: सन्तु निर्भया: ॥
अपुत्रा: पुत्रिण: सन्तु: पुत्रिण: सन्तु पौत्रिण: ।
निर्धना: सधना: सन्तु जीवन्तु शरदां शतम् ॥
तत्रैव गङ्गा यमुना च तत्र गोदावरी सिन्धु सरस्वती च ।
तीर्थानि सर्वाणि वसन्ति तत्र यत्राच्युतोदारकथाप्रसङ्ग: ॥
या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता ।
या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना ॥
या ब्रह्माऽच्युतशङ्करप्रभृतिभिर्देवै: सदावन्दिता ।
सा मां पातु सरस्वती भगवती नि:शेषजाड्यापहा ॥
कायेन वाचा मनसेन्द्रियैर्वा, बुद्ध्यात्मना वा प्रकृतिस्वभावात् ।
करोमि यद्यत्सकलं परस्मै नारायणायेति समर्पये तत् ॥

श्रीस्वस्थानीपरमेश्वर्यै नम: यति भनेर श्रोता, वक्ता सबैले पुस्तकमा पुष्पाञ्जलि चढाएर नमस्कार गरी 'मेरो मनोकामना पूर्ण होओस्' भनी वर माग्नू ।